# प्रथम आवधिक योजना

## (आ व २०८०/८१-२०८४/८५)



# प्रथम आवधिक योजना

(आ व २०८०/८१-२०८४/८५)

गाउँ कार्यपालिकाको कार्यालय

# कपुरकोट गाउँपालिका

सल्यान, कर्णाली प्रदेश, नेपाल

# मन्तब्य अध्यक्षः दुर्गावहादुर पुन



अध्यक्ष
दुर्गावहादुर पुन

नेपाली नागरिकको दशकौं लामो संघर्ष र बलिदानको परिणाम स्वरुप संविधान सभा मार्फत देशमा गणतान्त्रित्रक शासन व्यवस्था लागु भएको छ । संघियतामा आधारित लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था मार्फत स्वाधिन, समुन्नत र समाजबाद उन्मुख राष्ट्र निर्माण गर्ने अवसर संविधानले दिएको छ । गणतान्त्रिक संविधान २०७२ ले निर्दिष्ट गरेको संघात्मक शासन प्रणाली अनुरुप देशमा तीन (संघ, प्रदेश र स्थानीय) तहका सरकारहरु एकल तथा साझा अधिकार सहित कृयाशिल छन् । सहकारिता, सहअस्थित्व र स्वपहिचानको सिद्धान्तलाई आधार मानेर तयार भएको हालको शासन व्यवस्थाले बिकेन्द्रिकरणको अवधारणालाई विकासको मूल माध्यम बनाएको छ । यही पृष्ठभूमिमा नेपाल सरकारले वि.सं.२०८७ सम्ममा विकासशिल र वि.सं. २१०० सम्ममा समुन्नत राष्ट्रको रुपमा रुपान्तरित हुने दिर्घकालिन लक्ष्य सहित सरकारका तीन वटै तहहरु परिपुरक र साझेदार रहने गरी रणनीतिक सहकार्य गर्दै आएका छन् ।

संघात्मक राज्य व्यवस्थाले देशलाई सात प्रदेश र ७५३ स्थानीय तह रहने गरी पुनर्गठन गरेको छ । प्रत्येक स्थानीय तहमा विशिष्ठिकृत भौगोलिक बनावट छन्, प्राकृतिक स्रोत साधनहरु छन् र जलवायु तथा पर्यावरण छन् । यो विशिष्ठताभित्र विशिष्ठ प्रकारको रहन सहन, मानव पुँजी, भाषा, कला, साहित्य तथा जीवन पद्धती छन् । यहि पृष्ठभुमिमा सिमित स्रोत साधनबाट जन अपेक्षा र आवश्यक्ता सहितको दिगो तथा सन्तुलित विकास पद्धतीको बिजारोपण गर्ने कार्यमा स्थानीय तहको महत्वपूर्ण जिम्मेवारी रहने प्रावधान स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अन्य स्थानीय विकास तथा सेवासँग सम्बन्धित कानुन, कार्यबिधि तथा निर्देशिकाहरुले प्रष्ट पारेका छन् ।

कर्णालीप्रदेशसँग दुरागामी महत्वका प्राकृतिक स्रोत साधनहरु, भू बनावटहरु, खनिज र खनिजजन्य पदार्थहरु के कति छन्  र यसबाट कस्ता आर्थिक र सामाजिक लाभहरु लिन सकिन्छ भन्ने विषयको अनुसन्धानात्कम अध्ययन विनै आर्थिक, सामाजिक पक्षबाट कर्णाली प्रदेश कमजोर छ र यहाँको जनजीवन अन्य प्रदेशको तुलनामा चुनौतीपूर्ण छ भन्ने चिन्तन व्यापक छ । कपुरकोट गाउँपालिका सल्यान, कर्णाली प्रदेशकै हिस्सा भएकाले कपुरकोट गाउँपालिकाले अझ माथि उठेर सिङ्गो प्रदेशकै शाख उच्च हुने उदाहारणीय कार्य गर्नु हाम्रो जिम्मेवारी हुने ठानेको छु ।

यस मानेमा संघात्कम शासन व्यवस्थाले कर्णालीको वास्तविक क्षमताको खोजी र पहिचान गर्ने अवसर हामीलाई प्राप्त भएको मैले विश्वास गरेको छु । कपुरकोट गाउँपालिका कर्णाली प्रदेशको द्वार हो । प्रसाशनिक संरचना, छ वटा वडामा रहने गरी गठन भएको कपुरकोट गाउँपालिकाको भौगोलिक बनावट, जैविक विविधता र प्राकृतिक स्रोत साधनहरु सिंगो प्रदेशभन्दा फरक नभए पनि यसका मौलिक स्रोत र भौगोलिक अवस्थिति अवसर युक्त छन् ।

सिमित भूमि तथा जलस्रोत, न्यून सार्वजनिक बित्त र सानो आकारको सार्वजनिक आय भएको कपुरकोट गाँपालिकामा नागरिकहरुको आर्थिक, सामाजिक रुपान्तरण, स्तरिय शिक्षा तथा स्वास्थ्य सेवा, सुरक्षित र गुणस्तर युक्त आवास, दिगो आय, प्राकृतिक तथा पुरातात्विक महत्वका स्थलहरुको पहिचान र विकास लगायतका क्षेत्रहरुमा थुप्रै चुनौतीहरु छन् । एकातर्फ कृषि, पशुपालन, पर्यटन र सेवा व्यापारको संस्थागत सुदृढिकरण गर्नु छ भने अर्कोतर्फ शिक्षा, स्वास्थ्य, खानेपानी, उर्जा,

सडक, लघुउद्यम लगायतका संरचना, विकास र सेवा विस्तारको माध्यमबाट नागरिकहरुको जीवनस्तरमा सुधार ल्याउने जिम्मेवारी पनि गाउँपालिकासँगै छ । झन्डै एक चौथाई परिवार असुरक्षित बसोबास गर्दै आएका छन र स्वच्छ पिउने पानी, बिद्युत र आधारभूत स्वास्थ्य सेवामा समान पहुँच पुर्याउन बाँकी नै छ । सकृय उमेर समुहका (१५–५९) शिप युक्त नागरिकहरुको अनुपात न्यून छ । तर पनि सिमित स्रोतका बाबजुत सडक, आवास, शिक्षा, स्वास्थ्य, सिँचाई लगायतका सेवा बिस्तार गर्न गाउँपालिका प्रयासरत छ ।

स्थानीय तहको पहिलो कार्यकाल सम्पन्न भई हामी अहिले दोश्रो कार्यकालको सुरुवाती चरणमा छौँ । पहिलो कार्यकालमा निरुपण भएका विकास प्रकृयाहरुलाई टुंगो लगाउँने, महिला, दलित, बिपन्न, अपांग, जेष्ठ नागरिक र न्यून आय भएका नागरिकहरुको अग्राधिकारलाई सुनिश्चित गर्ने, दिगो तथा सन्तुलित स्थानीय पुर्वाधार, स्थानीयतामा आधारित सुदृढ अर्थतन्त्र, सक्षम नेतृत्व विकास, प्रभावकारी र पारदर्शी स्थानीय प्रशासन मार्फत स्थानीय नागरिकको जीवनस्तर संगै स्थानीय भाषा, कला, संस्कृति, ऐतिहासिकता आदिको उत्थान तथा विकास गर्ने कार्यमा हामी कृयाशील छौं । यो कृयाशीलतालाई निष्कर्षमा पुर्याउन र संस्थागत विकासको आधार तयार गर्न तथ्यमा आधारित स्थानीय विकास खाका बन्नु आवस्यक थियो । यो आवस्यकतालाई संबोधन गर्न र विकास प्रकृयालाइ संस्थागत अगुवाइ गर्न यो कपुरकोट गाउँपालिकाको प्रथम पञ्च बर्षीय आवधिक योजना (आ.व २०८०/८१-२०८४/८५) तयार गरि कार्यान्वयनमा ल्याएका छौ । मैले यो प्रथम पञ्चबर्षीय योजनाले अपेक्षा गरेको बिशिष्ठ लक्ष तथा उद्देश्य प्राप्त गर्न संबन्धित सबैको वस्तुपरक संलग्नता, सहयोग र समर्थथन प्राप्त हुने अपेक्षा गरको छु ।

# मन्तव्य उपाध्यक्षः प्रकाश भण्डारी



उपाध्यक्ष
प्रकाश भण्डारी

नेपाली जनताको त्याग र संघर्षको परिणाम स्वरुप देशमा गणतान्त्रिक शासन व्यवस्था लागु भएको छ। गणतान्त्रिक संविधान २०७२ ले निर्दिष्ट गरेको गणतन्त्रात्मक शासन प्रणाली अनुरुप देशमा तीन (संघ, प्रदेश र स्थानीय तह) तहका सरकार क्रियाशील छन्। यस मानेमा हाल देशमा एक संघिय, सात प्रादेशिक र ७५३ स्थानीय सरकारहरु नागरिकहरुको अभिमत सहित राज्य सञ्चालनको जिम्मेवारीमा छन्। संबैधानिक प्रारुप अनुरुप स्थानीय सरकारहरु आफ्नो गाउँपालिकाको आर्थिक सामाजिक विकासको नेतृत्व लिँदै सबै वर्ग, क्षेत्र, समूदाय विशेषका आवश्यक्ता र समस्या तथा चुनौतीहरुको समाधानका लागि पहल कदमी, नेतृत्व र साझेदारी गर्दै आएका छन्।

दिगो विकास लक्ष्य, संबैधानिक प्राबधान, विषयगत मन्त्रालय तथा विभागबाट भएका स्थानीय विकास सम्बन्धी नीतिगत मार्गदर्शन तथा व्यवस्थाहरु र राजनैतिक दलका घोषणापत्रहरु मार्फत भएका प्रतिबद्धताहरुको कार्यान्वयन गर्ने जिम्मेवारी स्थानीय तहलाई नै प्राप्त भएको छ। यसबाट स्थानीय तहको आर्थिक सामाजिक रुपान्तरणको नेतृत्व गर्ने, भेदभाव रहित समतामुलक समाजको निर्माण गर्ने, समाजमा रहेका बिकृति, बिसंगती र लक्षित वर्ग तथा समूदायको संबैधानिक अधिकार सहितको अवसर सुनिश्चित गर्ने, सामाजिक विभेद, आर्थिक असमानता र पछौटेपनको अन्त्य गर्दै सामाजिक न्यायमा आधारित समतामूलक र संमृद्ध समाज निर्माण गर्ने कार्यको अग्रपंत्तिको जिम्मेवारी हामीमा आएको छ। हाल संघात्मक शासन पद्धतीको पहिलो कार्यकाल सम्पन्न भई हामी दोश्रो कार्यकालको सुरुवाती चरणमा छौँ। पहिलो कार्यकालमा भएका उपलब्धीहरु संस्थागत गर्दै यो कार्यकालमा समाजबाद उन्मुख अर्थव्यवस्था मौलिक हकको प्रभावकारी कार्यान्वयन, सामाजिक न्याय सहितको दिगो र फराकिलो आर्थिक बृद्धि गरी नागरिकहरुको समृद्ध, स्वावलम्बी र सुखी जिवन जिउने वातावरण तयार गर्न हामी प्रतिबद्ध हुनु पर्छ र छौँ।

कपुरकोट गाउँपालिका सल्यान सल्यान जिल्लाकै प्रवेशद्वार र कर्णाली प्रदेशकै सम्पर्क बिन्दु मान्न सकिन्छ। लुम्बिनी प्रदेशको दाङ्ग जिल्ला र कर्णाली प्रदेशको सल्यान जिल्लाको सम्पर्क स्थलको रुपमा परिचित कपुरकोट गाउँपालिका अन्तर प्रादेशिक अवसर प्राप्त त छ नै त्यस बाहेक विशिष्ट प्रकारको हावापानी, पर्यावरण, भू स्रोत र जैविक विविधता युक्त छ। यस्ता अवसरहरुको सन्तुलित र प्रभावकारी परिचालन गर्नु, स्रोत परिचालनबाट हुने लाभको उपभोगमा नागरिकहरुको समान पहुँच स्थापित गर्नु, ओझेलमा परेका कला, संस्कृति, ऐतिहासिक र प्राकृतिक सम्पदाहरुको पहिचान, विकास र परिचालनको माध्यमबाट आर्थिक उपार्जन गर्नु, सामाजिक असमानता, बिकृति, बिसंगती र पछौटेपनको अन्त्य गरी समतामूलक समाजको निर्माण गर्नु चुनौती पुर्ण छ तरपनि यस्ता चुनौतीहरुको सामना, निश्चित योजना, प्राथमिकता र कार्यक्रमहरुको बिधि सम्मत कार्यान्वयनबाट गर्ने हो भने अपेक्षाकृत उपलब्धी प्राप्त गर्न सकिन्छ भन्ने सवालमा म विश्वस्त छु। यही पृष्ठभूमिमा तयार भएको कपुरकोट गाउँपालिकाको यो प्रथम पञ्चवर्षिय योजनाले निर्धारण गरेका आवधिक लक्ष्य प्राप्त गर्न हामी सबैको सामुहिक ऐकबद्धता, सहभागिता, सहयोग तथा समर्थन रहने कुरामा म ढुक्क छु।

# मन्तव्य प्रमुख प्रशासकीय अधिकृतः भरतकुमार वली



प्रमुख प्रशासकीय अधिकृत
भरतकुमार वली

नेपाल संघिय गणतन्त्रात्मक शासन प्रणालीमा प्रवेश गरेसँगै राज्यका सबै सम्यन्त्रले बिकेन्द्रीकरणको अवधारणालाई विकाशको मूल माध्यम बनाएको छ। राज्यबाट बितरित सेवाहरुमा सबै वर्ग, क्षेत्र र समूदायको समान पहुँच, हैसियत र अवसरको सुनिश्चितता होस् साथै राज्यबाट भएका आर्थिक तथा सामाजिक विकासका प्रयासहरुको प्रतिफल सबै वर्ग तथा समूदायहरुमा समान रुपले वितरण होस् भन्ने सवालमा राज्यले संविधानमा नै विशेष व्यवस्था गरी त्यस अनुरुप कार्य गर्न स्थानीय तहका लागि विशेष अधिकार र जिम्मेवारी तोकेको छ ।

संविधानको धारा ५७ (४),(५) र अनुसुची (८),(९) ले स्थानीय तहलाई आर्थिक तथा सामाजिक विकासको अग्र पंक्तिको चालकको रुपमा परिभाषित गरेको छ। संबैधानिक दायराभित्र रहेर स्थानीय तहले आवधिक, मध्यकालिन र वार्षिक नीति, योजना, बजेट तथा कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ को उपदफा (३) (क देखि भ) र संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७ को दफा ३ को उपदफा (१) (क देखि द) ले स्थानीय तहको जिम्मेवारी र कार्य सिमा तोकेका छन् । दिगो विकास लक्ष्य सन (२०१६ देखि २०३०) संघको १५ औं पञ्चवर्षिय योजना, राष्ट्र संघको बडापत्र १३२५ र १८२०, बेईजिङ्ग घोषणा पत्र, राष्ट्र संघकै जलवायु अनुकुलनका ११ वटा सूचक र कर्णाली प्रदेशका विकास चालकहरुलाई समेत स्थानीयकरण गरी गाउँपालिकाको योजना, कार्यक्रम र बजेट मार्फत कार्यन्वयनमा लैजानु पर्ने जिम्मेवारी पनि स्थानीय तहलाई नै छ। नेपाल सरकार (कार्य विभाजन) नियमावली २०७४, स्थानीय योजना तर्जुमा दिग्दर्शन २०७५, बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचा २०७६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ र दफा २४ ले स्थानीय स्रोत परिचालन, पूर्वाधार विकास र शुसाशन मार्फत स्थानीय तहको आर्थिक सामाजिक विकासमा स्थानीय तहको एक्लै र साझा जिम्मेवारी बारे प्रष्ट व्यवस्था गरेका छन् ।

स्थानीय विकासलाई राष्ट्रिय वा प्रादेशिक आवरणबाट हेर्नु भन्दा स्थानीय भूगोल, भौगोलिक र प्राकृतिक अवस्था, जैविक विविधता, माटो र माटोको पोषक तत्व, हावा पानी, स्थानीय जन जीविकाका साधन वा माध्यम आदिको विशिष्टताका आधारमा हेरिनु पर्छ भन्ने आशयलाई हालका स्थानीय विकास सम्बन्धी नीति, कानुन, कार्यबिधि र अन्तराष्ट्रिय प्रतिबद्धताहरुले आत्मसात गरेका छन्। यस सन्दर्भमा कपुरकोट गाउँपालिका सल्यान आफ्नै विशिष्टिकृत भूगोल, भू बनावट, जैविक विविधता, मानव स्रोत र अन्य स्रोत साधनहरु युक्त छ । यसका आफ्नै प्राकृतिक क्षमता छन्, अवसरहरु छन् र चुनौतीहरु छन् । प्राकृतिक र मानव निर्मित चुनौतीहरुको सामना गर्दै यहाँ प्राप्त स्रोत, साधन र अवसरहरुको परिचालनबाट नागरिकहरुको आर्थिक, सामाजिक रुपान्तरण सहितको समृद्धता उन्मुख पालिका निर्माण गर्ने जिम्मेवारी गाउँपालिका र यसका सरोकारवालाहरु लाई महशुस हुनु आवश्यक छ। संघात्मक शासन व्यवस्थाले स्थानीय तहको एकल र साझा अधिकार बाँडफाँड मार्फत आर्थिक, सामाजिक, भौतिक तथा वातावरणीय विकासमा स्थानीय जनताको प्रत्यक्ष्य–अप्रत्यक्ष्य सम्लग्नता बारेको सुनिश्चितता गरेको छ । यसले योजना श्रृखला (योजना पहिचान, छनौट, कार्यान्वयन, अनुगमन, सेवा उपभोग, संरक्षण आदि) का फरक फरक तहहरुमा नागरिकहरुको वस्तुपरक सहभागिता र जिम्मेवारी महशुस गराउँछ ।

स्थानीय विकासमा स्थानीयको भूमिका र अपनत्व होस् र विकास प्रकृयालाई संस्थागत गर्न नागरिकहरुको भूमिका बढोस् भन्ने उद्देश्यले कपुरकोट गाउँपालिकाले आ.व.२०७९ ⁄ ८० मा सहभागितात्मक गाउँ विकास आवधिक योजना तयार गर्ने उद्देश्यले बस्ती तथा टोलस्तर हुँदै वडा र पालिका स्तरमा आवधिक योजनाको पारुप, विषयवस्तु, सूचना र हालको वस्तुस्थितिका बारेमा नीति तथा कार्यगत छलफल, आवश्यक्ता तथा चुनौतीहरुको पहिचान र विश्लेषण सहितको योजना खाका तयार पारेको थियो । स्थलगत अध्ययनबाट प्राप्त भएका निचोडहरुका आधारमा कपुरकोट गाउँपालिका सल्यानको यो प्रथम पञ्चवर्षिय योजना (आ.व. २०८० ⁄ ८१ आ.व. २०८४ ⁄ ८५) तयार भएको छ । योजना तयारीको क्रममा योजना दस्तावेजलाई वस्तुपरक बनाउने कार्यमा सहयोग गर्नुहुने विषयगत शाखा प्रमुखहरु, राजनीतिक नेतृत्व, टोल र बस्तीका अगुवाहरु र यसमा प्रत्यक्ष–अप्रत्यक्ष योगदान दिने सबैलाई धन्यवाद दिँदै यो आवधिक योजनाले लिएका उद्देश्य, प्राथमिकता र कार्यक्रमहरुको सफल कार्यन्वयनबाट योजनाले अपेक्षा गरेको उद्देश्य प्राप्त गर्न सरोकारवाला सबैको साथ, सहयोग र समर्थन प्राप्त हुने अपेक्षा गरेको छु ।

# परामर्शदाता

# विषय सूची

मन्तव्य अध्यक्षः दुर्गावहादुर पुन ..... i
मन्तव्य उपाध्यक्षः प्रकाश भण्डारी ..... iii
मन्तव्य प्रमुख प्रशासकीय अधिकृतः भरतकुमार वली ..... iv
परामर्शदाता ..... vi
विषय सूची ..... vii
तालिका सूची ..... xx
चित्र सूची ..... xxi
सारांश ..... xxii
परिच्छेद एकः परिचयात्मक विवरण ..... १
१.१ पृष्ठभूमि ..... १
१.२ आवधिक योजनाको आवश्यकता ..... २
१.३ योजना निर्माण गर्नुको उद्देश्य ..... २
१.४ आवधिक योजना तर्जुमाका आधारहरू ..... ३
१.५ संघीय, प्रादेशिक तथा स्थानीय योजना अन्तर आबद्धता ..... ३
१.६ आवधिक योजना निर्माण कार्यको कार्यक्षेत्र ..... ३
१.७ आवधिक योजना तर्जुमाका सीमाहरू ..... ४
परिच्छेद दुईः गाउँपालिकाको वस्तुगत अवस्था ..... १
२.१ भौगोलिक र प्राकृतिक अवस्था ..... १
२.२ जनसङ्ख्या स्थिति ..... १
२.३ सामाजिक अवस्था तथा रहन सहन ..... २
२.३.१ गाउँपालिकाको आन्तरिक उत्पादन र खाद्य आपूर्तिको अवस्था ..... २
२.३.२ आवास र वस्तीविकास ..... ३
२.३.३ गाउँपालिकाको शैक्षिक अवस्था ..... ४
२.४ आधारभूत पूर्वाधार ..... ६
२.४.१ खानेपानी आपूर्ति ..... ६
२.४.२ सिचाइ पूर्वाधार ..... ६
२.५ स्थानीय सुशासन तथा सेवा प्रवाह ..... ७
२.५.१ गाउँपालिकाबाट वितरण हुने सेवाहरू ..... ७

२.५ स्थानीय विकासमा नागरिक सहभागिता ८
परिच्छेद तीनः प्रथम पञ्चवर्षीय योजना (आ.व. २०८०/८१–२०८४/८५) १०
३.१ भूमिका १०
३.२ दीर्घकालीन सोच १०
३.३ समष्टिगत लक्ष्य ११
३.४ समष्टिगत उद्देश्य ११
(क) आर्थिक क्षेत्र ११
(ख) सामाजिक क्षेत्र ११
(ग) पूर्वाधार विकास ११
(घ) सुशासन तथा संस्थागत विकास ११
३.५ समष्टिगत रणनीति ११
३.६ समष्टिगत परिमाणात्मक लक्ष्य १२
३.६.१ आवधिक योजनाले प्रस्ताव गरेका विकास चालकहरू १२
३.७ गाउँपालिकाको समष्टिगत वित्तीय स्थिति १६
३.८ गाउँपालिकाको वित्तीय स्रोत १७
३.९ गाउँपालिकाको समष्टिगत आय १७
३.९.२ आगामी पाँचवर्षको वित्तीय अनुमान २१
३.९.३ प्रस्तावित र प्रक्षेपित बजेट स्थिति २५
परिच्छेद चारः आर्थिक क्षेत्र ३०
४.१ कृषि, पशुपन्छी तथा भूमि व्यवस्था ३०
४.१.१ वर्तमान अवस्था ३०
४.१.२ प्रमुख समस्याहरू ३०
४.१.३ अवसर तथा चुनौतीहरू ३०
४.१.४ क्षेत्रगत सोच ३०
४.१.५ लक्ष्य ३१
४.१.६ उद्देश्यहरू ३१
४.१.७ राणनीति तथा कार्यनीतिहरू ३१
४.१.८ मुख्य कार्यक्रमहरू त्था कार्यान्वयन योजना (५ वर्षको नियोजन) ३१
४.१.९ अपेक्षित उपलब्धि ३२
४.२ उद्योग, व्यापार र आपूर्ति व्यवस्था ३३

४.२.१ वर्तमान अवस्था ३३
४.२.२ प्रमुख समस्याहरू ३३
४.२.३ अवसर तथा चुनौतीहरू ३३
४.२.४ क्षेत्रगत सोच ३३
४.२.५ लक्ष्य ३४
४.२.६ उद्देश्यहरू ३४
४.२.७ रणनीति तथा कार्यनीतिहरू ३४
४.२.८ मुख्य कार्यक्रमहरू तथा कार्यान्वयन योजना ३४
४.२.९ अपेक्षित उपलब्धि ३५
४.३ श्रम तथा रोजगारी ३५
४.३.१ वर्तमान अवस्था ३५
४.३.२ प्रमुख समस्याहरू ३५
४.३.३ अवसर तथा चुनौतीहरू ३६
४.३.४ क्षेत्रगत सोच ३६
४.३.५ लक्ष्य ३६
४.३.६ उद्देश्यहरू ३६
४.३.७ रणनीति तथा कार्यनीतिहरू ३६
४.३.८ मुख्य कार्यक्रमहरू तथा कार्यान्वयन योजना ३६
४.३.९ अपेक्षित उपलब्धि ३७
४.४ वित्तीय व्यवस्था, सहकारी तथा गरिबी निवारण ३७
४.४.१ वर्तमान अवस्था ३७
४.४.२ मुख्य समस्याहरू ३८
४.४.३ अवसर तथा चुनौतीहरू ३८
४.४.४ क्षेत्रगत सोच ३८
४.४.५ लक्ष्य ३८
४.४.६ उद्देश्यहरू ३८
४.४.७ रणनीति तथा कार्यनीतिहरू ३८
४.४.८ मुख्य कार्यक्रमहरू तथा कार्यान्वयन योजना ३९
४.४.९ अपेक्षित उपलब्धि ३९
४.५ स्थानीय तथा पर्यापर्यटन ३९
४.५.१ वर्तमान अवस्था ३९

४.५.२ प्रमुख समस्याहरू ४०
४.५.३ अवसर तथा चुनौतीहरू ४०
४.५.४ क्षेत्रगत सोच ४०
४.५.५ लक्ष्य ४०
४.५.६ उद्देश्यहरू ४०
४.५.७ रणनीति तथा कार्यनीतिहरू ४०
४.५.८ मुख्य कार्यक्रमहरू तथा कार्यान्वयन योजना ४१
४.५.९ अपेक्षित उपलब्धि ४१
परिच्छेद पाँच: सामाजिक क्षेत्र ४२
५.१ शिक्षा ४२
५.१.१ वर्तमान अवस्था ४२
५.१.२ प्रमुख समस्याहरू ४२
५.१.३ अवसर तथा चुनौतीहरू ४२
५.१.४ क्षेत्रगत सोच ४३
५.१.५ लक्ष्य ४३
५.१.६ उद्देश्यहरू ४३
५.१.७ रणनीति तथा कार्यनीतिहरू ४३
५.१.८ मुख्य कार्यक्रमहरू तथा कार्यान्वयन योजना ४४
५.१.९ अपेक्षित उपलब्धि ४५
५.२ स्वास्थ्य, पोषण तथा खाद्य सुरक्षा ४५
५.२.१ वर्तमान अवस्था ४५
५.२.२ प्रमुख समस्याहरू ४६
५.२.३ अवसर तथा चुनौतीहरू ४६
५.२.४ क्षेत्रगत सोच ४६
५.२.५ लक्ष्य ४६
५.२.६ उद्देश्यहरू ४६
५.२.७ रणनीति तथा कार्यनीतिहरू ४७
५.२.८ मुख्य कार्यक्रमहरू तथा कार्यान्वयन योजना ४७
५.२.९ अपेक्षित उपलब्धि ४८
५.३ युवा तथा खेलकुद ४९
५.३.१ वर्तमान अवस्था ४९

५.३.२ प्रमुख समस्याहरू ४९
५.३.३ अवसर तथा चुनौतीहरू ४९
५.३.४ क्षेत्रगत सोच ४९
५.३.५ लक्ष्य ४९
५.३.६ उद्देश्यहरू ४९
५.३.७ रणनीति तथा कार्यनीतिहरू ५०
५.३.८ मुख्य कार्यक्रमहरू तथा कार्यान्वयन योजना (५ वर्षको नियोजन) ५०
५.३.९ अपेक्षित उपलब्धि ५१
५.४ अन्वेषण तथा सिर्जनात्मकता ५१
५.४.१ वर्तमान अवस्था ५१
५.४.२ प्रमुख समस्याहरू ५२
५.४.३ अवसर तथा चुनौतीहरू ५२
५.४.४ क्षेत्रगत सोच ५२
५.४.५ लक्ष्य ५२
५.४.६ उद्देश्यहरू ५२
५.४.७ रणनीति तथा कार्यनीतिहरू ५२
५.४.८ मुख्य कार्यक्रमहरू तथा कार्यान्वयन योजना ५३
५.४.९ अपेक्षित उपलब्धि ५३
५.५ खानेपानी तथा सरसफाइ ५४
५.५.१ वर्तमान अवस्था ५४
५.५.२ प्रमुख समस्याहरू ५४
५.५.३ अवसर तथा चुनौतीहरू ५४
५.५.४ क्षेत्रगत सोच ५४
५.५.५ लक्ष्य ५४
५.५.६ उद्देश्यहरू ५५
५.५.७ रणनीति तथा कार्यनीतिहरू ५५
५.५.९ अपेक्षित उपलब्धि ५६
५.६ लैङ्गिक तथा सामाजिक समावेशीता ५६
५.६.१ वर्तमान अवस्था ५६
५.६.२ प्रमुख समस्याहरू ५६
५.६.३ अवसर र चुनौतीहरू ५६

५.६.४ क्षेत्रगत सोच ५६
५.६.५ लक्ष्य ५७
५.६.७ रणनीति तथा कार्यनीतिहरू ५७
५.६.८ मुख्य कार्यक्रमहरू तथा कार्यान्वयन योजना (५ वर्षको नियोजन) ५७
५.६.९ अपेक्षित उपलब्धि ५९
५.७ लक्षित वर्ग (अतिविपन्न, भूमिहीन, अल्पसङ्ख्यक, बालबालिका तथा जेष्ठ नागरिक) उत्थान ५९
५.७.१ वर्तमान अवस्था ५९
.५.७.२ प्रमुख समस्याहरू ५९
५.७.३ अवसर तथा चुनौतीहरू ५९
५.७.४ क्षेत्रगत सोच ६०
५.७.५ लक्ष्य ६०
५.७.६ उद्देश्यहरू ६०
५.७.७ रणनीति तथा कार्यनीतिहरू ६०
५.७.८ मुख्य कार्यक्रमहरू तथा कार्यान्वयन योजना ६०
५.७.९ अपेक्षित उपलब्धि ६१
५.८ भाषा, संस्कृति, कला साहित्य ६१
५.८.१ वर्तमान अवस्था ६१
५.८.२ मुख्य समस्याहरू ६२
५.८.२ अवसर तथा चुनौतीहरू ६२
५.८.५ क्षेत्रगत सोच ६२
५.८.३ लक्ष्य ६२
५.८.४ उद्देश्यहरू ६२
५.८.६ रणनीति तथा कार्यनीतिहरू ६२
५.८.७ मुख्य कार्यक्रमहरू तथा कार्यान्वयन योजना ६३
५.८.८ अपेक्षित उपलब्धि ६३
अध्याय छः पूर्वाधार विकास ६५
६.१ आवास तथा वस्ती विकास ६५
६.१.१ वर्तमान अवस्था ६५
६.१.२ प्रमुख समस्याहरू ६५
६.१.३ अवसर तथा चुनौतीहरू ६५

६.१.४ क्षेत्रगत सोच ६५
६.१.५ लक्ष्य ६५
६.१.६ उद्देश्यहरू ६५
६.१.७ रणनीति तथा कार्यनीतिहरू ६६
६.१.८ मुख्य कार्यक्रम तथा कार्यान्वयन योजना ६६
६.१.९ अपेक्षित उपलब्धि ६७
६.२ सडक तथा यातायात ६७
६.२.१ वर्तमान अवस्था ६७
६.२.२ प्रमुख समस्याहरू ६७
६.२.३ अवसर तथा चुनौतिहरू ६७
६.२.४ क्षेत्रगत सोच ६८
६.२.५ लक्ष्य ६८
६.२.६ उद्देश्यहरू ६८
६.२.७ रणनीति तथा कार्यनीतिहरू ६८
६.२.८ मुख्य कार्यक्रमहरू तथा कार्यान्वयन योजना ६९
६.२.९ अपेक्षित उपलब्धि ६९
६.३ सिंचाइ (भूमिगत, सतह, लिफि्टङ्ग र वर्षात) ६९
६.३.१ वर्तमान अवस्था ६९
६.३.२ प्रमुख समस्याहरू ७०
६.३.३ अवसर तथा चुनौतीहरू ७०
६.३.४ क्षेत्रगत उद्देश्य ७०
६.३.५ लक्ष्य ७०
६.३.६ उद्देश्यहरू ७०
६.३.७ रणनीति तथा कार्यनीति ७०
६.३.८ मुख्य कार्यक्रम तथा कार्यान्वयन योजना ७१
६.३.९ अपेक्षित उपलब्धि ७१
६.४ विद्युत तथा वैकल्पिक उर्जा ७१
६.४.१ वर्तमान अवस्था ७१
६.४.२ प्रमुख समस्याहरू ७२
६.४.३ अवसर तथा चुनौतीहरू ७२
६.४.४ क्षेत्रगत सोच ७२

६.४.५ उद्देश्यहरू ७२
६.४.७ रणनीति तथा कार्यनीतिहरू ७२
६.४.८ मुख्य कार्यक्रमहरू तथा कार्यान्वयन योजना ७२
६.४.९ अपेक्षित उपलब्धि ७३
६.५ सञ्चार तथा सूचना प्रणाली ७३
६.५.१ वर्तमान अवस्था ७३
६.५.२ प्रमुख समस्याहरू ७३
६.५.३ अवसर तथा चुनौतीहरू ७३
६.५.४ क्षेत्रगत सोच ७३
६.५.५ लक्ष्य ७४
६.५.६ उद्देश्यहरू ७४
६.५.७ रणनीति तथा कार्यनीतिहरू ७४
६.५.८ मुख्य कार्यक्रमहरू तथा कार्यान्वयन योजना ७४
६.५.९ अपेक्षित उपलब्धि ७५
६.६ ढल निकास, फोहोरमैला प्रशोधन पूर्वाधार ७५
६.६.१ वर्तमान अवस्था ७५
६.६.२ प्रमुख समस्याहरू ७५
६.६.३ अवसर तथा चुनौतीहरू ७५
६.६.७ रणनीति तथा कार्यनीतिहरू ७६
६.६.८ मूख्य कार्यक्रमहरु तथा कार्यान्वयन योजना ७६
६.६.९ अपेक्षित उपलब्धि ७६
६.७ सार्वजानिक भवन तथा उद्यान ७६
६.७.१ वर्तमान अवस्था ७६
६.७.२ प्रमुख समस्याहरू ७७
६.७.३ अवसर तथा चुनौतीहरू ७७
६.७.४ क्षेत्रगत सोच ७७
६.७.५ लक्ष्य ७७
६.७.६ उद्देश्यहरू ७७
६.७.७ रणनीति तथा कार्यनीतिहरू ७८
६.७.८ मुख्य कार्यक्रमहरू तथा कार्यान्वयन योजना ७८
६.७.९ अपेक्षित उपलब्धि ७८

६.८ योजना अवधिको भौतिक विकासको खाका ७९
परिच्छेद सातः वन, वातावरण तथा विपद व्यवस्थापन ८१
७.१ वन विकास तथा व्यवस्थापन ८१
७.१.१ वर्तमान अवस्था ८१
७.१.२ प्रमुख समस्याहरू ८१
७.१.३ अवसर तथा चुनौतीहरू ८१
७.१.४ क्षेत्रगत सोच ८२
७.१.५ लक्ष्य ८२
७.१.६ उद्देश्यहरू ८२
७.१.७ रणनीति तथा कार्यनीतिहरू ८२
७.१.८ मूख्य कार्यक्रमहरु तथा कार्यान्वयन योजना ८२
७.१.९ अपेक्षित उपलब्धि ८३
७.२ जलाधार तथा जैविक विविधता संरक्षण ८३
७.२.१ वर्तमान अवस्था ८३
७.२.२ प्रमुख समस्याहरू ८३
७.२.३ अवसर तथा चुनौतीहरू ८४
७.२.४ क्षेत्रगत सोच ८४
७.२.५ लक्ष्य ८४
७.२.६ उद्देश्यहरू ८४
७.२.७ रणनीति तथा कार्यनीतिहरू ८४
७.२.८ मुख्य कार्यक्रमहरू तथा कार्यान्वयन योजना ८४
७.२.९ अपेक्षित उपलब्धि ८५
७.३ वातावरण संरक्षण तथा प्रदुषण नियन्त्रण ८५
७.३.१ वर्तमान अवस्था ८५
७.३.२ प्रमुख समस्याहरू ८६
७.३.३ अवसर तथा चुनौतीहरू ८६
७.३.४ क्षेत्रगत सोच ८६
७.३.५ लक्ष्य ८६
७.३.६ उद्देश्यहरू ८६
७.३.७ रणनीति तथा कार्यनीतिहरू ८६
७.३.८ मूख्य कार्यक्रमहरू तथा कार्यान्वयन योजना ८७

७.३.७ अपेक्षित उपलब्धि ८७
७.४ जलवायु परिवर्तन, अनुकुलन तथा न्यूनीकरण ८७
७.४.१ वर्तमान अवस्था ८७
७.४.२ प्रमुख समस्याहरू ८८
७.४.३ अवसर तथा चुनौतीहरू ८८
७.४.४ क्षेत्रगत सोच ८८
७.४.५ लक्ष्य ८८
७.४.६ उद्देश्यहरू ८८
७.४.७ रणनीति तथा कार्यनीतिहरू ८८
७.४.८ मुख्य कार्यक्रमहरू तथा कार्यान्वयन योजना ९०
७.४.९ अपेक्षित उपलब्धि ९०
७.५ बाढी पहिरो तथा भूक्षय नियन्त्रण ९०
७.५.१ वर्तमान अवस्था ९०
७.५.२ प्रमुख समस्याहरू ९०
७.५.३ अवसर तथा चुनौतीहरू ९०
७.५.४ क्षेत्रगत सोच ९१
७.५.५ लक्ष्य ९१
७.५.६ उद्देश्यहरू ९१
७.५.७ रणनीति तथा कार्यनीति ९१
७.५.८ मुख्य कार्यक्रमहरू तथा कार्यान्वयन योजना ९१
७.५.९ अपेक्षित उपलब्धि ९२
७.६ विपद् सचेतना, उद्धार तथा पुनस्थापन ९२
७.६.१ वर्तमान अवस्था ९२
७.६.२ प्रमुख समस्याहरू ९२
७.६.३ अवसर तथा चुनौतीहरू ९२
७.६.४ क्षेत्रगत सोच ९३
७.६.५ लक्ष्य ९३
७.६.६ उद्देश्यहरू ९३
७.६.७ रणनीति तथा कार्यनीतिहरू ९३
७.६.८ मुख्य कार्यक्रमहरू तथा कार्यान्वयन योजना ९३
७.६.९ अपेक्षित उपलब्धि ९४

८.१ योजना तर्जुमा तथा कार्यान्वयनमा जनसहभागिता ९५
८.१.१ वर्तमान अवस्था ९५
८.१.२ प्रमुख समस्याहरू ९५
८.१.३ अवसर तथा चुनौतीहरू ९५
८.१.४ क्षेत्रगत सोच ९५
८.१.५ लक्ष्य ९५
८.१.६ उद्देश्यहरू ९५
८.१.७ रणनीति तथा कार्यनीतिहरू ९६
८.१.८ मुख्य कार्यक्रमहरू तथा कार्यान्वयन योजना ९६
८.१.९ अपेक्षित उपलब्धि ९६
८.२ नीति तथा कानुन तर्जुमा ९७
८.२.१ वर्तमान अवस्था ९७
८.२.२ प्रमुख समस्याहरू ९७
८.२.३ अवसर तथा चुनौतीहरू ९७
८.२.४ क्षेत्रगत सोच ९७
८.२.५ लक्ष्य ९७
८.२.६ उद्देश्यहरू ९७
८.२.७ रणनीति तथा कार्यनीतिहरू ९८
८.२.८ मुख्य कार्यक्रमहरू तथा कार्यान्वयन योजना (५ वर्षको नियोजन) ९८
८.२.९ अपेक्षित उपलब्धि ९८
८.३ क्षमता विकास (स्थानीय नेतृत्व, पदाधिकारी र कर्मचारी ) ९८
८.३.१ वर्तमान अवस्था ९८
८.३.२ प्रमुख समस्याहरू ९९
८.३.३ अवसर तथा चुनौतीहरू ९९
८.३.४ क्षेत्रगत सोच ९९
८.३.५ लक्ष्य ९९
८.३.६ उद्देश्यहरू ९९
८.३.७ रणनीति तथा कार्यनीतिहरू ९९
८.३.८ मुख्य कार्यक्रमहरू तथा कार्यान्वयन योजना १००
८.३.९ अपेक्षित उपलब्धि १००
८.४ नियमनकारी संरचनाहरूको प्रवर्द्धन (सामुदायिक र सार्वजानिक इकाइहरू) १००

८.४.१ वर्तमान अवस्था १००
८.४.२ प्रमुख समस्याहरू १००
८.४.३ अवसर तथा चुनौतीहरू १०१
८.४.४ क्षेत्रगत सोच १०१
८.४.५ लक्ष्य १०१
८.४.६ उद्देश्यहरू १०१
८.४.७ रणनीति तथा कार्यनीतिहरू १०१
८.४.८ मुख्य कार्यक्रमहरू तथा कार्यान्वयन योजना (५ वर्षको नियोजन) १०२
८.४.९ अपेक्षित उपलब्धिहरू १०२
८.५ शान्ति सुरक्षा १०२
८.५.१ वर्तमान अवस्था १०२
८.५.२ प्रमुख समस्याहरू १०३
८.५.३ अवसर तथा चुनौतीहरू १०३
८.५.४ क्षेत्रगत सोच १०३
८.५.५ लक्ष्य १०३
८.५.६ उद्देश्यहरू १०३
८.५.७ रणनीति तथा कार्यनीतिहरू १०३
८.५.८ मुख्य कार्यक्रमहरू तथा कार्यान्वयन योजना १०४
८.५.९ अपेक्षित उपलब्धि १०४
८.६ पारदर्शिता र आन्तरिक नियन्त्रण प्रणाली १०४
८.६.१ वर्तमान अवस्था १०४
८.६.२ प्रमुख समस्याहरू १०४
८.६.३ अवसर तथा चुनौतीहरू १०५
८.६.४ क्षेत्रगत सोच १०५
८.६.५ लक्ष्य १०५
८.६.६ उद्देश्यहरू १०५
८.६.७ रणनीति तथा कार्यनीतिहरू १०५
८.६.८ मुख्य कार्यक्रमहरू तथा कार्यान्वयन योजना १०५
८.६.९ अपेक्षित उपलब्धि १०६
परिच्छेद नौः योजना अनुगमन तथा मूल्याङ्कन १०७
९.१ पृष्ठभूमि १०७

९.२ योजना कार्यान्वयनको वर्तमान अवस्था ... १०७
९.३ योजना कार्यान्वयन प्रक्रिया र विधि ... १०७
९.४ अनुगमन तथा मूल्यांकन ... १०८
९.५ अनुगमन तथा मूल्याङ्कन कार्यको उद्देश्य ... १०८
९.६ रणनीति ... १०९
९.७ मुख्य कार्यक्रम ... १०९
९.८ अनुगमन तथा मूल्याङ्कन कार्यको प्रकृया र जिम्मेवार ... १०९
परिच्छेद दशः नतिजा खाका ... १११
१०.१ पृष्ठभूमि ... १११
अनसूची ... १३२
अनुसूची १ः आर्थिक क्षेत्र ... १३२
अनुसुची २ः सामाजिक क्षेत्र ... १३८
अनुसुची ३ः पूर्वाधार विकास क्षेत्र ... १५४
अनुसुची ४ःवन, वातावरण तथा विपद ब्यवस्थापन क्षेत्र ... १६९
अनुसुची ५ः लोकतन्त्र, सुशासन तथा शान्ति क्षेत्र ... १७३

# तालिका सूची


| | | |
|---|---|---|
| तालिका नं. २.२.१ | गाउँपालिकाको जनसङ्ख्या स्थिति | १ |
| तालिका नं. ३.६.१ | समष्टिगत परिमाणात्मक लक्ष्य | १३ |
| तालिका नं. ३.८.१ | स्थानीय तहलाई प्राप्त हुने वित्तीय स्रोतहरू | १७ |
| तालिका नं. ३.९.१ | गाउँपालिकाको विगतको खुद आय | १८ |
| तालिका नं. ३.९.२ | गत आ.व.को यथार्थ र चालु आ.व.को दोस्रो चौमासिकसम्मको आय | १९ |
| तालिका नं.३.९.२.१ | योजना अवधिको प्रक्षेपित आय | २२ |
| तालिका नं. ३.९.३.१ | योजना अवधिको प्रक्षेपित र प्रस्तावित आय | २५ |
| तालिका नं. ३.९.३.१ | बजेट शारांश | २७ |
| तालिका नं. ९.८.१ | अनुगमन तथा मूल्याङ्कनकार्यको प्रक्रिया र जिम्मेवारी | १०७ |
| तालिका नं. १०.१.१ | नतिजा खाका | १०९ |

# चित्र सूची


| | | |
|---|---|---|
| चित्र नं. २.२.१ | गाउँपालिकाको उमेर अनुसारको जनसङ्ख्या | २ |
| चित्र नं. २.३.१.१ | आन्तरिक खाद्यआपूर्तिको अवस्था (प्रतिशतमा | ३ |
| चित्र नं. २.३.२.१ | घरको छानाको अवस्था | ४ |
| चित्र नं. २.३.२.२ | गाउँपालिकामा प्रयोग भएका शौचालयको प्रकार | ४ |
| चित्र नं. २.३.३.१ | पालिकाको शैक्षिक स्थिति | ५ |
| चित्र नं. २.३.३.२ | गाउँपालिकामा उपलब्ध प्राविधिक जनशक्ति | ५ |
| चित्र नं. २.४.१.१ | खानेपानी आपूर्तिको अवस्था | ६ |
| चित्र नं. २.४.२.१ | सिचाइको अवस्था | ७ |
| चित्र नं. २.५.१.१ | लक्षित समूहमा सेवा प्रवाहको स्थिति | ८ |
| चित्र नं. २.५.१ | योजना कार्यान्वयनमा नागरिक सहभागिता दर | ८ |
| चित्र नं. ३.९.१ | गाउँपालिकाको कुल आयमा आन्तरिक आयको हिस्सा | १९ |
| चित्र नं. ३.९.३.२ | प्रक्षेपित र प्रस्तावित बजेटको स्थिति (बजेट अन्तर) | २५ |
| चित्र नं. ३.९.३.२ | योजना अवधिको प्रक्षेपित, प्रस्तावित र अपुगहुने बजेट स्थिति | २६ |
| चित्र नं. ९.३.१ | मूल्याङ्कनका ढाँचा तथा चरणह | १०६ |

# सारांश

**कपुरकोट गाउँपालिका सल्यानको प्रथम पञ्चबर्षीय योजना**

कपुरकोट गाउँपालिकाले दाङ जिल्ला त्रिवेणी गाउँपालिका र रोल्पा जिल्लालाई छोएको छ। ६ वटा वडामा विभाजित यो गाउँपालिकाको केन्द्र कपुरकोट हो र राप्ती राजमार्गले यसलाई उत्तर दक्षिण जोडेको छ।

कपुरकोट गाउँपालिका ११९.२ व.कि. वा ११९२० हेक्टर क्षेत्रफलमा फैलिएको छ। सबै वडामा गरी ४०९५ हेक्टर जमिन खेतीयोग्य छ। यो जम्मा क्षेत्रफलको ३४.३५ प्रतिशत हो। खोला, खोल्साले २.६५ प्रतिशत र वनले ६३ प्रतिशत जमिन ओगटेको छ। जम्मा ४४५ हेक्टरमा सिँचाइ सुविधा छ र यो खेतीयोग्य जमिनको १०.८६ प्रतिशत हो।



मगर, क्षत्री, बाहुन र दलितहरुको मिश्रित बसोबास भएको कपुरकोटको जनसंख्या १७५४८ छ। यो जनसंख्या ३९७८ परिवारमा विभाजित छ। सबैभन्दा थोरै परिवार संख्या भएको वडा वडा नं. १ हो र सबैभन्दा बढी परिवा संख्या भएको वडा वडा नं. ५ हो।

| कपुरकोट गाउँपालिका सल्यानको जनसङ्ख्या स्थिति | | | | | |
|---|---|---|---|---|---|
| वडा नं. | परिवार सङ्ख्या | पुरुष | महिला | जम्मा | प्रतिशत |
| वडा नं.१ | ४९३ | ९९५ | १२१५ | २२१० | १२।५९ |
| वडा नं.२ | ५११ | १०७३ | ११६५ | २२३८ | १२।७५ |
| वडा नं.३ | ७१६ | १५२१ | १६३६ | ३१५७ | १७।९९ |
| वडा नं.४ | ६२४ | १३१८ | १४०३ | २७२१ | १५।५१ |
| वडा नं.५ | ८५३ | १८५१ | १९६७ | ३८१८ | २१।७६ |
| वडा नं.६ | ७८१ | १६६० | १७४४ | ३४०४ | १९।४ |
| जम्मा | ३९७८ | ८४१७ | ९१३० | १७५४८ | १०० |

संस्थागत संरचना तयार गर्न र गणतान्त्रिक शासन व्यवस्थाको ढाँचा स्थापित गर्न स्थानीय तहको पहिलो कार्यकालले अधिक समय खर्चियो। हालको दोश्रो कार्यकाल स्थानीय विकासको संस्थागत संरचना तयार गर्न र बिगतका उपलब्धीहरुलाई संस्थागत गर्दै स्थानीय तहका आर्थिक, सामाजिक, पूर्वाधार, बिपद, लोकतन्त्र सुदृढिकरण लगायतका क्षेत्रहरुको सन्तुलित विकास गरी नागरिकहरुको स्वस्थ्य, सकृय र समृद्ध जीवन जिउने अधिकार सुरक्षित गर्न प्रयासरत छ। कपुरकोट गाउँपालिका सल्यान यही सेरोफेरोमा समर्पित छ।

गाउँपालिकाले दोश्रो कार्यकालमा जनसरोकारका विषयहरुमा कस्तो उपलब्धी प्राप्त गर्ने ?, आवश्यक पर्ने बित्तिय स्रोत कहाँबाट जुटाउने ?, कार्यक्रमको डुप्लिकेसन घटाउँदै लक्षित वर्गलाई विकासको प्रतिफल समान रुपले उपभोग गर्ने वातावरण कसरी सुनिश्चित गर्ने ? लगायतका सवालहरुमा बृहत सहभागिता, छलफल, अवलोकन र सम्भावित क्षमताहरुको विश्लेषण गरी कपुरकोट गाउँपालिकाको पाँच वर्षे योजना खाका तयार गर्यो। प्राप्त मार्गचित्र र सिमाहरुभित्र रहेर कपुरकोट गाउँपालिकाको यो दस्तावेज (प्रथम आवधिक योजना (आ.व. २०८०/८१ – आ.व. २०८४/८५) तयार भएको छ। योजनाले **"कृषि, पर्यटन र पूर्वाधार, कपुरकोट गाउँपालिकाको विकासको आधार"** दीर्घकालिन सोच लिएको र त्यस अनुरुप कार्य कसरी गर्न सकिन्छ भन्ने विषयमा योजना दस्तावेज केन्द्रित छ।

योजना दस्तावेजले क्षेत्रगत प्राथमिकता, पारदर्शिता, मापदण्ड र सफल योजना कार्यान्वयनका लागि नीतिगत औजारहरु प्रश्ताव गरेको छ।




कपुरकोट गाउँपालिकाको प्रथम पञ्चवर्षिय योजनाले तय गरेका कार्यक्रमहरुलाई पाँचवटा मुख्य क्षेत्रमा समेटेको छ र प्रत्येक योजना क्षेत्रमा समेटिएका योजनाहरुलाई उपक्षेत्रमा राखी योजनाको सुक्ष्म गहिराईसम्म पुग्ने र योजना डुप्लिकेसन हुन नदिने प्रयास गरिएको छ।




बिगतको संघ र प्रदेशबाट प्राप्त अनुदान, गाउँपालिकाको आन्तरिक आय र अन्य आयहरुको प्रबृत्ति (Trend) लाई आधार मानेर प्रक्षेपित आय अनुमान गरिएको छ।




यो योजना दस्तावेजले प्रक्षेपित आयलाई आउँदा आ.व. हरुमा हुने वास्तविक आय मानिएको छ। नेपाल सरकारका

आय प्रक्षेपण गर्ने औजारहरु कै आधारमा यो प्रक्षेपण गरिएकाले प्रक्षेपित तथ्यांक वास्तविकताको नजिक छ भन्न सकिन्छ ।

प्रक्षेपित आय बिगतको आयसँग तुलना गरेर अनुमान गरिएको हो भने र प्रश्तावित व्यय योजनाले समेटेका कार्यक्रमहरुलाई समपन्न गर्न आवश्यक हुने अनुमानित रकम हो ।




प्रश्तावित योजनाको लागि आवश्यक पर्ने बजेट योजना तयारीका क्रममा भएका प्राबिधिक योजना सहजकर्ता र वडाका जानकारहरुको उपस्थितिमा टोल, वडा र पालिका स्तरका छलफलहरुबाट तय गरिएकाले यो पनि वस्तुपरक मान्न सकिन्छ। आगामी वार्षहरुको प्रश्तावित व्यय हालको बजार मुल्यका आधारमा अनुमान गरिएकाले सम्बन्धित आ.व. मा यो रकम बढ्न सक्छ।

प्रक्षेपित आय गाउँपालिकाको क्षमता मानिएको छ भने प्रशताबित व्ययले गा.पा.को बित्तिय आवश्यक्तालाई संकेत गर्छ । हाम्रा आवश्यक्ता सामर्थ्यभन्दा ठूला (असिमित आवश्यक्ता) हुने गर्छन् । राज्यका संयन्त्रले यस्तो आवश्यक्ता पूर्ति गर्न बैकल्पिक स्रोत हरुको खोजी र उपयोग गर्छ ।




मध्यकालिन खर्च संरचना यही उद्देश्य प्राप्त गर्न प्रयोग गरिने औजार मानिएको छ । कपुरकोट गाउँपालिकाको यो प्रथम पञ्चवर्षिय योजनाले प्रश्ताव गरेको सम्बन्धित आ.व.को अपुग रकम के कसरी व्यवस्था गर्न सकिन्छ भन्ने बारेको वस्तुपरक विश्लेषण र बिकल्पहरु यसैको मध्यकालिन खर्च संरचनाले दिने अपेक्षा गरिएको छ ।

यो आवधिक योजनाले निश्चित उद्देश्य, लक्ष्य, नीति, रणनीति र कार्यनीति तय गरे पश्चात अपेक्षा गरिएको उपलब्धी प्राप्त गर्न कस्ता योजना तथा कार्यक्रमहरु बन्नुपर्छ भन्ने सवालमा बिस्तृत छलफल गरियो । पालिका संयन्त्र, विषय बिज्ञ, वडा र टोलका जानकारहरुको उपस्थिति र सहभागितात्मक छलफलबाट योजना सुची तयार गरिएको थियो ।




योजनाले जम्मा १७३ परियोजना तथा कार्यक्रमहरु प्रश्ताव गरेको छ । प्रशताबित कार्यक्रमहरु क्षेत्रगत उद्देश्यका आधारमा फरक फरक संख्यामा छन् ।

# परिच्छेद एकः परिचयात्मक विवरण

## १.१ पृष्ठभूमि

जनआन्दोलन र दशकौँ लामो सङ्घर्षको परिणाम स्वरूप संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान वि.सं. २०७२ मा जारी भयो। संविधान जारी भएसँगै साविकको एकात्मक शासन व्यवस्था तीन तहको संघात्मक शासन व्यवस्थामा रूपान्तरण भयो। यही संघात्मक राज्य व्यवस्थाको जगमा लामो समयको रिक्ततापछि हाम्रा स्थानीयतहहरूले जननिर्वाचित स्थानीय नेतृत्व प्राप्त गरे। नेपालको संविधान २०७२ को अनुसूची ५, ६, ७, ८ र ९ ले संघ, प्रदेश र स्थानीय तहको छुट्टाछुट्टै अधिकार र साझा अधिकार निर्धारण गरेको छ। संविधानले परिकल्पना गरेअनुसार स्थानीय सरकारले आफ्नो गाउँपालिकाको समग्र आर्थिक, सामाजिक विकासको नेतृत्व लिँदै सबै वर्ग, क्षेत्र, समुदाय विशेषका आवश्यकता, समस्या तथा चुनौतीहरूको समाधानका लागि पहलकदमी र साझेदारीको अभ्यास गर्दै आएका छन्।

संयुक्त राष्ट्रसघको दिगो विकास लक्ष्य सन् २०१५, नेपालको संविधान २०७२, नेपाल सरकारको पन्ध्रौं आवधिक योजना (आ. व. २०७६/७७-२०८१/८२) र कर्णाली प्रदेशको पहिलो आवधिक योजना (आ.व.२०७९/८०-२०८३/८४) ले गरेका मार्गदर्शन र प्रतिवद्धताहरू, विषयगत मन्त्रालय तथा विभागबाट भएका नीतिगत व्यवस्थाहरू र राजनीतिक दलका घोषणापत्रहरूमार्फत भएका प्रतिवद्धताहरूले स्थानीय विकासको लागि स्थानीयस्तरमा नै स्रोत पहिचान गर्ने, स्रोतको परिचालन गर्ने र जनताको सहभागिता एवं अपनत्व सुनिश्चित गर्दै दिगो विकासको निरूपण गर्ने प्रयासको थालनी भएको छ। स्थानीयतहका जननिर्वाचित सरकारहरू जनभावनाको कदर गर्दै जनअपेक्षा अनुरूपको नागरिक सेवा, स्थानीय विकास, स्रोत व्यवस्थापन लगायतका कार्य गर्न प्रयासरत छन्।

सबल एवं सक्षम स्थानीय तहले मात्रै संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख अर्थव्यवस्था निर्माण र मौलिक हकको प्रभावकारी कार्यान्वयन हुनसक्छ। सामाजिक न्यायसहितको दिगो र फराकिलो आर्थिक वृद्धि हासिल गर्नको लागि स्पष्ट खाकासहितको योजना निर्माण र त्यसको प्रभावकारी कार्यान्वयन हुनुपर्छ। नेपाल सरकारको वि.स.२०८७ सम्ममा मध्यम आय भएको मुलुक र वि.सं.२१०० सम्ममा विकसित राष्ट्रको रूपमा रूपान्तरित हुने दीर्घकालीन सोच र रणनीति साथै सन् २०३० सम्ममा दिगो विकास लक्ष्य प्राप्त गर्ने प्रतिबद्धता जाहेर भएको छ। नेपाल सरकारको यो प्रतिबद्धता हासिल गर्न यावत वित्तीय, प्राविधिक तथा व्यवस्थापकीय चुनौतीहरू छन्।

यसबाहेक स्थानीय नागरिकहरूका तमाम आवश्यकता संबोधन गर्न स्थानीयतहलाई कम चुनौती छैन। स्थानीय सरकारले लिएका आफ्नै स्थानीय उद्देश्य तथा लक्ष्य प्राप्त गर्न आवश्यक साधन स्रोतहरू सीमित छन्। यो सीमितताभित्र सोचेअनुसारको उपलब्धि प्राप्त गर्न तथ्यमा आधारित योजना नबने संभव छैन। यस परिप्रेक्षमा स्थानीय आवश्यकता पूरा गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता र लक्ष्यहरू प्राप्त गर्न परिपूरक हुनेगरीका योजन तथा कार्यक्रमहरू बन्नु, कार्यान्वयन गरिनु र संस्थागत हुनु आवश्यक छ र यो आवश्यकता अनुरूप कार्य गर्न कपुरकोट गाउँपालिका, सल्यान, कर्णाली प्रदेशले यो पहिलो पञ्चवर्षीय योजना (आ. व.२०८०/८१-२०८४/८५) तयार गरेको छ।

## १.२ आवधिक योजनाको आवश्यकता

दिगो विकासका लागि मौलिक स्रोत (जमिन, जङ्गल, जलस्रोत, खनिज) मा आधारित अर्थतन्त्र व्यवस्थित हुनु आवश्यक छ । स्रोत भण्डारणको प्रकृतिक क्षमतामा आँच नआउने गरी उपलब्ध स्रोतहरूलाई परिचालन गर्न सक्नु दिगो विकासको लक्ष्यभित्र पर्छ । हाम्रा स्थानीय तहहरूमा विशिष्टीकृत स्थानीयता छ र विशिष्टीकृत स्थानीयताभित्र विशिष्टीकृत स्रोतहरू पनि छन् । तसर्थ यस्ता स्रोतहरूको पहिचानबाट अधिकतम लाभ लिन विशिष्टीकृत योजना तथा कार्यक्रम बन्नु आवश्यक छ। वि.सं. २०७२ को गणतान्त्रिक संविधानको घोषणापछि गठन भएको स्थनीय सरकार संयन्त्रले आफ्ना स्रोत परिचालन गरी आफ्नै समृद्धि प्राप्त गर्न आफैँले योजना बनाउने अवसर पायो । स्थानीय तहका यावत विकास प्रक्रिया संस्थागत गर्दै समृद्धितर्फ अघि बढ्न आवधिक योजनाको आवश्यकता महसुस भएको हुनाले यो योजना तयार गरिएको हो ।

यो योजना लागु भएसँगै स्थानीय सरकारको आन्तरिक आय वृद्धि गराउने, स्थानीय नागरिकहरूको आर्थिक तथा सामाजिक विकासमा योगदान पुऱ्याउने, महिला, दलित, जनजाति, सीमान्तकृत र न्यून आय भएका नागरिकहरूको जीवनस्तर उकास्ने कार्यमा योगदान पुग्ने अपेक्षा गरिएको छ । साथै यो योजना कार्यान्वयन भएपछि आवश्यक आर्थिक स्रोतको दायरा आन्तरिक आम्दानीबाटै बढ्ने र त्यसबाटै गाउँपालिकाको विकासमा योगदान पुग्ने अपेक्षा गरिएको छ। अर्कोतर्फ स्थानीय तह योजना तर्जुमा दिग्दर्शन २०७५ ले स्थानीय तहलाई सर्तसहित गाँउपालिकाका लागि वार्षिक तथा आवधिक योजना बनाउन, स्रोत पहिचान, बाँडफाँड र प्रक्षेपण गर्न तथा स्थानीय तहको आर्थिक, सामाजिक विकासको नेतृत्व गर्न कार्य जिम्मेवारी दिएकाले पनि दिगो स्थानीय विकासका लागि आवधिक योजना आवश्यक भएको हो ।

## १.३ योजना निर्माण गर्नुको उद्देश्य

सुशासन र विकासका लागि आवधिक लक्ष्यसहित संघीय तथा प्रादेशिक सरकारले आवधिक योजना कार्यान्वयनमा ल्याएको सन्दर्भमा संघीय र प्रादेशिक लक्ष, प्रथमिकता अनुरूप स्थानीय लक्ष्य, प्राथमिकता र पहिचानसहितको स्थानीय आवधिक विकास योजना आवश्यक छ । यही आवश्यकतालाई सम्बोधन हुनेगरी स्थानीय विकासको खाका तयार गर्नु यसको उद्देश्य हो। यसका विशिष्टीकृत उद्देश्यहरू निम्नलिखित छन् :

(१) उपलब्ध प्राकृतिक स्रोत (जमिन, जङ्गल, जलस्रोत, जैविक विविधता, पूर्वाधार, आर्थिक सामाजिक अवस्था आदि) र मानव साधनको हालको वस्तुस्थिति विश्लेषण गर्नु,
(२) गाँउपालिकाको प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक तथा पर्यटकीय साधन स्रोतको पहिचान र विश्लेषण गर्नु,
(३) उपलब्ध स्रोत साधनहरू र हालको आर्थिक, सामाजिक, भौतिक र संस्थागत स्थितिका आधारमा आवधिक योजनाको आधार तयार गर्नु,
(४) गाँउपालिकाको दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य प्राप्त गर्न आवश्यक नीति तथा कार्यक्रहरू सरोकार वालाहरूको सहभागितामा टुङ्गो लगाएर आवधिक योजना तयार पार्नु ।

## १.४ आवधिक योजना तर्जुमाका आधारहरू

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) (क देखि झ) र संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा ३ को उपदफा (१) (क देखि द) ले स्थानीय तहको आवधिक योजना बनाउने जिम्मेवारी र कार्य सीमा तोकेका छन् । नेपालको संविधान २०७२ को धारा ५७ (४) (५) र अनुसूची ८ र ९ ले स्थानीय तहलाई आर्थिक तथा सामाजिक विकासको अग्रपङ्क्तिको चालकको रूपमा परिभाषित गरेको छ । । स्थानीय विकास सम्बन्धमा नेपाल सरकारले राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा गरेका प्रतिवद्धता, दिगो विकास लक्ष्य २०३०, पन्ध्रौं आवधिक योजना, राष्ट्रिय तथा प्रादेशिक नीति, कर्णाली प्रदेशको आवधिक योजना, विद्यमान ऐन नियमहरू र स्थानीय तहमा सहभागी दलहरूको घोषणापत्र अनुकूल हुने गरी स्थानीय योजना तर्जुमा दिग्दर्शन, २०७५ ले निर्दिष्ट गरेको खाकाभित्र रही स्थानीय आवधिक योजनाको मस्यौंदा तयार गरिएको छ ।

## १.५ संघीय, प्रादेशिक तथा स्थानीय योजना अन्तर आबद्धता

नेपाल सरकार (कार्य विभाजन) नियमावली २०७४, स्थानीय तह योजना तर्जुमा दिग्दर्शन, २०७५ र बजेट तर्जुमासम्बन्धी मार्गदर्शन तथा ढाँचा २०७६ ले स्थानीय तहका योजना निर्माण, कार्यान्वयन, मूल्याङ्कन र वित्तिय व्यवस्थाबारे दायरा तोकेका छन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ र दफा ११ ले योजना तर्जुमा तथा कार्यान्वयन प्रकृयामा सरकारका तीनवटै तहका जिम्मेवारी प्रष्ट पारेका छन् । दिगो विकास लक्ष्य, मौलिक हक, संघीय सरकारको पन्ध्रौं पञ्चवर्षीय र प्रादेशिक योजनाले राखेका अल्पकालीन, मध्यकालीन र दीर्घकालीन लक्ष्य प्राप्त गर्न स्थानीयतहको जिम्मेवारी महत्त्वपूर्ण छ । एउटै लक्ष्य तथा उद्देश्य भएका कार्यक्रमहरूमा कुनै एक, दुई वा तीनवटै सरकारको संलग्नता रहने व्यवस्था संविधान, कानुन तथा कार्यविधिहरूले देखाएका छन् । यस्ता प्रावधानहरूले तोकेका दायराभित्र रही योजना दस्तावेज तयार भएको छ ।

## १.६ आवधिक योजना निर्माण कार्यको कार्यक्षेत्र

स्रोत पहिचानसहितको आवधिक योजना निर्माण गर्ने कार्यका लागि निम्न क्रियाकलापहरू सान्दर्भिक हुने र यिनै क्रियाकलापको परिधिभित्र रहेर अध्ययनकार्य सम्पन्न गर्ने प्रस्ताव गरिएको छ ।

(१) गाउँपालिकाको प्राकृतिक, भौगोलिक, आर्थिक तथा सामाजिक आदि पक्षहरूको विकासका लागि कपुरकोट गाउँपालिकाको क्षेत्राधिकारभित्र उपलब्ध विविध प्राकृतिक स्रोतहरूको पहिचान भएको ।

(२) गाउँपालिकाको आन्तरिक आय, रोजगारी र दिगो आम्दानीका स्रोत वृद्धिका लागि के कस्ता सम्भावनाहरू छन भन्नेबारेमा सरोकारवालाहरूसँग छलफल भएको ।

(३) स्रोतहरूको परिचालन गर्दा पर्न सक्ने प्राकृतिक र वातावरणीय प्रभाव बारे अध्ययन गर्ने र त्यसको न्यूनीकरणका लागि के गर्न सकिन्छ योजनामा समावेश भएको ।

(४) गाउँपालिकाको वार्षिक, एकीकृत, आवधिक/रणनीतिक योजना र विषयगत योजना तर्जुमा र अनुगमन तथा मूल्याङ्कनका लागि विषयगत र खण्डीकृत सूचना तथा विवरण समावेश भएको ।

(५) हालको भूउपयोगको अवस्था, त्यसका विविध पक्षहरू र प्रभावकारी परिचालन सम्बन्धमा के कस्ता अवसर तथा चुनौतीहरू छन् पहिचान भएको ।

(६) एकीकृत प्राकृतिक तथा भौतिक स्रोत परिचालन सम्बन्धमा आवश्यक पर्ने न्यूनतम लागत अनुमान गर्न गाँउपालिकाको प्राविधिक संयन्त्रसँग सहकार्य गरिएको ।

(७) शिक्षा, स्वास्थ्य, खानेपानी, सडक, उद्योग, खनिज, सिचाइ, कृषि, वन, पर्यटन, धर्म, संस्कृति आदि क्षेत्रको संस्थागत विकासका लागि प्राथमिकतासहितको योजना प्रस्ताव गरिएको ।

(८) आवधिक योजना तथा विकाससँग सम्बन्धित अन्य कुराहरू विषयवस्तुले मागेअनुसार र गाउँपालिका संयन्त्रले सुझाए अनुसार गरिएको ।

## १.७ आवधिक योजना तर्जुमाका सीमाहरू

नेपाल सरकार वा प्रदेश सरकारको संयुक्त लगानी वा सार्वजनिक निजी साझेदारीमा सञ्चालन तथा व्यवस्थापन गर्न सकिने वा उपयुक्त हुने आयोजना, अन्तरपालिका परियोजनाहरू, प्राकृतिक स्रोतमा आधारित परियोजना बारेमा विषम परिस्थितिका कारण यथेष्ट छलफल हुन सकेन । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ अनुसार गाउँपालिका क्षेत्रमा क्रियाशील गैरसरकारी संस्था, सामुदायिक संघ-संस्था, उपभोक्ता समिति, सहकारीजस्ता सामाजिक इकाइहरूबाट सञ्चालित कार्यक्रमहरू, कार्यप्रकृया, वित्तीय स्रोत आदि विषयहरू गाउँपालिकाको सहमति तथा स्वीकृतिमा कार्यान्वयन गर्नुपर्ने प्रावधान भए पनि यसअन्तर्गतका कृयाकलाप सम्बन्धित सूचनाहरू संङ्कलन गर्न कठिनाइ रह्यो ।

# परिच्छेद दुई:   गाउँपालिकाको वस्तुगत अवस्था

## २.१   भौगोलिक र प्राकृतिक अवस्था

कर्णाली प्रदेशको तराई जोड्ने गौँडो सल्यान जिल्लाको कपुरकोट गाउँपालिकालाई राप्ती राजमार्गले दाङ जिल्लासँग जोडेको छ। चुरे क्षेत्र, खोँच, भिरालो जमिन र न्यून पानीका स्रोत भएको कपुरकोट महाभारत श्रृखलाभित्र पर्ने भए पनि सुख्खा हावापानी कै बढी प्रभाव छ। गाउँपालिकाको भौगोलिक अवस्थिति २८°२४'उत्तरी अक्षांश र ८०°२३' पूर्वीय देशान्तरमा फैलिएको छ। साविकका ४ वटा गाउँविकास समितिहरू (धनवाङ, रिम, सिनवाङ र गर्पा)  मिलेर बनेको कपुरकोट गाउँपालिकाको पूर्वमा रोल्पा जिल्ला, पश्चिममा त्रिवेणी नगरपालिका, उत्तरमा छत्रेश्वरी गाउँपालिका पर्छन् भने दक्षिणमा दाङको तुलसीपुर नगरपालिका छ। जम्मा ६ वटा वडाहरूमा विभाजित यो गाउँपालिकाको क्षेत्रफल ११९.२१ वर्ग कि.मि. छ र यसको प्रशासनिक केन्द्र कपुरकोट हो।

## २.२   जनसङ्ख्या स्थिति

कपुरकोटको जनसङ्ख्या  परम्परागत ढाँचामा वितरित छ। मगरहरूको बाहुल्यता भएको कपुरकोट गाउँपालिकाको बस्ती मगर परम्पराबाट प्रभावित छ। समथर जमिन कम छ र धेरै जसो (६४ प्रतिशत भन्दा बढी[1]) भूभाग फाडी, बुट्यान, वन जङ्गलले ढाकेको छ। छ वटा वडामा समेटिएको कपुरकोट गाउँपालिकामा ३९७८ परिवार बसोबास गर्छन्[2]। सबैभन्दा बढी परिवार सङ्ख्या भएको वडा वडा नं. ५ हो भने सबैभन्दा कम परिवार सङ्ख्या भएको वडा नं. एक हो (तालिका नं. २.२.१)।

तालिका नं. २.२.१      गाउँपालिकाको जनसङ्ख्या स्थिति

| कपुरकोट गाउँपालिका सल्यानको जनसङ्ख्या स्थिति | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| वडा नं. | जम्मा परिवार सङ्ख्या | | पुरुष जनसङ्ख्या | | महिला जनसङ्ख्या | | जम्मा जनसङ्ख्या | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| वडा नं.१ | ४९३ | १२।३९ | ९९५ | ११।८२ | १२१५ | १३।३१ | २२१० | १२।५९ |
| वडा नं.२ | ५११ | १२।८५ | १०७३ | १२।७४ | ११६५ | १२।७६ | २२३८ | १२।७५ |
| वडा नं.३ | ७१६ | १८।०० | १५२१ | १८।०७ | १६३६ | १७।९२ | ३१५७ | १७।९९ |
| वडा नं.४ | ६२४ | १५।६९ | १३१८ | १५।६६ | १४०३ | १५।३७ | २७२१ | १५।५१ |
| वडा नं.५ | ८५३ | २१।४४ | १८५१ | २१।९९ | १९६७ | २१।५४ | ३८१८ | २१।७६ |
| वडा नं.६ | ७८१ | १९।६३ | १६६० | १९।७२ | १७४४ | १९।१० | ३४०४ | १९।४० |
| जम्मा | ३९७८ | १००।०० | ८४१७ | १००।०० | ९१३० | १००।०० | १७५४८ | १००।०० |

स्रोत: रा.ज.ग.प्रारम्भिक प्रतिवेदन २०७८

कपुरकोट गाउँपालिकाको कुल जनसङ्ख्या १७५४८ मध्ये पुरुषको जनसङ्ख्या ८४१७ छ भने महिलाको जनसङ्ख्या ९१३० छ। सबैभन्दा बढी परिवार सङ्ख्या भएको वडा नं. ५ मा पुरुषको सङ्ख्या १८५१ छ भने महिलाहरूको सङ्ख्या १९६७ छ। वडा नं. ६ मा १६६० जना पुरुष र १७४४ अर्थात १९.१० प्रतिशत महिला छन्। कपुरकोट गाउँपालिकाको सबैभन्दा कम जनसङ्ख्या

[1]वडा छलफलका सहभागीहरूबाट लिइएको सुफावका आधारमा।

[2]जनगणना २०७८ को प्रारम्भिक प्रतिवेदनमा आधारित।

भएको वडा वडा नं. १ हो । यो वडामा जम्मा २२१० जना जनसङ्ख्या छ । यसमा ९९५ जना पुरुष छन् र बाँकी महिला छन् ।

चित्र नं. २.२.१ गाउँपालिकाको उमेर अनुसारको जनसङ्ख्या




स्रोत : रा.ज.ग.प्रारम्भिक प्रतिवेदन २०७८

गाउँपालिकाको सक्रिय जनसङ्ख्या (१५ देखि ५९ वर्ष उमेर समूह) ९८२९ अर्थात ५४.८७ प्रतिशत छ भने बालबालिकाको सङ्ख्या ( ० देखि १४ वर्ष उमेर सम्म ) ६४३४ अर्थात ३६.६७ प्रतिशत छ । त्यसैगरी ६० वर्ष उमेर पार गरेको जनसङ्ख्या १४८५ अर्थात ८.४६ प्रतिशत छ ।

## २.३ सामाजिक अवस्था तथा रहन सहन

कपुरकोटको सामाजिक अवस्था अन्य पहाडी क्षेत्रसँग मिल्दो जुल्दो छ तर कर्णाली प्रदेशको भन्दा अलिक फरक छ। बहुसङ्ख्यक मगरहरू भए पनि ब्राम्हण , क्षेत्री, दलित र अन्य समुदायको मिश्रित बसोबास भएको कपुरकोटको जीवनवृत्तिको ढाँचा कृषिबाट गैह्र कृषि उन्मुख हुँदै गएको छ । खानेपानी, विद्युत, सडक, स्वास्थ्य लगायतका आधारभूत सुविधाहरू पर्याप्त नभएको कपुरकोटको जनसङ्ख्या वितरण खण्डित भएकाले आधारभूत पूर्वाधार विस्तार गर्न चुनौतीहरू छन् तर पनि सबै वडा केन्द्रहरूसम्म आधारभूत सडक, विद्युत , खानेपानी आदि सुविधाहरूको पहुँच बढ्दै गएको अवस्था छ ।

### २.३.१ गाउँपालिकाको आन्तरिक उत्पादन र खाद्य आपूर्तिको अवस्था

कपुरकोट उष्ण र उपउष्ण हावापानी भएको क्षेत्र भए पनि शीतोष्ण हावापानी भएका बस्तीहरू निकै छन् । वडा नं. ३ र ४ का अग्ला ठाउँमा भएका बस्तीहरू रिम आसपास र खाली क्षेत्र शीतोष्ण प्रकारको हावापानी भएका ठाउँहरू हुन् भने गर्पा , सोलावाङ्ग , अरिंगाले, सिनवांग, सर्पानी, आदि तातो हावापानी भएका ठाउँहरू हुन् । सिँचाई सुविधा कमजोर भएकाले खाद्य उत्पादन न्यून छ । मौसमी बालीहरू मकै, आलु, गेडागुडी, तेलहन आदि राम्रो उत्पादन भए पनि गाउँपालिका खाद्यान्नमा आत्मनिर्भर छैन ।

चित्र नं. २.३.१.१ आन्तरिक खाद्यआपूर्तिको अवस्था (प्रतिशतमा




स्रोतः पार्वचित्र, समूह छलफल र अवलोकन २०७९

न्यून सिञ्चित क्षेत्रका कारण बढी सिचाइ आवश्यक पर्ने खाद्य बालीहरू कपुरकोट गाउँपालिकामा कम उत्पादन हुन्छन् । सिचाई अभाव कै कारण मकै खेती यहाँको मुख्य खाद्य स्रोत हो । घरायसी प्रयोजनमा आउने खाद्य बालीहरू (मकै, गहुँ, सिमी, आदि ) को राम्रो उत्पादन हुने भए पनि सडक, यातायात र बजार बिस्तारका कारण तराईबाट आपूर्ति हुने खाद्य वस्तुले यहाँको आन्तरिक उत्पादनलाई विस्थापन गरेको अवस्था छ ।

लमही, घोराही, तुलसीपुर र आसपासका तराईका बजारहरूसँग नियमित सम्पर्क हुनु, तराईका बस्तीहरूमा वर्खे र बेमौसमी तरकारीहरूको माग धेरै हुनु, कपुरकोट गाउँपालिकाका धेरै जसो भूभागमा वर्षे (बेमौसमी) तरकारी प्रशस्त उत्पादन हुनु आदि कारणले कपुरकोट गाउँपालिकाका वडा नं. २, ३, ४ र ६ नं. वडाहरू र अन्य वडाहरूमा पनि व्यावसायिक तरकारी उत्पादनमा कृषकहरूको आकर्षण बढ्दै जानुले आन्तरिक खाद्य उत्पादनले आन्तरिक मागलाई धान्न नसकेको हो । यहाँका ६९.३३ प्रतिशत परिवारले आफैंले उत्पादन गरेको खाद्य बालीले ३ महिनासम्म खान पुग्छ भने २१.३३ प्रतिशत परिवारलाई उत्पादित कृषि बालीले ६ महिनासम्म खान पुग्छ । वर्षभरि खान पुग्ने परिवारहरूको सङ्ख्या ९.३३ प्रतिशत छ ।

## २.३.२ आवास र वस्तीविकास

कपुरकोट गाउँपालिकाका सबै वडाहरूमा पातलो बस्ती छ । परम्परागत आवास छन् । सबै परिवारमा खानेपानी र विद्युतको सुबिधा छैन । खानेपानीको सुबिधा नियमित छैन र परम्परागत बस्ती भएकाले वातावरणीय जोखिम बढी छ । ढलान घर ज्यादै कम छन् । आधुनिक शौचालयको अवधारणा कमजोर छ । वातावरणीय सचेतना राम्रो भए पनि जोखिम न्यूनीकरणका लागि पर्याप्त काम भएको छैन ।

रा.ज.ग २०७८ भन्छ कपुरकोट गाउँपालिकामा ३९७८ परिवार बस्छन् । जम्मा परिवार मध्ये १००५ परिवारले खरको छाना लाएका छन् र ढुङ्गा, काठ र अन्य वस्तु प्रयोग गरी छानो हाल्ने परिवार पनि छन् । यी सबै मिलाउँदा छानो फेर्नै पर्ने परिवार १०२७ छन् ( चित्र नं. २.३.२.१) । यो सङ्ख्या जम्मा परिवारको २५.८१ प्रतिशत हो । गाउँपालिकाले यसै आ.व. बाट खरको छानो मुक्त पालिका परियोजना ल्याएको छ । यो परियोजना सम्पन्न भए नागरिकहरूको आवासको अधिकार सम्बोधन भएको मान्न सकिन्छ ।

चित्र नं. २.३.२.१ घरको छानाको अवस्था




स्रोत : रा.ज.ग. २०७८

कपुरकोट गाउँपालिकामा भएका कुल ३९७८ परिवारमध्ये सबैभन्दा बढी टिनको छाना लगाउनेहरूको सङ्ख्या २७४८ छ। पालिकामा खर तथा अन्य किसिमका वस्तु प्रयोग गरी छाना लगाउनेहरूको सङ्ख्या १०२७ छ। यो कुल घर सङ्ख्याको २५.७५ प्रतिशत हो।  ढलान हालेर घर बनाउनेहरू १९९ घरधुरी छन्।

चित्र नं. २.३.२.२ गाउँपालिकामा प्रयोग भएका शौचालयको प्रकार




स्रोत: रा.ज.ग २०७८

कुल घर परिवारमध्ये १८११ परिवार अर्थात् ४९.५२ प्रतिशतले साधारण शौचालय प्रयोग गर्छन्। खाल्टे शौचालय प्रयोग गर्ने परिवारको सङ्ख्या १५९४ अर्थात ४३.५९ प्रतिशत छ। फलश शौचालय प्रयोग गर्ने पालिका बासीहरू १९८ अर्थात ५.४१ प्रतिशत छन्।

## २.३.३ गाउँपालिकाको शैक्षिक अवस्था

शैक्षिक सुधारमा परम्परागत सोच हावी छ। स्थानीय रोजगारी र अवसरहरू कम छन्। मगर परिवारमा चाँडो विवाह गर्ने चलन भएकाले यहाँका अधिकांश किशोर किशोरीहरू  विद्यालय उमेरमा नै विवाह गर्छन् र उच्च शिक्षाको अवसर हुँदाहुँदै पनि युवा जनशक्ति पारिवारिक जिम्मेवारी लिन वाद्य हुन्छन्। यस कारण स्थानीय सरकारले गरेका शैक्षिक सुधारका प्रयासहरूबाट अपेक्षाकृत उपलब्धि प्राप्त गर्न चुनौतीहरू छन्।

चित्र नं. २.३.३.१ पालिकाको शैक्षिक स्थिति




स्रोत: रा.ज.ग. २०७८ र शिक्षा पार्वचित्र २०७९

कुल जनसङ्ख्याको ७९.७५ प्रतिशत साक्षर छन् भने आधारभूत तहको खुद भर्नादर ९७.४ प्रतिशत छ। त्यसैगरी माध्यमिक तहको खुद भर्नादर ४५.१ प्रतिशत छ।

कपुरकोट गाउँपालिकाका लागि स्थानीय मानव स्रोतबाटै आपूर्ति हुनसक्ने सिपयुक्त जनशक्ति सन्तोषजनक छ। कृषि, पशु, जनस्वास्थ्य, पूर्वाधार आदि क्षेत्रमा आवश्यक पर्ने मानव स्रोत बढ्ने क्रममा छ। स्थानीय सरकारको तर्फबाट दिइनुपर्ने प्राविधिक सेवाहरू सञ्चालन गर्दा यो जनशक्तिले प्रभावकारी भूमिका खेल्न सक्छ।

चित्र नं. २.३.३.२ गाउँपालिकामा उपलब्ध प्राविधिक जनशक्ति




स्रोत: पार्वचित्र, समूह छलफल र अवलोकन २०७९

हाल गाउँपालिकामा सबै विषयका गरी १००३ जना प्राविधिक जनशक्ति छ। यो जनशक्ति विज्ञ नभए पनि गाउँपालिकाको हालको मागलाई धान्न सक्ने अवस्थामा छ। कूल जनशक्तिमध्ये २८ जना २.७९ प्रतिशत सब ओभरसियर छन्। त्यसैगरी गाउँपालिकामा सिलाई बुनाइको काम गर्ने २२६ जना छन्। यो कुल जनशक्तिको २२.५३ प्रतिशत हो। मेकानिक्सहरू २६ जना , म्यासन डकर्मीहरू २२५ जना अर्थात् कुल जनसङ्ख्याको २२.४३ प्रतिशत हो। सबैभन्दा कम अनमी रहेको यस गाउँपालिकामा अनमीको सङ्ख्या २३ छ। सबैभन्दा बढी कार्पेन्ट्रीमा ३१३ जना अर्थात् ३१.२१ प्रतिशत छन् भने ग्रामीण पशुस्वास्थ्य कार्यकर्ताहरू २९ जना र जेटिए २६ जना वा २.५९ प्रतिशत छन् भने कम्प्युटर अपरेटरको सङ्ख्या १०७ अर्थात् १०.६७ प्रतिशत छ।

## २.४ आधारभूत पूर्वाधार

कपुरकोट गाउँपालिकाले विगतका आ.व. हरूमा पूर्वाधार विकासका लागि उल्लेख्य काम गरेको छ । सडक विकास र सुधारको क्षेत्रमा गाउँपालिकाको उल्लेख्य लगानी भएको छ । सबै वडा कार्यालयहरू पालिका केन्द्रसँग जोडिएका छन् । मुख्य टोल तथा वस्तीहरूमा सडक सञ्जाल विस्तार भएको छ । विद्युत विस्तार हुँदै गरेको अवस्था छ तर पनि टाढाका सबै वस्तीहरू विद्युत सञ्जालभित्र आइसकेका छैनन् । खानेपानीका स्रोत कम छन् र भएका स्रोतहरूलाई व्यवस्थित गर्ने र नागरिकहरूमा वितरण गर्ने कार्य निरन्तर छ । वडा कार्यलय , स्वास्थ्य चौकी र विद्यालयका भवनहरू प्राथमिकताका आधारमा बन्ने क्रममा छन् । कृषि क्षेत्रको व्यावसायीकरणमा चुनौती भए पनि व्यावसायिक तरकारी उत्पादनको अभ्यास संस्थागत हुने अवस्थामा छ । कृषिका लागि आवश्यक जनशक्ति विकास, प्रविधि पहिचान, शीतगृह र बजार व्यवस्थापनका कार्य थप व्यवस्थित गर्नु आवश्यक छ ।

### २.४.१ खानेपानी आपूर्ति

गाउँपालिकाको लागि खानेपानी आपूर्ति खर्चिलो र चुनौतिपूर्ण छ । भएका पानीका स्रोतहरू बस्तीभन्दा तल छन् र बस्तीभन्दा माथिका ठाउँहरूमा पानीका स्रोत कम छन् वा छँदै छैनन् । लिफ्टिङ्ग प्रविधिका खानेपानी आयोजना बनेका छन् र आंशिक रूपमा पिउने पानी वितरण भएको छ । खानेपानी आयोजना सञ्चालक समितिका लागि पर्याप्त स्रोत साधन तथा उपकरण नएकाले पनि नियमित सेवा सञ्चालनमा अवरोधहरू आएका हुन् ।

चित्र नं. २.४.१.१ खानेपानी आपूर्तिको अवस्था




स्रोत: पार्वचित्र, समूह छलफल र अवलोकन २०७९

कपुरकोट गाउँपालिकामा बसोबास गर्ने कुल जनसङ्ख्याको ३८.७४ प्रतिशत परिवार सुरक्षित खानेपानीको पहुँचभित्र छन् । नदी तथा खोलाको पानी प्रयोग गर्नेहरू १६.१७ प्रतिशत छन् भने मूलको पनी प्रयोग गर्ने परिवार २९.७५ प्रतिशत छन् ।

### २.४.२ सिचाइ पूर्वाधार

गाउँपालिका भरी नै बेँसी क्षेत्र कम छ । बेँसी क्षेत्रभन्दा माथिको समथर भूभागमा बस्ती र बस्ती आसपास नै खेतीयोग्य जमिन छ र यहाँको अधिकांश जमिनमा निरन्तर सिँचाइको सुबिधा पुर्याउन

कठिन छ। रातो–पहेँलो प्रकारको माटो छ। तरकारी र फलफूल खेतीका लागि उपयुक्त जमिन छ। यसको अभ्यास पनि हुँदै आएको छ।

चित्र नं. २.४.२.१ सिचाइको अवस्था




स्रोतः पार्वचित्र, समूह छलफल र अवलोकन २०७९

कपुरकोट गाउँपालिकामा भएको कृषियोग्य जमिनमा वर्षभरि सिँचाइ पुग्ने जमिन १४.७० प्रतिशत छ। यहाँको खेतीयोग्य जमिनमा अहिलेसम्म सिँचाइको व्यवस्था नभएको तर सिँचाइको व्यवस्था गर्न सकिने जमिन ३९.६९ प्रतिशत छ। आंशिक सिँचाइ हुने जमिन १६.७३ प्रतिशत छ भने सिँचाइको व्यवस्था गर्न नै नसकिने जमिन २८.८८ प्रतिशत छ।

## २.५ स्थानीय सुशासन तथा सेवा प्रवाह

दिगो विकास लक्ष्य , बेइजिङ्ग घोषणा पत्र, आई. एल ओ को अभिसन्धि १६९, राष्ट्रसंघको बडापत्र १८२५ र १३२० ले स्थानीय स्रोत परिचालन उपभोग र लाभको वितरणमा स्थानीयहरूकै अग्राधिकार हुने जिकिर गरेका छन्। यस्ता अन्तराष्ट्रिय घोषणा, अभिसन्धि र प्रतिबद्धता अनुरूप नै गणतान्त्रिक नेपालको संविधान २०७२ लागु भएको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई कानुनी दायरामा समेटेर स्थानीय तहको स्रोत परिचालन र सेवा प्रवाहमा स्थानीय नागरिकको विशेष अधिकार हुने प्रावधान राखेको छ।

यो ऐनले संविधानमा व्यवस्था भएका मौलिक अधिकारहरूलाई कार्यान्वयन गर्न कानुनी आधार तोकेको छ। हालको स्थानीय तहको गठन, सेवा प्रवाहको ढाँचा, नागरिकहरूको सेवा उपभोग गर्न पाउने अधिकार आदिलाई व्यवस्थित गर्न बनेका राष्ट्रिय तथा प्रादेशिक ऐन, कार्यविधि र मार्गदर्शनहरूले पनि यो सवाललाई थप प्रष्ट्याएका छन्। गाउँपालिकाबाट हाल वितरण हुँदै आएका सेवाहरू हालका सेवा प्रवाह संयन्त्रसँग संबन्धित दायराभित्र रहेर सेवा वितरण भइरहेको अवस्था छ।

### २.५.१ गाउँपालिकाबाट वितरण हुने सेवाहरू

गाउँपालिका तथा वडा तहबाट दिइने सेवाहरू जति प्रभावकारी छन् नागरिकहरूको सेवा उपभोग गर्ने दायरा त्यति नै फराकिलो हुँदै जान्छ। यस विषयमा कपुरकोट गाउँपालिका सल्यान संवेदनशील र जिम्मेवार पनि छ। शिक्षा, स्वास्थ, खानेपानी, सिचाइ, सडक लगायतका सेवा विस्तारमा गाउँपालिकाले उल्लेख्य प्रगति गरेको छ।

चित्र नं. २.५.१.१ लक्षित समूहमा सेवा प्रवाहको स्थिति




स्रोत: वार्षिक प्रगति विवरणहरू कपुरकोट गा.पा.

सबै वडामा गरी ९१.५ प्रतिशत सुत्केरी आमाहरूले दक्ष स्वस्थकर्मीबाट प्रसुतिसेवा लिइरहेका छन् । खोप भिटामिन ए लगायतका सेवा लिने बालबालिकाको सङ्ख्या ९७ प्रतिशत पुगेको छ । नेपाल सरकारले व्यवस्था गरेको सुत्केरी सुविधा उपभोग गर्ने महिलाहरूको प्रतिशत ९९ पुगेको छ । विगतको तुलनामा कम तौल भएका बालबालिकाको सङ्ख्या उल्लेख्य घटेको छ ।

## २.५ स्थानीय विकासमा नागरिक सहभागिता

स्थानीय विकासमा स्थानीय नागरिकहरूको सहभागिता बढ्नु लोकतान्त्रिक शासन प्रणालीको पहिचान हो । त्यसमा पनि इतिहासबाटै पछाडि परेका वा पारिएका नागरिकरूलाई स्थानीय विकास निर्माणमा सहभागिता गराउनु र विकास निर्माणमा उनीहरूको रचनात्मक सहभागिता हुनुले सार्थक लोकतान्त्रिक अभ्यास संस्थागत हुँदै गएको मान्न सकिन्छ । कपुरकोट गाउँपालिका सल्यानले नागरिकहरूको स्थानीय विकासमा सहभागितात्मक नेतृत्व लिने वातावरण तयार गर्न प्रयास हुँदै गरेको अवस्था छ ।

चित्र नं. २.५.१ योजना कार्यान्वयनमा नागरिक सहभागिता दर




स्रोत: पार्श्वचित्र, समूह छलफल र अवलोकन २०७९

योजना तयारीको क्रममा भएका वडा तथा टोल तहका समूह तथा विशेष व्यक्ति अन्तर्वार्तामा सहभागीहरूसँग विगतमा बनेका योजनाहरूमा नागरिकहरूको सहभागिता कस्तो थियो भन्ने

आसयका जिज्ञासाहरू राखिएका थिए । छलफलका जम्मा सूचनादाताहरूमध्ये १३.१३ प्रतिशत सूचनादाताहरूले टोलस्तरमा हुने गरेका योजना छनौटसम्बन्धी छलफलहरूमा लक्षित समुदायको निर्णायक भूमिका हुनेगरेको बताए । त्यसैगरी योजना कार्यान्वयन हुँदा नागरिक सहभागिता दर कति हुनेगर्छ भन्ने प्रश्नमा २२.१९ प्रतिशत सहभागीहरूले योजना प्रकृयामा नागरिकहरूको वस्तुपरक सहभागिता हुने गरेको बताए ।

# परिच्छेद तीनः प्रथम पञ्चवर्षीय योजना (आ.व. २०८०/८१–२०८४/८५)

## ३.१ भूमिका

नेपालको संविधानले समाजवाद उन्मुख अर्थव्यवस्था निर्माणका लागि सार्वजनिक, निजी र सहकारी क्षेत्रको समन्वयात्मक योगदानबाट दिगो र फराकिलो आर्थिक वृद्धि हासिल गर्दै सामाजिक न्यायमा आधारित समातामूलक समाज निर्माणका लागि मार्ग प्रशस्त गरेको छ। राज्यको अधिकार र कार्य क्षेत्रलाई संघ, प्रदेश र स्थानीय गरी तीन तहमा विभाजन गरिएको छ। जसले प्रत्येक तहको एकल र साझा अधिकारको बाँडफाँडमार्फत् आर्थिक सामाजिक विकासमा स्थानीय जनताको प्रत्यक्ष-अप्रत्यक्ष संलग्नतालाई सुनिश्चितता गरेको छ। यसो गर्दा स्थानीय योजना तर्जुमा र कार्यान्वयनमा नागरिकको संलग्नता बढाउन र स्थानीय विकासमा नागरिकहरूको अपनत्व बढाउन सकिन्छ।

गाउँपालिकाले निर्माण गरेका भौतिक निर्माण, सामाजिक तथा  आर्थिक विकासका कार्यहरूलाई सफल कार्यान्वयन गर्नको लागि वित्तीय क्षेत्रको उचित व्यवस्थापन गर्नुपर्दछ । वित्तीय क्षेत्रको प्रभावकारी परिचालनद्वारा गाउँपालिकाको दीर्घकालीन, मध्यकालीन र अल्पकालीन लक्ष्य तथा उद्देश्य प्राप्त गर्न सम्भव हुन्छ। आफ्नो पालिकाको विशिष्ट उद्देश्यसहित संघको पन्ध्रौं पञ्चवर्षीय योजना र कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजनाले निर्दिष्ट गरेका प्राथमिकता, लक्ष्य तथा उद्देश्यसँग परिपूरक हुनेगरी वित्तीय व्यवस्थासहितको योजना प्राथमिकता र कार्यान्वयन संयन्त्र बन्न सकेमा एक औजार तीन अवसर जुट्न सक्ने अवस्था पनि बन्नसक्छ।

यस सन्दर्भमा कपुरकोट गाउँपालिकासँग आफ्नै स्थानीय अवसरहरू र स्रोत साधनहरू छन्, मौलिक स्रोत परिचालनका संयन्त्रहरू पनि छन् त्यसमाथि स्थानीय विकासका यावत कृयाकलाप सञ्चालन गर्न संघ र प्रदेशबाट प्राप्त हुने वित्तीय अनुदान, राजश्व बाँडफाँड तथा अन्य बाह्य स्रोतबाट प्राप्त हुने वित्तीय अवसर झनै महत्त्वपूर्ण छन् । यस परिप्रेक्षमा कपुरकोट  गाउँपालिका सल्यानले आन्तरिक र बाह्य अवसरहरूको अधिकतम उपभोग गर्दै गाउँपालिकाको  आर्थिक, सामाजिक विकास, पूर्वाधार, स्रोत परिचालनका यावत चरणहरूमा सुशासन कायम गर्ने र अपेक्षित लक्ष्य, उद्देश्य, र प्रतिफलसहित समृद्ध गाउँपालिकामा रूपान्तरित हुने मार्गचित्रको रूपमा यो पहिलो पञ्चवर्षीय योजना (आ.व. २०८०/८१–२०८४/८५) तयार गरेको हो।

## ३.२ दीर्घकालीन सोच

समृद्ध नेपाल : सुखी नेपालीको राष्ट्रिय सोच र कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय आवधिक योजनाको सुसंस्कृत र सुखी जनता समाजवाद उन्मुख समृद्ध प्रदेशको दूरगामी सोचलाई आत्मसात गर्दै कपुरबोट गाउँपालिकाको समग्र विकासका लागि मार्ग प्रशस्त गर्ने एवम् कपुरबोट बासीको सर्वोपरी हितको प्रवर्द्धन गर्ने उद्देश्यका साथ **"कृषि, पर्यटन र पूर्वाधार, कपुरकोट गाउँपालिकाको विकासको आधार"** भन्ने नारा दीर्घकालीन सोचको रूपमा रहेको छ।

## ३.३ समष्टिगत लक्ष्य

दिगो विकासको अवधारणालाई आत्मसात गर्दै जल, जमिन र खनिजजस्ता प्राकृतिक स्रोतको समुचित उपयोग गर्ने र समतामा आधारित सभ्य र समन्यायिक समाज निर्माणका लागि स्थानीय पूँजी र प्रविधिको उच्चतम प्रयोगद्वारा गाउँपालिकाका बासीहरूको आर्थिक तथा सामाजिक विकासमार्फत् समृद्ध गाउँपालिका निमार्ण गर्ने यो योजनाको समष्टिगत लक्ष्य छ ।

## ३.४ समष्टिगत उद्देश्य

### (क) आर्थिक क्षेत्र

स्थानीय सिपमा आधारित ग्रामीण अर्थतन्त्रको विकासको लागि प्राकृतिक स्रोतको दिगो व्यवस्थापनमार्फत् कृषि, पशु, पर्यटन उत्पादन वृद्धि गर्दै स्थानीय रोजगारीका अवसरहरू वृद्धि गर्ने साथै सामाजिक न्याय प्रवर्द्धन हुने गरी उद्यमशीलताको विकास गर्ने ।

### (ख) सामाजिक क्षेत्र

स्वास्थ्य र शिक्षालाई सर्वसुलभ र निःशुल्क बनाउँदै सबै वर्ग तथा समुदायको समन्यायिक विकासका लागि लैङ्गिक तथा सामाजिक समावेशीकरणका आधारमा स्थानीय भाषा, धर्म, कला तथा साहित्यको प्रवर्द्धन गर्दै समृद्ध समाज निर्माण गर्ने ।

### (ग) पूर्वाधार विकास

दिगो विकास लक्ष्यसँग परिपूरक हुनेगरी सार्वजनिक निर्माण (प्रशासनिक भवन, विद्यालय भवन, सामाजिक भवन, मठमन्दिर, गुम्वा, उद्यान, सङ्ग्रहालय, पुलपुलेसा आदि) सडक, सञ्चार, उर्जा, सिँचाइ, स्वच्छ खानेपानी तथा सरसफाइ, सूचना प्रविधिजस्ता आधारभूत पूर्वाधारयुक्त स्मार्ट ( आधुनिक र प्रविधिमैत्री) गाउँपालिकाको अवधारणा अनुरूप विकास गर्ने ।

### (घ) सुशासन तथा संस्थागत विकास

सार्वजनिक प्रशासन तथा सेवा प्रवाहलाई प्रविधिमार्फत् नागरिकमैत्री बनाई स्थानीय सरकारलाई नतिजामुखी र प्रभावकारी बनाउन तथा जवाफदेही नेतृत्व विकासका लागि निजी क्षेत्र, गैरसरकारी क्षेत्र र नागरिक समाजसँग सहकार्य र समन्वयमार्फत् पारदर्शिता र सुशासन अभिवृद्धि गर्ने ।

## ३.५ समष्टिगत रणनीति

३.५.१ कृषि, मासु तथा दूधजन्य उत्पादनमा स्थानीय स्तरमा आत्मनिर्भर हुन कृषि क्षेत्रको आधुनिकीकरण र व्यावसायिकीकरण गर्ने ।

३.५.२ खनिज सम्पदाको दिगो उपयोगमार्फत् रोजगारी सिर्जना गर्ने ।

३.५.३ स्थानीय सिप, प्रविधि र पूँजीको उच्चतम् उपयोग एवं संरक्षण गर्दै स्थानीय रोजगारी सिर्जना र स्वरोजगार प्रवर्द्धन गर्ने ।

३.५.४ निःशुल्क तथा सर्वसुलभ शिक्षा, दिगो स्वास्थ्य सुविधा सुनिश्चित गर्दै समन्यायमा आधारित समतामूलक समाज निमार्ण गर्ने ।

३.५.५ लैङ्गिक तथा सामाजिक समावेशीकरण अभिवृद्धि गर्दै स्थानीय भाषा, धर्म, कला तथा साहित्यको संरक्षण, प्रवर्द्धन र विकास गर्ने ।

३.५.६ आधुनिक सडक सञ्जालमार्फत् स्थानीय उत्पादनको बजारीकरण गर्ने ।

३.५.७ नागरिकहरूको सुरक्षित र व्यवस्थित आवासको हकलाई आत्मसात गर्दै विपद् जोखिम न्यूनीकरण हुनेगरी सुरक्षित बसोबासको प्रबन्ध गर्ने ।

३.५.८ सार्वजनिक, निजी र सहकारी क्षेत्रको समन्वयात्मक सहकार्यमार्फत् सामुहिक खेती एवं उत्पादनमूलक क्षेत्रमा उद्योग र व्यवसाय प्रवर्द्धन गर्ने ।

३.५.९ प्रविधिमैत्री सार्वजनिक प्रशासनमार्फत् भ्रष्ट्राचार विरुद्ध शून्य सहनशीलता अवलम्बन गदै पारदर्शी, नमुनायोग्य र परिणाममुखी स्थानीय शासन व्यवस्था सुनिश्चित गर्ने ।

३.५.१० स्थानीय स्तरमा योजना छनौटदेखि कार्यान्वयन तहसम्म नागरिक समाजसँग सहकार्य र समन्वय गर्ने ।

३.५.११ खोलानाला तटबन्धनसँगै सडक करीडोरको विकास गरी पर्यटकीय क्षेत्रको रूपमा विकास गर्ने ।

३.५.१२ खेलकुदको क्षेत्रको विकास गरी राष्ट्रियस्तरका खेलाडी उत्पादन गर्ने ।

३.५.१३ खोला उकास, कटान र पहिरो रोकथामका लागि एकीकृत योजना सञ्चालन गर्ने र उक्त कार्यबाट विकास संरक्षण भएको जमिनमा सामुहिक खेती, उच्चमूल्य तथा बहुवर्षे नगदेबाली विकास गरी स्थानीय आयका अवसर बढाउने ।

३.५.१४ बालउद्यान एवं खुला मनोरञ्जन क्षेत्रको विकास गर्ने ।

३.५.१५ निजी तथा व्यावसायिक क्षेत्रसँगको साझेदारीमा फोहोर मैला व्यवस्थापन, सार्वजनिक सम्पत्तिको रक्षा, माहामारी तथा विपत् बचाउ परियोजना सञ्चालन गर्ने ।

३.५.१६ स्थानीय कच्चापदार्थ, प्राकृतिक वस्तु र खनिजमा आधारित लघुउद्यम विकास गर्न विशेष औद्यागिक क्षेत्र विकास गर्ने ।

३.५.१७ योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन कार्यमा नागरिक समाज, टोल विकास संस्था, आमा समूह, युवाक्लव, बालक्लव आदिको सकृयता बढाउने ।

## ३.६ समष्टिगत परिमाणात्मक लक्ष्य

### ३.६.१ आवधिक योजनाले प्रस्ताव गरेका विकास चालकहरू

कपुरकोट गाउँपालिका सल्यानले हालको वस्तुस्थितिका आधारमा विशेष विकासका चालकहरू पहिचान गरेको छ । विकास चालक पहिचान पश्चात तदनुरूपका कार्यक्रम, योजना तथा प्राथमिकता तोकिएका छन् । दिगो विकास लक्ष, संविधानका मौलिक हक, पन्ध्रौं पञ्चवर्षीय योजना, कर्णाली प्रदेशका प्राथमिकता समेतलाई आधार मानेर प्रस्तावित गाउँपालिका विकास चालकहरू पहिचान भएका हुन । प्रस्ताव गरिएका चालकहरूलाई प्राथमिकतामा राखेर योजना बन्ने र कार्यान्वयनमा आउँने हो भने तालिका नं. ३.६.१ मा राखिएका सूचकहरूले निर्दिष्ट गरेका मध्यकालीन तथा योजना अवधिका लक्ष्य प्राप्त हुने अपेक्षा गरिएको छ ।

**कपुरकोट गाउँपालिका सल्यान, कर्णाली प्रदेशले पहिलो आवधिक योजना (आ.व.२०८०/८१– आ.व.२०८४/८५) का लागि प्रस्ताव गरिएका विकासका चालकहरू**

१. सुरक्षित आवास, शान्तिसुरक्षा र सुशासन–बहुआयामिक जोखिमजस्तो हावाहुरी, आगलागी, वर्षा, भूकम्प आदिका कारण हुने क्षती न्यूनीकरण गर्न खरको छाना मुक्त गाउँपालिका कार्यक्रम ।

२. स्वस्थ्य, सन्तुलित पर्यावरण र सामाजिक संरक्षण–बृद्ध, बालबालिका, अपाङ्ग, सुत्केरी, स्वस्थ्यको मुख्य प्राथमिकतासहित सुध्रिड स्वस्थ्य कार्यक्रम ।

३. दिगो, सन्तुलीत र सर्वसुलव पूर्वाधार–सर्बयाम सडक, पुल, कृषि सडक, विद्युत, खानेपानी, सार्वजनिक संरचना, बजार स्थल आदिको व्यवस्था ।

४. दिगो स्रोतको पहिचान, मानव पूँजी निर्माण र प्रयोग–वन स्रोतको क्षमता (आर्थिक र वातावरणीय) पहिचान, खानी (स्लेट ढुङ्गा, फलाम, चुन ढुङ्गा आदि), खोच, खेतीयोग्य जमिन (सबै प्रकारको पहिचान, व्यवस्थापन र परिचालन गर्ने कार्यका लागि पालिका स्तरमै मानव स्रोत विकास) ।

५. उच्च तथा दिगो उत्पादन र उत्पादकत्व–कृषिको पकेट र ब्लक विकास कार्यक्रम मार्फत माटो परीक्षण, गरा सुधार, नर्सरी विकास र खाद्य तथा बहुवर्षे उच्च मूल्य बालीहरूको प्रवर्द्धन ।

६. भाषा तथा कला संस्कृतिको उत्थान र विकास–मगर भाषा, खोज र अनुसन्धान, स्थानीय मठ मन्दिर, ऐतिहासिक र प्राकृतिक स्थल, जैविक विविधता आदिका माध्यमबाट संस्कृति प्रवर्द्धन र पर्यटन विकास ।

७. लोकतन्त्र, सामाजिक एकता र सम्मान–स्रोतमा समान पहुँच, विभेदको अन्त्य, सम्मानित पेसा प्रवर्द्धन, सामाजिक एकता र सद्भाव ।

तलिका नं. ३.६.१ समष्टिगत परिमाणात्मक लक्ष्य

**भाषा तथा कला संस्कृतिको उत्थान र विकास**

| क्रस | सूचक | इकाइ | आधार वर्ष २०७९/८० | आ.व. २०८२/८३ | आ.व.२०८४/८५ |
|---|---|---|---|---|---|
| १.१ | भाषा साहित्य कला र सस्कृतिको संरक्षण कृयाशील संघ संस्था | सङ्ख्या | २ | २ | ५ |
| १.२ | भाषा साहित्य कला संस्कृतिसँग सम्बन्धित सङ्ग्रहालय | सङ्ख्या | ० | २ | ४ |
| १.३ | धार्मिक र ऐतिहासिक स्थलमा पूर्वाधार निर्माण | सङ्ख्या | १५ | ३० | ४० |
| १.४ | भाषा, साहित्य, कला र संस्कृतिसँग सम्बन्धित प्रतियोगिता, मेला, पर्व र महोत्सवहरू | सङ्ख्या | १० | १५ | २० |
| १.५ | धार्मिक संस्थाहरूको संगठनात्मक प्रवर्द्धन | सङ्ख्या | ० | २ | १० |
| | **सुरक्षित आवास शान्ति सुरक्षा र सुशासन** | | | | |
| २.१ | बाढीबाट जोखिममा भएका बस्तीको संरक्षण | सङ्ख्या | ३ | ५ | ८ |
| २.२ | सुरक्षित आवासमा पहुँच | प्रतिशत | ४८ | ७० | ८० |

| क्रस | सूचक | इकाइ | आधार वर्ष २०७९/८० | आ.व. २०८२/८३ | आ.व.२०८४/८५ |
|---|---|---|---|---|---|
| २.३ | नक्सा पास गरी निर्माण भएका घर | प्रतिशत | ० | २ | ५ |
| २.४ | प्रहरी भवन तथा चौकी निर्माण | सङ्ख्या | १ | २ | ३ |
| २.५ | सामुदायिक भण्डारण केन्द्रको स्थापना | सङ्ख्या | ० | ६ | १२ |
| २.६ | अनाथ बालबालिका पुनःस्थापना केन्द्र | सङ्ख्या | ० | १ | ३ |
| | **स्वास्थ्य, सन्तुलित पर्यावरण र सामाजिक संरक्षण** | | | | |
| ३.१ | ४५ मिनेटको दुरीमा स्वास्थ्य सेवामा पहुँच | प्रतिशत | ९० | ९६ | ९९ |
| ३.२ | ५ वर्ष मुनिको बाल मुत्युदर | प्रतिहजार जीवित जन्ममा | ९ | ७ | ५ |
| ३.३ | कम तौल भएका बालबालिका | प्रतिशत | १४।७० | ६ | ० |
| ३.४ | खोप/भिटामिन ए आदिको सेवा लिएका बालबालिका | प्रतिशत | ९५।५० | ९८ | १०० |
| ३.४ | जेष्ठ नागरिकको स्वास्थ्य परीक्षण | प्रतिशत | ९० | ९६ | १०० |
| ३.७ | आयुर्वेदिक लगायत परम्परागत औषधालय | सङ्ख्या | १ | १ | १ |
| | **लोकतन्त्र सामाजिक एकता र सम्मान** | | | | |
| ४.१ | कर्मचारी तथा जनप्रतिनिधिहरूको आचारसंहिता कार्यन्वयन | प्रतिशत | ८५ | ९० | १०० |
| ४.२ | स्थानीय तहका न्यायिक समितिका पदाधिकारीहरूलाई तालिम | सङ्ख्या | १०.०० | २० | २५ |
| ४.३ | नीति निर्णायक तहमा महिलाको पहुँच | प्रतिशत | ३३.०० | ४१ | ५० |
| ४.४ | अपाङ्गता भएका व्यक्तिहरूको सामाजिक तथा आर्थिक कृयाकलापमा सकृय सहभागिता दर | प्रतिशत | ६३.८६ | ६९ | ७५ |
| ४.५ | वन व्यवस्थापन तालिम प्राप्त सा.व.उ.स | सङ्ख्या | ६ | १२ | २० |
| ४.६ | सा.व.उ.स.(कार्यसमिति) मा महिला तथा दलित सहभागिता | प्रतिशत | ४० | ५० | ५० |
| | **दिगो, सन्तुलित र सर्वसुलव पूर्वाधार** | | | | |
| ५.१ | पक्की पुल निर्माण | सङ्ख्या | ० | ३ | ५ |
| ५.२ | औधोगिक क्षेत्र तथा करिडोर स्थापना | सङ्ख्या | ० | १ | २ |
| ५.३ | विधुतको पहुँच पुगेको | प्रतिशत | ६५ | ९८ | १०० |
| ५.४ | सिँचाइ कुलोको लम्बाइ | कि.मि. | ४० | ४५ | ५५ |
| ५.५ | सडक सुधार | सङ्ख्या | १४ | १७ | ३३ |
| ५.६ | वनले ढाकेको क्षेत्रफल | प्रतिशत | ६४ | ६४ | ६४ |

| क्रस | सूचक | इकाइ | आधार वर्ष २०७९/८० | आ.व. २०८२/८३ | आ.व.२०८४/८५ |
|---|---|---|---|---|---|
| ५.७ | जैबिक विविधता | सङ्ख्या प्रतिवर्ग कि.मि. | ३८.१३ | ४४.९९ | ५२.१९ |
| ५.८ | खानी उत्खनन् | सङ्ख्या | ० | २ | ४ |
| | **दिगो स्रोतको पहिचान, मानव पूँजी निर्माण र प्रयोग** | | | | |
| ६.२ | १५ देखि ४९) वर्ष उमेरका महिला र पुरुष | जना | ९३९७ | ० | ० |
| ६.३ | वित्तीय कारोवार गर्ने संस्थाहरू ( सहकारी, वचत समूह र अन्य) | सङ्ख्या | ७२ | ८० | ८८ |
| ६.४ | कूल साक्षरता दर | प्रतिशत | ७९.७५ | ८३.४१ | ९७ |
| ६.५ | वार्षिक निक्षेप सङ्कलन | करोडमा | ३२ | ४० | ५० |
| ६.६ | व्यवसाय | सङ्ख्या | ५३० | ५६० | ६२० |
| ६.७ | प्राविधिक जनशक्ति | सङ्ख्या | १००३ | १५३२ | १९८८ |
| ६.८ | शिक्षक शिक्षिकाको क्षमता विकास तालिम | सङ्ख्या | ३ | ८ | १५ |
| ६.९ | होमस्टे, पर्यटन, होटल व्यवसायीहरूका लागि तालिम | सङ्ख्या | १ | ३ | ८ |
| ६.१० | सहकारीमा आवद्ध कर्मचारी | सङ्ख्या | १९ | २५ | ३४ |
| | **उच्च तथा दिगो उत्पादन र उत्पादकत्व** | | | | |
| ७.१ | सरकारी तथा निजी स्तरका नमुना कृषि तथा पशुफर्म | सङ्ख्या | ८६ | ९३ | १०० |
| ०७.२ | महिला सहकारी | सङ्ख्या | १ | २ | २ |
| ७.३ | मुख्य खाद्यान्न बाली उत्पादन | मे.टन. प्रति वर्ष | २६६८२.१७ | २९१५४.६७ | ३०९२९.१६ |
| ७.४ | मासु उत्पादन | कि.ग्रा. प्रति वर्ष | २२००० | २५३०० | २९०९५ |
| ७.५ | कृषिको कुल गार्हस्थ उत्पादन | रुपैंया करोडमा | १२०.१४ | १५५.४१ | १८६.४९ |
| ७.६ | कृषि भूमिको उत्पादकत्व | मे.ट. प्रति रोपनी | ११४ | १५० | १८० |
| ७.७ | प्राङ्गारिक बालीको अनुपात | प्रतिशत | ३५.६७ | ४१.३२ | ४८.३३ |
| ७.८ | कृषि उत्पादनको आयात | कि.ग्रा. प्रतिवर्ष | ३८२२९ | ३६३३८।१ | ३४१९०।५४ |
| ७.९ | कृषि उत्पादनको निर्यात | कि.ग्रा. प्रतिवर्ष | ५७०० | ६२२८।५४ | ६६०७।८६ |
| ७.१० | स्थानीय उत्पादनको ब्राण्डिङ | सङ्ख्या | ३।०० | ६ | ८ |
| ७.११ | उच्च मूल्यका जडीबुटी र गैरकाष्ठ वन पैदावारको उत्पादन | मे. टन | २५।८७ | ३०।५३ | ३५।४१ |
| ७.११ | प्रशोधित जडीबुटीको निर्यात परिमाण | के.जि. | १३३.३३ | १६० | १८० |
| ७.१२ | कृषियोग्य जमिन | हेक्टर | ४०९५ | | |
| ७.१३ | सिञ्चित क्षेत्र | हेक्टर | ४४५ | ४५३ | ४६९ |

स्रोतः समूह छलफल, गत आ.व.हरूका प्रगति विवरण

## ३.७ गाउँपालिकाको समष्टिगत वित्तीय स्थिति

गाउँपालिकालाई समृद्ध बनाई गाउँपालिकाभित्र बसोबास गर्ने नागरिकको जीवनस्तरमा आमूल परिवर्तन ल्याउनु, गुणस्तरीय सेवा प्रवाह गर्नु, उपलब्ध स्रोत साधनहरूको व्यवस्थापन गर्नु, स्थानीय पर्यावरण, जैविक विविधताको संरक्षण गर्नु, सम्भावित प्रकोपबाट हुने क्षति न्यूनीकरण गरी नागरिकहरूको भयरहित वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गर्नु जस्ता कार्यमा आवश्यक पर्ने वित्तीय व्यवस्था गर्न गाउँपालिकाले आन्तरिक र बाह्य वित्तीय स्रोत परिचालन गर्नु आवश्यक हुन्छ । सार्वजानिक स्रोतको सुनिश्चितता बढाउन आर्थिक सामाजिक कृयाकलापको दायरा बढाउनु पर्छ। नियमनकारी इकाइहरूको पारदर्शी र जवाफदेही बन्नुपर्छ र सार्वजनिक सेवा दिने इकाइहरूप्रति सेवाग्राहीहरू सन्तुष्ट हुनुपर्छ अनि मात्र सार्वजनिक क्षेत्रले अपेक्षा गरेअनुरूपको वित्तीय स्रोत जेटाउन सक्छ।

वस्तु तथा सेवा उत्पादन गर्ने, वस्तु विनिमय गर्ने, सेवा उपभोग गर्ने, वस्तु तथा सेवाका परिपाटीको विकसित रूप नै अहिलेको वस्तु तथा सेवा बजार हो । यसले स्थानीय आर्थिक इकाइहरूको ( व्यक्ति, समाज, स्रोत साधन, उद्योग व्यापार, आयात निर्यात आदि) खाका तयार गर्छ र समुदाय स्तरका निजी, सामुदायिक र सार्वजनिक निर्माण तथा सेवाका सबै कृयालापहरूको वित्तीय सीमाङ्कन (निजी, सामुदायिक र सरकारी क्षेत्रको वित्तीय स्तर निर्धारण) गर्छ । आर्थिक तथा सामाजिक विकासका लागि चाहिने वित्तीय स्रोत जुटाउन सरकारले राज्यका विधि तथा कानुनको सीमाभित्र रहेर यिनै आर्थिक इकाइहरूबाट राजस्व प्राप्त गर्छ।

तसर्थ राजस्वको आकार तथा परिमाण आर्थिक इकाइहरूको वित्तीय आकारमा भर पर्ने विषय भएकाले प्राकृतिक स्रोत, आर्थिक स्तर र राजस्व परिमाणको बिचमा प्रत्यक्ष आनुपातिक सम्बन्घ रहन्छ। कपुरबोट गाउँपालिका सल्यानको आफ्नै आन्तरिक स्रोत छ, संघ र प्रदेशबाट प्राप्त हुने प्रकारगत अनुदानहरू छन्, नीजि सार्वजनिक साझेदारीबाट हुने आयहरू छन्, यस्ता स्रोतहरूबाट हुने वित्तीय आम्दानी गाउँपालिकाले स्थानीय विकासमा खर्चिंदै आएको छ।

यस परिप्रेक्षमा कपुरकोट गाउँपालिकाले आन्तरिक राजश्व, राजस्व वाँडफाँडबाट प्राप्त हुने रकम, वित्तीय समानीकरण अनुदान, सर्सत अनुदान तथा विशेष कार्यक्रमका लागि संघीय र प्रदेश सरकार तथा अन्य निकायबाट प्राप्त हुने विभिन्न अनुदान तथा सहयोगबाट आर्थिक स्रोत एकीकृत गरी विकास तथा सेवा प्रवाहका कार्यमा खर्च गरिरहेको छ।

स्थानीय विकासको पूँजीगत खर्च बढाउन एकातर्फ आन्तरिक राजश्व र समग्र स्रोतको दायरा बढाउनु पर्ने बाध्यता छ भने अर्कोतर्फ गाउँपालिकाको खर्च गर्ने क्षमता समेत बढाउनुपर्ने आवश्यकता छ। आवधिक योजना बनाउँदा गाउँपालिकाले अनुदान, सहयोग, साझेदारी, लागत सहभागिता तथा आन्तरिक आय क्रमशः विस्तार गर्दै जाने रणनीति लिएकोले आगामी वर्षहरूमा बजेटरी खर्च र गैह्र बजेटरी खर्च समेतबाट क्रमशः क्षमता बढाउँदै लानु आवश्यक छ।

कपुरकोट गाउँपालिका ११९.२ व.कि. वा ११९२० हेक्टर क्षेत्रफलमा फैलिएको छ। सबै वडामा गरी ४०९५ हेक्टर जमिन खेतीयोग्य छ । यो जम्मा क्षेत्रफलको ३४.३५ प्रतिशत हो । खोला, खोल्साले २.६५ प्रतिशत र वनले ६३ प्रतिशत जमिन ओगटेको छ। जम्मा ४४५ हेक्टरमा सिँचाइ सुबिधा छ र यो खेतीयोग्य जमिनको १०.८६ प्रतिशत हो। वन क्षेत्र बढी भए पनि यसले स्थानीय आवश्यक्ता मुस्किलले धान्छ। स्थानीय अर्थतन्त्रको ठूलो अंश कृषि र पशुपालनबाट प्राप्त हुन्छ। सिँचाइ अभावका कारण कृषिक्षेत्र पूर्ण क्षमतामा परिचालन भएको छैन । वन स्रोत आर्थिक

उपार्जनको सम्भावना भए पनि यसको क्षमता प्रयोग भएको छैन। सिँचाइ अभाव भए पनि तरकारी उत्पादनमा कपुरकोटले पहिचान बनाएको छ।

## ३.८ गाउँपालिकाको वित्तीय स्रोत

स्थानीय तहको वित्तीय क्षमता बढाउन र स्थानीय तहका लागि वित्तीय स्रोत सुनिश्चित गर्न नेपाल सरकारले स्थानीय तहलाई आनुपातिक अनुदान (स्थानीय राजस्व जुन अनुपातमा वृद्धिहुन्छ त्यही अनुपातमा अनुदान वृद्धि गर्ने नीति) नीति लिएकाले स्थानीय तहहरू वित्तीय हिसाबले थप सामर्थ्यवान बन्दै जाने अवस्था छ। कपुरकोट गाँउपालिकाको हकमा आन्तरिक आम्दानी न्यून छ। आन्तरिक आय बढाउन सहयोग पुग्ने कार्यक्रमहरू जस्तै करदाता शिक्षा, व्यावसायिक सुरक्षा, बजार, करदाता प्रोत्साहन आदि कृयाकलाप गर्नु मनाशिब हुन्छ। हाल गाउँपालिकाले संघ र प्रदेशबाट तलका (तालिका नं.३.८.१) शीर्षकहरूमा अनुदान प्राप्त गरिरहेको र बाह्य स्रोतको बढोत्तरीका लागि गाँउपालिकाले आन्तरिक आम्दानीमा सुधार गर्नु अनिवार्य छ।

तालिका नं. ३.८.१ स्थानीय तहलाई प्राप्त हुने वित्तीय स्रोतहरू

| स्थानीय तहलाई प्राप्तहुने वित्तीय स्रोतहरू | |
|---|---|
| १ | नेपाल सरकार समानीकरण अनुदान |
| २ | नेपाल सरकार ससर्त अनुदान |
| ३ | नेपाल सरकार समपूरक अनुदान |
| ४ | नेपाल सरकार विशेष अनुदान |
| ५ | संघीय राजस्व बाँडफाँड |
| ६ | प्रदेश सरकार समानीकरण अनुदान |
| ७ | प्रदेश सरकार सर्सत अनुदान |
| ८ | प्रदेश सरकार समपूरक अनुदान |
| ९ | प्रदेश सरकार विशेष अनुदान |
| १० | प्रदेश सवारी साधन कर बाँडफाड |
| ११ | आन्तरिक स्रोत |
| १२ | गत आ.व.को संघीय संरचनातर्फ |
| १३ | गत आ.व.को राजस्व बाँडफाँड तथा आन्तरिक आय |

स्रोतः राजश्व शाखा कपुरकोट गाउँपालिका, सल्यान

यसबाहेक गाउँपालिकाले राष्ट्रिय र अन्तर्राष्ट्रिय ग्रैह सहकारी संस्था प्राविधिक शिक्षा प्रदायक शैक्षिक संस्था भगिनी सम्बन्ध भएका स्वदेशी तथा विदेशी स्थानीय सरकारहरूबाट आर्थिक र प्राविधिक सहयोग प्राप्त गर्न सक्छ। यस्ता अवसरहरू खोजी गर्नु आवश्यक छ।

## ३.९ गाउँपालिकाको समष्टिगत आय

वित्तीय सुनिश्चितता योजना तयारीको अनिवार्य सर्त हुनुपर्छ अन्यथा योजना योजनामै सीमित रहन सक्छ। विकासशील देशहरूले वा कमजोर अर्थतन्त्र भएका सरकारहरूले प्रस्ताव गरेका योजनाबाट अपेक्षित उपलब्धि प्राप्त गर्न नसक्नुको पछाडि वित्तीय सुनिश्चितता नहुनु मुख्य कारण बन्दै आएको छ तर वस्तुपरक वित्तीय विश्लेषण हुनु र प्रभावकारी वित्तीय अनुशासन कायम गर्नसक्ने हो भने योजना कार्यान्वयनबाट गुणात्मक उपलब्धि प्राप्त गर्न सकिन्छ। गाउँपालिकाको

मुख्य आय संघ र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान, ससर्त अनुदान, राजश्व बाँडफाँड र गाउँपालिकाको आन्तरिक आयबाट प्राप्त हुन्छ ।

कपुरकोट गाउँपालिकाले पनि यही ढाँचामा वित्तीय अवसर प्राप्त गर्छ । आगामी वर्षहरूमा कुन शीर्षकमा कति अनुदान वा राजस्व प्राप्त हुन सक्छ भन्ने आधार विगतका वर्षहरूमा भएको खुद आयले दिन सक्छ र गत आ.व.हरूमा भएको आयलाई आधार मानेर आगामी वर्षहरूमा हुने आयको पूर्वअनुमान गर्ने चलन सर्वमान्य छ । कपुरकोट गाउँपालिकाको  पाँचवर्षे आवधिक योजना (आ.व. २०८०/८१–२०८४/८५) तयार गर्दा योजना पहिचान तथा योजना प्राथमिकीकरणसंगै योजना कार्यन्वयनका लागि आवश्यक पर्ने बजेट र त्यसको वित्तीय स्रोत पनि पहिचान गरिएको थियो र यस्तो स्रोतको वृद्धि प्रवृत्तिका आधारमा आगामी बजेट प्रक्षेपण गरिएको छ ।

तालिका नं. ३.९.१ गाउँपालिकाको विगतको खुद आय

| गत आ.व. हरुको बजेट शारांश | | | | | आव. २०७९/८० को जेठ ४ गतेसम्म |
|---|---|---|---|---|---|
| आ.व. हरू | | आव. २०७६/७७ | आव. २०७७/७८ | आव. २०७८/७९ | |
| क्र.स. | शीर्षक | वास्तविक | वास्तविक | वास्तविक | |
| १ | चालु खर्च | १५९४६०१३० | १९१५५७५९३ | १८४६२८६९८।५ | १४०७५८४९७।६ |
| २ | पूँजीगत खर्च | ८६००१०४३ | ११३३११९६७ | १५९६९१७८३ | १२१७४६९२०।४ |
| | जम्मा आम्दानि | **२४५४६११७३** | **३०४८६९५६०** | **३४४३२०४८१।५** | **२६२५०५४१८.०** |

स्रोतः राजश्व शाखा कपुरकोट गाउँपालिका

कपुरकोट गाउँपालिका सल्यानले आर्थिक वर्ष २०७७/७८ मा अगिल्लो आ.व.को तुलनामा २४.२० प्रतिशत बढी आम्दानी गरेको थियो । आ.व. २०७८/७९ मा यसको आम्दानी अघिल्लो आ.व. कोभन्दा १२.९४ प्रतिशत मात्र बढेको देखियो । स्थानीय तहमा जाने बजेट अघिल्लो आ.व.को तुलनामा चालु आ.व.को बजेट १२ देखि १५ प्रतिशतसम्म वृद्धि हुने प्रवृत्ति छ र आगामी आ.व. हरूमा हुने बजेट वृद्धि चालु र विगत आ.व. हरूमा भएको बजेट वृद्धिका आधारमा नै गर्ने चलन छ । यो आवधिक योजनामा पनि आगामी वर्षहरूको आयमा हुने वृद्धिलाई विगतको आयमा भएको खुद वृद्धिका आधारमा प्रक्षेपण गरिएको छ ।

संविधानको अनुसूची ८ र ९ ले सरकारका तीनवटै तहले (स्थानीय, प्रदेश र संघ) राजश्व सङ्कलन, बाँडफाँड र वित्तीय हस्तान्तरणको ढाँचा कस्तो हुने भन्ने बारे पहिचान गरेका छन् । संघ र प्रदेशबाट स्थानीय तहमा जाने सामान्य अनुदानसहित विशेष तथा ससर्त अनुदानहरू छन् । नेपालको संविधानले वित्तीय अधिकारसहितको संघियताको परिकल्पना गरेको छ र केन्द्र सरकारले स्थानीय सरकारहरूलाई वित्तीय अधिकार दिएको पनि छ तर स्थानीय सरकारहरूले प्राप्त गर्ने वित्तीय स्रोतको अनुपात स्थानीय सरकारको आन्तरिक आम्दानीमा हुने वृद्धिको अनुपातका आधारमा थपघट हुने नीति संघीय सरकारको भएकाले स्थानीय सरकारले पाउने वित्तीय अनुदान सम्बन्धित स्थानीय सरकारको आन्तरिक आयको आकारले निर्धारण गर्ने अवस्था छ अथवा स्थानीय सरकारको आन्तरिक आम्दानी जुन अनुपातमा वृद्धि हुँदै जान्छ त्यही अनुपातमा अनुदान पनि वृद्धि हुँदै जाने प्रणाली छ ।

चित्र नं. ३.९.१ गाउँपालिकाको कुल आयमा आन्तरिक आयको हिस्सा




स्रोतः बजेट शाखा कपुरकोट गाउँपालिका, सल्यान

कपुरकोट गाउँपालिकाको आन्तरिक आय संघ र प्रदेश सरकारबाट प्राप्त हुने आम्दानीको तुलनामा न्यून छ। आर्थिक वर्ष २०७७/७८ मा कपुरकोट गाउँपालिकाले कूल आयको १.३० प्रतिशत बजेट आन्तरिक स्रोतबाट जुटाएको थियो । गाउँपालिकाको आर्थिक शाखाबाट प्राप्त तथ्याङ्कअनुसार आ.व. २०७७/७८ मा संघ र प्रदेशबाट फरक फरक शीर्षकमा प्राप्त भएको अनुदान रु. ३०४८६९५६० थियो। यसको ९८.७० प्रतिशत संघ र प्रदेशबाट आएको थियो। आ.व. २०७८/७९ मा कपुरकोट गाउँपालिकाको कूल आय रु. ३४४३२०४८१|५ पुगेको थियो। यसमा आन्तरिक आयको हिस्सा ०.९८ प्रतिशत मात्र छ। कूल बजेटमा २५ प्रतिशत योगदान स्थानीय तहको हुनुपर्ने भए पनि कपुरकोट गाउँपालिकाको आन्तरिक स्रोतले कुल आयमा पुग्नुपर्ने योगदान धेरै नै कम देखियो ।

तालिका नं. ३.९.२ गत आ.व.को यथार्थ र चालु आ.व.को दोस्रो चौमासिकसम्मको आय

| गत आ.व.को यथार्थ र चालु आ.व.को दोस्रो चौमासिकसम्मको आय | | | |
|---|---|---|---|
| **संघीय सरकार (क)** | आ.व. २०७७|८८ | आ.व. २०७८|८९ | आ.व. २०८९। ८० |
| १३३११ समानीकरण अनुदान | ८२९००००० | ८७१००००० | ६९३७५००० |
| १३३१२ सर्सत अनुदान चालु | १३३४५४९१६ | १३५८२२५०६ | १०९२०९३७८ |
| १३३१३ सर्सत अनुदान पूँजीगत | ० | १८१५३५१५ | २१०७५००० |
| १३३१५ विशेष अनुदान पूँजीगत | ० | ९००००० | २८४२१६६ |
| १३३१७ समपूरक अनुदान पूँजीगत | ० | ८३१८६६२ | २११००९७ |
| **जम्मा** | **२१६३५४९१६** | **२५०२९४६८३** | **२०२५०१५४४** |
| **प्रदेश सरकार (ख)** | | | |
| १३३११ समानीकरण अनुदान | ९९२४००० | ८८३४००० | ६६२५५०० |
| १३३१२ ससर्त अनुदान चालु | २३५८९६९ | १०१५०८५९ | ० |
| १३३१३ ससर्त अनुदान पूँजीगत | ३४३३३७२ | ० | ० |
| १३३१५ विशेष अनुदान पूँजीगत | १२७६६७२३ | ० | २९१८४१३ |
| १३३१७ समपूरक अनुदान पूँजीगत | ० | ७३४०८९९|७ | ३०१३३४३ |
| **जम्मा** | २८४८३०६४ | २६३२५७५८|७ | १२५५७२५६ |
| **राजश्व बाँडफाँड (ग)** | | | |
| ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर | ६६४८२९ | ८६३८०३ | ३९२४०४ |

| गत आ.व.को यथार्थ र चालु आ.व.को दोस्रो चौमासिकसम्मको आय | | | |
|---|---|---|---|
| संघीय सरकार (क) | आ.व. २०७७।७८ | आ.व. २०७८।७९ | आ.व. २०७९।८० |
| ११४११ बाडँफाडँ भई प्राप्त हुने मूल्य अभिवृद्दि कर | ४१९८८१४४।४४ | ४७३०९९४०।२२ | ३७५४१९५४।०७ |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | १२१५४३२९।०८ | १५२६९२८२।६२ | ० |
| ११४५६ बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | ५१३७८८।१७ | ७५३१२९।७६ | ७३१२८४।७६ |
| १४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी | ११०९७ | १२७५५०।३६ | १२२२६५।१९ |
| १४१५४ बाँडफाँड भई प्राप्त खानी तथा खनिजसम्बन्धी रोयल्टी | ० | ० | ० |
| **जमा** | **५५३३२१८७।६९** | **६४३२३७०५।९६** | **३८७८७९०८।०२** |
| **आन्तरिक स्रोत (घ)** | | | |
| ११३१४ भूमिकर र मालपोत | ० | ६२५४९४।२४ | ३५६७२०।६ |
| ११३२१ घरवहाल कर | ० | ९२९४६ | ११९६७२ |
| ११३२२ वहाल विटौरी कर | १५३६५२१।१५ | ० | ० |
| ११४५२ पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर | २८९१७८।४७ | ० | ० |
| ११६११ व्यवसायले भुक्तानी गर्ने | १९३९१३ | ३८१६६१।२४ | ४३६९६२ |
| ११६३१ कृषि तथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | २१९३९७।५ | ० | ० |
| ११६९१ अन्य कर | १२०० | ५००१७७।३४ | १४५६९९।२७ |
| १४२२४ परीक्षा शुल्क | ४६५०० | ० | ० |
| १४२४२ नक्सापास दस्तुर | ० | ० | ८०९७० |
| १४२४३ सिफारिश दस्तुर | १४९३९१०।२५ | १४७३६५५ | १५७२११८।१२ |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ११४७५० | २२३१०० | १२२६०० |
| १४२४५ नाता प्रमाणित दस्तुर | ६३६०० | ७८४०० | ९५५०० |
| १४३११ न्यायिक दण्ड जरिवाना र जफत | ० | ९०० | १८०० |
| १४३१३ धरौटी सदरस्याहा | ० | ० | ० |
| **जम्मा** | **३९५८९७०।३७** | **३३७६३३३।८२** | **२९३२०४१।९९** |
| अन्य स्रोत (ङ) | | | |
| ३३१४३ अन्य संस्थाहरुबाट ऋण प्राप्ति | ० | ० | ० |
| वैदेशिक स्रोत | ० | ० | ८४३२५० |
| १३१११ द्विपक्षीय वैदेशिक चालु अनुदान | ० | ० | ८४३२५० |
| जम्मा | ० | ० | १६८६५०० |
| **कुल जम्मा (क +ख+ग+घ+ङ)** | **३०४१२९१३८।1** | **३४४३२०४८१।५** | **२६२५०५४१८.०** |

स्रोतः कपुरकोट गाउँपालिका, आर्थिक प्रशासन, शाखा

गाउँपालिकाको आन्तरिक आय कमजोर भए पनि प्रदेश र संघीय सरकार बाट प्राप्त हुने अनुदानमा हुने वृद्धि सन्तोषजनक छ। प्रदेश तथा संघीय योजना प्राथमिकता वा उद्देश्यसँग परिपूरक हुने गरी

स्थानीय योजना बन्ने हो भने कपुरकोट गाउँपालिका सल्यानले आगामी आ.व. हरूमा पनि उल्लेख्य अनुदान प्राप्त गर्नसक्ने अवस्था छ ।

### ३.९.२ आगामी पाँचवर्षको वित्तीय अनुमान

कपुरकोट गाउँपालिकाको आगामी पाँचवर्षको आय प्रक्षेपण गर्दा माथि विश्लेषण गरिएका समष्टिगत अर्थतन्त्र, वित्तीय स्रोत, गाउँपालिकाको आन्तरिक आय केन्द्र र प्रदेश सरकारबाट प्राप्त हुने आय, साथै विविध आयको गत चार आ.ब. को आय विश्लेषण गरिएको र प्राप्त तथ्याङ्कमाथि विषयविज्ञ, पालिकासंयन्त्र तथा योजनामस्यौदा टोलीको रायसुझावसहित निम्नलिखित मान्यताहरूका आधारमा[3]आगामी पाँच आ. व. हरूमा हुने अनुमानित आय अनुमान गरिएको छ ।

[3]क. *आधार वर्ष २०७९/८० मा जम्मा बजेटको क्षेत्रगत रूपमा जति प्रतिशत बजेट विनियोजन भएको छ बाँकी वर्षहरूमा पनि सोहीअनुसार विनियोजन गरिएको छ ।*

ख. *अनुमानित व्यय प्रक्षेपण गर्दा अनुमानित आयको प्रक्षेपण औषत वृद्धिदरलाई नै कायम गरिएको छ ।*

ग. *जम्मा बजेटबाट पूँजीगत बजेट प्रक्षेपण गरिसके पश्चात बाँकी रकमलाई चालु खर्चको रूपमा अनुमान गरिएको छ ।*

## तालिका नं.३.९.२.१ योजना अवधिको प्रक्षेपित आय

| गत आ.व. हरूको बजेट शारांश | | | | | | योजना अवधिको प्रक्षेपित आय | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | आ.व. हरु | आव. २०७६/७७ | आव. २०७७/७८ | आव. २०७८/७९ | आव. २०७९/८० | आव. २०८०/८१ | आव. २०८१/८२ | आव. २०८२/८३ | आव. २०८३/८४ | आव. २०८४/८५ |
| | शीर्षक | वास्तविक | वास्तविक | वास्तविक | जेठ ४ गते सम्म | बास्तविक | अनुमानित | अनुमानित | अनुमानित | अनुमानित |
| | चालु खर्च (क) | १५९४६०१३० | १९१५५७५९३ | १८४६२८६९८.५ | १८१६२२३४१ | २७५४१०८०० | २८७१२५८१८.९ | २९०५७२४४७.७ | ३१४०१९०७६.५ | ३३७४६५७०५.३ |
| | पसँजीगत खर्च (ख) | ८६००१०४३ | ११३३११९६७ | १५९६९१७८३ | ८७८८३०७७ | १२८२२०१०० | १३६१८७०३३.८ | १४८४३१२९०.३ | १६५४२२२६९.८ | १७७५६२४०६.३ |
| | **कुलजम्मा (क+ख)** | **२४५४६११७३** | **३०४८६९५६०** | **३४४३२०४८१.५** | **२६९५०५४१८** | **४०३६३०९००** | **४२३३१२८५२.७** | **४३९००३७३८** | **४७९४४१३४६.३** | **५१५०२८१११.६** |
| **बिषयगत क्षेत्र: आर्थिक** | | | | | | | | | | |
| ४.१ | कृषि, पशुपंक्षी तथा भूमि व्यवस्था | ८३४१९५ | ९६७८२५ | १०८९७०० | ४५९१०६० | १२०८२००० | १३३४७१६४.१७ | १४०७४९१६.६७ | १६०२६६९०.१७ | १६४०४२०१.६७ |
| ४.२ | उद्योग, ब्यापार र आपूर्ति ब्यवस्था | ८९००० | १०२८३३ | ९६२३४५ | ५५७००५ | १०९४००० | १२२८०७६.८३३ | १३६४७४९.३३३ | १८०१४२१.८३३ | २१३८०९४.३३३ |
| ४.३ | श्रम तथा रोजगारी | ४६६७३४ | ५१२४९० | ८४५७६६ | ३३०७१२६ | १०९०००० | ११७६८७८ | १३६६३९४ | १५५५९१० | १७४५४२६ |
| ४.४ | वैंक, वित्तिय संस्था र सहकारी | १००००० | १२०००० | १२५००० | ९८०००० | ९००००० | ९५२५०० | ९९५००० | १००७७५० | १०९०००० |
| ४.५ | स्थानीय तथा पर्यापर्यटन | ११६००० | ३७८२३५ | १०३४८७० | ३००००० | २०९४००० | २१७१३४० | ३१८०७७५ | ३२९०२१० | ३५९९६४५ |
| **आर्थिक क्षेत्रको जम्मा** | | **१६०५९२९** | **२०८१३८३** | **४०५७६८१** | **९७३५१९१** | **१७२६००००** | **१८८७५९५९** | **२०९८१८३५** | **२३६८१९८२** | **२४९७७३६७** |
| **बिषयगत क्षेत्र : सामाजिक** | | | | | | | | | | |
| ५.१ | क्षमता विकास र शिक्षा | २८०२३४३८ | ४२८२११९३ | ५२०४६७८७ | ९६६१०४८ | १००६६५०० | १३०९१४९६.१७ | १४००११७०.६७ | १८१०१८४५.१७ | १९३०२५१९.६७ |
| ५.२ | स्वास्थ्य, पोषण तथा खाद्य सुरक्षा | ९६०३२१२ | ९७७४५३३ | ९९८७८०० | २०७३०७२ | १००६६५०० | १०३६५३९७ | १२५५७६९१ | १४५४९९८५ | १६९४२२७९ |
| ५.३ | यूवा तथा खेलकुद | २१२९८७० | २३४५३९० | २४८७८४८ | ७१८१०७० | ३३५५५०० | ३५८५८०३ | ३८३६९९२ | ३९१५९८१ | ४०९४९७० |
| ५.४ | अन्वेषण तथा सिर्जनात्मकता | ५०००० | १००००० | १५००००० | २७५७६२५ | ८३८८७७ | ८८५००० | ९१५००० | ११०५००० | १६००००० |
| ५.५ | खानेपानी तथा सरसफाई | २५५७६२५ | ३४३४८९० | ५३७८४२३ | ७२०३०९० | ६७११००० | ७०२१५०९.६६७ | ७४३१९०८.६६७ | ८८२३००७.६६७ | ९२५२७०६.६६७ |
| ५.६ | लैगिक तथा सामाजिक समावेशीता | ८४७९३० | ९४१९८० | ११८७०४८ | २३४६५५ | ८३८८७५ | ९००९९६.३३३३ | २७०५५५.३३३३ | ३४०११४.३३३३ | ३९९६७३.३३३३ |
| ५.७ | लक्षित वर्ग (अति बिपन्न, भुमीहिन, अल्पसंख्यक) उत्थान | १५५८७५ | १०४४७३० | १०४७९४० | २७८१२७ | ८३८८७७ | ८८५७७९.१६६७ | ९३१३११.६६६७ | ९७६८४४.१६६७ | ९९२३७६.६६६७ |
| ५.८ | भाषा, संस्कृति, कला साहित्य | ७५००० | १२४००० | ८००००० | १२५००० | ८३८८७१ | ९००५०० | १००८३०० | १००९५०० | ११८०००० |

| गत आ.व. हरूको बजेट शारांश | | | | | | योजना अवधिको प्रक्षेपित आय | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | आ.व. हरु | आव. २०७६/७७ | आव. २०७७/७८ | आव. २०७८/७९ | आव. २०७९/८० | आव. २०८०/८१ | आव. २०८१/८२ | आव. २०८२/८३ | आव. २०८३/८४ | आव. २०८४/८५ |
| | शीर्षक | वास्तविक | वास्तविक | वास्तविक | जेठ ४ गते सम्म | बास्तविक | अनुमानित | अनुमानित | अनुमानित | अनुमानित |
| **सामाजिक क्षेत्रको जम्मा** | | ४३४४२९५० | ६०५८६७१६ | ७४४३५८४६ | २९५१३६८७ | ३३५५५००० | ३७६३६४८१।३३ | ४०९५२९२९।३३ | ४८८२२२७७।३३ | ५३७६४५२५।३३ |
| **बिषयगत क्षेत्र : पूर्वाधार विकास** | | | | | | | | | | |
| ६.१ | आवास तथा वस्ती विकास | ९२९६६५१ | ९४०१२२० | ९६०९९०८ | १३९०१५५६ | ९८५५००० | १०१०५८११।८३ | १०१२२४४०।३३ | १०२१९०६८।८३ | १०३७५६९७।३३ |
| ६.२ | सडक तथा यातायात | २५०९६२०७ | २६०२६००६ | ३७६९४२०३ | ९४३३६२७ | १९७१०००० | २१५०२४६६ | २३८०१४६४ | २४१००४६२ | २५३९९४६० |
| ६.३ | सिंचाई | ५००००० | १५९६५२३ | २७०००००० | १९९०१६ | ४९२७५०० | ५०२८८४१ | ५३१८८४१ | ७०९८८४१ | ८१९८८४१ |
| ६.४ | विद्युत तथा वैकल्पीक उर्जा | ४५६५५२ | ७०४१३४ | १९६४१५४ | २०००५००० | २४६३७५० | ३७६९४९२।३३३ | ४१२३२४१।३३३ | ४२४६९९०।३३३ | ४३३०७३९।३३३ |
| ६.५ | सञ्चार तथा सूचना प्रणाली | १२०००० | १००००० | ९५०००० | ० | २४६३७५० | २५३५१६०।६६७ | २६१६६६६।६६७ | २६८१६६६।६६७ | २६९६६६६।६६७ |
| ६.६ | ढल निकास, फोहरमैला प्रशोधन पूर्वाधार | २००००० | २७५००० | ३५०००० | ० | २४६३७५० | २५०००००० | २९०००००० | ३५०००००० | ४२५०००० |
| ६.७ | सार्वजनिक भवन र उद्यान्न | २५०००० | ३४५३६१२ | ३६०००००० | ४५९५००० | ७३९१२५० | ७४५९५३७।३३३ | ८७३४५३७।३३३ | ९८०९५३७।३३३ | ९९८४५३७।३३३ |
| **पूर्वाधार क्षेत्रको जम्मा** | | ३५९१९४१० | ४१५५६४९५ | ५६८६८२६५ | ४८१३४१९९ | ४९२७५००० | ५२९०१३०९।१७ | ५७६१७१९०।६७ | ६१६५६५६६।१७ | ६५२३५९४१।६७ |
| **वन, वातावरण तथा विपद ब्यवस्थापन** | | | | | | | | | | |
| ७.१ | वन ब्यवस्थापन | २७५००० | ३००००० | ८४०००० | ५००००० | ३०८००० | ३८४१६६।६६६७ | ४१०६६६।६६६७ | ४२०१६६।६६६७ | ४३००६६।६६६७ |
| ७.२ | जलाधार तथा जैविक विविधता संरक्षण | २५०००० | २७५००० | २९५०००० | ० | ३०८५०० | ४२८३३३।३३३३ | ४५००३३।३३३३ | ४७१३३३।३३३३ | ४८५८३३।३३३३ |
| ७.३ | वातावरण संरक्षण तथा प्रदुषण नियन्त्रण | १२३२८५ | १४६८७० | ९५०००० | ० | ३०८००० | ३८०१२४।१६६७ | ४०००८१।६६६७ | ४२६८३९।१६६७ | ४४०१९६।६६६७ |
| ७.४ | जलवायू परिवर्तन, अनुकुलन तथा न्यूनीकरण | ६७८९१६ | ७४५०३३ | ८७६७३० | ० | ३०८५०० | ३६३६१४ | ४००२५२ | ४३१४२८ | ४८०३३५ |
| ७.५ | पहिरो तथा भूक्षय नियन्त्रण | ४७५८७९ | ७४६००० | १८५०००० | ० | २४६६००० | २५५१८०७।८३३ | २६०८८६८।३३३ | २७७५९२८।८३३ | २९००९८९।३३३ |
| ७.६ | विपद सचेतना, उद्धार तथा पूनस्थापना | ३३२४७८ | ३४००००० | ३९५०००० | ० | २४६६००० | २५८७१०९ | २७०५८७० | २८०४६३१ | ३१००३९२ |
| **वन तथा वातावरण क्षेत्रको जम्मा** | | २१३५५५८ | ५६१२९०३ | ११४१६७३० | ५००००० | ६१६५००० | ६६९५१५५ | ६९७५७७२ | ७३३०३२७ | ७८३७८१३ |
| **लोकतन्त्र, सुशासन तथा शान्ति सुरक्षा** | | | | | | | | | | |

| गत आ.व. हरूको बजेट शारांश | | | | | | योजना अवधिको प्रक्षेपित आय | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | आ.व. हरु | आव. २०७६/७७ | आव. २०७७/७८ | आव. २०७८/७९ | आव. २०७९/८० | आव. २०८०/८१ | आव. २०८१/८२ | आव. २०८२/८३ | आव. २०८३/८४ | आव. २०८४/८५ |
| | शीर्षक | वास्तविक | वास्तविक | वास्तविक | जेठ ४ गते सम्म | बास्तविक | अनुमानित | अनुमानित | अनुमानित | अनुमानित |
| ८.१ | योजना तर्जुमा र कार्यान्वयनमा जनसहभागिता | ३७१९३४ | ३७५००० | १२८२७६६ | ० | १८८२०२० | १९०६१४८ | २००१५६४ | २१०९८०० | २३२३९६० |
| ८.२ | नीति तथा कानुन तर्जुमा | १२७८३०० | १४७८२३४ | ९९५९३१२ | ० | ९४१०१० | ९८६४३३।३३३३ | ९९१६३९।३३३३ | १००७२४५।३३३ | ११३७६५१।३३३ |
| ८.३ | क्षमता विकास | ३६५४८० | ४७८६३५ | ४६७९३४ | ० | ९४१०१० | ९६९८१८।३३३३ | ९९२०७८।३३३३ | १००४३३८।३३३ | १००१५९८।३३३ |
| ८.४ | नियमनकारी संरचनाहरुको प्रवर्द्धन | २४७८३३ | २६७९१० | २७८६३२ | ० | १८८२०२० | २११०९९०।१६७ | २७०६३८९।६६७ | २९१७८०९।१६७ | ३३०७१८८।६६७ |
| ८.५ | शान्ति सुरक्षा | २००००० | ३७९३४९ | ६७८८४७ | ० | ९४१०१० | ९५९८१८ | ९६००७८ | १००४३३८ | ११०१५९८ |
| ८.६ | पारदर्शिता र आन्तरिक नियन्त्रण प्रणाली | ४३३६४९ | ४९५३४२ | २४५७७० | ० | २८२३०३० | ३१०५८५६।८३३ | ३३०००३२।३३३ | ३९२२०२७।८३३ | ४००१३८३।३३३ |
| **लोकतन्त्र, सुशासन र शान्ति सुरक्षाको जम्मा** | | २८९७१९६ | ३४७४४७० | १२९१३२६१ | ० | ९४१०१०० | १००३९०६४।६७ | १०९५१७८१।६७ | ११९६५५५८।६७ | १२८७३३७९।६७ |
| ९.१ | **कार्यालय सञ्चालन ( पुजीगत)** | | | | | १२५५५००० | १००३९०६४।६७ | १०९५१७८१।६७ | ११९६५५५८।६७ | १२८७३३७९।६७ |
| | **जम्मा पुँजीगत बजेट (ख)** | ८६००१०४३ | ११३३११९६७ | १५९६९१७८३ | ८७८८३०७७ | १२८२२०१०० | १३६१८७०३३।८ | १४८४३१२९०।३ | १६५४२२२६९।८ | १७७५६२४०६।३ |
| | चालु खर्च (क) | १५९४६०१३० | १९१५५७५९३ | १८४६२८६९८।५ | १८१६२२३४१ | २७५४१०८०० | २८७१२५८१८।९ | २९०५७२४४७।७ | ३१४०१९०७६।५ | ३३७४६५७०५।३ |
| | **कुल जम्मा (क + ख)** | २४५४६११७३ | ३०४८६९५६० | ३४४३२०४८१।५ | २६९५०५४१८ | ४०३६३०९०० | ४२३३१२८५२।७ | ४३९००३७३८ | ४७९४४१३४६।३ | ५१५०२८१११।६ |

## ३.९.३ प्रस्तावित र प्रक्षेपित बजेट स्थिति

गत आ.व. हरूको यथार्थ वित्तयी स्थितिका आधारमा आगामी ५ वर्ष सम्म संघीय सरकार, प्रदेश सरकार र अन्य निकाय तथा गाउँपालिकाको आन्तरिक स्रोतलाई आधार मानेर यो अनुमानित प्रक्षेपण गरिएको छ। प्रक्षेपण गर्दा वित्तीय आँकडाहरूको वर्तमान मूल्य (Net Present Value) विश्लेषण विधि प्रयोग गरिएको छ। वित्तीय आँकडा विश्लेषण गर्दा नेपाल सरकारले चलन चल्तीमा ल्याएका वित्तीय विश्लेषण औजारहरू प्रयोग गरिएको र त्यसका आधारमा प्राप्त नतिजाहरूलाई यो योजना दस्तावेजमा समावेश गरिएको छ।

तालिका नं. ३.९.३.१ योजना अवधिको प्रक्षेपित र प्रस्तावित आय

| योजना अवधिको प्रक्षेपित र प्रस्तावित आय | | | | |
|---|---|---|---|---|
| आ.व. हरु | शीर्षक | चालु खर्च (क) | जम्मा पुँजीगत बजेट (ख) | चालु र पुजिगत बजेट (क+ख) |
| आव. २०८०/८१ | प्रक्षेपित | २७५४१०८०० | १२८२२०१०० | ४०३६३०९०० |
| | पस्तवित | २७५४१०८०० | १६३४८४१३५।४ | ४३८८९४९३५।४ |
| आव. २०८१/८२ | प्रक्षेपित | २८७१२५८१८।९ | १३६१८७०३३।८ | ४२३३१२८५२।७ |
| | पस्तवित | २८७१२५८१८।९ | १९११७९६०१।१ | ४७८३०५४२० |
| आव. २०८२/८३ | प्रक्षेपित | २९०५७२४४७।७ | १४८४३१२९०।३ | ४३९००३७३८ |
| | पस्तवित | २९०५७२४४७।७ | १७१४७३२४२।२ | ४६२०४५६८९।९ |
| आव. २०८३/८४ | प्रक्षेपित | ३१४०१९०७६।५ | १६५४२२२६९।८ | ४७९४४१३४६।३ |
| | पस्तवित | ३१४०१९०७६।५ | १९३७११२८२।६ | ५०७७३०३५९।१ |
| आव. २०८४/८५ | प्रक्षेपित | ३३७४६५७०५।३ | १७७५६२४०६।३ | ५१५०२८१११।६ |
| | पस्तवित | ३३७४६५७०५।३ | २०६७७०४५०।२ | ५४४२३६१५५।५ |

स्रोत: लेखा शाखा, कपुरकोट गाउँपालकिा

प्रस्तावित र प्रक्षेपित बजेटको फरक (चित्र नं. ३.९.३.१) आ.व. ८०८१ देखि आ.व. ८४८५ सम्म बढ्दै गएको अवस्था छ। प्रक्षेपित बजेटका स्रोतहरू स्थिर रहेमा प्रस्तावित र प्रक्षेपित बजेट अन्तरले प्रतिकूल असर नपार्न पनि सक्छ तर विगतमा प्राप्त भएका वित्तीय स्रोतहरू खुम्चिएमा आगामी वर्षहरूको वजेट सानो हुँदै जाने र बजेट अन्तर बढ्दै जाने अवस्था आउने सम्भावनालाई प्राथमिकता दिँदै सम्भावित बजेट स्रोतहरू खोजी गर्नु आवश्यक छ।

चित्र नं. ३.९.३.२ प्रक्षेपित र प्रस्तावित बजेटको स्थिति (बजेट अन्तर)




स्रोत: लेखा शाखा, कपुरकोट गाउँपालकिा

गाउँपालिकाको आन्तरिक आय स्थानीय बजेटको भरपर्दो बजेट स्रोत मानिन्छ । तर कपुरकोट गाउँपालिका सल्यानले आफ्नो बजेटमा जाने आन्तरिक हिस्सा सामान्य स्थानीय सरकारहरूभन्दा कमजोर पाइयो । आन्तरिक आय सुधारका लागि आनतरिक राजश्वको अवस्था विश्लेषण गर्नु, लक्षित कर दाताहरूका लागि कर दाता शिक्षा र सचेतना कार्यक्रम सञ्चालन गर्नु, सम्भावित आयका स्रोतहरू (जस्तैः सामुदायिक वन, वित्तीय संस्था, यातायात क्षेत्र र स्रोत निकासी आदि) पहिचान गरी यस अनुरूप कार्य गर्नु आवश्यक छ ।

चित्र नं. ३.९.३.२ **योजना अवधिको प्रक्षेपित, प्रस्तावित र अपुगहुने बजेट स्थिति**




स्रोतः लेखा शाखा, कपुरकोट गाउँपालकि

गाउँपालिकाले विगतको अवस्था यथावत रहे आगामी ५ वर्षमा सबै स्रोतहरूबाट जम्मा रु २२६०४१६९४९ आम्दानी गर्ने अपेक्षा गरिएको छ भने चालु खर्च र पूँजीगत खर्च गरी जम्मा रु २४३१२१२५६० बजेट आवश्यक पर्ने देखिन्छ । प्रश्ताव गरिएको बजेट सबै खर्च गर्न सकेमा आगामी ५ वर्षका लागि रु १७०७९५६११.१ रकम अपुग हुने अवस्था छ । अपुग रकम व्यवस्था गर्न गाउँपालिकाले प्रदेश सरकार, संघीय सरकार र अन्य स्रोतहरूसँग बजेटका लागि समन्वय गर्न सक्छ ।

तलको तालिकाले प्रक्षेपित र प्रश्तावित बजेटको आँकडा देखाउँछ । र यो आँकडा प्रश्ताव गरिएका योजना उपशीर्षक अनुसार राखिएको छ । विषयगत क्षेत्रभित्र पर्ने उपशीर्षकहरूका लागि प्रक्षेपित र प्रश्तावित दुबै बजेट आँकडा राखिएको छ । कार्यक्रम वा योजना छनौट गर्दा उपशीर्षक अनुसार नै छनौट गरेमा जुन उपशीर्षकको लागि जति परिमाणमा बजेट प्रश्ताव गरिएको छ, त्यही परिमाणको योजना छनौट गरी लागु गरिएमा कार्यक्रम उपलब्धिहरू मापन गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## तालिका नं. ३.९.३.१ बजेट शारांश

| | गत आ.व. हरुको यथार्थका आधारमा प्रक्षेपित र आस्यकताका आधारमा प्रस्तावित बजेट | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | आ.व. हरु | आव. २०८०/८१ | | आव. २०८१/८२ | | आव. २०८२/८३ | | आव. २०८३/८४ | | आव. २०८४/८५ | |
| | शीर्षक | बास्तविक | प्रस्तावित | अनुमानित | प्रस्तावित | अनुमानित | प्रस्तावित | अनुमानित | प्रस्तावित | अनुमानित | प्रस्तावित |
| | चालु खर्च (क) | २७५४१०८०० | २७५४१०८०० | २८७१२५८१८.९ | २८७१२५८१८.९ | २९०५७२४४७.७ | २९०५७२४४७.७ | ३१४०१९०७६.५ | ३१४०१९०७६.५ | ३३७४६५७०५.३ | ३३७४६५७०५.३ |
| | पसँजीगत खर्च (ख) | १२८२२०१०० | १६३४८४१३५.४ | १३६१८७०३३.८ | १९११७९६०१.१ | १४८४३१२९०.३ | १७१४७३२४२.२ | १६५४२२२६९.८ | १९३७११२८२.६ | १७७५६२४०६.३ | २०६७७०४५०.२ |
| | **कुलजम्मा (क+ख)** | ४०३६३०९०० | ४३८८९४९३५.४ | ४२३३१२८५२.७ | ४७८३०५४२० | ४३९००३७३८ | ४६२०४५६८९.९ | ४७९४४१३४६.३ | ५०७७३०३५९.१ | ५१५०२८१११.६ | ५४४२३६१५५.५ |
| **बिषयगत क्षेत्र : आर्थिक** | | | | | | | | | | | |
| ४.१ | कृषि, पशुपंक्षी तथा भूमि ब्यवस्था | १२०८२००० | १३५६७८४० | १३३४७१६४.१७ | १४४६५११९ | १४०७४९१६.६७ | १५६७२४११ | १६०२६६९०.१७ | १६५८७१०० | १६४०४२०१.६७ | १८७४५९१३ |
| ४.२ | उद्योग, ब्यापार र आपूर्ति ब्यवस्था | १०९४००० | १३२०४५५ | १२२८०७६.८३३ | २०४५६७७ | १३६४७४९.३३३ | ११४१८५८.३ | १८०१४२१.८३३ | २३४५७११.५ | २१३८०९४.३३३ | ३१२३४५५.६ |
| ४.३ | श्रम तथा रोजगारी | १०९०००० | ११७६८०४ | ११७६८७८ | १३२९४५५ | १३६६३९४ | २१३३४८७ | १५५५९१० | १९७३७४१ | १७४५४२६ | २२९५८८४ |
| ४.४ | वैंक, वित्तिय संस्था र सहकारी | ९००००० | १०५५००० | ९५२५०० | ११७७४३८ | ९९५००० | १०२८५७६ | १००७७५० | १२९०१३३ | १०९०००० | ११२९५७२.५ |
| ४.५ | स्थानीय तथा पर्यापर्यटन | २०९४००० | २४२१९८० | २१७१३४० | २७४५९०९ | ३१८०७७५ | ४५९४५१२.२५ | ३२९०२१० | ३८५६७२३ | ३५९९६४५ | २४७८६३३ |
| **आर्थिक क्षेत्रको जम्मा** | | १७२६०००० | १९५४२०७९ | १८८७५९५९ | २१७६३५९८ | २०९८१८३५ | २४५७०८४४.५५ | २३६८१९८२ | २६०५३४०८.५ | २४९७७३६७ | २७७७३४५८.१ |
| **बिषयगत क्षेत्र : सामाजिक** | | | | | | | | | | | |
| ५.१ | क्षमता विकास र शिक्षा | १००६६५०० | १४६९३००३.७४ | १३०९१४९६.१७ | १६०८६८६३.८१ | १४००११७०.६७ | १८५८०७२३.८८ | १८१०१८४५.१७ | २१०८७५३४ | १९३०२५१९.६७ | २२५९०६०० |
| ५.२ | स्वास्थ्य, पोषण तथा खाद्य सुरक्षा | १००६६५०० | १०९१०६५२.९६ | १०३६५३९७ | १११८३४१९.२८ | १२५५७६९१ | ११४५६१८५.६ | १४५४९९८५ | ११७२८९५१.९२ | १६९४२२७९ | २००३४००० |
| ५.३ | यूवा तथा खेलकुद | ३३५५५०० | २९२६८२२.७९ | ३५८५८०३ | २९८५३५९.२४ | ३८३६९९२ | ३०४३८९५.६९ | ३९१५९८१ | ३५०२४३२.१४ | ४०९४९७० | ४२३५६७७ |
| ५.४ | अन्वेषण तथा सिर्जनात्मकता | ८३८८७७ | २१८०००० | ८८५००० | ११५५००० | ९१५००० | २२६७२०० | ११०५००० | २३१०८०० | १६००००० | २३५४४०० |
| ५.५ | खानेपानी तथा सरसफाई | ६७११००० | ७०९०४१६.१६ | ७०२१५०९.६६७ | ८२३४५०३ | ७४३१९०८.६६७ | ७३०३१२८.६४ | ८८२३००७.६६७ | ७४०९४८४.८८ | ९२५२७०६.६६७ | ७५१५८४१.१२ |
| ५.६ | लैगिक तथा सामाजिक समावेशीता | ८३८८७५ | १४५१२६६.६८ | ९००९९६.३३३३ | १४८०२९२.०१ | २७०५५५.३३३३ | १५०९३१७.३४ | ३४०११४.३३३३ | १८३८३४२.६७ | ३९९६७३.३३३३ | ६७७२३० |
| ५.७ | लक्षित वर्ग (अति बिपन्न, भुमीहिन, अल्पसंख्यक) उत्थान | ८३८८७७ | १७८७८६८.८७ | ८८५७७९.१६६७ | १८३२५६५.५९ | ९३१३११.६६६७ | १८७७२६२.३१ | ९७६८४४.१६६७ | १९२१९५९.०३ | ९९२३७६.६६६७ | ११२३४१३ |
| ५.८ | भाषा, संस्कृति, कला साहित्य | ८३८८७१ | २८३८०० | ९००५०० | २९२३१४ | १००८३०० | ३००८२८ | १००९५०० | ३०९३४२ | ११८०००० | १३५०००० |
| **सामाजिक क्षेत्रको जम्मा** | | ३३५५५००० | ४१३२३८३१.२ | ३७६३६४८१.३३ | ४३२५०३१६.९३ | ४०९५२९२९.३३ | ४६३३८५४१.४६ | ४८८२२२७७.३३ | ५०१०८८४६.६४ | ५३७६४५२५.३३ | ५९८८११६१.१२ |
| **बिषयगत क्षेत्र : पूर्वाधार विकास** | | | | | | | | | | | |

| गत आ.व. हरुको यथार्थका आधारमा प्रक्षेपित र आस्यकताका आधारमा प्रस्तावित बजेट | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | आ.व. हरु | आव. २०८०/८१ | | आव. २०८१/८२ | | आव. २०८२/८३ | | आव. २०८३/८४ | | आव. २०८४/८५ | |
| | शीर्षक | बास्तविक | प्रस्तावित | अनुमानित | प्रस्तावित | अनुमानित | प्रस्तावित | अनुमानित | प्रस्तावित | अनुमानित | प्रस्तावित |
| ६.१ | आवास तथा वस्ती विकास | ९८५५००० | १०५२९११७.९९ | १०१०५८११.८३ | ११०३९७००.३४ | १०१२२४४०.३३ | ११५५०२८२.६९ | १०२१९०६८.८३ | १२०६०८६५.०४ | १०३७५६९७.३३ | १२५७१४४७.३९ |
| ६.२ | सडक तथा यातायात | १९७१०००० | ४५११५७७१०.७६ | २११५०२४६६ | ५६०६०८६४.९७ | २३८०१४६४ | २६९६४०१९.१८ | २४१००४६२ | ३०८६७१७३.३९ | २५३९९४६० | ३८७७०३२७.६ |
| ६.३ | सिंचाई | ४९२७५०० | ४०७४२५८.९७ | ५०२८८४१ | ९२८७९३४.५ | ५३१८८४१ | ६५०१६१०.०३ | ७०९८८४१ | ७७१५२८५.५६ | ८१९८८४१ | ८९२८९६१.०९ |
| ६.४ | विद्युत तथा वैकल्पीक उर्जा | २४६३७५० | १८०३४७६.२५ | ३७६९४९२.३३३ | २३२९९६२.४३ | ४१२३२४१.३३३ | २८५६४४८.६१ | ४२४६९९०.३३३ | ३३८२९३४.७९ | ४३३०७३९.३३३ | ३९०९४२०.९७ |
| ६.५ | सञ्चार तथा सूचना प्रणाली | २४६३७५० | ६४३२७७ | २५३५१६०.६६७ | ६७८९५६ | २६१६६६६.६६७ | ७१४६३५ | २६८१६६६.६६७ | ७५०३१४ | २६९६६६६.६६७ | ३१२०३०० |
| ६.६ | ढल निकास, फोहरमैला प्रशोधन पूर्वाधार | २४६३७५० | ४७८४२३ | २५००००० | ६९७२८७ | २९००००० | ९१६१५१ | ३५००००० | ११३५०१५ | ४२५०००० | १३५३८७९ |
| ६.७ | सार्वजनिक भवन र उद्यान्न | ७३९१२५० | ६१८९४५४.९४ | ७४५९५३७.३३३ | ९७१३२४४.०३ | ८७३४५३७.३३३ | १३२३७०३३.१२ | ९८०९५३७.३३३ | १६७६०८२२.२१ | ९९८४५३७.३३३ | १०२८४६११.३ |
| **पूर्वाधार क्षेत्रको जम्मा** | | **४९२७५०००** | ६८८७५७१८.९१ | **५२९०१३०९.१७** | ८९८०७९४९.२७ | **५७६१७१९०.६७** | ६२७४०१७९.६३ | **६१६५६५६६.१७** | ७२६७२४०९.९९ | **६५२३५९४१.६७** | ७८९३८९४७.३५ |
| **वन, वातावरण तथा विपद ब्यवस्थापन** | | | | | | | | | | | |
| ७.१ | वन ब्यवस्थापन | ३०८००० | ३८८७६६.६७ | ३८४१६६.६६६७ | ५९६५४२ | ४१०६६६.६६६७ | ६०४३१७.३३ | ४२०१६६.६६६७ | ५१२०९२.६६ | ४३००६६.६६६७ | ६१९८६७.९९ |
| ७.२ | जलाधार तथा जैविक विविधता संरक्षण | ३०८५०० | ५२८४१६.६६ | ४२८३३३.३३३३ | ५२३१६२७.०७ | ४५००३३.३३३३ | ९७१३९० | ४७१३३३.३३३३ | ७४३८०४७.८९ | ४८५८३३.३३३३ | ६४१२५८.३ |
| ७.३ | वातावरण संरक्षण तथा प्रदुषण नियन्त्रण | ३०८००० | ५८३४४३.३३ | ३८०१२४.१६६७ | ४८८९४६.६२ | ४०००८१.६६६७ | ६९४४४९.९१ | ४२६८३९.१६६७ | ८९९९५३.२ | ४४०१९६.६६६७ | ६०५४५६.४९ |
| ७.४ | जलवायू परिवर्तन, अनुकुलन तथा न्यूनीकरण | ३०८५०० | १०३४६४८.२५ | ३६३६१४ | ५४७८४५ | ४००२५२ | ८७६०३४.१७ | ४३१४२८ | ५९६७२७.१३ | ४८०३३५ | ७१७४२०.०९ |
| ७.५ | पहिरो तथा भूक्षय नियन्त्रण | २४६६००० | ३१४९९२७.२७ | २५५१८०७.८३३ | २१७२९२५.६५ | २६०८८६८.३३३ | ४५९५९२४.०३ | २७७५९२८.८३३ | ४२१८९२२.४१ | २९००९८९.३३३ | ३२४१९२०.७९ |
| ७.६ | विपद सचेतना, उद्धार तथा पुनस्थापना | २४६६००० | ३८३३७२३ | २५८७१०९ | ४३११५३९.४३ | २७०५८७० | ५७५९८६७ | २८०४६३१ | २९७४७३७.०५ | ३१००३९२ | ५१०६३३५.८६ |
| **वन तथा वातावरण क्षेत्रको जम्मा** | | **६१६५०००** | ९५१८९२५.१८ | **६६९५१५५** | १३३४९४२५.७७ | **६९७५७७२** | १३५०१९८२.४४ | **७३३०३२७** | १६६४०४८०.३४ | **७८३७८१३** | १०९३२२५९.५२ |
| **लोकतन्त्र, सुशासन तथा शान्ति सुरक्षा** | | | | | | | | | | | |
| ८.१ | योजना तर्जुमा र कार्यान्वयनमा जनसहभागिता | १८८२०२० | १९७०२०१.५४ | १९०६१४८ | २६८४४५६.५७ | २००१५६४ | २७९८७११.६ | २१०९८०० | २३१२९६६.६३ | २३२३९६० | २५२७२२१.६६ |
| ८.२ | नीति तथा कानुन तर्जुमा | ९४१०१० | ११९९८०४.७२ | ९८६४३३.३३३३ | १०१७८०० | ९९१६३९.३३३३ | १०३५७९५.२८ | १००७२४५.३३३ | ६९५३७९०.५६ | ११३७६५१.३३३ | १४७१७८५.८४ |
| ८.३ | क्षमता विकास | ९४१०१० | १६२९१६२.९९ | ९६९८१८.३३३३ | ११५४३२९.५ | ९९२०७८.३३३३ | ११७९४९६.०१ | १००४३३८.३३३ | १००४६६२.५२ | १००१५९८.३३३ | १२२९८२९.०३ |

| गत आ.व. हरुको यथार्थका आधारमा प्रक्षेपित र आस्यकताका आधारमा प्रस्तावित बजेट | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | आ.व. हरु | आव. २०८०/८१ | | आव. २०८१/८२ | | आव. २०८२/८३ | | आव. २०८३/८४ | | आव. २०८४/८५ | |
| | शीर्षक | बास्तविक | प्रस्तावित | अनुमानित | प्रस्तावित | अनुमानित | प्रस्तावित | अनुमानित | प्रस्तावित | अनुमानित | प्रस्तावित |
| ८.४ | नियमनकारी संरचनाहरुको प्रवर्द्धन | १८८२०२० | २३२२१९३।१६ | २११०९९०।१६७ | ३३२८६३७।०२ | २७०६३८९।६६७ | ३३३५०८०।८८ | २९१७८०९।१६७ | ३४१५२४।७४ | ३३०७१८८।६६७ | ४३४७९६८।६ |
| ८.५ | शान्ति सुरक्षा | 941010 | 961122.86 | 959818 | 1080345.31 | 960078 | 1199567.76 | 1004338 | 1318790.21 | 1101598 | 1538012.66 |
| ८.६ | पारदर्शिता र आन्तरिक नियन्त्रण प्रणाली | २८२३०३० | ३५८६०९५।८३ | ३१०५८५६।८३३ | ३७०३६७८।७ | ३३०००३२।३३३ | ३८२१२६१।५७ | ३९२२०२७।८३३ | ४३३८८४४।४४ | ४००१३८३।३३३ | ५२५६४२७।३१ |
| **लोकतन्त्र, सुशासन र शान्ति सुरक्षाको जम्मा** | | ९४१०१०० | ११६६८५८१।१ | १००३९०६४।६७ | १२९६९२४७।१ | १०९५१७८१।६७ | १३३६९९१३।१ | ११९६५५५८।६७ | १६२७०५७९।१ | १२८७३३७९।६७ | १६३७१२४५।१ |
| **९.१** | **कार्यालय सञ्चालन (पुजीगत)** | १२५५५००० | १२५५५००० | १००३९०६४।६७ | १००३९०६४ | १०९५१७८१।६७ | १०९५१७८१ | ११९६५५५८।६७ | ११९६५५५८ | १२८७३३७९।६७ | १२८७३३७९ |
| | **जम्मा पुँजीगत बजेट (ख)** | १२८२२०१०० | १६३४८४१३५।४ | १३६१८७०३३।८ | १९११७९६०१।१ | १४८४३१२९०।३ | १७१४७३२४२।२ | १६५४२२२६९।८ | १९३७११२८२।६ | १७७५६२४०६।३ | २०६७७०४५०।२ |
| | चालु खर्च (क) | २७५४१०८०० | २७५४१०८०० | २८७१२५८१८।९ | २८७१२५८१८।९ | २९०५७२४४७।७ | २९०५७२४४७।७ | ३१४०१९०७६।५ | ३१४०१९०७६।५ | ३३७४६५७०५।३ | ३३७४६५७०५।३ |
| | **कुल जम्मा (क + ख)** | ४०३६३०९०० | ४३८८९४९३५।४ | ४२३३१२८५२।७ | ४७८३०५४२० | ४३९००३७३८ | ४६२०४५६८९।९ | ४७९४४१३४६।३ | ५०७७३०३५९।१ | ५१५०२८१११।६ | ५४४२३६१५५।५ |

# परिच्छेद चारः आर्थिक क्षेत्र

## ४.१ कृषि, पशुपन्छी तथा भूमि व्यवस्था

### ४.१.१ वर्तमान अवस्था

कपुरकोट गाउँपालिकाको अर्थतन्त्रको आधार कृषि क्षेत्रको कूल गार्हस्थ उत्पादन रु १२०.१४ करोड छ। कृषि भूमिको उत्पादकत्व ११४ के.जि.प्रति रोपनी छ। वार्षिक २ देखि ३ पटक औसतमा २५.८३ प्रतिशत बाली क्षेत्रमा रासायनिक मल प्रयोग गरिन्छ। प्राङ्गारिक बालीको अनुपात ३५.६७ प्रतिशत छ। कपुरकोट गाउँपालिकामा बंगुर, कुखुरा, तरकारी, पशुपंछी लगायतका व्यावसायिक कृषि वस्तु उत्पादन गर्ने फारमहरू ७३ वटा छन्।

दुध उत्पादनमा गाउँपालिका आत्मनिर्भर बन्दै गएको छ। कृषि उपजको भण्डारणका लागि कुनै पनि केन्द्र सञ्चालनमा नरहेको तर आउँदा वर्षहरूमा सामुदायिक भण्डारण केन्द्र सञ्चालन गर्ने लक्ष्य गाउँपालिकाले लिएको छ। गाउँपालिकाले भूमिको उत्पादकत्व बढाई कृषि बाली तथा खाद्यान्नको माग पूरा गर्ने वातावरणको निर्माण गर्ने, कृषि उत्पादनको आयात प्रतिस्थापन गर्ने, सामुदायिक भण्डारण केन्द्रको सञ्चालन तथा व्यवस्थापन, सिंचाइ सुविधाको विस्तार लगायतका कार्यहरू गर्नु आवश्यक छ।

### ४.१.२ प्रमुख समस्याहरू

दर्जनौ कृषक समूहको प्रवर्द्धन, महिला एवं दलित कृषक समूहको गठन, पशुपालक समूहको गठन, युवा लक्षित व्यावसायिक कृषि कार्यक्रम, कृषि तथा पशुसेवा प्रसारको पहुँचमा वृद्धि, भूमिमा प्राङ्गारिक मलको प्रयोगमा जोड, लगायतका गतिविधिमार्फत् कपुरकोटमा कृषि क्षेत्रको विकासका लागि प्रयास गरिएको भए तापनि कृषि उत्पादनको व्यापार घाटामा भएको तथ्यले वर्तमान कृषि तथा पशुजन्य उपजले कपुरकोट वासीको माग धान्न नसकेको अवस्थालाई देखाउँछ। सिचाइ पुर्याउन सकिने २८.८८ प्रतिशत जमीनमा सिंचाइ सुविधा पुऱ्याउन सकिएको छैन। सबै क्षेत्रका किसानको वित्तीय स्रोतमा सहज पहुँच पुगेको छैन। सबै वडामा दक्ष कृषि जनशक्तिको पहुँच पुग्न सकेको छैन। आवश्यक भण्डारण केन्द्रमा सबै सेवाग्राहीको पहुँच पुगेको छैन।

### ४.१.३ अवसर तथा चुनौतीहरू

कपुरकोट गाउँपालिकामा १ वडा १ कृषि तथा पशु प्राविधिक कार्यक्रमलाई निरन्तरता दिइनु, पशुपन्छी विकासमा सुधार हुँदै जानु, युवा लक्षित व्यावसायिक कृषि कार्यक्रमबाट युवा लाभान्वित हुनु, कृषि तथा पशु फर्मको विस्तार हुनु, कृषि केन्द्रित सहकारी गतिविधि बढ्दै जानु यस क्षेत्रका अवसरहरू हुन्। हाटबजारको विस्तार एवं आधुनिकीकरण गर्नु, सिंचाइ सुविधाको विस्तार गरी कृषि उत्पादकत्व बढाउनु, सहकारीको उत्पादनशील क्षेत्रमा लगानी बढाउनु, भण्डारण केन्द्रको स्थापना र व्यवस्थापन गर्नु, कृषि क्षेत्रमा लगानी बढाउनु यस क्षेत्रका चुनौतीहरू हुन्।

### ४.१.४ क्षेत्रगत सोच

गुणस्तरीय कृषि उत्पादन, दिगो खाद्य आपूर्ति र स्वस्थ ग्रामीण जीवन।

## ४.१.५ लक्ष्य

स्वस्थ्य कृषि तथा पशुजन्य उत्पादन बढाई खाद्य आत्मनिर्भर गाउँपालिका बनाउने ।

## ४.१.६ उद्देश्यहरू

१. स्थानीय प्रविधिमा आधारित प्राङ्गारिक कृषि, बहुवर्षे बाली र कृषि पूर्वाधार थप्नु ।
२. कृषिभूमिको वर्गीकरण गरी प्राकृतिक क्षमताका आधारमा बाली प्राथमिकता तोक्नु ।
३. पशुपञ्छी र मत्स्य पालक कृषकहरूलाई व्यवसायिक प्रोत्साहन गर्नु ।
४. सहकारीका माध्यमबाट पोषणयुक्त कृषि उपज उत्पादनमा प्रोत्साहन गर्नु ।

## ४.१.७ राणनीति तथा कार्यनीतिहरू

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| १.प्राङ्गारिक खेतीको विस्तार गर्ने । | १. प्राङ्गारिक मल उत्पादनलाई प्रोत्साहन गरिने छ ।<br>२.पोषणयुक्त कृषि उपजको सहज आपूर्तिको व्यवस्था मिलाइने छ । |
| २.कृषि भूमिको उत्पादकत्वका आधारमा भूमिको वर्गीकरण गर्ने । | १.भूमिको स्तरीकरण गरी भूमिको स्तर अनुसारका बालीनाली लगाउने व्यवस्था मिलाइने छ ।<br>२.कृषि एवं पशुविकास क्षेत्रको व्यवसायीकरण, विविधिकरण एवं यान्त्रीकरणका लागि आवश्यक कृषि प्राविधिकको व्यवस्था गरिने छ ।<br>३. उच्चमूल्य वनस्पतिहरू (रैथाने र बाह्य) को प्रवर्द्धन गरिने छ । |
| ३.कृषि सहकारीको लगानी वृद्धि गरी कृषि, पशु तथा मत्स्य उत्पादनलाई बढावा दिने । | १.कृषि सहकारीको ऋण प्रवाह विस्तार गरी कृषि व्यवसायलाई प्रवर्द्धन गरिने छ ।<br>२. पशुपालन प्रवर्द्धनका लागि सहकारीलाई प्रोत्साहन गरिने छ ।<br>३. बगुवा पानीका स्थायी स्रोतहरू पहिचान गरी मत्स्य विकासका संभावनाहरूको खोजी गरी मत्स्य उत्पादनमा लगानी बढाइने छ । |

## ४.१.८ मुख्य कार्यक्रमहरू तथा कार्यान्वयन योजना (५ वर्षको नियोजन)

| आर्थिक क्षेत्र | | | | | | |
|---|---|---|---|---|---|---|
| योजना कोड | उपशीर्षक | योजना सामन्जस्यता | | | | योजना प्राथमिकता |
| | कृषि, पशुपंक्षी तथा भूमि व्यवस्था | मौलिकहक स. नं. | प.यो.रा. ल. सङ्केत नं. | प्रादेशिक योजना लक्ष्य सङ्केत नं. | गा.पा. को रणनीतिक संकेत नं. | |
| ४.१.८.१ | न्यूनतम समर्थन मूल्यसहितको खाद्य तथा तरकारी उत्पादन पकेट क्षेत्रविकास कार्यक्रम | ३६।२ | ३ | ३ | ३.५.१ | P1 |
| ४.१.८.२ | सुरक्षित खाद्य र पोषण आपूर्तिका लागि पर्यावरण मैत्री कृषि कार्यक्रम | ३६।२ | ३ | ३ | ३.५.६ | P1 |
| ४.१.८.३ | दिगो र व्यवसायिक पशु उत्पादनका लागि अनुदानसहितको पशु नश्ल, गोठ सुधार र आहारा प्रवर्द्धन कार्यक्रम | २५।४ | ३ | ३ | ३.५.१ | P1 |

| आर्थिक क्षेत्र | | | | | | |
|---|---|---|---|---|---|---|
| योजना कोड | उपशीर्षक | योजना सामन्जस्यता | | | | योजना प्राथमिकता |
| | कृषि, पशुपंक्षी तथा भूमि व्यवस्था | मौलिकहक स. नं. | प.यो.रा.ल. सङ्केत नं. | प्रादेशिक योजना लक्ष्य सङ्केत नं. | गा.पा. को रणनीतिक संकेत नं. | |
| ४.१.८.४ | साना किसान र न्यून आय भएका परिवारहरूका लागि उन्नत कृषि साधनमा पहुँच परियोजना | २५।४ | ३ | ३ | ३.५.१ | P3 |
| ४.१.८.५ | बाली जोखिम न्यूनीकरण, आकस्मिक बाली संरक्षण र रोग नियन्त्रणका लागि कृषि एम्बुलेन्स कार्यक्रम | २५।४ | ३ | ३ | ३.५.३ | P1 |
| ४.१.८.६ | स्थानीय विशिष्टीकृत जलवायु र बातावरणसंग सन्तुलित बाली पकेट क्षेत्र विकास कार्यक्रम | २५।४ | ३ | ३ | ३.५.१ | P2 |
| ४.१.८.७ | औधोगिक बाली (अलैंची, अम्लिसो, काजु, कोको, चिउरी, हाडेबदाम, ओखर, सुन्तला, जुनार,अनार) विकास सहजीकरण कार्यक्रम | २५।४ | ३ | ३ | ३.५.५ | P2 |
| ४.१.८.८ | कृषकहरुको कृषि शिप हस्तान्तरणका लागि प्रयोगात्मक माटो परिक्षण, कृषि सम्मान, कृषि अवलोकन मार्फत कृषक क्षमता विकास । | २५।४ | ३ | ३ | ३.५.१ | P3 |
| ४.१.८.९ | वडा स्तरमा कोल्ड स्टोर ( आधुनिक र परम्परागत दुबै), पशु उपचारका लागि प्रभिज, डिपिङ्ग ट्याङ्क र अन्य पुर्वाधार निर्माण । | २५।४ | ३ | ३ | ३.५.५ | P2 |

## ४.१.९ अपेक्षित उपलब्धि

आवधिक योजनाको मध्यावधिमा कृषि क्षेत्रको कुल गार्हस्थ उत्पादन रु. १५५.४१ करोड र अन्त्यमा १८६.४९ करोड पुग्नेअपेक्षा गरिएको छ। कृषि भूमिको उत्पादकत्व योजनाको अन्त्यमा १८० मे.ट.प्रति रोपनी पुग्छ । पशुपन्क्षी विमा १२.०१ प्रतिशत पुग्नेछ । प्रति व्यक्ति खाद्य उपलब्धता १८० कि.ग्रा. प्रतिवर्ष पुग्नेछ। गाउँपालिकाका सबै किसानमा कृषि तथा पशुसेवा प्रसारमा पहुँच हुनेछ।

## ४.२ उद्योग, व्यापार र आपूर्ति व्यवस्था

### ४.२.१ वर्तमान अवस्था

विविध प्रकारको माटो, हावापानी भएकाले तहगत कृषि तथा वन पैदावारको बजार विकास गर्न सकिने अवस्था छ । उद्योग, वाणिज्य तथा आपूर्ति प्रणालीको विकास सहज नभए पनि पूर्वाधार विकास सँगै उल्लेख्य प्रगति भएको छ । कपुरकोटमा उद्योग, वाणिज्य र व्यापार क्षेत्रको विकासले विस्तारै गति लिँदैछ । आवधिक योजना निर्माणको समयावधिसम्म ठूला उद्योगहरू सञ्चालनमा आउन सकेका छैनन् । यस गाउँपालिकाका विभिन्न स्थानमा साना र मझौला उद्योग सञ्चालनमा छन् । विशेष गरी रिट्ठा सङ्कलन केन्द्र, मिलहरू तथा कपुरकोटकै सामान्य स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरू सञ्चालनमा छन् । हालसम्म ५३० वटा व्यवसाय दर्ता भएर सञ्चालनमा रहेका छन् ।

कपुरकोट गाउँपालिकामा स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरू स्थापना हुनु, आर्थिक इकाइ स्थापना हुनु, गाउँपालिकाले नियमित रूपमा आर्थिक ऐनको संशोधन गर्नु, कृषि उपज भण्डारणका लागि कमसेकम एउटा मात्र भण्डारण केन्द्रको व्यवस्था गर्नु, सयौंको सङ्ख्यामा कृषक समूह गठन हुनु, सडक निर्माण प्राथमिकतामा पर्नुले यस क्षेत्रको विकासका लागि अनुकूल वातावरण सिर्जना भएको छ । यद्यपि स्थापित औद्योगिक क्षेत्रको स्तरोन्नति गरी उद्योग व्यवसायको दिगो विकास गरी वस्तु तथा सेवाको सहज आपूर्तिको सुनिश्चित गर्न विशेष योजनाका साथ अघि बढ्नुपर्ने आवश्यकता देखिन्छ ।

उद्योग धन्दालाई मुख्य आय आर्जनको स्रोत बनाउने महिलाहरूको सङ्ख्या ९८ छ भने औद्योगिक रोजगारमा पुरुषहरूको सङ्ख्या ५७ छ। उद्यम तथा व्यवसायमा संलग्न आदिवासी तथा जनजातिहरूको सङ्ख्या ४१ छ ।

### ४.२.२ प्रमुख समस्याहरू

पर्याप्त व्यावसायिक दक्ष जनशक्तिको अभाव, भौतिक पूर्वाधारको विकासको अभावमा गाउँपालिकाका सबै स्थानमा सहज आपूर्तिको व्यवस्था नहुनु, वस्तु भण्डारण स्थलको उत्तम व्यवस्थापन नहुनु, औद्योगिक लगानी आकर्षण गर्न नसक्नु, न्यून ग्रामीण वचत तथा लगानी, कतिपय व्यवसायहरू दर्ता नै नभइ सञ्चालन हुनु यस क्षेत्रका प्रमुख समस्याहरू हुन् ।

### ४.२.३ अवसर तथा चुनौतीहरू

पालिकामा औद्योगिक क्षेत्र तथा करिडोरको स्थापना हुनु, एउटा खानी क्षेत्रको पहिचान हुनु, दक्ष औद्योगिक जनशक्ति उत्पादन सङ्ख्यामा वृद्धि हुँदै जानु, पूर्वाधार क्षेत्रको विकासले गति लिनु, युवा तथा महिलामा औद्योगिक र व्यावसायिक क्रियाकलापमा सक्रियता बढ्दै जानु यस क्षेत्रका प्रमुख अवसरहरू हुन् । पर्याप्त मात्रामा लगानी भित्र्याउनु, शीतभण्डारको व्यवस्था गर्नु, दक्ष युवा पलायन रोक्नु, खानी उत्खनन गर्नु, क्रसर उद्योगको व्यवस्थापन गर्नु, सञ्चालित साना तथा ठूला उद्योगको दिगो रूपमा सञ्चालन हुने वातावरणको विकास गर्नु यस क्षेत्रका चुनौतीहरू हुन् ।

### ४.२.४ क्षेत्रगत सोच

भौतिक पूर्वाधारको विकास उद्योग, वाणिज्य तथा व्यापारको विकास ।

### ४.२.५ लक्ष्य

गाउँपालिकाको वाणिज्य तथा व्यापारको प्रवर्द्धन गर्ने ।

### ४.२.६ उद्देश्यहरू

१. उद्योग स्थापनाका लागि लगानी मैत्री वातावरण सिर्जना गर्नु ।
२. सहज व्यापारिक क्रियाकलाप विस्तारका लागि भौतिक पूर्वाधारको विस्तार तथा विकास गर्नु ।
३. पारदर्शी मूल्यमा वस्तु तथा सेवाको सहज आपूर्ति सुनिश्चित गर्नु ।
४. स्वतन्त्र बजार प्रणालीलाई प्रवर्द्धन गर्नु ।

### ४.२.७ रणनीति तथा कार्यनीतिहरू

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| १.स्थानीयमा वचत गर्ने प्रवृत्तिको विकास गरी लगानी अभिवृद्धि गर्ने । | १.स्थानीयको लगानी आकर्षणका लागि विविध योजना तथा स्किमहरू बनाई लागु गरिने छ ।<br>२.औद्योगिक क्षेत्रको स्तरोन्नति विकास गरिने छ । |
| २.औद्योगिक उत्पादनका बजारीकरणका लागि पूर्वाधारको विकास गर्ने । | १.स्थानीय स्रोतको उत्तम प्रयोगमार्फत् औद्योगिक विकास गरिने छ ।<br>२.खानी उत्खनन मार्फत गाउँपालिकाको आय वृद्धि गरिने छ । |
| ३.आवश्यक उपभोग्य सामाग्रीको निरन्तर उपलब्धताका लागि पारदर्शी आपूर्ति प्रणाली सुनिश्चित गर्ने | १.उपभोक्ता अधिकारको संरक्षणका लागि पारदर्शी आपूर्ति प्रणाली विकास गरिने छ ।<br>२.कालोबजारी तथा मिसावट लगायतका गलत व्यापारिक क्रियाकलापको अन्त्य गरिने छ । |

### ४.२.८ मुख्य कार्यक्रमहरू तथा कार्यान्वयन योजना

| आर्थिक क्षेत्र | | | | | | |
|---|---|---|---|---|---|---|
| योजना कोड | उपशीर्षक | योजना सामन्जस्यता | | | | योजना प्राथमिकता |
| | **उद्योग, व्यापार र आपूर्ति व्यवस्था** | मौलिकहक स. नं. | प.यो.रा.ल. सङ्केत नं. | प्रादेशिक योजना लक्ष्य सङ्केत नं. | गा.पा. को रणनीतिक संकेत नं. | |
| ४.२.८.१ | स्थानीय स्रोत परिचालनको लागि (दुना, टपरी, गुन्द्रुक, सिन्की, अचार, बाँसका सामाग्री, स्लेट कटिङग) शीप तथा प्रविधि हस्तान्तरण परियोजना | ३६।२ | ३ | ३ | ३.५.३ | P1 |
| ४.२.८.२ | स्थानीय स्रोतमा आधारित व्यवसाय विकासका लागि व्यवसायियक पूर्वाधार विकास कार्यक्रम | ३६।२ | ३ | ३ | ३.५.३ | P1 |
| ४.२.८.३ | गाँउपालिकाको समन्वयमा स्थानीय लगानी कर्ता वजार र आपूर्ति व्यवस्थापन कार्यक्रम | २५।४ | ३ | ३ | ३.५.१६ | P2 |

| आर्थिक क्षेत्र | | | | | | |
|---|---|---|---|---|---|---|
| योजना कोड | उपशीर्षक | योजना सामन्जस्यता | | | | योजना प्राथमिकता |
| | उद्योग, व्यापार र आपूर्ति व्यवस्था | मौलिकहक स. नं. | प.यो.रा. ल. सङ्केत नं. | प्रादेशिक योजना लक्ष्य सङ्केत नं. | गा.पा. को रणनीतिक संकेत नं. | |
| ४.२.८.४ | औद्योगिक वा व्यवसायिक बाली (सुन्तला, कागती, काफल, जुनार आदि) को शीप हस्तान्तरण , भण्डारण –शीतगृह र बजारीकरण प्रवर्द्धन कार्यक्रम | २५।४ | ३ | ३ | ३.५.८ | P3 |

### ४.२.९ अपेक्षित उपलब्धि

यस गाउँपालिकामा कुनै पनि औद्योगिक क्षेत्र तथा करिडोर स्थापना हुने छैनन्। अपेक्षित समयमा ३ प्रतिशत स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरूको स्थापना हुनेछ। स्थानीय उद्योग नीति निर्माण गरी लगानीको वातावरण सिर्जना भएको हुने छ।

## ४.३ श्रम तथा रोजगारी

### ४.३.१ वर्तमान अवस्था

कपुरकोट गाउँपालिकामा प्रशश्त उद्योग तथा व्यवसायको प्रर्वद्धन गरी श्रम तथा रोजगारी सिर्जना गर्ने प्रयास गरिएको छ। युवालाई स्वरोजगारमुखी सिप प्रदान गर्ने, सिपमूलक लघु उद्यम कार्यक्रम, उद्यमशीलता विकासका लागि प्रोत्साहन अनुदान एवं सहुलियत दरको ऋण प्रदान गर्ने व्यवस्था, औद्योगिक क्षेत्र विस्तारको योजना, आधुनिक कृषि तथा पशुपालन व्यवसायमा युवा तथा महिला संलग्नतालाई प्रोत्साहन, आय आर्जन तथा रोजगारी अभिवृद्धिका लागि पालिकाले गरिएका केही प्रशंसनीय कार्यहरू हुन्।

गाउँपालिकाको युवा जनशक्तिमध्ये २५३४ जना युवा बेरोजगार छन्। विदेशमा रहेका महिलाहरूको सङ्ख्या ३५ छ भने यस गाउँपालिकामा रहेका रोजगार महिलाहरूको सङ्ख्या १२५ जना छन्। विदेशबाट फर्किएका महिलाहरूको सङ्ख्या ३५ छ। युवा तथा महिला आधुनिक कृषि तथा पशुपालन व्यवसायमा संलग्न छन्। पूर्वाधार विकास, सिकर्मी, डकर्मी, साना व्यवसाय आदि क्षेत्रमा पालिकाभित्रै रोजगारीका अवसर उपलब्ध छन् तर गाउँपालिकामा अझै पनि बालश्रमका घटनाहरू छन्। पर्यटन, वन, पशु विकासजस्ता स्थानीय क्षमताका क्षेत्रहरूमा हुने अवसरको पूर्ण पहिचान गरी प्रयोग गर्नु आवश्यक छ।

### ४.३.२ प्रमुख समस्याहरू

समृद्ध गाउँपालिकाको निर्माणका लागि कपुरकोट गाउँपालिकामा विविध किसिमका प्रयासहरू गरिएको भए तापनि युवाको विदेश पलायन हुनु, बेरोजगार युवाको सङ्ख्या बढ्दै जानु, पुरुष सँगसँगै महिलाको पनि वैदेशिक रोजगारीमा जाने क्रम बढ्नु, अधिक रोजगारी सिर्जना गर्ने उद्योगको सङ्ख्या न्यून हुनु, दक्ष जनशक्तिको अभावमा पर्याप्त स्थानीय स्वरोजगारीका अवसर श्रृजना गर्न नसक्नुजस्ता समस्याहरू छन्।

### ४.३.३ अवसर तथा चुनौतीहरू

किशोर किशोरीलाई विद्यालयस्तरमै व्यावसायिक ज्ञान दिने व्यावहारिक प्रयासको गाउँपालिकाबाट थालनी हुनु, स्वरोजगारमुखी सिपको व्यवस्था, व्यावसायिक क्रियाकलापमा वृद्धि, शैक्षिक गुणस्तर वृद्धिको प्रयास, प्राविधिक शिक्षाको थालनी, सहकारीमा स्थानीयको बढ्दो पहुँच, यस क्षेत्रका अवसरहरू हुन् । सबै वर्ग र जातिलाई रोजगारीको सुनिश्चित गर्नु, सबै आर्थिक क्षेत्रको सन्तुलित विकास गर्नु, पर्याप्त अनुदान एवं ऋणको व्यवस्था गर्नु यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन् ।

### ४.३.४ क्षेत्रगत सोच

व्यावहारिक र व्यावसायिक शिक्षा मार्फत रोजगारीको सुनिश्चितता ।

### ४.३.५ लक्ष्य

दक्ष र सक्षम श्रमशक्तिको निर्माण गर्ने ।

### ४.३.६ उद्देश्यहरू

१. औद्योगिक क्षेत्रको विस्तार गरी स्थानीय स्तरमै रोजगारीको सिर्जना गर्नु ।
२. गुणस्तरीय शिक्षाको व्यवस्था गरी सिपयुक्त श्रमिकको निर्माण गर्नु ।

### ४.३.७ रणनीति तथा कार्यनीतिहरू

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| १.सबै वडामा औद्योगिक क्षेत्रको विकास गरी रोजगारीको सिर्जना गर्ने । | १.औद्योगिक क्षेत्रको निर्माणका लागि आवश्यक पूर्वाधारको निर्माण गरिने छ ।<br>२..व्यावसायिक गतिविधिलाई बढावा दिन सहुलियत ऋणको व्यवस्था मिलाइने छ ।<br>३. श्रमप्रधान उद्योग तथा विकास निर्माणका कार्यक्रमलाई प्राथमिकता दिइने छ । |
| २. विद्यालय तथा प्राविधिक शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने । | १.युवा तथा स्थानीयलाई स्वरोजगारीका लागि पर्याप्त तालिमको व्यवस्था गरिने छ ।<br>२.प्राविधिक शिक्षाको पहुँच विस्तार गरी प्राविधिक जनशक्तिको निर्माण गरिने छ । |

### ४.३.८ मुख्य कार्यक्रमहरू तथा कार्यान्वयन योजना

| आर्थिक क्षेत्र | | | | | | |
|---|---|---|---|---|---|---|
| योजना कोड | उपशीर्षक | योजना सामन्जस्यता | | | | योजना प्राथमिकता |
| | श्रम तथा रोजगारी | मौलिकहक स. नं. | प.यो.रा. ल. सङ्केत नं. | प्रादेशिक योजना लक्ष्य सङ्केत नं. | गा.पा. को रणनीतिक संकेत नं. | |
| ४.३.८.१ | साना किसान तथा न्यून आय भएका नागरिकहरूका | ३३।१ | २ | २ | ३.५.३ | P1 |

| आर्थिक क्षेत्र | | | | | | |
|---|---|---|---|---|---|---|
| योजना कोड | उपशीर्षक | योजना सामन्जस्यता | | | | योजना प्राथमिकता |
| | श्रम तथा रोजगारी | मौलिकहक स. नं. | प.यो.रा. ल. सङ्केत नं. | प्रादेशिक योजना लक्ष्य सङ्केत नं. | गा.पा. को रणनीतिक संकेत नं. | |
| | लागि आंशिक रोजगार कार्यक्रम | | | | | |
| ४.३.८.२ | स्थानीय उत्पादन लक्षित मूल्य शृङ्खला प्रवर्द्धन कार्यक्रम | ३३।२ | २ | २ | ३.५.८ | P3 |
| ४.३.८.३ | पालिकास्तरको श्रम सहकारी (labour bank) मार्फत् श्रम परिचालन कार्यक्रम | ३४।१ | २ | २ | ३.५.३ | P1 |
| ४.३.८.४ | गाँउपालिकाबाट श्रमका लागि बाहिरिने युवाहरूका लागि (स्वदेश विदेश दुवै) सुरक्षित आप्रवासन (Safer Migration) कार्यक्रम | ३४।१ | २ | २ | ३.५.३ | P2 |
| ४.३.८.५ | टोल, वडा र पालिकास्तरको कृषि सञ्जालीकरण (कृषि उपज सङ्कलन, कृषि साधन वितरण बाली परीक्षण स्थल निर्माण) परियोजना | ३३।२ | २ | २ | ३.५.१ | P1 |

### ४.३.९ अपेक्षित उपलब्धि

आवधिक योजनाको अन्त्यमा युवा बेरोजगारको सङ्ख्या घटेर ० प्रतिशतमा सीमित हुनेछ। बालश्रमको अन्त्य हुनेछ। महिला श्रम सहभागिता दर प्रतिशत पुग्नेछ। शोषणरहित श्रम गर्ने वातावरण बन्नेछ।

## ४.४ वित्तीय व्यवस्था, सहकारी तथा गरिबी निवारण

### ४.४.१ वर्तमान अवस्था

बैंक, वित्तीय संस्था र सहकारी आर्थिक क्रियाकलापलाई बढावा दिई आय आर्जनको अवसर सिर्जना गर्ने भरपर्दा माध्यम हुन्। कपुरकोट गाउँपालिकामा सबै प्रकारका व्यवसायहरू ५३० वटा छन्। कृषक समूहहरू ७२ वटा छन्। यस्ता समूहहरूबाट हुने वित्तीय करोवारको परिमाण थाहा हुन नसके पनि स्थानीय समुदायमा यसले स्पष्ट आकार लिएको छ। बैंक तथा सहकारीको सबै वर्ग, क्षेत्र र समुदायमा पहुँच पुऱ्याउनका लागि विशेष पहल गर्नुपर्ने आवश्यकता देखिन्छ।

### ४.४.२ मुख्य समस्याहरू

स्थानीय समुदायको वित्तीय पहुँच बढेको भए पनि कृषि, पशुपालन, कृषि तथा स्थानीय स्रोतमा आधारित व्यवसायमा जाने लगानी प्रभावकारी छैन। कृषक, बचत तथा महिला समूहले गाउँपालिकामा बचतको विकास तथा लगानी प्रवर्द्धनमा भूमिका निर्वाह गरेका भए तापनि पिछडिएका वर्ग र क्षेत्रमा वित्तीय पहुँच विस्तार गर्न सकिएको छैन ।

बैंक तथा सहकारी तथा कृषक समूहले वित्तीय क्रियाकलापलाई थप बढावा दिइरहेका भए तापनि कृषि तथा सडक पूर्वाधारको अभावमा वित्तीय असुरक्षा कायमै देखिन्छ। वित्तीय साक्षरताको कमीले गर्दा आशातीत रूपमा वित्तीय क्रियाकलाप फस्टाउन सकेका छैनन् । सहकारीको लगानीलाई उत्पादनशील क्षेत्रमा लगाउनु, सहकारी आवद्ध व्यवसायिक गतिविधिको प्रवर्द्धन गर्न नीतिगत आधार कमजोर छ।

### ४.४.३ अवसर तथा चुनौतीहरू

गाउँपालिकामा स्थानीय नीति तथा नियम निर्माणको चरणमा हुनु, स्थानीय संघसंस्थाको क्षमता विकास हुनु, उद्योग तथा व्यवसायको आकार बढ्नु, कृषि क्रियाकलापमा वृद्धि हुनु, यस क्षेत्रका अवसरहरू हुन् । वित्तीय लगानीको सुरक्षा सुनिश्चित गर्नु, स्थानीय सहकारीलाई व्यवस्थित गर्नु, पिछडिएका वर्गमा वित्तीय पहुँच बढाउनु यस क्षेत्रका चुनौतीहरू हुन्।

### ४.४.४ क्षेत्रगत सोच

प्रभावकारी वित्तीय साक्षरतामार्फत् वित्तीय पहुँच विस्तार ।

### ४.४.५ लक्ष्य

गाउँपालिकामा वित्तीय गतिविधि विस्तार गर्ने ।

### ४.४.६ उद्देश्यहरू

१. गाउँपालिकाका सबै वडामा वित्तीय संस्थाको पहुँच विस्तार गर्नु ।
२. गाउँपालिकामा बचत तथा लगानी वृद्धिको वातावरण सिर्जना गर्नु ।

### ४.४.७ रणनीति तथा कार्यनीतिहरू

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| १.सबै वडामा औपचारिक वित्तीय सेवा विस्तार गर्न प्रेरित गर्ने । | १. गाउँपालिकाका सबै वडामा वित्तीय सुविधाको विस्तार गरिने छ ।<br>२. स्थानीय उत्पादनको बजारीकरण गर्न गाउँपालीका-समुदाय साझेदारी कार्यक्रम सञ्चालन गरिने छ<br>३. सहकारीको पहुँच परिवार सङ्ख्या बढाइने छ । |
| २.गाउँपालिका बासीमाझ बचत प्रवृत्तिको विकास गरी लगानी प्रवर्द्धन गर्न । | १. वित्तीय साक्षरता अभियान सञ्चालन गरी गाउँपालिका वासीमाझ बैंक, सहकारी तथा वित्तीय संस्थाको महत्त्वबारे चेतना वृद्धि गरिने छ । |

| | |
|---|---|
| | २. सहकारी तथा बैंकिङ ज्ञानको प्रसार गरिने छ।<br>३.बचत प्रवृत्तिको विकासका लागि स्थानीय महिला तथा कृषक समूहलाई परिचालन गरिने छ। |

### ४.४.८ मुख्य कार्यक्रमहरू तथा कार्यान्वयन योजना

| आर्थिक क्षेत्र | | | | | | |
|---|---|---|---|---|---|---|
| योजना कोड | उपशीर्षक | योजना सामन्जस्यता | | | | योजना प्राथमिकता |
| | वित्तीय व्यवस्था, सहकारी तथा गरिबी निवारण | मौलिकहक स. नं. | प.यो.रा. ल. सङ्केत नं. | प्रादेशिक योजना लक्ष्य सङ्केत नं. | गा.पा. को रणनीतिक संकेत नं. | |
| ४.४.८.१ | ापालिका क्षेत्रमा सञ्चालनमा रहेका सबै प्रकारका वित्तस्य संस्था तथा समूहहरूलाई पालिकाले तोकेको मापदण्डभित्र राखी नियमित गर्ने कार्यक्रम | १८ | ९ | ९ | ३.५.१७ | P1 |
| ४.४.८.२ | स्थानीय स्रोत परिचालन, रोजगारी सिर्जना र सहकारितामा आधारित आय आर्जन कार्यक्रम | १८ | ९ | ९ | ३.५.१७ | P2 |
| ४.४.८.३ | गाउँपालिका र वित्तीय संस्थाको साझेदारीमा लघु उद्यम विकास कार्यक्रम | २५ | ६ | ६ | ३.५.१७ | P1 |
| ४.४८.४ | विपन्नसँग सहकारी परियोजना | ३७ | १ | १ | ३.५.१७ | P3 |

### ४.४.९ अपेक्षित उपलब्धि

योजनाको अन्त्यमा रु. १३७ करोड निक्षेप सङ्कलन तथा रु. १६७ करोड ऋण परिचालन हुनेछ। थप १५ वटा कृषि सहकारी तथा ५ वटा महिला सहकारीको स्थापना हुनेछ। सहकारीताको माध्यमबाट उद्यम व्यवसाय प्रवर्द्धन भएको हुने छ।

## ४.५ स्थानीय तथा पर्यापर्यटन

### ४.५.१ वर्तमान अवस्था

स्थानीय अर्थतन्त्र जनजीविका, रोजगारी, जीवनशैली आदिमा पर्यटन गतिविधिले प्रत्यक्ष पार्छ (विटन, २००६)। पर्यटनले स्थानीय समुदायलाई पूर्वाधार निमार्ण वातावरण सरक्षण महिला संशक्तीकरण, स्रोत पहिचानजस्ता कार्यमा लाग्न अभिप्रेरित र जिम्मेबार बनाउने गर्छ (टेफलर र साफले, २००९) । कपुरकोट गाउँपालिका नदी, दर्जनभन्दा बढी सानाठूला खोला, विभिन्न रमणीय स्थलहरू, पार्क, आदिको यहाँका अथवा पालिका तथा स्थानीय समुदायले यी स्थलहरूको वा अवसरहरूको पूर्ण उपभोग गर्न सकेका छैनन्।

पर्यटनको प्रवर्द्धन गरी समुदायमा आय आर्जन तथा रोजगारीको सिर्जना गर्न सकिन्छ तर गाउँपालिकामा पर्यटन क्षेत्रको व्यवस्थित विकास हुन नसकेकोले पर्यटन क्षेत्रबाट गाउँपालिकावासीले खासै लाभ लिन सकेका छैनन्। सार्वजनिक स्थल, मठ मन्दिरले चर्चेको जमिन, जात्रा, पर्व र मनोरञ्जनमा प्रयोग हुँदै आएका खालीठाउँ, संरक्षित वनक्षेत्रजस्ता सामुदायिक प्रयोजनमा आउन सक्ने

स्थलहरू छन् तर यस्ता ठाउँहरू पर्यटन प्रयोजनमा आएका छैनन् । विद्यमान अवस्थामा होटल, होमस्टे, तथा खाजाघर दर्ता भई सञ्चालनमा रहेका छन् । भाषा, साहित्य, कला र संस्कृतिसँग सम्बन्धित संग्रालयहरूलाई पर्यटनमैत्री बनाउन सकिएको छैन ।

### ४.५.२ प्रमुख समस्याहरू

गाउँपालिकामा पर्यटन सूचना केन्द्रको व्यवस्था नहुनु, गाउँपालिकामा भएका पार्क तथा रमणीय स्थलहरूको उचित व्यवस्थापन नहुनु, धार्मिक पर्यटनको प्रवर्द्धन हुन नसक्नु, पर्यटकीय स्थलको प्रचारप्रसारमा कमी, ट्रेकिङ स्थलको निर्माण नहुनुजस्ता समस्याको समाधान गरी उपलब्ध प्राकृतिक एवं सांस्कृतिक सम्पदाको संरक्षणमार्फत् पर्यटनलक्षित आर्थिक क्रियाकलाप वृद्धि गर्नुपर्ने आवश्यकता देखिन्छ ।

### ४.५.३ अवसर तथा चुनौतीहरू

सांस्कृतिक समूहहरूको सक्रियता, धार्मिक संस्थाहरूको संगठनात्मक प्रवर्द्धन, परम्परागत तथा सांस्कृतिक समूह गठन, सूचना प्रविधिको विकासक्रमले धार्मिक पर्यटन प्रवर्द्धनको सम्भावनालाई दर्शाउँदछ । गाउँपालिकासँगै जोडिएका अन्य स्थानमा पर्यटकीय स्थलको निर्माण हुने क्रम बढ्नु, स्थानीयवासीमा पर्यटन क्षेत्रको रूपमा कपुरकोट गाउँपालिकालाई विकास गर्नुपर्दछ भन्ने भावनाको विकास हुनु, सडक सञ्जालको विस्तार हुँदै जानुले यहाँको पर्यटन निश्चित आकार बन्ने अवस्था छ तर पर्यटन क्षेत्रमा आवश्यक दक्ष जनशक्तिको उत्पादन गर्नु, पर्यटन क्षेत्रमा लगानी बढाउनु, पर्यटकीय स्थलको स्तरोन्नति गर्नु, आवश्यक भौतिक पूर्वाधारको निर्माण गर्नु यस क्षेत्रका चुनौतीहरू हुन् ।

### ४.५.४ क्षेत्रगत सोच

समृद्ध अर्थतन्त्रका लागि पर्यटन ।

### ४.५.५ लक्ष्य

पर्यटनको विकास गरी ग्रामीण अर्थतन्त्र सुदृढ गराउने ।

### ४.५.६ उद्देश्यहरू

१. पर्यटन पूर्वाधारको निर्माण गरी पर्यटक आकर्षण गर्नु ।
२. पर्यटन प्रवर्द्धनमार्फत् रोजगारी सिर्जना गर्नु ।

### ४.५.७ रणनीति तथा कार्यनीतिहरू

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| १.पर्यटन स्थललाई आकर्षक बनाउन आवश्यक शैक्षिक, सांस्कृतिक तथा भौतिक पूर्वाधारको विकास निर्माण गर्ने । | १.स्मरण योग्य पर्यटकीय गन्तव्यका लागि ट्रेकिङ रुट लगायतका पूर्वाधारको विकास गरिने छ ।<br>२.सम्भावित धार्मिक पर्यटन स्थलको स्तरोन्नति गरिने छ । |

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| | ३. दक्ष शैक्षिक जनशक्ति उत्पादन गरी स्तरीय पर्यटन सेवाको विस्तार गरिने छ। |
| २.धार्मिक एवं प्राकृतिक पर्यटनको विकासमार्फत् रोजगारीको सिर्जना गर्ने। | १.वनसम्पदाको संरक्षण मार्फत पर्यटन क्षेत्रको विस्तार गरिने छ।<br>२.प्राचीन सम्पदा संरक्षण गरी पर्यटनको प्रवर्द्धन गरिने छ। |

## ४.५.८ मुख्य कार्यक्रमहरू तथा कार्यान्वयन योजना

| योजना कोड | उपशीर्षक | योजना सामन्जस्यता | | | | योजना प्राथमिकता |
|---|---|---|---|---|---|---|
| | स्थानीय तथा पर्यापर्यटन | मौलिकहक स. नं. | प.यो.रा. ल. सङ्केत नं. | प्रादेशिक योजना लक्ष्य सङ्केत नं. | गा.पा. को रणनीतिक संकेत नं. | |
| ४.५.८.१ | कपुरकोट गा.पा. को अन्तरपालिका आतिथ्य परियोजना (अतिथि सत्कार (Home Stay) कार्यक्रम | ३७।१ | ५ | ५ | ३.५.११ | P2 |
| ४.५.८.२ | एक वडा एक सास्कृतिक क्लव ( स्थानीय परिकार, बाद्यवादनका सामाग्री, पोसाक, औजार, हाते सामान उत्पादन) कार्यक्रम | ३७।१ | ५ | ५ | ३.५.३ | P2 |
| ४.५.८.३ | जैविक विविधता र भु सौन्दयीकरण (प्राकृतिक उधान मनोरञ्जन स्थल, सांस्कृतिक पूर्वाधार ) परियोजना | ३७।१ | ५ | ५ | ३.५.१३ | P3 |
| ४.५.८.४ | पर्यटनका दृष्टिले ऐतिहासिक, सास्कृतिक र प्राकृतिक स्थलहरूले संरक्षण र विकास कार्यक्रम | ३७।१ | ५ | ५ | ३.५.१३ | P1 |
| ४.५.८.५ | पर्यटन प्रवर्द्धनका लागि विद्यालय शिक्षा कार्यक्रम | ३७।१ | ५ | ५ | ३.५.१३ | P1 |
| ४.५.८.६ | गाउँपालिकाको होटेल, यातायात, सांस्कृतिक समूह, कला साहित्य, सञ्चार, शिक्षण संस्था सवलीकरण संञ्जालीकरण कार्यक्रम | ३७।१ | ५ | ५ | ३.५.११ | P1 |

## ४.५.९ अपेक्षित उपलब्धि

आवधिक योजनाको अन्त्यमा थप ११ वटा होमस्टेको स्थापना हुनेछन्। मन्दिर, गुफा तथा प्राकृतिक क्षेत्रको संरक्षण हुनेछ। पर्यटन स्थलको विकास तथा निर्माण गरी पर्यटन क्षेत्रको संवर्द्धनमा जनसहभागिता जुटाउन सकेमा गरिबीको अन्त्य गर्ने दिगो विकासको लक्ष्य प्राप्तिमा टेवा पुग्नेछ।

## ५.१ शिक्षा

### ५.१.१ वर्तमान अवस्था

शिक्षा सामाजिक आर्थिक रूपान्तरणको प्रमुख माध्यम हो । शिक्षाले मानवीय क्षमता अभिवृद्धि गरी जीवनपद्धतिलाई उत्कृष्ट बनाउन सहयोग गर्दछ। गुणस्तरीय जीवनयापनको आधार पनि शिक्षा नै हो । कपुरकोट गाउँपालिकाले सीमित स्रोत साधनका वाबजुत शिक्षा विकासमा यथासक्य प्रयास गरेको छ। फलस्वरूप गाउँपालिकाको साक्षरता दर उच्च छ।  पालिकामा माध्यमिक तथा निम्न माध्यमिक विद्यालय रहेका, गाउँपालिकाका कतिपय विद्यालयमा कम्प्यूटर ल्याव र विज्ञान ल्यावको समेत व्यवस्था रहेको छ।

विद्यालयको सुदृढीकरणका लागि विद्यालय सबलीकरण कार्यक्रम सञ्चालन गरिएको छ। कपुरकोट गाउँपालिकामा भएका कूल विद्यालयमध्ये जम्मा १६ वटा विद्यालयमा खानेपानीको सुविधा छ भने तथा बालमैत्री पूर्वाधारको निर्माण गरिएका विद्यालयको सङ्ख्या २ प्रतिशत छ। कक्षा १ देखि निरन्तर कक्षा ८ सम्म पूरा गर्ने विद्यार्थीको दर ८४ प्रतिशत छ। मध्यकालीन लक्ष्य अनुसार यो दर ९० प्रतिशत पुग्ने छ। माध्यमिक तहको शैक्षिक जनशक्तिमा महिलाको सहभागिता दर ११.६७ प्रतिशत छ। गाउँपालिकामा प्राविधिक तथा व्यावसायिक शिक्षाको सुरुवात गरी व्यवसायिक शिक्षालाई प्रवर्द्धन गर्ने प्रयास गरिएको छ।

कपुरकोट गाउँपालिकामा किशोर किशोरीहरूलाई लक्षित गरी सञ्चालन गरिएका शिक्षाका विविध कार्यक्रमहरू सञ्चालन भएका छन् भने गाउँपालिकाको साक्षरता दर ९२.४४ प्रतिशत छ। आधारभूत तहको खुद भर्नादर ९७.४ प्रतिशत छ भने माध्यमिक तहको खुद भर्नादर ४५.१ प्रतिशत छ। कपुरकोटमा गाउँपालिकामा उच्च शिक्षाका लागि एउटा क्याम्पस छ भने माध्यमिक विद्यालय ५ वटा र बालमैत्री शौचालय भएको विद्यालय सङ्ख्या ५ वटा छन्।

### ५.१.२ प्रमुख समस्याहरू

कम्प्युटर ल्याब तथा विज्ञान ल्याब एवम् पुस्तकालय भएको विद्यालय कम हुनु, गाउँपाालिकामा विपन्न वर्ग, बालबालिका एवम् युवा तथा महिलाको क्षमता विकासका लागि ठोस दीर्घकालीन योजना नबन्नु, सामुदायिक विद्यालयको कमजोर शैक्षिक गुणस्तर, विद्यार्थीका लागि आवश्यक आधारभूत सुविधाको विद्यालयमा उपलब्धता नहुनु, अझै पनि सबै विद्यालयमा बाल एवम् अपाङ्गमैत्री पूर्वाधारको निर्माण नहुनु यस क्षेत्रका प्रमुख समस्याहरू हुन्।

### ५.१.३ अवसर तथा चुनौतीहरू

वैकल्पिक शिक्षा प्रवर्द्धनका लागि गाउँपालिकाले वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७५ तयार गरिनु,  विविध प्राविधिक शिक्षालयको स्थापना हुनु, विद्यालय सवलीकरण कार्यक्रमको सञ्चालन, शिक्षक शिक्षिकाको क्षमता विकास तालिमको व्यवस्था, अपाङ्गता भएका विद्यालय उमेरका बालबालिकाको शिक्षामा पहुँचमा वृद्धि हुनु, पिछडिएको समुदाय र आर्थिक रूपमा विपन्नलाई उच्च शिक्षामा पहुँचका लागि सहयोग बढ्दै जानु, विद्यालयहरूको गुणस्तरमा वृद्धि हुँदै

जानु यस क्षेत्रका प्रमुख अवसरहरू हुन् । विद्यालय नगएका बालबालिकालाई विद्यालय शिक्षामा समाहित गर्नु, आधुनिक शिक्षण विधिलाई प्रयोगमा ल्याउनु, आवश्यक विद्यालय पूर्वाधारको निर्माण गर्नु, दक्ष युवा जनशक्तिको उत्पादन गर्नु, उच्च शिक्षा प्राप्त जनशक्तिको सङ्ख्या वृद्धि गर्नु यस क्षेत्रका चुनौतीहरू हुन् ।

### ५.१.४ क्षेत्रगत सोच

शैक्षिक विकासमार्फत जीवनयापनमा सुधार ।

### ५.१.५ लक्ष्य

दक्ष र सिर्जनशील शैक्षिक जनशक्तिको विकास गरी ग्रामीण जीवनयापनमा सुधार ल्याउने ।

### ५.१.६ उद्देश्यहरू

१. शिक्षालाई ग्रामीण विकासको आधार बनाउनु ।
२. समुदायमा निरन्तर सिकाइलाई प्रोत्साहन गर्नु ।
३. क्षमता विकासमार्फत दक्ष जनशक्तिको उत्पादन गर्नु ।

### ५.१.७ रणनीति तथा कार्यनीतिहरू

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| १. गुणस्तरीय शिक्षाको विस्तारमार्फत दक्ष जनशक्तिको उत्पादन गरी आर्थिक क्रियाकलापमा वृद्धि गर्ने । | १.विद्यालय शिक्षाको गुणस्तर वृद्धि गरिने छ ।<br>२.प्राविधिक शिक्षाको विस्तारमार्फत दक्ष प्राविधिकको निर्माण गरिने छ । |
| २.उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीको सङ्ख्यामा वृद्धि गरी समुदायमा निरन्तर सिकाइलाई प्रोत्साहन गर्ने । | १. गाउँपालिकामै उच्च शिक्षा अध्ययन अध्यापनको व्यवस्था गरिने छ ।<br>२.उच्च शिक्षा अध्ययन गर्नेलाई पुरस्कृत गरिने छ । |
| ३.शिक्षा मार्फत दलित, अपाङ्ग, महिला तथा युवाको क्षमता विकास गर्ने । | १.लक्षित समुदायको क्षमता विकासमार्फत स्वरोजगारलाई प्रोत्साहन गरिने छ ।<br>२.आधुनिक शिक्षण विधिको प्रयोग गरी विद्यालय शिक्षाप्रति आकर्षण बढाइने छ ।<br>३.गाउँ, वडा, नगर शिक्षा समितिलाई थप प्रभावकारी बनाइ नमुना विद्यालयको स्थापना गरिने छ । |

## ५.१.८ मुख्य कार्यक्रमहरू तथा कार्यान्वयन योजना

| सामाजिक क्षेत्र | | | | | | |
|---|---|---|---|---|---|---|
| योजना कोड | उपशीर्षक | योजना सामन्जस्यता | | | | योजना प्राथमिकता |
| | शिक्षा | मौलिकहक स. नं. | प.यो.रा.ल. सङ्केत नं. | प्रादेशिक योजना लक्ष्य सङ्केत नं. | गा.पा. को रणनीतिक संकेत नं. | |
| ५.१.८.१ | अनौपचारिक शिक्षामार्फत ( सचेतना, समन्वय सम्बन्ध विस्तार अन्तरविद्यालय सञ्जालीकरण) गाँउपालिकाको विद्यालय शिक्षा सवलीकरण कार्यक्रम | ३१।२ | २ | २ | ३.५.४ | P1 |
| ५.१.८.२ | सुरक्षित स्रोत साधन सम्पन्न र प्रविधिमैत्री विद्यालय शिक्षाका लागि पालिका अध्यक्ष विद्यालय शिक्षा सुधार योजना | ३१।१ | २ | २ | ३.५.४ | P1 |
| ५.१.८.३ | स्थानीय भूगोल रहनसहन कला संस्कृति जैविक विविधता, स्थानीय शासन प्रणाली आदि विषयवस्तुसहित स्थानीय सेवा तथा प्रशासन बारेको पाठ्यक्रम विकास र प्रयोग | ३१।१ | २ | २ | ३.५.४ | P2 |
| ५.१.८.४ | स्तरीय विद्यालय शिक्षाका लागि विद्यालय संरचना सुधार योजना | ३१।२ | २ | २ | ३.५.४ | P2 |
| ५.१.८.५ | अनौपचारिक शौक्षिक कार्यक्रममार्फत नव प्रवर्तनीय विद्यालय शिक्षा कार्यक्रम | ३१।२ | २ | २ | ३.५.४ | P2 |
| ५.१.८.६ | विद्यालय शिक्षामा विज्ञान, पर्यावरण र सूचना प्रविधि प्रयोग कार्यक्रम | ३१।२ | २ | २ | ३.५.४ | P1 |
| ५.१.८.७ | विद्यालय शिक्षा सहजीकरण परियोजना (आवास, छात्रवृत्ति, पोशाक, यातायात, शौक्षिक सामाग्री, तालिम आदि) | ३१।२ | २ | २ | ३.५.४ | P3 |
| ५.१.८.८ | सामुदायिक सिकाई केन्द्रको सहजीकरणमा बिद्यालय शिक्षा सुधार परियोजना | ३१।२ | २ | २ | ३.५.४ | P3 |
| ५.१.८.९ | फरक क्षमता भएका बालबालिकाहरुका लागि मनोपरामर्श, बिद्यालय स्वास्थ्य कार्यक्रम र असहाय तथा बिपन्न बिद्यार्थी सहायता कार्यक्रम | ३१।२ | २ | २ | ३.५.४ | P1 |
| ५.१.८.१० | जेहन्दार बिद्यार्थीहरुका लागि क्षमता प्रष्फुटन प्रोत्साहन कार्यक्रम र | ३१।२ | २ | २ | ३.५.४ | P3 |

| सामाजिक क्षेत्र | | | | | | |
|---|---|---|---|---|---|---|
| योजना कोड | उपशीर्षक | योजना सामन्जस्यता | | | | योजना प्राथमिकता |
| | शिक्षा | मौलिकहक स. नं. | प.यो.रा. ल. सङ्केत नं. | प्रादेशिक योजना लक्ष्य सङ्केत नं. | गा.पा. को रणनीतिक संकेत नं. | |
| ५.१.८.११ | छनौटमा परेका सामुदायिक विद्यालयलाई आवासीय सुबिधा र कक्षा निरन्तरताका लागि  बस सेवा सञ्चालन | ३१।२ | २ | २ | ३.५.४ | P1 |
| ५.१.८.१२ | विद्यालय बाहिरका किशोर किशोरीहरुका लागि विशेष शिक्षा कार्यक्रम | ३१।२ | २ | २ | ३.५.४ | P3 |
| ५.१.८.१३ | पलिका स्तरीय शैक्षिक जनशक्ति, शैक्षिक पुर्वाधार र विद्यालय शिक्षा सुधार परियोजना मार्फत विद्यालय पुनरसम्रचना, दरबन्दी मिलान, उत्कृष्ट शिक्षक विद्यार्थी प्रोत्साहन, कक्षा ५ र ८ को पालिका स्तरीय एकिकृत परीक्षा प्रणाली, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक समन्वय समिति आदिको लागि क्षमता विकास तालिम | ३१।२ | २ | २ | ३.५.४ | P2 |

### ५.१.९ अपेक्षित उपलब्धि

आवधिक योजनाको अन्त्यमा साक्षरता युक्त (९९ प्रतिशत) गाउँपालिकाको पहिचान स्थापित हुनेछ। सबै बालबालिका विद्यालयको पहुँचभित्र हुनेछन्। थप सामुदायिक सिकाइ केन्द्र स्थापना तथा सञ्चालन हुनेछन्। सबै विद्यालयमा बालमैत्री पूर्वाधार तथा खानेपानी सुविधाको विस्तार हुनेछ। थप विद्यालयमा विज्ञान तथा कम्प्यूटर ल्याबको व्यवस्था हुनेछ। समावेशी तथा गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने दिगो विकासको लक्ष्य प्राप्तिका लागि गाउँपालिकामा प्राविधिक शिक्षाको व्यवस्था गर्ने, आधुनिक शिक्षण विधिको प्रयोग गर्ने तथा समयानुकुल शिक्षा नीतिको तर्जुमा गरी लागु भएको हुने छ।

## ५.२ स्वास्थ्य, पोषण तथा खाद्य सुरक्षा

### ५.२.१ वर्तमान अवस्था

पोषणयुक्त खानपान, स्वच्छ खानेपानी एवम् सरसफाइ स्वस्थ जीवनको आधार हो। स्वस्थ जीवनको लागि निरन्तररूपमा पोषणयुक्त खाद्यवस्तुको उपलब्धता हुनु आवश्यक हुन्छ। गाउँपालिकामा उत्पादित

कृषि उपजले सबै घरधुरीलाई वर्षभर खान पुग्ने अवस्था छैन । रासायनिक मलको प्रयोगले स्वास्थवर्द्धक खाद्य पदार्थको उत्पादनमा चुनौती सिर्जना गरेको छ । यद्यपि गाउँपालिकाका स्वास्थ्य सूचकहरू सुधारका क्रममा रहेका छन् । अधिकांश महिलाले स्वास्थ्य सेवासुविधाको उपभोग गरेका छन् ।

कपुरकोट गाउँपालिकामा ९३.११ प्रतिशत अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य सुविधामा पहुँच पुगेको छ । प्रसुति र गर्भवती जाँचको सेवा लिने महिलाको सङ्ख्या ९४.७१ प्रतिशत  छ भने ९९.५८ प्रतिशत महिलाहरूले सुत्केरी सुविधा उपभोग गरेका छन् । दक्ष स्वास्थ्यकर्मीबाट प्रसुति सेवा लिने महिलाको सङ्ख्या ९१.४३ प्रतिशत  छ ।

गाउँपालिकावासीको औसत आयु  ६५ वर्ष पुगेको छ । पोषणको जाँच गराएका बालबालिकाहरू ९४.०९ प्रतिशत छन् । पुड्कोपन भएका बालबालिका  १३.४१  प्रतिशत छन् । स्वस्थ खानपान, खाद्य सुरक्षा र समग्र स्वास्थ्य क्षेत्रको सुधारका लागि गाउँपालिकाले अझै ठोस योजना बनाई कार्यान्वयन गर्नुपर्ने आवश्यकता देखिन्छ ।

### ५.२.२ प्रमुख समस्याहरू

बालबालिका निमोनियाबाट ग्रसित हुने क्रममा कमी नआउनु, ५ वर्ष मुनिका बालबालिकामा झाडापखालाको दर उच्च हुनु, दक्ष स्वास्थ्यकर्मीको अभाव हुनु, स्वास्थ्य चौकीको बिस्तार नहुनु, सडक तथा यातायातको व्यवस्थित विकास नहुनु यस क्षेत्रका प्रमुख समस्याहरू हुन् ।

### ५.२.३ अवसर तथा चुनौतीहरू

महिला, अपाङ्ग, ज्येष्ठ नागरिकले ग्रामीण स्वास्थ्य सुविधा लिनेक्रम बढ्नु, पशुजन्य एवम् कृषि उत्पादनमा वृद्धि हुनु, यातायात सुविधाको विकासले गति लिनु, स्वास्थ्य क्षेत्रमा जनशक्ति उत्पादन हुने क्रम बढ्नु यस क्षेत्रका अवसरहरू हुन् । निमोनिया र झाडापखालाको दर न्यूनीकरण गर्नु, कम तौल भएका बालबालिकाको सङ्ख्या घटाउनु, पोषणयुक्त खाद्यपदार्थको सहज आपूर्तिको व्यवस्था मिलाउनु, स्वास्थ्यसंस्थाको गुणस्तर वृद्धि गर्नु यस क्षेत्रका चुनौतीहरू हुन् ।

### ५.२.४ क्षेत्रगत सोच

आधारभूत स्वास्थ्य सेवाको विस्तार समृद्धिको आधार ।

### ५.२.५ लक्ष्य

स्वस्थ, दक्ष र प्रतिस्पर्धी नागरिकको उत्पादन गरी आर्थिक विकासमा योगदान पुऱ्याउने ।

### ५.२.६ उद्देश्यहरू

१. शिक्षालाई ग्रामीण विकासको आधार बनाउनु ।
२. समुदायमा निरन्तर सिकाइलाई प्रोत्साहन गर्नु ।
३. क्षमता विकासमार्फत दक्ष जनशक्तिको उत्पादन गर्नु ।

## ५.२.७ रणनीति तथा कार्यनीतिहरू

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| १.स्वास्थ्य संघसंस्थाको गुणस्तर वृद्धि गरी प्रभावकारी स्वास्थ्य सेवाको विस्तार गर्ने । | १.स्वास्थ्य चौकीको स्तरोन्नती गरिने छ ।<br>२. अनिवार्य स्वास्थ्यबिमा कार्यक्रम लागु गरी गाउँपालिकावासीको स्वास्थ्य लागत घटाइने छ । |
| २.बालबालिका र महिलाको स्वास्थ्यमा पहुँच विस्तार गर्ने । | १. उपचार कोष मार्फत असहाय एवं विपन्न वर्गको उपचारमा सहयोग गरिने छ ।<br>२.बालबालिका तथा महिला स्वास्थ्य सूचना केन्द्रको स्थापनामार्फत महिला बालिबालिकाको स्वास्थ्यमा सुधार ल्याइने छ । |
| ३.पोषणयुक्त खानेकुराको उत्पादनमा आत्मनिर्भर बन्ने । | १.कृषि उपज उत्पादनमा आत्मनिर्भर बनाइने छ ।<br>२.स्वास्थ्य क्षेत्रका लागि आवश्यक जनशक्तिको उत्पादन गरिने छ ।<br>३.ग्रामीण सडकको सुधारमार्फत स्वास्थ्य सेवाको पहुँच विस्तार गरिने छ ।<br>४.प्राङ्गारिक मलको प्रयोग गरी विषादीमुक्त कृषि उपज उत्पादन वृद्धि गरिने छ । |

## ५.२.८ मुख्य कार्यक्रमहरू तथा कार्यान्वयन योजना

| योजना कोड | उपशीर्षक | योजना सामन्जस्यता | | | | योजना प्राथमिकता |
|---|---|---|---|---|---|---|
| | स्वास्थ्य , पोषण र खाद्य सुरक्षा | मौलिकहक स. नं. | प.यो.रा. ल. सङ्केत नं. | प्रादेशिक योजना लक्ष्य सङ्केत नं. | गा.पा. को रणनीतिक संकेत नं. | |
| ५.२.८.१ | न्यून आय, अपाङ्ग, द्वन्द्व पीडित, दलित परिवारका बालबालिकाहरूका लागि विद्यालय पोषण कार्यक्रम | ३५ | २ | ६ | ३.५.४ | P1 |
| ५.२.८.२ | ग्रामीण महिला स्वस्थ्य कार्यकर्ता र महिला स्वस्थ्य स्वयम् सेविकाहरूका लागि सेवाकालीन क्षमता विकास र सेवा स्तरोन्नति कार्यक्रम | ३५ | २ | ४ | ३.५.९ | P2 |
| ५.२.८.३ | वृद्धबवद्धा, अपाङ्ग र चेतनास्तर कमजोर भएका समुदायका लागि विशेशज्ञसहितको घुम्ती स्वास्थ्य स्वास्थ्य सेवा कार्यक्रम | ३५ | २ | ६ | ३.५.१७ | P3 |
| ५.२.८.४ | स्थानीय उत्पादनमा आधारित पालिका नेतृत्वको पोषण कार्यक्रम | ३५ | २ | २ | ३.५.१ | P2 |
| ५.२.८.५ | नियमित खोप गर्भवती, मातृशिशु सेवा कार्यक्रमलाई थप व्यवस्थित गर्ने । | ३५ | २ | २ | ३.५.४ | P1 |

| योजना कोड | उपशीर्षक | योजना सामन्जस्यता | | | | योजना प्राथमिकता |
|---|---|---|---|---|---|---|
| | स्वास्थ्य , पोषण र खाद्य सुरक्षा | मौलिकहक स. नं. | प.यो.रा. ल. सङ्केत नं. | प्रादेशिक योजना लक्ष्य सङ्केत नं. | गा.पा. को रणनीतिक संकेत नं. | |
| ५.२.८.६ | बहुक्षेत्रिय पोषण कार्यक्रम मार्फत पूर्ण पोषण युक्त पालिका कार्यक्रम | ३५ | २ | २ | ३.५.१ | P2 |
| ५.२.८.७ | गाउँपालिकाको क्षयरोग मुक्त कपुरकोट कार्यक्रम | ३५ | २ | २ | ३.५.४ | P1 |
| ५.२.८.८ | आयुर्वेद र प्राकृतिक चिकित्सामा आधारित नागरिक आरोग्यता परियोजना | ३५ | २ | २ | ३.५.१ | P2 |
| ५.२.८.९ | पलिका स्तरको १५ शैंया सहितको अस्पताल पूर्ण क्षमतामा सञ्चालन | ३५ | २ | २ | ३.५.४ | P1 |
| ५.२.८.१० | आधारभूत मापदण्ड युक्त नमुना स्वस्थ्य संस्था प्रबर्द्धन कार्यक्रम | ३५ | २ | ६ | ३.५.१७ | P3 |
| ५.२.८.११ | सबै परिवारका लागि सुलभ स्वस्थ्य बिमा कार्यक्रम | ३५ | २ | २ | ३.५.१ | P2 |
| ५.२.८.१२ | स्वास्थ्य व्यवस्थापन समिति, स्वास्थ्य शाखा र सरोकारवालाको समन्वय तथा अगुवाईमा बिदाका दिनमा स्वास्थ्य संस्था सञ्चालन कार्यक्रम | ३५ | २ | ६ | ३.५.१७ | P3 |
| ५.२.८.१३ | जेष्ठ नागरिकहरुलाई घरदैलो उपचार कार्यक्रम | ३५ | २ | २ | ३.५.१ | P2 |

## ५.२.९ अपेक्षित उपलब्धि

गाउँपालिकाका ९८.९१ प्रतिशत बालबालिकाले खोप, भिटामिन ए आदिको सेवा लिएका छन् । गाउँपालिकाका सबै महिलाले सुत्केरी सुविधा उपयोग गर्नेछन् तथा दक्ष स्वास्थ्यकर्मीबाट प्रसुति सेवा लिनेछन् । स्वस्थ खानपानलाई प्रवर्द्धन गरी गाउँपालिकाका सबै वडामा स्वास्थ्य चौकीको व्यवस्था गरेका भएको हुने छ ।

## ५.३ युवा तथा खेलकुद

### ५.३.१ वर्तमान अवस्था

युवाको समग्र विकासमार्फत वर्तमान र भावी समाजको समुन्नत विकासको कल्पना गर्न सकिन्छ। यसै तथ्यलाई मनन गरी गाउँपालिकाले युवालाई विभिन्न किसिमका पेशा तथा व्यवसायमा संलग्न गराउने प्रयास गरेको छ। साथै युवा प्रतिभा विकासका लागि खेलकुदको विकास गर्ने प्रयास गरिएको छ।

गाउँपालिकामा खेलकुदसँग सम्बन्धित संस्था र क्लबहरू स्थापना गरिएको छ। खेलकुद प्रवर्द्धनका लागि युवा सृजनशील कोष स्किमको स्थापना । गाउँपालिकामा विभिन्न किसिमका खेलहरू खेल्ने गरिन्छ। खेलकुदका लागि खुला चौर प्रयोग गरिएको गाउँपालिकामा रङ्गशाला तथा कभर्ड हलको निर्माण हुन सकेको छैन। उर्जाशील सयौं युवा विदेश पलायन भएका छन्। यस परिप्रेक्ष्यमा युवा रोजगारी र उद्यमशीलताका लागि ठोस कदम चाल्नुपर्ने आवश्यकता देखिन्छ। खेलकुदका लागि हाल १९ वटा खुला चौरको प्रयोग गरिँदै छ। गाउँपालिकामा खेलकुदसँग सम्बन्धित संस्था तथा क्लबहरू १८ वटा छन् भने निर्माण भएका खेल मैदानहरू ९ वटा सञ्चालनमा छन्।

### ५.३.२ प्रमुख समस्याहरू

युवालक्षित जीवनवृत्ति परामर्श केन्द्रको सञ्चालनको योजना, युवा अभिमुखीकरण कार्यक्रमको सञ्चालन, युवा स्वरोजगारका लागि अनुदान तथा सहुलियतपूर्ण ऋणको व्यवस्था, युवा विकासका लागि खेलमैत्री वातावरणको निर्माण लगायतका कार्यमार्फत गाउँपालिकाका युवाको सिप तथा दक्षता वृद्धिको कार्य गरेको भए तापनि विद्यमान स्रोत साधन र परिस्थितिमा आशातीत उपलब्धि प्राप्त गर्न सकिएको छैन। गाउँपालिकामा युवा वेरोजगारीको समस्या छ।

### ५.३.३ अवसर तथा चुनौतीहरू

युवा समूहहरूको गठन, गाउँपालिकाका युवालक्षित विविध कार्यक्रम, कृषि, सडक एवम् लघु उद्यमको विकास हुनु यस क्षेत्रका अवसरहरू हुन्। सबै युवालाई रोजगारीको अवसरको सिर्जना गर्नु, युवालाई समाजप्रतिको दायित्वबोध गराउनु, युवा नेतृत्व विकास गर्नु, युवा स्वरोजगारका लागि सहायता उपलब्ध गराउनु, युवालाई अपराधिक क्रियाकलापबाट विमुख गराउनु यस क्षेत्रका चुनौतीहरू हुन्।

### ५.३.४ क्षेत्रगत सोच

सक्षम युवा समृद्ध समाज

### ५.३.५ लक्ष्य

सबै क्षेत्र, वर्ग र जातिका युवाको समग्र विकास गर्ने।

### ५.३.६ उद्देश्यहरू

१. सबै वर्ग, जाति र क्षेत्रका युवाको साक्षरतादर वृद्धि गर्नु।

२. युवालाई व्यावसायिक सिप एवं तालिम प्रदान गर्नु ।
३. युवालाई सामाजिक गतिविधिमा सक्रिय सहभागी गराउनु ।

## ५.३.७ रणनीति तथा कार्यनीतिहरू

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| १.गाउँपालिकाका सबै युवाको शैक्षिक स्तर वृद्धिमार्फत सक्षम नेतृत्वको विकास गर्ने । | १.गाउँपालिकाका युवाको साक्षरता दर वृद्धि गरी दक्ष एवम् सचेत युवाको निर्माण गरिने छ ।<br>२.किशोर किशोरीको मानसिक स्वास्थ्य, चालचलन र व्यवहारमा सकारात्मक सोच र परिवर्तन ल्याउन सूचना प्रविधि र सामाजिक सञ्जाललाई मर्यादित तरिकाबाट प्रयोग गर्ने बारे सचेतना गरिने छ । |
| २.युवामा व्यावसायिक सोच, सीप र नेतृत्वको विकास गर्ने । | १.व्यावसायिक तालिम एवम् गतिविधिमा संलग्न गराई युवामा व्यावसायिक सिपको विकास गरी युवा स्वरोजगार वृद्धि गरिने छ ।<br>२.युवाको नेतृत्व विकासका लागि खेलकुद लगायताका अतिरिक्त क्रियाकलापमा युवा सहभागिता बढाउने तथा आवश्यक पूर्वाधारको निर्माण गरिने छ । |
| ३.सामाजिक गतिविधीमा युवा संलग्नता बढाइ सुशासन र लोकतन्त्र संस्थागत गर्ने । | १.समाजका गतिविधिमा युवाको सहभागिता बढाई स्थानीय सुशासनको प्रवर्द्धन गर्ने कार्ययोजना तयार गरिने छ ।<br>२.युवा स्वरोजगार र उद्यमका लागि सहज एवम् सहुलियत ऋणको व्यवस्था गरिने छ ।<br>३. औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट बालबालिका तथा किशोर किशोरी शिक्षा सञ्चालन गरिने । |

## ५.३.८ मुख्य कार्यक्रमहरू तथा कार्यान्वयन योजना (५ वर्षको नियोजन)

| योजना कोड | उपशीर्षक | योजना सामन्जस्यता | | | | योजना प्राथमिकता |
|---|---|---|---|---|---|---|
| | युवा तथा खेलकुद | मौलिकहक स. नं. | प.यो.रा. ल. सङ्केत नं. | प्रादेशिक योजना लक्ष्य सङ्केत नं. | गा.पा. को रणनीतिक संकेत नं. | |
| ५.३.८.१ | युवाहरूका लागि रोजगार सेवा केन्द्रमार्फत जीवन वृत्ति परामर्श (Career Counselling Centre) कार्यक्रम । | १८ | ९ | ९ | ३.५.१७ | P1 |
| ५.३.८.२ | युवाहरूमा उद्यमशीलता विकास, नेतृत्व विकास एवम् समाजप्रतिको उत्तरदायित्व वोध गराउन तालिम, अभिमुखीकरण कार्यक्रमको सञ्चालन | १८ | ९ | ९ | ३.५.१७ | P2 |
| ५.३.८.३ | लागु औषध, दुर्व्यसनमा लागेका युवाहरूलाई सो दुर्व्यसनबाट | २५ | ६ | ६ | ३.५.१७ | P1 |

| योजना कोड | उपशीर्षक | योजना सामन्जस्यता | | | | योजना प्राथमिकता |
|---|---|---|---|---|---|---|
| | युवा तथा खेलकुद | मौलिकहक स. नं. | प.यो.रा. ल. सङ्केत नं. | प्रादेशिक योजना लक्ष्य सङ्केत नं. | गा.पा. को रणनीतिक संकेत नं. | |
| | छुटाउन सुधारकेन्द्रसहित मनोपरामर्श सेवा | | | | | |
| ५.३.८.४ | परम्परागत प्रविधि स्तरीकरणका लागि युवा परिचालन परियोजना | ३७ | १ | १ | ३.५.१७ | P3 |
| ५.३.८.५ | स्थानीय विकास, खेलकुद, सुशासनर नेतृत्व विकासका लागि युवा सृजनशील कोष स्कीम | १८ | ९ | ९ | ३.५.१७ | P2 |
| ५.३.८.६ | राष्ट्रपति रनिङ्ग शिल्ड र अध्यक्ष कप खेलकुद प्रतियोगिता | ३७ | १ | १ | ३.५.१७ | P3 |
| ५.३.८.७ | खेलकुद विकास समितिको सिफरिसमा खेल मैदान र कबर्ड हल निर्माण | १८ | ९ | ९ | ३.५.१७ | P2 |
| ५.३.८.८ | युवा प्रोत्साहनका लागि नमुना युवा सम्मेलन, लोकसेवा तयारी कक्षा, युवा गतिबिधि र उत्कृष्ट युवा प्रोत्साहन कार्यक्रम | ३७ | १ | १ | ३.५.१७ | P3 |

### ५.३.९ अपेक्षित उपलब्धि

रङ्गशालाको निर्माण गरिनेछ। खेलकुदसँग सम्बन्धित थप संस्था र क्लबहरू स्थापना गरिनेछन्। युवा सृजनशील कोष स्किमको गठन हुनेछ। युवाको समाजप्रतिको लगाव बढाउँदै खेलकुद र युवा प्रतिभाको विकास गर्न सकेको खण्डमा समाजमा दिगो आर्थिक वृद्धि तथा समावेशी विकाससँग सम्बन्धित दिगो विकासको लक्ष्य प्राप्तिमा सहयोग पुग्नेछ।

## ५.४ अन्वेषण तथा सिर्जनात्मकता

### ५.४.१ वर्तमान अवस्था

प्रकृति, इतिहास र स्थानीय संस्कृति बिच लुकेका रहस्यको खोज र स्थानीय वातावरणमा सिर्जनात्मक क्रियाकलापको प्रवर्द्धन गर्ने पर्याप्त सम्भावना देखिन्छ। स्थानीय कला र संस्कृति, परम्परागत प्रविधिको संरक्षणका लागि अन्वेषणको ठूलो महत्त्व हुन्छ। कपुरकोट गाउँपालिका चुरे क्षेत्रको थाप्लो र पालिका आसपासको उर्वर जमिन यहाँका स्थानीय खोल्सा खोल्सीले कम मात्रै सिञ्चित भएको पाइन्छ। यो क्षेत्रमा रहेको राप्ती राजमार्गले तुलसीपुर हुँदै कपुरकोट, सल्यान कटेर रुकुम, रोल्पासम्म जोडेको छ। सल्यान जिल्लाको केन्द्र जोड्ने सहायक सडकहरूका कारण आर्थिक तथा शैक्षिक केन्द्रको रूपमा विकसित हुँदै गएको छ। नवनिर्माण, बसाइसराइ र जनसङ्ख्याको चापले यहाँको वातावरणमा भने धेरै चुनौती थपेको छ तर पनि सृजनात्मक कृषि, पशुपालन, गैर काष्ठ उत्पादनमा यो गाउँपालिका अग्रणी मानिन्छ।

कपुरकोट गाउँपालिकावासीको परम्परागत संस्कृतिले गाउँपालिकामा अन्वेषण र सिर्जनात्मकता अभिवृद्धि गर्ने पर्याप्त सम्भावनालाई देखाउँछ। किशोरकिशोरी तथा युवा वर्गलाई क्षेत्रगत सिर्जनात्मक क्रियाकलापका लागि अभिप्रेरित गरी गाउँपालिकाको छुट्टै पहिचान स्थापित गर्ने सम्भावना रहेको छ तर यस क्षेत्रलाई गाउँपालिकाको कार्ययोजनाले समेट्न सकेको छैन।

### ५.४.२ प्रमुख समस्याहरू

गाउँपालिकाका स्थानीय जनजीवनमा आधारित सिप, कला तथा प्रविधिको संरक्षण र आधुनिकीकरण गर्न सकेमा स्थानीय पहिचानको जगेर्ना गर्ने सम्भावना भए तापनि स्थानीय सिप हस्तान्तरण, अध्ययन अनुसन्धान तथा अन्वेषणको अभावमा यस्ता परम्परागत सिप, कला तथा प्रविधि लोप हुने अवस्थामा छन्। तसर्थ अन्वेषण र युवा सिर्जनात्मकतालाई प्राथमिकता दिनुपर्ने आवश्यकता देखिन्छ।

### ५.४.३ अवसर तथा चुनौतीहरू

गाउँपालिकामा प्रयोगमा रहेका परम्परा, सिप, कला र प्रविधिलाई समयानुकुल आधुनिकीकरण गर्न सकेमा वातावरण मैत्री स्थानीय गतिविधिलाई प्रोत्साहन गर्ने सम्भावना देखिन्छ। यस्तै गरी प्रकृतिप्रदत्त स्थानीय स्रोत साधनको अन्वेषण गर्ने, स्थानीय उत्पादनमा सिर्जनात्मक विधिको प्रयोग गरी उत्पादनको बजार सुनिश्चित गर्ने जस्ता कार्य गर्न सकेमा गाउँपालिकामा थप आय आर्जनको अवसर सिर्जना गर्न सकिने सम्भावना देखिन्छ तर स्थानीय सीप, कला र प्रविधिबारे युवा वर्गमा चिन्तन नहुनु, बजारमा सुलभ मूल्यमा पाइने प्रविधिसँग स्थानीय प्रविधि प्रतिस्पर्धा गर्ने वातावरण नहुनु, दक्ष स्थानीय अनुसन्धानकर्ताको अभाव हुनु यस क्षेत्रका चुनौतीहरू हुन्।

### ५.४.४ क्षेत्रगत सोच

स्थानीय सिप र प्रविधि प्रवर्द्धनमार्फत स्थानीय संस्कृति र परम्पराको संरक्षण

### ५.४.५ लक्ष्य

स्थानीय परम्परागत सिप तथा प्रविधिलाई समयानुकुल विकास गर्ने

### ५.४.६ उद्देश्यहरू

१. स्थानीय सिप तथा प्रविधिको संरक्षणका लागि युवालाई प्रोत्साहन गर्नु।
२. स्थानीय स्तरमा चलनचल्तीमा रहेका कला तथा प्रविधिका बारेमा अनुसन्धान कार्यलाई प्राथमिकता दिनु।

### ५.४.७ रणनीति तथा कार्यनीतिहरू

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| १. स्थानीय युवालाई स्थानीय सीप तथा प्रविधिबारे जानकारी गर्ने। | १.स्थानीय सिप, कला तथा प्रविधिबारे जानकारीमूलक पुस्तक प्रकाशन गरिने छ।<br>२.युवा तथा स्थानीवासीलाई स्थानीय प्रविधि संरक्षणका बारेमा तालिम प्रदान गरिने छ। |

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| | ३. प्रवर्द्धनात्मक सिप र प्रविधिका बारेमा अनुसन्धानलाई प्रोत्साहन गरिने छ। |
| २. स्थानीय परम्परा, कला, प्रविधि तथा प्राकृतिक सम्पदाका बारेमा अनुसन्धान तथा खोजमूलक कार्यक्रम सञ्चालन गर्ने। | १.अन्वेषणका क्षेत्र निर्धारण गरी क्षेत्रगत अनुसन्धान कार्ययोजना लागु गरिने छ।<br>२. अन्वेषण तथा अनुसन्धानका लागि गुणस्तरीय प्रयोगशालाको निर्माण गरिने छ।<br>३.विभिन्न महोत्सवमा स्थानीय प्रविधि प्रदर्शन कार्यक्रम आयोजना गरिने छ। |

## ५.४.८ मुख्य कार्यक्रमहरू तथा कार्यान्वयन योजना

| योजना कोड | उपशीर्षक | योजना सामन्जस्यता | | | | योजना प्राथमिकता |
|---|---|---|---|---|---|---|
| | अन्वेषण तथा सिर्जनात्मकता | मौलिकहक स. नं. | प.यो.रा. ल. सङ्केत नं. | प्रादेशिक योजना लक्ष्य सङ्केत नं. | गा.पा. को रणनीतिक संकेत नं. | |
| ५.४.८.१ | खानी तथा खनिज जन्य स्रोत ( ढुङ्गा, चुन ढुङ्गा, फलाम, तामा आदि) पहिचान, संरक्षण र प्रयोग परियोजना | ३४।१ | २ | २ | ३.५.४ | P1 |
| ५.४.८.२ | स्थानीय पर्यावरण मैत्री कीटनाशक औषधी, मल, सिँचाइ, भण्डारण, सिप विकास, प्रयोग र समुदायमा प्रतिस्थापन कार्यक्रम | ३५।४ | ६ | ६ | ३.५.३ | P2 |
| ५.४.८.३ | स्थानीय कृषि, पशुपन्छी पालन, जैविक विविधता, वन्यजन्तु, उच्चमूल्य बालीको अन्वेषणात्मक, अनुसन्धानात्मक कार्यक्रम। | ३५।४ | ६ | ६ | ३.५.१६ | P2 |
| ५.४.८.४ | परम्परागत प्रविधिहरू (कृषि औजार, सिँचाइका साधन, जैविक मल तयारी, बीउ व्यवस्थापन आदि) को स्तरीकरण, आधुनिकीकरण र प्रयोग कार्यक्रम | ३५।४ | ६ | ६ | ३.५.३ | P3 |
| ५.४.८.५ | बेमौसमी तरकारी र फलफुल बारेको बजार र मुल्य श्रृखला सहितको कृषि वस्तु पहिचान र ब्रन्डिङ्ग | ३५।४ | ६ | ६ | ३.५.३ | P3 |

## ५.४.९ अपेक्षित उपलब्धि

स्थानीय सिप, कला र संस्कृति एवम् प्राकृतिक सम्पदाको संरक्षण हुनेछ।

## ५.५ खानेपानी तथा सरसफाइ

### ५.५.१ वर्तमान अवस्था

खानेपानी तथा सरसफाइलाई महत्त्व दिँदै दिगो विकासको महत्त्वपूर्ण लक्ष्यको रूपमा यसलाई लिइएको छ । गाउँपालिकामा खानेपानी तथा सरसफाइका क्षेत्रका सूचकहरू सुधारोन्मुख अवस्थामा छन् । खानेपानीको लागि सुरक्षित खानेपानीको प्रयोग गर्ने जनसङ्ख्या ३८.७४ प्रतिशत पुगेको छ। नदी वा खोलाको पानी प्रयोग गर्ने जनसङ्ख्या १६.१७ प्रतिशत छ। गाउँपालिकाले खानेपानीलाई प्राथमिकता दिई खानेपानीको सुविधा विस्तार गरेको भए तापनि सरसफाइका क्षेत्रमा अझै धेरै कार्य गर्नुपर्ने देखिन्छ। यस गाउँपालिकामा रहेका कतिपय मानिसहरू मूलको पानी प्रयोग गर्छन्। मूलको पानी प्रयोग गर्ने मानिसहरू २९.७५ प्रतिशत छन्। त्यस्तै खुला कुवाको पानी प्रयोग गर्ने मानिसहरूको सङ्ख्या १५.३५ प्रतिशत छ।

कपुरकोट गाउँपालिकामा बसोबास गर्ने मानिसहरूमध्ये १८११ घर परिवारमा साधारण शौचालयको पहुँच पुगेको छ। फ्लस शौचालय भएका घर परिवारहरूको सङ्ख्या १९८ छ भने सेफ्टी टङ्की भएको शौचालय हुनेहरूको सङ्ख्या ५४ छ। साधारण शौचालयको प्रयोग सबैतिर भए पनि सार्वजनिक स्थलमा पर्याप्त मात्रामा शौचालयको विस्तार हुन सकेको छैन र घरायसी फोहरमैलाको व्यवस्थापन गरी सरसफाइ प्रवर्द्धन गर्ने ठोस कार्ययोजना ल्याइएको पाइँदैन ।

### ५.५.२ प्रमुख समस्याहरू

गाउँपालिकामा अझै पनि ग्रामीण क्षेत्रका ४५.९२ प्रतिशत परिवारले खोला, मूल र नदीको पानी प्रयोग गर्ने बाध्यात्मक अवस्था छन् । झाडापखाला लगायतका पानीजन्य रोगको नियन्त्रण गर्न गाउँपालिकाका सबै स्थानमा स्वच्छ पाइपको खानेपानीको पहुँच विस्तार गर्नुपर्ने भए तापनि त्यसो हुन सकेको छैन। बढ्दो जनसँख्यासँगै सरसफाइका क्रियाकलापमा वृद्धि हुन सकेको छैन। साथै यस क्षेत्रमा काम गर्ने दक्ष जनशक्तिको अभाव छ। जलाधार क्षेत्रको व्यवस्थित रूपमा संरक्षण हुन सकेको छैन। फोहरमैला प्रशोधनका लागि पूर्वाधारको दिगो विकास हुन सकेको छैन।

### ५.५.३ अवसर तथा चुनौतीहरू

खानेपानीको उचित व्यवस्था गर्न पर्याप्त जलस्रोतको उपलब्धता हुनु, स्वास्थ्य चेतनाको विस्तार हुनु, खानेपानी शुद्धीकरण गर्ने उपकरणको प्रयोग बढ्नु, खानेपानी तथा सरसफाइ गाउँपालिकाको प्राथमिकतामा पर्नु यस क्षेत्रका अवसरहरू हुन्। सबै परिवारमा शौचालयको पहुँच विस्तार गर्नु, सबै घरधुरीमा पाइपमार्फत स्वच्छ खानेपानीको वितरण गर्नु, आवश्यक भौतिक पूर्वाधारको निर्माण गर्नु यस क्षेत्रका चुनौतीहरू हुन्।

### ५.५.४ क्षेत्रगत सोच

आधारभूत सरसफाइ तथा खानेपानीमा सबैको पहुँच विस्तार।

### ५.५.५ लक्ष्य

सबै वडामा सरसफाइ तथा प्रशोधित शुद्ध खानेपानीको पहुँच विस्तार गर्ने।

### ५.५.६ उद्देश्यहरू

१. सरसफाइ सेवा सुविधामा सुधार गरी वातावरणमैत्री समाजको निर्माण गर्नु ।
२. सबै घरधुरीमा स्वच्छ खानेपानीको पहुँच विस्तार गर्नु ।

### ५.५.७ रणनीति तथा कार्यनीतिहरू

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| १.ग्रामीण फोहर तथा ढलको उचित व्यवस्थापन गरी स्वच्छ गाउँपालिकाको निर्माण गर्ने । | १.व्यवस्थित ढल निकासका लागि होम पाइपको व्यवस्था गरिने छ ।<br>२.वस्ती तथा सार्वजनिक स्थलमा हरियाली प्रवर्द्धनको कार्यक्रम बनाई लागु गरिने छ । |
| २.जलस्रोत तथा जलाधार क्षेत्रको उचित व्यवस्थापन गरी खानेपानी पूर्वाधारको विकासमार्फत खानेपानीको पहुँच विस्तार गर्ने । | २.पानी शुद्धीकरणका बारेमा तालिम सञ्चालन गर्ने तथा खानेपानीको पाइपलाइन विस्तार गरिने छ ।<br>३.नदी तथा भूमिगत जलस्रोतको वातावरणमैत्री उपयोग गरिने छ ।<br>४. गाउँपालिका भएर बग्ने नदी तथा जलाधार क्षेत्र संरक्षणको योजना बनाई कार्यान्वयन गरिने छ । |

### ५.५.८ मुख्य कार्यक्रमहरू तथा कार्यान्वयन योजना

| योजना कोड | उपशीर्षक | योजना सामन्जस्यता | | | | योजना प्राथमिकता |
|---|---|---|---|---|---|---|
| | खानेपानी तथा सरसफाइ | मौलिकहक स. नं. | प.यो.रा. ल. सङ्केत नं. | प्रादेशिक योजना लक्ष्य सङ्केत नं. | गा.पा. को रणनीतिक संकेत नं. | |
| ५.५.८.१ | दिगो पानी आपूर्तिका लागि वन, पर्यावरण, सिमसार तथा जलाधार क्षेत्र एकीकृत विकास तथा व्यवस्थापन परियोजना | ३५ | २ | २ | ३.५.२ | P1 |
| ५.५.८.२ | सौर्य उर्जामा आधारित बहुदद्देश्यीय पानी लिफ्टिङ्ग कार्यक्रम | ३५ | २ | २ | ३.५.१६ | P2 |
| ५.५.८.३ | स्वस्थ्य र दीर्घजीवनका लागि स्वच्छ पिउने पानीमा पहुँच परियोजना | ३५ | ६ | ६ | ३.५.१६ | P1 |
| ५.५.८.४ | दिगो पानी आपूर्तिका लागि व्यवस्थित खानेपानी व्यवस्थापन र वितरण प्रणालीसहित नागरिकहरूको स्वच्छ खानेपानी कार्यक्रम | ३५ | ६ | ६ | ३.५.१६ | P2 |
| ५.५.८.५ | स्वच्छ पानी स्वस्थ्य जीवन कार्यक्रम मार्फत एक घर एक धारा जडान (योजना अवधीको लक्ष्य) | ३५ | २ | २ | ३.५.१६ | P2 |

### ५.५.९ अपेक्षित उपलब्धि

आवधिक योजनाको मध्यावधिमा सुरक्षित खानेपानी प्रयोग गर्ने परिवार ४४ प्रतिशत र अन्त्यमा ६२ प्रतिशत पुग्नेछ । फ्लस-सेफ्टि ट्याङ्कमा जोडिएको शौचालय प्रयोगकर्ता परिवारको सङ्ख्या मध्यावधिमा ७१ पुग्नेछ र अवधिको अन्त्यमा ९४ परिवार हुनेछन् । फोहरमैला रिसाइक्लिंग गर्ने व्यवस्था गर्न सकेका खण्डमा तथा जलस्रोत र जलाधार क्षेत्रको संरक्षण गरेका खण्डमा खानेपानी तथा सरसफाइ सम्बन्धित दिगो विकासको लक्ष्य प्राप्त गर्न सकिनेछ ।

## ५.६ लैङ्गिक तथा सामाजिक समावेशीता

### ५.६.१ वर्तमान अवस्था

लैङ्गिक समानता तथा महिला सशक्तीकरण समावेशी एवम् दिगो विकासको प्रमुख आधारहरूमध्ये एक हो । विविध प्रयासका कारण गाउँपालिकाको नीति निर्णायक तहमा महिलाको पहुँच ३३ प्रतिशत पुगेको छ । महिला श्रम सहभागिता दर ६१.१५ प्रतिशत पुगेको छ । गाउँपालिकाको विकासका लागि महिला कृषक समूहको गठन हुनु, आधुनिक कृषि तथा पशुपालन व्यवसायमा महिलाहरू संलग्न हुनेक्रम बढ्नु महिला सशक्तीकरणका थप सकारात्मक पक्षहरू हुन् ।

### ५.६.२ प्रमुख समस्याहरू

नेपाल सरकारको सबै किसिमका हिंसा विरुद्ध शून्य सहनशीलताको नीति, गाउँपालिकाको नीति तथा कार्यक्रममा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणले प्राथमिकता पाउनुले यस क्षेत्रको विकासका लागि सकारात्मक वातावरण सिर्जना गरेको छ तर गाउँपालिकामा महिला तथा अपाङ्गता भएका व्यक्ति सम्बन्धित हिंसाका घटना घट्न छाडेका छैनन् । । पिछडिएका र सीमान्तकृत वर्गका महिलाको उत्थान हुन सकेको छैन । विभिन्न महिला समूहको उपयोग गरी सामाजिक रूपान्तरणलाई गति दिन सकिएको छैन । अझै पनि महिलाको शैक्षिक स्तरमा उल्लेख्य सुधार कम छ र नीति निर्णायक तहमा महिलाको उल्लेख्य पहुँच पुग्न सकेको छैन । महिलामाथि हुने विभेद व्यावहारिक रूपमा हट्न सकेको छैन ।

### ५.६.३ अवसर र चुनौतीहरू

महिलाहरूको आर्थिक क्रियाकलापमा सक्रिय सहभागिता बढ्नु, महिलाहरू विभिन्न किसिमका समूहमा आवद्ध हुनु, गाउँपालिकाबाट महिलाहरूको आत्मसम्मान बढाउने कार्यक्रमको आयोजना गरिनु, सांस्कृतिक सुधारका कार्यक्रमहरूको आयोजना हुनु यस क्षेत्रका अवसरहरू हुन् । एकल महिलाको संरक्षण, घरेलु हिंसा तथा महिला हिंसाको उन्मूलन गर्नु, असल एवम् सक्षम महिला नेतृत्वको विकास गर्नु यस क्षेत्रका चुनौतीहरू हुन् ।

### ५.६.४ क्षेत्रगत सोच

महिलाको विकास समतामूलक समाजको निर्माण

### ५.६.५ लक्ष्य

महिला सशक्तीकरण एवम् जनचेतनामार्फत लैंगिक विभेद अन्त्य गर्ने

### ५.६.६ उद्देश्यहरू

१. महिला हिंसा न्यूनीकरण गर्नु ।
२. विपन्न र पिछडिएका महिलाको समग्र विकास गर्नु ।
३. ग्रामीण सेवा सुविधामा महिलाको पहुँच बढाउने ।

### ५.६.७ रणनीति तथा कार्यनीतिहरू

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| १.हिंसा पीडितलाई समयमै न्याय दिलाई महिला हिंसा न्यूनीकरण गर्ने । | १.महिला हिंसाका कारक तत्त्वहरूको पहिचान गरी हिंसा न्यूनीकरणका लागि ठोस कदम चालिने छ ।<br>२.एकल महिलाको सशक्तीकरणका लागि कार्यक्रम सञ्चालन गरिने छ ।<br>३.लैङ्गिक उत्तरदायी बजेटको व्यवस्था गरिने छ । |
| २.विपन्न र पिछडिएका महिलालाई सामाजिक क्रियाकलापमा सहभागिता बढाइ समग्र विकास गर्ने । | १.विपन्न, पिछडिएका र असहाय महिलाहरु बिच अन्तरक्रिया गर्ने वातावरणको सिर्जना गरी आत्मबल बढाइने छ ।<br>२.सामाजिक कुसंस्कार र रूढिवादी परम्परा अन्त्यका लागि महिलाको परिचालन गरिने छ । |
| ३.महिलाले प्राप्त गर्ने सेवा सुविधाबारे जानकारी गराइ ग्रामीण सेवा सुविधामा महिलाको पहुँच बढाउने । | १. महिलाले प्राप्त गर्ने सेवा सुविधाबारे क्षेत्रगत महिला समूहहरूको परिचालन गरी चेतना फैलाइने छ । |

### ५.६.८ मुख्य कार्यक्रमहरू तथा कार्यान्वयन योजना (५ वर्षको नियोजन)

| योजना कोड | उपशीर्षक | योजना सामन्जस्यता | | | | योजना प्राथमिकता |
|---|---|---|---|---|---|---|
| | लैगिक तथा सामाजिक समावेशीता | मौलिकहक स. नं. | प.यो.रा. ल. सङ्केत नं. | प्रादेशिक योजना लक्ष्य सङ्केत नं. | गा.पा. को रणनीतिक संकेत नं. | |
| ५.६.८.१ | लैङ्गिक समानता र समावेशीता, सुरक्षित, मर्यादित र सम्मानित सामाजिक जीवनका लागि लैङ्गिक र सामाजिक विभेद दुरुत्साहन कार्यक्रम | १८ | ८ | ८ | ३.५.१० | P2 |
| ५.६.८.२ | परामर्श सेवा सञ्चालन कार्यक्रम | १८ | ८ | ८ | ३.५.१० | P1 |
| ५.६.८.३ | महिला, दलित,अपाङ्गता भएका व्यक्ति र सामाजिक तथा शैक्षिक दृष्टिले पछाडि परेका परिवारहरूका लागि क्षमता तथा नेतृत्व विकास कार्यक्रम | १८ | ८ | ८ | ३.५.४ | P2 |

| योजना कोड | उपशीर्षक | योजना सामन्जस्यता | | | | योजना प्राथमिकता |
|---|---|---|---|---|---|---|
| | लैगिक तथा सामाजिक समावेशीता | मौलिकहक स. नं. | प.यो.रा. ल. सङ्केत नं. | प्रादेशिक योजना लक्ष्य सङ्केत नं. | गा.पा. को रणनीतिक संकेत नं. | |
| ५.६.८.४ | लैङ्गिक, आर्थिक, सामाजिक र भौगोलिक पछौटेपन भएका नागरिकहरूका लागि सामाजिक, शैक्षिक र स्वस्थ्य सचेतना कार्यक्रम | १८ | ८ | ८ | ३.५.४ | P3 |
| ५.६.८.५ | श्रम तथा श्रमको मुल्य समानीकरण तथा सार्वजनिक सेवामा सहभागिता र पहुँच प्रवर्द्धन कार्यक्रम | १८ | ८ | ८ | ३.५.९ | P2 |
| ५.६.८.६ | सबै प्रकारका बिभेद अन्त्यका लागि कपुरकोट जागरण अभियान ( आवधिक कार्यक्रम) | १८ | ८ | ८ | ३.५.१० | P1 |
| ५.६.८.७ | अध्यक्षसँग लक्षित वर्ग उत्थान कार्यक्रम | १८ | ८ | ८ | ३.५.९ | P2 |
| ५.६.८.८ | उपाध्यक्षसँग आमा दिदि बहिनी परियोजना मार्फत बिपन्न महिलाहरुका लागि (क) आय आर्जनमा सुधार (ख) प्रकोप, पिडित परिवारका महिलाहरुलाई आयमुलक शीप हस्तान्तरण (ग) जुनसुकै कारणले हिंसामा परेका महिलाहरुको जिविकोपार्जन कार्यक्रम | १८ | ८ | ८ | ३.५.४ | P3 |
| ५.६.८.९ | बलविवा, छुवाछुत, लैङ्गिक विभेद अन्त्यका लागि कपुरकोट जागरण कार्यक्रम | १८ | ८ | ८ | ३.५.९ | P2 |
| ५.६.८.१० | महिला समूह, सहकारी संस्था, टोल विकास संस्था, सामुदायिक वन उपभोक्ता समिति परिचालन गरी ( हाम्रो टोल आफैँ बनाउँ, हाम्रो टोल राम्रो टोल, हाम्रो टोल सम्पन्न टोल, आफ्नो गाउँ आफैँ बनाउँ) कार्यक्रम | १८ | ८ | ८ | ३.५.९ | P2 |

### ५.६.९ अपेक्षित उपलब्धि

आवधिक योजनाको मध्यावधिमा नीति निर्णायक तहमा महिलाको पहुँच ४१ प्रतिशत र योजनाको अन्त्यमा ५० प्रतिशत पुग्नेछ । योजनाको अन्त्यमा प्राविधिक तथा व्यावसायिक दक्षता अभिवृद्धि कार्यक्रममा महिला सहभागिता ७८ प्रतिशत पुग्नेछ । महिला दक्षता अभिवृद्धि गरी स्वरोजगारका कार्यक्रम लागु गर्ने, सामाजिक चेतनाका लागि महिलालाई नै परिचालन गर्ने, आवश्यक ऐन कानुनको निर्माण गरी लैंगिक समानतासम्बन्धी दिगो विकासको लक्ष्य हासिल गर्न सकिन्छ ।

## ५.७ लक्षित वर्ग (अतिविपन्न, भूमिहीन, अल्पसङ्ख्यक, बालबालिका तथा जेष्ठ नागरिक) उत्थान

### ५.७.१ वर्तमान अवस्था

समावेशी विकासमार्फत सामाजिक सेवा सुविधामा सबै गाउँपालिकावासीको समान हक स्थापित गर्ने सोचका साथ गाउँपालिकामा लक्षित वर्गको उत्थानका विविध क्रियाकलाप सञ्चालन गरिएको छ । अपाङ्गता परिचयपत्र वितरण, विभिन्न क्षेत्रगत समितिमा दलित तथा महिलाको समावेश केही प्रशंसनीय उदाहरणहरू हुन् । आधारवर्ष सम्ममा १७७ जनाले अपाङ्गता भएका व्यक्तिहरूले अपाङ्गता परिचयपत्र प्राप्त गरेका छन् । अपाङ्गमैत्रि भौतिक संरचना विद्यालय, तथा स्वास्थ संस्था निर्माण गरिएको छ । सीमान्तकृत वर्गको शैक्षिक अवस्था निम्नस्तरको रहेको छ ।

अपाङ्गता भएका व्यक्तिहरूको सामाजिक तथा आर्थिक क्रियाकलापमा भरपुर योगदान पाइन्छ । कपुरकोट गाउँपालिकामा रहेका अपाङ्गहरूमध्ये ६.८६ प्रतिशत अपाङ्गहरू विविध क्रियाकलापमा संलग्न रहेको पाइन्छ । अपाङ्गता परिचय पत्र प्राप्त गर्नेहरूको सङ्ख्या पनि १७७ पुगेको छ । लक्षित वर्गलाई प्रोत्साहन गर्दै यस कपुरकोट गाउँपालिकाले विविध कार्यक्रमहरू पनि गर्दै आएको छ ।

### .५.७.२ प्रमुख समस्याहरू

गाउँपालिकामा महिला, दलित, अपाङ्ग, लोपोन्मुख तथा सीमान्तकृत वर्गको उत्थानका लागि विविध प्रयासहरू गरिएको भए तापनि सीमान्तकृत समुदाय (मगर , ब्राम्हण, क्षेत्री, दलित ) को उत्थानका लागि ठोस पहल गरिएको छैन । मगर तथा दलित तथा पिछडिएका वर्ग शिक्षाको अभावमा उत्कृष्ट रोजगारीका अवसरबाट वञ्चित हुनुपरेका छन् । समाजले दलित, महिला, अपाङ्ग एवम् पिछडिएका वर्गप्रति हेर्ने दृष्टिकोणमा परिवर्तन आउन सकेको छैन ।

### ५.७.३ अवसर तथा चुनौतीहरू

उद्यम तथा व्यवसायमा दलित व्यक्तिहरू संलग्न हुनेक्रम बढ्नु, अपाङ्गता परिचयपत्र वितरण हुनु, लक्षित वर्ग केन्द्रित नीतिगत व्यवस्था हुनु यस क्षेत्रका अवसरहरू हुन् । लक्षित वर्गलाई रोजगारीको अवसर सिर्जना गर्नु, सीमान्तकृत एवं लोपोन्मुख जातिको संरक्षण गर्नु, लक्षित वर्गको साक्षरता दर वृद्धि गर्नु यस क्षेत्रका चुनौतीहरू हुन् ।

### ५.७.४ क्षेत्रगत सोच

समतामूलक समाज निर्माणका लागि लक्षित वर्गको उत्थान ।

### ५.७.५ लक्ष्य

लक्षित समुदायको शैक्षिक, आर्थिक अवस्थामा सुधार ल्याउने ।

### ५.७.६ उद्देश्यहरू

१. लक्षित वर्ग केन्द्रित भेदभाव र शोषणको अन्त्य गर्नु ।
२. लक्षित समुदायको साक्षरता दर वृद्धि गर्नु ।
३. लक्षित वर्गलाई सामाजिक क्रियाकलापमा सक्रिय बनाउनु ।

### ५.७.७ रणनीति तथा कार्यनीतिहरू

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| १. सामाजिक विभेद र शोषण अन्त्यका लागि जनचेतना फैलाउने । | १. स्थानीय संघसंस्थाको सहयोगमा सामाजिक विभेद र शोषण अन्त्यका लागि जागरण अभियान सञ्चालन गरिने छ ।<br>२. दलित, सिमान्तकृत समुदायको शिक्षा, स्वास्थ तथा आर्थिक, सामाजिक विकासको मूल धारमा ल्याइने छ । |
| २. महिला, दलित, लोपोन्मुख जातिको शिक्षामा पहुँच बढाउने । | २. छात्रवृत्ति, पुरस्कार प्रदान लगायतका कार्यक्रम सञ्चालन गरी लक्षित वर्गको शिक्षा पहुँच बढाई सक्षम जनशक्तिको निर्माण गरिने छ । |
| ३. लक्षित वर्गलाई स्थानीय क्रियाकलापमा सक्रिय बनाई उनीहरूको आत्मबल बढाउने, | १. गाउँपालिकाका आर्थिक सामाजिक गतिविधि सहभागी हुने अवसर प्रदान गरी लक्षित वर्गको उत्थान गरिने छ ।<br>२. लक्षित वर्ग केन्द्रित रोजगारीका कार्यक्रमहरूको सिर्जना गरिने छ । |
| ४.जेष्ठ नागरिकहरूका अनुभव , सिप तथा क्षमताहरूको ससम्मान वातावरण मिलाउने । | १.आर्थिक, सामाजिक र धार्मिक कृयाकलापहरूमा जेष्ठ नागरिकहरूको संलग्नता सुनिश्चित गर्ने ।<br>२.जेष्ठ नागरिकहरूका प्रयोग सिद्ध ज्ञान तथा शीप युवा पुस्तामा हस्तान्तरण गर्ने संयन्त्र बनाइने । |

### ५.७.८ मुख्य कार्यक्रमहरू तथा कार्यान्वयन योजना

| योजना कोड | उपशीर्षक | योजना सामन्जस्यता | | | | योजना प्राथमिकता |
|---|---|---|---|---|---|---|
| | लक्षित वर्ग (अति विपन्न, भूमिहीन, अल्पसङ्ख्यक, बालबालिका तथा जेष्ठ नागरिक) उत्थान | मौलिकहक स. नं. | प.यो.रा.ल. सङ्केत नं. | प्रादेशिक योजना लक्ष्य सङ्केत नं. | गा.पा. को रणनीतिक संकेत नं. | |
| ५.७.८.१ | फरक क्षमता भएका बालबालिका तथा वृद्धवृद्धाहरूका लागि विविध | ४१ | ८ | ८ | ३.५.१० | P2 |

| योजना कोड | उपशीर्षक | योजना सामन्जस्यता | | | | योजना प्राथमिकता |
|---|---|---|---|---|---|---|
| | लक्षित वर्ग (अति विपन्न, भूमिहीन, अल्पसङ्ख्यक, बालबालिका तथा जेष्ठ नागरिक) उत्थान | मौलिकहक स. नं. | प.यो.रा. ल. सङ्केत नं. | प्रादेशिक योजना लक्ष्य सङ्केत नं. | गा.पा. को रणनीतिक संकेत नं. | |
| | सबल र सहज वृत्ति विकास कार्यक्रम | | | | | |
| ५.७.८.२ | विपन्न महिला उत्थान कार्यक्रम बिद्यालय शिक्षा असहज भएका बालबालिकाहरूका लागि विशेष शैक्षिक कार्यक्रम (विद्यालय शिक्षा सहजीकरण, अनौपचारिक शिक्षा र सिप हस्तान्तरण) | ३८ | ८ | ८ | ३.५.१० | P1 |
| ५.७.८.३ | एकल , अल्पसङ्ख्यक र विपन्न परिवारका महिलाहरूका लागि स्थानीयतामा आधारित उद्यमशीलता विकास कार्यक्रम | ३९ | ८ | ८ | ३.५.१० | P2 |
| ५.७.८.४ | भूमि आयोगको मापदण्डभित्र परेका भूमिहिन र अव्यवस्थित बसोबास गर्दै आएका परिवारलाई भूमि वितरण कार्यक्रम | ३९ | ८ | ८ | ३.५.१० | P2 |
| ५.७.८.५ | नेपाल सरकार स्वास्थ्य मन्त्रालय, बाल अस्पताल र बाल कल्याणको क्षेत्रमा कार्य गर्ने संघ संस्थाहरुको साझेदारीमा अपांगहरुका लागि स्वास्थ्य सेवा र स्वास्थ्य सामाग्री वितरण | ४१ | ८ | ८ | ३.५.१० | P2 |
| ५.७.८.६ | बिपन्न समूहहरुलाई विशेष रोजगारी कार्यक्रम | ३८ | ८ | ८ | ३.५.१० | P1 |

### ५.७.९ अपेक्षित उपलब्धि

आवधिक योजनाको अन्त्यमा प्रतिशत दलित उद्यम तथा व्यवसायमा संलग्न हुनेछन् । लक्षित वर्गको उत्थानका लागि क्षमता अभिवृद्धि तथा संरक्षणका कार्यक्रमको निर्माण गरी लागु गरेमा गरिबी अन्त्य गर्ने तथा समावेशितासँग सम्बन्धित दिगो विकासको लक्ष्य प्राप्तिमा सहयोग मिल्नेछ ।

## ५.८ भाषा, संस्कृति, कला साहित्य

### ५.८.१ वर्तमान अवस्था

गाउँपालिकामा सांस्कृतिक तथा पुरातात्त्विक सम्पदाहरूको यथास्थितिबारे जानकारी लिन अध्ययन अनुसन्धानलाई प्राथमिकता दिइएको छ । विभिन्न किसिमका प्रतियोगिता, मेला, पर्व र महोत्सवहरूको

आयोजनामार्फत भाषा, साहित्य, कला र संस्कृतिको जगेर्ना गर्ने प्रयास गरिएको छ । परम्परागत तथा सांस्कृतिक सम्पदा संरक्षणका लागि क्रियाशील रहेका छन् । भाषा, साहित्य, कला र संस्कृतिसँग सम्बन्धित संग्रालयहरूको स्थापना गरिएको छ । तथापि भाषा, संस्कृति, कला र साहित्यको जगेर्नाका लागि योजनाबद्ध कार्यक्रम निर्माणको आवश्यकता देखिन्छ ।

कला, साहित्य र संस्कृतिसँग सम्बन्धित प्राविविध प्रतियोगिताहरु पनि यस गाउँपालिकामा गराउँदै आएको छ । वर्तमान समयमा १० वटा प्राविधिक मेलातथा महोत्सवहरू सञ्चालनमा थिए । कला तथा संस्कृतिको संरक्षणका लागि क्रियाशिल संघ तथा संस्थाहरू अहिले  सञ्चालनमा छैनन् तर आउँदा दिनहरूमा यस्ता संघ तथा संस्थाहरू सञ्चालन हुनेछन् ।

### ५.८.२ मुख्य समस्याहरू

ऐतिहासिक, पुरातात्त्विक, धार्मिक, साँस्कृतिक दृष्टिले महत्त्वपूर्ण स्थलहरूको दीर्घकालीन सोचको अभाव र बजेटको कमीका कारण संरक्षण र संवर्द्धन गर्न सकिएको छैन । सीमान्तकृत समुदाय लोपोन्मुख अवस्थामा छन् । मठ मन्दिरको व्यवस्थितरूपमा संरक्षण भएको छैन भने समुदायको कला साहित्यको व्यवस्थित अभिलेख पाइँदैन ।

### ५.८.२ अवसर तथा चुनौतीहरू

थारु समुदायलाई पर्यटनसँग जोड्नु, धार्मिक एवं तीर्थस्थलको रूपमा प्राचीन मन्दिरहरूको विकास गर्नु, संस्कृति सम्पदा संरक्षणका लागि आवश्यक  व्यवस्था हुनु, सडक पूर्वाधारको विकास हुनु यस क्षेत्रका सम्भावनाहरू हुन् । थारु तथा मधेसी समुदायको परम्परा संरक्षण गर्नु, धार्मिक, सांस्कृतिक स्थलको संरक्षण गर्नु, स्थानीय कला र साहित्यको अभिलेख राख्नु यस क्षेत्रका चुनौतीहरू हुन् ।

### ५.८.५ क्षेत्रगत सोच

धार्मिक सांस्कृतिक आस्थाको सम्मान सद्भावपूर्ण समाज ।

### ५.८.३ लक्ष्य

समाजमा विद्यमान संस्कृति र परम्पराको संरक्षण गर्ने ।

### ५.८.४ उद्देश्यहरू

१. सबै धर्मावलम्बी र सबै जाति बिचको एकता र सद्भावलाई निरन्तरता दिनु ।
२. सबै जाति र वर्गको कला, साहित्य र संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्नु ।
३. सांस्कृतिक परम्परालाई वैज्ञानिक तर्कले पुष्टि गर्ने कार्यको थालनी गर्नु ।

### ५.८.६ रणनीति तथा कार्यनीतिहरू

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| १.समाजमा शान्ति र एकताका लागि समयानकूल सामाजिक विकासमा जोड दिने । | १.संस्कृति र ऐतिहासिकता झल्कने गरिका पर्यटन तथा होमस्टे व्यवसाय सञ्चालन गर्ने वातावरण बनाइने । |

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| | २.प्रत्येक वडाको सांस्कृतिक सम्पदाको पहिचान गरी तिनलाई सांस्कृतिक पर्यटन क्षेत्रको रूपमा विकास गरिने छ । |
| २.कला, साहित्य, संस्कृति एवं धार्मिक स्थलको संरक्षणका लागि समुदायको सहभागिता बढाउने । | १.सामाजिक सांस्कृतिक बहुलवादको नीति अवलम्बन गरिने छ ।<br>२.अल्पसङ्ख्यक समुदायको भाषा तथा संस्कृति संरक्षणका लागि विशेष योजना बनाइने छ । |
| ३.परम्परागत संस्कृतिको विकासका लागि सांस्कृतिक परम्पराको वैज्ञानिक महत्त्वबारे प्रचार गर्ने । | १.स्थानीय कला साहित्य र संस्कृतिको अध्ययन अनुसन्धानलाई प्राथमिकता दिइने छ ।<br>२. वार्षिक रूपमा विद्यालयमा परम्परागत संस्कृतिका बारेमा शैक्षिक प्रतियोगिताहरू सञ्चालन गरिने छ । |

## ५.८.७ मुख्य कार्यक्रमहरू तथा कार्यान्वयन योजना

| योजना कोड | उपशीर्षक | योजना सामन्जस्यता | | | | योजना प्राथमिकता |
|---|---|---|---|---|---|---|
| | भाषा, संस्कृति, कला साहित्य | मौलिकहक स. नं. | प.यो.रा. ल. सङ्केत नं. | प्रादेशिक योजना लक्ष्य सङ्केत नं. | गा.पा. को रणनीतिक संकेत नं. | |
| ५.८.७.१ | स्थानीय भाषा, कला तथा संस्कृति पहिचान, खोज तथा उत्थान कार्यक्रम । | १८ | २ | २ | ३.५.५ | P2 |
| ५.८.७.२ | स्थानीय जात्रा पर्व, मेला, साँस्कृतिक चाल चलन, पोशााक तथा परिकार प्रोत्साहन कोश स्थापना | १८ | २ | २ | ३.५.५ | P2 |
| ५.८.७.३ | जातीयतामा आधारित घाट तथा आन्तिम संस्कार स्थलहरूमा संरचना निर्माण र व्यवस्थापन कार्यक्रम । | १८ | २ | २ | ३.५.५ | P1 |
| ५.८.७.४ | जातीय तथा ऐतिहासिक सङ्ग्रहालय निर्माण कार्यक्रम | १८ | २ | २ | ३.५.५ | P2 |
| ५.८.७.५ | लोपोन्मुख भाषा, संस्कृति संरक्षण तथा संवर्द्धन कार्यक्रम | १८ | २ | २ | ३.५.५ | P3 |
| ५.८.७.६ | धार्मिक र साँस्कृतिक सम्पदा निर्माण र जीर्णोद्धार | १८ | २ | २ | ३.५.५ | P1 |

## ५.८.८ अपेक्षित उपलब्धि

आवधिक योजनाको अन्त्यमा परम्परागत तथा सांस्कृतिक क्षेत्रहरूको संरक्षण गरिनेछ । धार्मिक र ऐतिहासिक स्थलमा थप पूर्वाधारको निर्माण हुनेछ। व्यवस्थित कार्ययोजना बनाई भाषा, संस्कृति, कला र साहित्यको जर्गेनामार्फत लोपोन्मुख भाषा, संस्कृति र परम्पराको संरक्षण तथा विकास हुनेछ । फलस्वरूप दिगो विकासको लक्ष्य प्राप्तिमा सहयोग मिल्नेछ ।

# अध्याय छ:    पूर्वाधार विकास

## ६.१ आवास तथा वस्ती विकास

### ६.१.१ वर्तमान अवस्था

सडक विस्तार र बस्ती थपिने क्रम सुरुवाती चरणमै छ। त्यसकारण वस्ती विकास व्यवस्थापन र पूर्वाधार विकास निर्माण योजना अनुरूप हुन सक्ने देखिन्छ।। गाउँपालिकामा सुरक्षित आवासमा पहुँच पुगेको जनसङ्ख्या अत्यन्तै न्यून अर्थात् १९.५२ प्रतिशत मात्र छ। वर्तमानमा नक्सा पास गरी घर निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइएको छ तर पनि नक्शा पास गरी घर निर्माण गर्नेहरूको सङ्ख्या ० प्रतिशत छ तर दिनानुदिन घर नक्शा पास गरी निर्माण गर्ने कार्यको वृद्धि हुँदै गएको छ। ढल तथा सडक निर्माण लगायतका आधारभूत सेवाको समयानुकूल विकास हुन सकेको छैन। गाउँपालिकाको सेवा सुविधामा विस्तार गरी समग्र अर्थतन्त्रको विकासमार्फत बसाइ सराइ गरेर जानेको सङ्ख्यामा कमी ल्याउन, व्यवस्थित वस्ती विकास गर्न तथा सहरोन्मुख क्षेत्रको विकासको योजना बनाउन विशेष पहल गर्नुपर्ने आवश्यकता देखिन्छ।

### ६.१.२ प्रमुख समस्याहरू

वातावरण मैत्री वस्ती विकास हुन नसक्नु, जनसङ्ख्या वृद्धिअनुसार गाउँपालिकाको सेवा सुविधामा विस्तार नहुनु, गुणस्तरीय पूर्वाधार विकासको अभाव हुनु, दक्ष जनशक्तिको अभाव तथा छरिएको यस क्षेत्रका प्रमुख समस्याहरू हुन्।

### ६.१.३ अवसर तथा चुनौतीहरू

आर्थिक गतिविधिमा वृद्धिसँगै गाउँपालिकाको राजश्व सङ्कलनमा वृद्धिको सम्भावना हुनु, प्राकृतिक स्रोत साधनको सन्तुलित उपयोगका लागि सामुदायिक एवम् गाउँपालिकास्तरमा विभिन्न मापदण्ड तथा नीति नियम बन्ने क्रममा हुनु, ग्रामीण चेतनाको स्तर बढ्नु यस क्षेत्रका अवसरहरू हुन्। वस्ती क्षेत्रमा आवश्यक पूर्वाधारको व्यवस्था गर्नु, वातावरणमैत्री वस्ती व्यवस्थापन गर्नु, फोहरमैलाको उचित व्यवस्थापन गर्नु यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन्।

### ६.१.४ क्षेत्रगत सोच

व्यवस्थित वस्ती विकासका लागि भौतिक पूर्वाधारको विकास।

### ६.१.५ लक्ष्य

सामाजिक-आर्थिक पूर्वाधारको विकास गरी सन्तुलित वस्ती विकासलाई प्राथमिकता दिने।

### ६.१.६ उद्देश्यहरू

१. सुरक्षित, दिगो र वातावरण मैत्री ग्रामीण पूर्वाधार निर्माण गर्नु।
२. व्यवस्थित उद्योग एवम् बजार क्षेत्रको पहिचान गर्नु।
३. उपलब्ध स्रोत साधनको महत्तम उपयोग गरी पूर्वाधार विकास गर्नु।

### ६.१.७ रणनीति तथा कार्यनीतिहरू

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| १.सम्भावित लघु उद्योग र बजारको वर्गीकरण गर्ने । | १.वर्गीकृत बजार र लघु उद्योगको स्थापनाको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।<br>२.वस्ती अनुकुलन औद्योगिक तथा व्यावसायिक क्रियाकलापलाई जोड दिइनेछ ।<br>३. सम्भावित वस्ती क्षेत्र , बजार क्षेत्र र पूर्वाधार क्षेत्र छनौट गरी वस्ती विकास ढाँचा तयार गर्ने । |
| २. गाउँपालिकाका वस्ती क्षेत्रमा सडक, खानेपानी, शैक्षिक लगायतका पूर्वाधार निर्माणका लागि पहल गर्ने । | १.भौतिक पूर्वाधार निर्माणका लागि संघ एवम् प्रदेशसँग समन्वय गरिनेछ ।<br>२.वस्ती वरपर सक्षम सुरक्षाप्रणाली तथा शैक्षिक संस्थाको को विकास गरिनेछ ।<br>३. वस्ती व्यवस्थापन मापदण्ड लागु गरिनेछ । |

### ६.१.८ मुख्य कार्यक्रम तथा कार्यान्वयन योजना

| योजना कोड | उपशीर्षक | योजना सामन्जस्यता | | | | योजना प्राथमिकता |
|---|---|---|---|---|---|---|
| | आवास तथा वस्ती विकास | मौलिकहक स. नं. | प.यो.रा.ल. सङ्केत नं. | प्रादेशिक योजना लक्ष्य सङ्केत नं. | गा.पा. को रणनीतिक संकेत नं. | |
| ६.१.८.१ | खरको छानो मुक्त वडा विकास कार्यक्रम | ३७ | ६ | ६ | ३.५.७ | P1 |
| ६.१.८.२ | प्राकृतिक तथा वातावरणीय जोखिम पहिचान, न्यूनीकरण रब्यवस्थापन कार्यक्रम | ३७ | ६ | ६ | ३.५.७ | P1 |
| ६.१.८.३ | नागरिकहरूको “पालिका अध्यक्ष” सुरक्षित आवास कार्यक्रम | ३७ | ६ | ६ | ३.५.७ | P1 |
| ६.१.८.४ | भुकम्प प्रतिरोधी एकीकृत ग्रामीण आवास विकास कार्यक्रम | ३७ | ६ | ६ | ३.५.७ | P2 |
| ६.१.८.५ | जगाा एकीकरण तथा न्यूनतम पुर्वाधार विकास कार्यक्रम | ३७ | ६ | ६ | ३.५.७ | P3 |
| ६.१.८.६ | जोखिममा परेका, भौगोलिक कारणले चुनौतीपूर्ण र छरिएका बस्तीहरुका लागि स्थानान्तरण सहितको एकिकृत बस्ती विकास कार्यक्रम | ३७ | ६ | ६ | ३.५.७ | P2 |

### ६.१.९ अपेक्षित उपलब्धि

आवधिक योजनाको मध्यावधिमा २५.६६ प्रतिशत र अन्त्यमा ३३.७७ प्रतिशत परिवार सुरक्षित आवासको पहुँचमा हुनेछन् । योजनाको अन्त्यमा २ देखि ५ प्रतिशत घर नक्सा पास गरी निर्माण भएका हुनेछन् । सार्वजनिक स्थलमा वातावरणमैत्री पूर्वाधारको निर्माण तथा आवश्यक ऐन कानुनको निर्माण गरी सहर तथा मानव बसोबासलाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने दिगो विकासको लक्ष्य प्राप्तिका लागि गाउँपालिकाले पूर्वाधार विकासमा जोड दिई वस्ती विकास तथा व्यवस्थापनका विविध मापदण्डको निर्माण गरी लागु गर्नु पर्दछ ।

## ६.२ सडक तथा यातायात

### ६.२.१ वर्तमान अवस्था

सुरक्षित आवास क्षेत्र, सम्भावित उद्योग क्षेत्र, कृषि पकेट क्षेत्र, खानी क्षेत्र, धार्मिक तथा पर्यटकीय स्थलहरूलाई प्राथमिकतामा राखेर सडकको ट्र्याक खोलिँदै गएका छन् । सडक विस्तार सँगै स्थानीय उत्पादन (कृषि, वन, पशु जन्य) हरूको निकासी सहज हुँदै गएको छ । उद्योग, व्यापार, शिक्षा, स्वास्थ्य, भौतिक निर्माण लगायतका कार्य गर्न सहज र कम खर्चिलो हुँदै गएको छ । धार्मिक, ऐतिहासिक, सांस्कृतिक र प्राकृतिक स्थलहरूलाई प्रयोग गरेर पर्यटकीय गतिविधि सञ्चालन गर्न सहज बन्दै गएको छ । सडक साँघुरो छ, घुम्ती पर्याप्त छैन, खाल्टा खुल्टी छन्, ग्रेड मिलेको छैन, कच्ची छ, नाली काटिएको सडकको लम्बाई न्यून छ । कृषि, वन, खानी, प्राकृतिक स्रोतहरूको व्यावसायिक परिचालनको प्राविधिक पक्ष कमजोर छ ।

गाउँपालिकामा सडक निर्माण तथा तथा स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिइएको छ । यातायातलाई वाह्रै महिना सञ्चालन गर्न र सडक सुधारकार्यलाई व्यवस्थित गर्न अझ बाँकी छ । कपुरकोट गाउँपालिकामा एक घण्टाको दुरीमा यातायातको पहुँच भएको जनसङ्ख्या औसत ९४.६६ प्रतिशत छन् ।

### ६.२.२ प्रमुख समस्याहरू

सडक विस्तारका कारण डुबाउ, बाढीजस्ता समस्या बढ्का छन् । उद्योग व्यवसाय सञ्चालन, सार्वजनिक प्रयोग तथा महत्त्वका भौतिक निर्माण गर्न उपयुक्त सार्वजनिक जमिन कम हुनु, सडक विस्तार तथा व्यवस्थापनमा चुनौतीहरू छन् । सडकको क्षमताभन्दा बढी वजनका बाहनहरूलाइ वैकल्पिक व्यवस्था भएको छैन ।

### ६.२.३ अवसर तथा चुनौतिहरू

सडकको निर्माण तथा विस्तारमार्फत व्यावसायिकरण गर्ने सम्भावना हुनु, मर्मत सम्भार तथा व्यवस्थापन कोषको व्यवस्था हुनु, सडक निर्माण तथा सुधार गरी स्थानीय सेवालाई प्रभावकारी बनाउने सम्भावना हुनु यस क्षेत्रका प्रमुख अवसरहरू हुन् । सडकको स्तरोन्नति र विस्तारका लागि अतिरिक्त बजेटको व्यवस्था गर्नु, स्थायी सडक पहुँच भएको जनसङ्ख्या वृद्धि गर्नु, सडकमा प्राकृतिक क्षति न्यूनीकरण गर्नु यस क्षेत्रका चुनौतीहरू हुन् ।

### ६.२.४ क्षेत्रगत सोच

सुरक्षित भरपर्दो र व्यवस्थित सडक सञ्जाल निर्माण ।

### ६.२.५ लक्ष्य

सडक सञ्जालको विकासमार्फत कृषि र औद्योगिक उत्पादनको बजार सुनिश्चित गर्ने ।

### ६.२.६ उद्देश्यहरू

१. सडक निर्माण भरपर्दो र व्यवस्थित बनाउनु ।
२. स्थानीय सेवा प्रदायकसम्म गुणस्तरीय सडक सञ्जाल विस्तार गर्नु ।
३. मौजुदा सडकको स्तरोन्नति गर्नु ।
४. सडक तथा यातायात व्यवस्थापन मापदण्ड बनाउने ।

### ६.२.७ रणनीति तथा कार्यनीतिहरू

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| १.सडकको स्तरोन्नतिमार्फत व्यावसायिक क्रियाकलापमा वृद्धि गर्ने । | १.घर-टोलमा सडकको विस्तार गरी ग्रामीण व्यावसायिक क्रियाकलापको व्यवस्थितरूपमा विकास गरिने छ ।<br>२. कृषि सडकको निर्माण गरी कृषि बजारको विकास गरिने छ ।<br>३.मौजुदा सडकको प्राथमिकता तोकेर साइड कटिङ्ग गर्ने, सुरक्षा व्लक निर्माण गर्ने, ग्रेड मिलाउने, घुम्ती पर्याप्त विस्तार गर्नेजस्ता कार्यहरू गर्ने, |
| २.गाउँपालिकाका प्रशासनिक निकायसम्म पहुँच पुऱ्याउन वडा कार्यालय र वस्ती जोड्ने सडक निर्माणलाई प्राथमिकता दिने । | १.गाउँपालिका र वडा जोड्ने सडक निर्माणका लागि स्थानीय बजेटको व्यवस्था गर्ने तथा अन्य सहयोगका लागि पहल गरिने छ ।<br>२.स्थानीय वस्ती वरपर सडक निर्माणमा अग्रसर स्थानीयलाई सहयोग गरिने छ । |
| ३. सडक मर्मत तथा निर्माण कार्य गर्दा मापदण्ड अनिवार्य रूपमा लागु गर्ने । | १. जथाभावी डोजर प्रयोग गरी सडक निर्माण गर्ने कार्यलाई निरूत्साहित गरिने छ ।<br>२. वायो इन्जिनियरिङ्ग लगायतका प्रविधि प्रयोग गरी दिगो सडक विकासलाई जोड दिइने ।<br>३.विविध कारणबस सडक अबरोध हुने सम्भावनाको न्यूनीकरण गरिने छ । |

### ६.२.८ मुख्य कार्यक्रमहरू तथा कार्यान्वयन योजना

| पूर्वाधार विकास | | | | | | |
|---|---|---|---|---|---|---|
| योजना कोड | उपशीर्षक | योजना सामन्जस्यता | | | | योजना प्राथमिकता |
| | सडक तथा यातायात | मौलिकहक स. नं. | प.यो.रा. ल. सङ्केत नं. | प्रादेशिक योजना लक्ष्य सङ्केत नं. | गा.पा. को रणनीतिक संकेत नं. | |
| ६.२.८.१ | वडा कार्यालय र पालिका जोड्ने पक्की सडक सञ्जाल विकास तथा विस्तार कार्यक्रम | ३७ | १ | १ | ३.५.६ | P3 |
| ६.२.८.२ | मुख्य वस्ती जोड्ने तथा पालिका स्तरीय रणनौतिक सडक सर्वयाम स्तररोन्नति | ३७ | १ | १ | ३.५.६ | P1 |
| ६.२.८.३ | स्थानीय सडक निर्माण तथा स्तरोन्नति | ३७ | १ | १ | ३.५.६ | P1 |
| ६.२.८.४ | अन्तरपालिका सडक तथा पुल निर्माण जैविक इन्जिनियरिङ्ग तथा वृक्षारोपण कार्यक्रम | ३७ | १ | १ | ३.५.६ | P2 |
| ६.२.८.५ | कृषि सडक निर्माण तथा स्तरोन्नति कार्यक्रम | ३७ | १ | १ | ३.५.६ | P1 |
| ६.२.८.६ | बहुआयामिक भौतिक पूर्वाधार ( विद्युत र वैकल्पिक उर्जा, खानेपानी, ढल र फोहोर व्यवस्थापन, कृषि उपज सङ्कलन केन्द्र, चिस्यान केन्द्र र शीतगृह, धार्मिक, ऐतिहासिक र प्राकृतिक स्थल आदि) हरूका लागि सडक सञ्जाल परियोजना | ३७ | १ | १ | ३.५.६ | P2 |

### ६.२.९ अपेक्षित उपलब्धि

आवधिक योजनाको अन्त्यमा गाउँपालिका तथा वडा जोड्ने सडकहरू २३४.५९ किलो मिटर सडक निर्माण भइसक्नेछन् । पुराना सडकको स्तरोन्नति हुनेछ । सबै परिवारमा यातायातको पहुँचभित्र हुनेछन् । उत्थानशील पूर्वाधारको निर्माण गर्ने दिगो विकासको लक्ष्य प्राप्तिका लागि कृषि सडकको निर्माण तथा वातावरण मैत्री सडक तथा यातायात विकासलाई जोड दिनुपर्ने आवश्यकता देखिन्छ ।

## ६.३ सिंचाइ (भूमिगत, सतह, लिफ्टिङ्ग र वर्षात)

### ६.३.१ वर्तमान अवस्था

कर्णाली प्रदेशमा रहेको सल्यान जिल्लाको कपुरकोट गाउँपालिकामा जम्मा १७ वटा सिँचाइ आयोजना र ४० कि.मि. लम्बाइ भएको कुलो मार्फत गाउँपालिकामा सिँचाइ क्षेत्रको विकासको प्रयास गरिएको छ । सिंचाइ क्षेत्रलाई व्यवस्थित गर्नका लागि सिंचाइ समूहको गठनसमेत गरिएको छ । वर्षभरि सिँचाइ पुगेको जमिन जम्मा १४.७० प्रतिशत छ भने सिँचाइ नपुगेको तर सिँचाइ पुर्याउन सकिने जमीन ३९.६९ प्रतिशत छ । कपुरकोट गाउँपालिकामा आंशिक सिँचाई हुने जमिन १६.७३ प्रतिशत छ भने

कुल खेतीयोग्य जमिनको २८.८८ प्रतिशत जमिनमा भने सिँचाइ पुर्याउन कठिन नै देखिन्छ । यो परिप्रेक्ष्यमा खोल्सा तथा जलाधार क्षेत्रको संरक्षण गरी सिँचाइ सुविधा विस्तार गरी कृषि उत्पादनमा वृद्धि गर्नको लागि विशेष पहल गर्नुपर्ने देखिन्छ ।

### ६.३.२ प्रमुख समस्याहरू

सिचाइ पुर्याउन कठिन जमिनमा वैकल्पिक सिँचाइको व्यवस्था गर्नु, उपलब्ध जलस्रोतको व्यवस्थित सदुपयोग हुन नसक्नु, सिँचाइ पूर्वाधारको अभाव, स्रोत साधनको कमी यस क्षेत्रका प्रमुख दुर्बल पक्षहरू हुन् ।

### ६.३.३ अवसर तथा चुनौतीहरू

सिचाइका नयाँ प्रविधिको प्रयोगमार्फत सिँचाइ सुविधा विस्तार गर्ने सम्भावना हुनु, पर्याप्त जलस्रोत तथा जलाधार क्षेत्रको उपलब्धता हुनु यस क्षेत्रका अवसरहरू हुन् । सम्पूर्ण कृषि भूमिमा सिँचाइ सुविधा उपलब्ध गराउनु, सिँचाइ आयोजनाको प्रभावकारी व्यवस्थापन गर्नु, खेतीयोग्य जमिनमा सिँचाइ कुलोको व्यवस्था गर्नु यस क्षेत्रका चुनौतीहरू हुन् ।

### ६.३.४ क्षेत्रगत उद्देश्य

कृषि उत्पादन वृद्धिका लागि सिँचाइको दीगो विकास ।

### ६.३.५ लक्ष्य

वर्षैभरि सिँचाइ सुविधा उपलब्ध गराई कृषि उपजको उत्पादनमा वृद्धि गर्ने ।

### ६.३.६ उद्देश्यहरू

१. सिँचाइको दिगो विकास गर्नु ।
२. सिँचाइ प्रणालीको कुशल व्यवस्थापन गरी सिँचाइ समस्या न्यूनीकरण गर्नु ।

### ६.३.७ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| १.सिँचाइका रणनीतिक दीर्घकालीन आयोजना निर्माण गर्ने । | १.सिँचाइ आयोजनाको गुणस्तर अभिवृद्धि गरी दीर्घकालीन सिँचाइ आयोजनालाई प्राथमिकता दिइने छ ।<br>२.खेती योग्य जमीनमा कुलो निर्माण गरी सिँचाइ सुविधा विस्तार गरिने छ । |
| २.विद्यमान सिँचाइ प्रणालीको अनुगमन तथा मूल्याङ्कन गरी वैकल्पिक प्रविधिको अध्ययन अनुसन्धान गर्ने । | १.गाउँपालिकाका सिँचाइ आयोजना तथा सिँचाइ कुलोको अनुगमन गरी सिँचाइ व्यवस्थापनलाई प्रभावकारी बनाइने छ ।<br>२.जिरो इनर्जि प्रविधि, प्लाष्टिक पोखरी, रेन वाटर हार्भेस्टिङ्ग लगायतको सिँचाइप्रविधिबारे अध्ययन अनुसन्धान गरिने छ । |

### ६.३.८ मुख्य कार्यक्रम तथा कार्यान्वयन योजना

| योजना कोड | उपशीर्षक<br>सिंचाई (सतह, लिफ्टिङ्ग र वर्षात) | योजना सामन्जस्यता<br>मौलिकहक स. नं. | प.यो.रा. ल. सङ्केत नं. | प्रादेशिक योजना लक्ष्य सङ्केत नं. | गा.पा. को रणनीतिक संकेत नं. | योजना प्राथमिकता |
|---|---|---|---|---|---|---|
| ६.३.८.१ | सुक्खा क्षेत्र का लागि एकिकृत जल सङ्कलन, व्यवस्थापन र प्रयोग कार्यक्रम (वर्षातको पानी उपभोग कार्यक्रम) | २५ | २ | २ | ३.५.११ | P1 |
| ६.३.८.२ | सिमसार क्षेत्र पहिचान, रेखाङ्कन र व्यवस्थपनको माध्यमबाट जल भण्डार प्रवर्द्धन कार्यक्रम | २५ | २ | २ | ३.५.१३ | P3 |
| ६.३.८.३ | एकीकृत, खण्डित र बेमौसमी सिँचाइ प्रवर्द्धन कार्यक्रम | २५ | २ | २ | ३.५.११ | P2 |
| ६.३.८.४ | सौर्य उर्जामा आधारित लिफ्टिङ सिँचाइ कार्यक्रम | २५ | २ | २ | ३.५.११ | P1 |
| ६.३.८.५ | सुक्खा क्षेत्र र बेमौसमी बालीका लागि सुधारिएको सिँचाइ प्रविधि (थोपा, तले, आर्द्रता, मल्चिङ्ग सिँचाइ आदि) मा अनुदान कार्यक्रम | २५ | २ | २ | ३.५.१३ | P2 |
| ६.३.८.६ | कुलो तथा नहर मर्मत कार्यक्रम स्थाई स्रोत भएका जमिनका लागि खुल्ला र नियन्त्रित (कुलो, पाइप, सङ्कलन स्थल) सिचाई परियोजना | २५ | २ | २ | ३.५.११ | P1 |
| ६.३.८.७ | सिँचाइका लागि पूर्वाधार कार्यक्रम (सडक तथा गोरेटो बाटो आदि) | २५ | २ | २ | ३.५.१३ | P3 |

### ६.३.९ अपेक्षित उपलब्धि

आवधिक योजनाको अन्त्यमा वर्षभरि सिँचाइ पुग्ने जमिन २०.४६ प्रतिश हुनेछ । साना सिँचाइ आयोजनाहरू लक्ष्यको अन्त्यमा १९ वटा निर्माण हुनेछन् । नयाँ तथा आधुनिक सिँचाइ प्रविधिको प्रयोग गरी विद्यमान सिँचाइ आयोजनाको कुशल व्यवस्थापन गर्न सकेमा दिगो आर्थिक वृद्धि प्राप्त गर्ने दिगो विकासको लक्ष्य प्राप्त गर्न सकिने छ ।

## ६.४ विद्युत तथा वैकल्पिक उर्जा

### ६.४.१ वर्तमान अवस्था

ऊर्जा सहज जीवनयापनका लागि अपरिहार्य साधन हो । सामाजिक विकासक्रम सँगसँगै जलविद्युत र वैकल्पिक ऊर्जाको विकास एवम् प्रयोग बढ्दो छ । गाउँपालिकामा जलविद्युत ऊर्जाको विस्तार गर्ने क्रममा हाल ६५ प्रतिशत परिवारमा विद्युतको पहुँच पुगेको छ । सौर्य ऊर्जा प्रयोग गर्नेहरूको परिवार १०६७ छन् भने ३१५ परिवारले बायो ग्याँस प्रयोग गर्दछन् ।

### ६.४.२ प्रमुख समस्याहरू

गाउँपालिकामा वैकल्पिक ऊर्जाको प्रवर्द्धन गर्न नसक्नु, वैकल्पिक उर्जाबारे समुदायमा अनभिज्ञता हुनु, विद्युतीय ऊर्जाको घरायसी कार्यमा कम प्रयोग हुनु यस क्षेत्रका मुख्य समस्याहरू हुन् ।

### ६.४.३ अवसर तथा चुनौतीहरू

गाउँपालिकाको नीति तथा कार्यक्रममा प्राथमिकतामा पर्नु, जैविक वस्तुबाट वैकल्पिक ऊर्जा उत्पादनको सम्भावना हुनु यस क्षेत्रका अवसरहरू हुन् । सबै परिवारमा ऊर्जाको पहुँच विस्तार गर्नु, वातावरण मैत्री ऊर्जा प्रयोगलाई विस्तार गर्नु तथा आवश्यक लगानीको व्यवस्था गर्नु यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन् ।

### ६.४.४ क्षेत्रगत सोच

ऊर्जाको विकास गरी ग्रामीण विकासमा योगदान ।

### ६.४.५ उद्देश्यहरू

१. ग्रामीण वस्तीमा उर्जाको पहुँच विस्तार गर्नु ।
२. वातावरण प्रदूषण रोकथामका लागि नवीकरणीय ऊर्जाको प्रयोगमा वृद्धि गर्नु ।

### ६.४.७ रणनीति तथा कार्यनीतिहरू

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| १.ऊर्जा सेवाको पहुँच विस्तार गरी जीवनस्तरमा वृद्धि ल्याउने | १. न्यूनतम ऊर्जाको उपलब्धताको सुनिश्चितता लागि तथ्याङ्क सकलन गरिने छ ।<br>२.स्थानीय विद्युत आयोजनामा स्थानीयको लगानी वृद्धि गर्ने |
| २.नवीकरणीय वैकल्पिक ऊर्जाको प्रवर्द्धन गर्ने । | १.नवीकरणीय ऊर्जाको प्रयोग गरी वातावरण प्रदूषण न्यूनीकरण गरिने छ ।<br>२.ग्रामीण जैविक वस्तुबाट वैकल्पिक ऊर्जा उत्पादनलाई प्रोत्साहन गरिने छ ।<br>३ सौर्य ऊर्जाको उत्पादन र प्रयोगलाई प्राथमिकता दिइने छ । |

### ६.४.८ मुख्य कार्यक्रमहरू तथा कार्यान्वयन योजना

| योजना कोड | उपशीर्षक | योजना सामन्जस्यता | | | | योजना प्राथमिकता |
|---|---|---|---|---|---|---|
| | विद्युत तथा वैकल्पीक उर्जा | मौलिकहक स. नं. | प.यो.रा.ल. सङ्केत नं. | प्रादेशिक योजना लक्ष्य सङ्केत नं. | गा.पा. को रणनीतिक संकेत नं. | |
| ६.४.८.१ | उज्यालो कार्यक्रम (विद्युत लाइन मर्मत तथा विस्तार ) | २५ | ३ | ३ | ३.५.१६ | P1 |
| ६.४.८.२ | धुवारहित चुलो निर्माण कार्यक्रम | २५ | ३ | ३ | ३.५.१६ | P2 |

| योजना कोड | उपशीर्षक | योजना सामन्जस्यता | | | | योजना प्राथमिकता |
|---|---|---|---|---|---|---|
| | विद्युत तथा वैकल्पीक उर्जा | मौलिकहक स. नं. | प.यो.रा. ल. सङ्केत नं. | प्रादेशिक योजना लक्ष्य सङ्केत नं. | गा.पा. को रणनीतिक संकेत नं. | |
| ६.४.८.३ | काठेपोल विस्थापन कार्यक्रम | २५ | ३ | ३ | ३.५.१६ | P1 |
| ६.४.८.४ | wind energy कार्यक्रमको अध्ययन, अनुसन्धान तथा परीक्षण कार्यक्रम | २५ | ३ | ३ | ३.५.१६ | P2 |

### ६.४.९ अपेक्षित उपलब्धि

आवधिक योजनाको अन्त्यमा ९९ प्रतिशत घरधुरीमा विद्युतीय सेवाको विस्तार हुनेछ। ४४३ परिवारमा बायो ग्याँस र १४९९ परिवारमा सौर्य ऊर्जाको पहुँच पुग्नेछ। वातावरण मैत्री उर्जाको गाउँपालिकामा प्रवर्द्धन गर्न सकेमा जलवायु परिवर्तनको प्रभाव नियन्त्रण गर्ने दिगो विकासको लक्ष्य प्राप्तिमा सहयोग मिल्नेछ। सौर्य ऊर्जा प्रयोग गर्ने परिवारको सङ्ख्या १४९९ हुनेछ।

## ६.५ सञ्चार तथा सूचना प्रणाली

### ६.५.१ वर्तमान अवस्था

गाउँपालिकामा सुशासन र पारदर्शिता कायम गर्नका लागि सञ्चार तथा सूचना प्रणालीको अहम् भूमिका रहेको हुन्छ। आधार वर्षमा गाउँपालिकामा टेलिभिजन प्रयोग गर्ने परिवारको सङ्ख्या कम छ भने इन्टरनेट प्रयोगकर्ता परिवारको सङ्ख्या पनि कम नै छ। गाउँपालिकाको सत्य तथ्य वस्तुस्थिति पत्ता लगाई गाउँपालिकाको बारेमा सूचना प्राप्तिका लागि तथ्याङ्क सङ्कलन गर्ने कार्यलाई निरन्तरता दिइएको छ।

### ६.५.२ प्रमुख समस्याहरू

सूचना प्रविधिको पहुँच नभएका परिवारको सङ्ख्या बढी हुनु, दक्ष जनशक्तिको अभाव हुनु, आधुनिक प्रविधिको प्रयोग हुन नसक्नु, व्यवस्थितरूपमा गाउँपालिकाको तथ्याङ्क सङ्कलन हुन नसक्नु यस क्षेत्रका प्रमुख दुर्बल समस्याहरू हुन्।

### ६.५.३ अवसर तथा चुनौतीहरू

सूचना प्रविधिको विकासमार्फत दक्ष जनशक्ति निर्माणको सम्भावना हुनु, सार्वजनिक स्थलमा इन्टरनेट सुविधा विस्तार गरी सूचनामा पहुँचमा विस्तार गर्ने सम्भावना हुनु, नागरिक वडापत्रमार्फत सूचना प्रवाह गर्नु, यस क्षेत्रका अवसरहरू हुन्। आधुनिक सञ्चारका साधनको उपयोग विस्तार गर्नु, सुशासनका लागि सूचना प्रविधिको सही सदुपयोग गर्नु यस क्षेत्रका चुनौतीहरू हुन्।

### ६.५.४ क्षेत्रगत सोच

सूचना प्रविधिमा पहुँच विस्तार

### ६.५.५ लक्ष्य

सूचना प्रविधिको प्रयोग बढाई दक्ष जनशक्ति निर्माण गर्ने ।

### ६.५.६ उद्देश्यहरू

१. विद्यालय शिक्षालाई सूचना प्रविधीमैत्री बनाउनु ।
२. उत्पादनमूलक क्षेत्रमा सूचना प्रविधिको विस्तार र विकास गरी उत्पादन बढाउनु ।

### ६.५.७ रणनीति तथा कार्यनीतिहरू

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| १.विद्यालय शिक्षामा सूचना प्रविधिको प्रयोग बढाउन आवश्यक पूर्वाधार निर्माण गर्ने । | १.विद्यालयलाई डिजिटल उपकरण खरिद<br>२. विद्यार्थी तथा किशोरकिशोरीलाई सूचना प्रविधिको व्यावहारिक प्रयोगबारे तालिम प्रदान गरिने छ । |
| २.कृषि तथा व्यापार व्यवसायमा सूचना प्रविधिको विस्तार गर्ने । | १. बाह्य बजार तथा गतिविधिको जानकारी प्राप्त गरी कृषि तथा व्यावसायिक आय सुनिश्चित गर्न सूचना प्रविधिको उपयोग गरिने छ ।<br>२.व्यापारिक क्रियाकलापमा डिजिटिल प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिने छ । |

### ६.५.८ मुख्य कार्यक्रमहरू तथा कार्यान्वयन योजना

| योजना कोड | उपशीर्षक | योजना सामन्जस्यता | | | | योजना प्राथमिकता |
|---|---|---|---|---|---|---|
| | **सञ्चार तथा सूचना प्रणाली** | मौलिकहक स. नं. | प.यो.रा. ल. सङ्केत नं. | प्रादेशिक योजना लक्ष्य सङ्केत नं. | गा.पा. को रणनीतिक संकेत नं. | |
| ६.५.८.१ | कृषकसँग गाउँपालिकाको कृषि सूचना प्रविधि कार्यक्रम | १८ | ९ | ९ | ३.५.१७ | P1 |
| ६.५.८.२ | स्थानीय उत्पादन, रोजगारी, अवसर पहिचानका लागि विद्युतयि डिजिटल पार्क परियोजना | १८ | ९ | ९ | ३.५.१७ | P2 |
| ६.५.८.३ | शैक्षिक तथा सार्वजनिक स्थलमा इन्टरनेट सेवा बिस्तार कार्यक्रम | २५ | ६ | ६ | ३.५.१७ | P1 |
| ६.५.८.४ | विपद, जोखिम र प्रकोप न्यूनीकरणका लागि डिजिटल सञ्जालीकरण परियोजना | ३७ | १ | १ | ३.५.१७ | P3 |

### ६.५.९ अपेक्षित उपलब्धि

योजनाको अन्त्यमा सबै परिवारमा टेलिभिजनको पहुँच विस्तार हुनेछ। इन्टरनेट प्रयोग गर्ने जनसङ्ख्या शत प्रतिशत पुग्नेछ। समावेशी विकासको दिगो लक्ष्य प्राप्तिका लागि शैक्षिक तथा व्यापारिक क्षेत्रलाई प्रविधिमैत्री बनाउनु आवश्यक देखिन्छ।

## ६.६ ढल निकास, फोहोरमैला प्रशोधन पूर्वाधार

### ६.६.१ वर्तमान अवस्था

ढल तथा फोहरमैलाको व्यवस्थापन संक्रमण मुक्त र स्वस्थ समाज निर्माणका आधार हुन् । गाउँपालिकामा फोहरमैला व्यवस्थापनका लागि नीति तथा कार्यक्रम बनाइएका भए तापनि वर्तमान परिस्थितिमा ढल निकासको दिगो व्यवस्थापन गर्न सकिएको छैन । गाउँपालिकामा साक्षरता दरको वृद्धिसँगै स्थानीयस्तरमा चेतनाको स्तर पनि बढ्दै गएको छ । गाउँपालिकाका महिला समूह तथा वनउपभोक्ता समूह, सिँचाइ समूह लगायतका समूहले स्थानीय गतिविधिलाई वातावरणमैत्री रूपमा सञ्चालन गर्नमा केही हदसम्म सहयोग पुऱ्याइरहेका छन् । यस्तै गरी फोहरमैला व्यवस्थापन तथा प्रशोधनका लागि आवश्यक पूर्वाधारको दीर्घकालीन व्यवस्था गर्न सकिएको छैन ।

### ६.६.२ प्रमुख समस्याहरू

गाउँपालिकामा ढल निकासका लागि व्यवस्थित योजना नहुनु, ढल तथा प्रशोधन पूर्वाधार निर्माणका लागि बजेटको कमी हुनु, स्थानीयमा परम्परागत फोहरमैला निश्कासनलाई नै निरन्तरता दिने प्रवृत्ति पाइनु यस क्षेत्रका प्रमुख समस्याहरू हुन्।

### ६.६.३ अवसर तथा चुनौतीहरू

गाउँपालिकाको प्लाष्टिकमुक्त बनाउने योजना निर्माणाधीन अवस्थामा हुनु, फोहरमैला वर्गिकरण गरी कुहिने फोहरमैलाबाट प्राङ्गारिक मल बनाउने कार्यलाई प्रोत्साहन गर्नु, वातावरणमैत्री समाजको निर्माण हुने क्रम बढ्नु यस क्षेत्रका अवसरहरू हुन्। व्यवस्थितरूपमा ढल निकासको व्यवस्था गर्नु, फोहरमैला प्रशोधन स्थलको चयन गर्नु, फोहरमैला प्रशोधनका लागि आवश्यक प्रविधि तथा सामग्रीको व्यवस्था गर्नु यस क्षेत्रका चुनौतीहरू हुन्।

**६.६.४ क्षेत्रगत सोच**

ढल तथा फोहरमैलाको व्यवस्थित निकास।

**६.६.५ लक्ष्य**

ढल तथा फोहरमैलाको कुशल व्यवस्थापन गर्ने।

**६.६.६ उद्देश्यहरू**

१. ढल तथा फोहरमैलाको कुशल व्यवस्थापनका लागि आवश्यक पूर्वाधार निर्माण गर्नु ।

२. फोहरमैला प्रशोधनको प्रबन्ध मिलाउनु ।

### ६.६.७ रणनीति तथा कार्यनीतिहरू

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| १. ढल निर्माण कार्यलाई तीव्रता दिने | १.गाउँपालिकाका सबै वडामा आधुनिक ढल निकासको कार्यलाई प्राथमिकता दिइने छ ।<br>२. ढल निर्माण कार्य गर्दा वातावरण पक्षलाई जोड दिइने छ । |
| २.फोहरमैला प्रशोधन केन्द्रको स्थापना गर्ने । | १.ढल निर्माणका लागि पाइप तथा अन्य सामग्रीको व्यवस्था गरिने छ ।<br>२.फोहरमैला प्रशोधन केन्द्र स्थापनाका लागि जग्गा प्राप्ति गरिने छ । |

### ६.६.८ मूख्य कार्यक्रमहरु तथा कार्यान्वयन योजना

| योजना कोड | उपशीर्षक | योजना सामन्जस्यता | | | | योजना प्राथमिकता |
|---|---|---|---|---|---|---|
| | **ढल निकास, फोहोरमैला प्रशोधन पूर्वाधार** | मौलिकहक स. नं. | प.यो.रा. ल. सङ्केत नं. | प्रादेशिक योजना लक्ष्य सङ्केत नं. | गा.पा. को रणनीतिक संकेत नं. | |
| ६.६.८.१ | स्वच्छ, स्वस्थ्य पालिकाका लागि व्यवस्थित फोहोर व्यवस्थापन कार्यक्रम | १८ | ९ | ९ | ३.५.१७ | P1 |
| ६.६.८.२ | फोहोरमैला व्यवस्थापनबाट आय आर्जन गर्न “फोहोरमा मोहोर कार्यक्रम” | १८ | ९ | ९ | ३.५.१७ | P2 |
| ६.६.८.३ | दिगो फोहोर व्यवस्थापनका लागि युवा सञ्जाल | २५ | ६ | ६ | ३.५.१७ | P1 |
| ६.६.८.४ | व्यवस्थित ढल, स्वच्छ गाउँपालिका कार्यक्रम | ३७ | १ | १ | ३.५.१७ | P3 |

### ६.६.९ अपेक्षित उपलब्धि

स्वच्छ गाउँपालिकाको निर्माण हुनेछ, ढल तथा फोहरमैलाको उचित व्यवस्थापन हुनेछ ।

## ६.७ सार्वजानिक भवन तथा उद्यान

### ६.७.१ वर्तमान अवस्था

सार्वजनिक भवन र उद्यानको संरक्षण र संवर्द्धन गर्नु आम नागरिकको दायित्व हो । यसै तथ्यलाई आत्मसात् गरी गाउँपालिकामा स्थानीय परिस्थिति एवं स्रोत साधन अनुकुल सार्वजनिक भवन र

उद्यानको निर्माण गरी संरक्षण गर्ने जमर्को गरिएको छ। गाउँपालिकामा स्वच्छ वातावरण निर्माणका लागि वडागत उद्यान निर्माण गर्ने कार्यको थालनी गरिएको छ भने समयानुकुल गाउँपालिकाका सार्वजनिक भवनहरूको मर्मत सम्भार गर्दै आइएको छ। यद्यपि पर्याप्त मात्रामा सार्वजनिक भवन तथा उद्यानको निर्माण गर्न सकिएको छैन।

### ६.७.२ प्रमुख समस्याहरू

वि.सं. २०७३ को स्थानीय तह क्षेत्र निर्धारण आयोगको सिफारिस अनुसार साविकका गा.वि.स.हरू टुक्र्याएर वा गाभेर हालका गाउँपालिकाहरूको प्रशासनिक संरचना तयार भएको छ। स्थानीय प्रशासन र राजनितिक संरचनामा यसले सहजता थपेको छ। नागरिकहरूका अत्यावश्यक सेवा उपभोग गर्ने अधिकारमा सहजता पनि थपेको छ। तर, पुरानो पालिका केन्द्रहरूलाई नै अहिलेको वडा केन्द्रकारूपमा प्रयोग गरिएकाले सबै सर्वसाधारणलाई सेवामा समान पहुँच पुर्याउन कठीन छ।

स्वास्थ्य, खानेपानी, खोप र अन्य सेवा लिने सेवाग्राही वडा केन्द्रबाट टाढा छन्। वडा र गाउँपालिका केन्द्रबाट दिईने सेवाहरूलाई व्यवस्थित र प्रभावकारी बनाउन भौतिक संरचनाले प्रत्यक्ष प्रभावपारेको छ। प्रसाशन, विषयगत शाखा, गोदाम र आपतकालीन प्रयोजनका लागि न्यूनतम सुविधासहितका भवन निर्माण गर्न र नागरिक सेवाको दायरा बढाउन आवश्यक पर्ने भवन तथा अन्य पूर्वाधार बनी सकेका छैनन्।

### ६.७.३ अवसर तथा चुनौतीहरू

सार्वजनिक भवनको विस्तार तथा गुणस्तर वृद्धि गरी गाउँपालिकाको आधारभूत सेवामा सबै स्थानीयको पहुँच वृद्धि गर्ने सम्भावना हुनु, विद्यालय भवनको निर्माण तथा स्तरोन्नति गरी शैक्षिक क्षेत्रको विकास गर्ने सम्भावना हुनु, सबै वडामा स्वास्थ्य चौकी निर्माण गरी सुलभ स्वास्थ्य सेवा प्रदान गर्न सकिनु, अनुशासित एवं चरित्रवान समाजको निर्माणमन लागि मठ मन्दिरको निर्माण गर्नु यस क्षेत्रका अवसर हुन्। त्यस्तै गरी सबै वडामा उद्यान्नको निर्माण गर्न सकेमा गाउँपालिकाको स्थानीय वातावरण स्वच्छ बनाउन मद्दत पुग्ने देखिन्छ तर सार्वजनिक भवन र उद्यान निर्माणका लागि पर्याप्त बजेट विनियोजन गर्नु, सार्वजनिक सम्पत्तिको संरक्षणमा जनसहभागिता बढाउनु चुनौतीपूर्ण देखिन्छ।

### ६.७.४ क्षेत्रगत सोच

सार्वजनिक भवन र उद्यान्नको संरक्षण र संवर्द्धन।

### ६.७.५ लक्ष्य

सार्वजनिक भवन र उद्यान्नको आवश्यकता बमोजिम विकास र सम्भार गर्ने।

### ६.७.६ उद्देश्यहरू

१. गउँपालिकामा सार्वजनिक भवनको निर्माण र संरक्षणका लागि स्थानीयलाई सहभागी गराउनु।
२. सार्वजनिक उद्यान्नको निर्माण र संरक्षण गरी स्वच्छ वातावरण सुनिश्चित गर्नु।

### ६.७.७ रणनीति तथा कार्यनीतिहरू

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| १.स्थानीयको सहभागितामा सार्वजनिक सम्पत्ति संरक्षण गर्ने र पर्याप्त भौतिक निर्माण गर्ने । | १.सार्वजनिक भवनलाई बाल तथा अपाङ्गमैत्री बनाइनेछ ।<br>२.स्थानीयलाई समेत सहभागी गराई सार्वजनिक भवनको नियमित मर्मत संभार गरिने छ ।<br>३. सर्व सुलभ सार्वजनिक सेवाका लागि आवश्यक भवन निर्माण गरिनेछ । |
| २.सार्वजनिक उद्यान्नको संरक्षण तथा निर्माण गर्ने । | १.सार्वजनिक उद्यान्न निर्माण गरी स्वच्छ वातावरण सुनिश्चित गरिनेछ ।<br>२. उद्यान्न संरक्षणमा बाल तथा युवा क्लबको परिचालन गरिने छ । |

### ६.७.८ मुख्य कार्यक्रमहरू तथा कार्यान्वयन योजना

| योजना कोड | उपशीर्षक | योजना सामन्जस्यता | | | | योजना प्राथमिकता |
|---|---|---|---|---|---|---|
| | सार्वजनिक भवन र उद्यान | मौलिकहक स. नं. | प.यो.रा. ल. सङ्केत नं. | प्रादेशिक योजना लक्ष्य सङ्केत नं. | गा.पा. को रणनीतिक संकेत नं. | |
| ६.७.८.१ | वडा र टोल स्तरका सार्वजनिक तथा सामुदायिक भवन (वडा कार्यलय, स्वास्थ्य चौकी, सुरक्षा पोष्ट, सामुदायिक सेवा केन्द्र, विद्यालय, कृषि उपज सङ्कलन केन्द्र आदि) निर्माण, जीर्णोद्धार, संरक्षण र व्यवस्थापन कार्यक्रम | १८ | ९ | ९ | ३.५.७ | P2 |
| ६.७.८.२ | धार्मिक संरचनाहरूको निर्माण ,स्तररोन्नति र व्यवस्थापन परियोजना | २५ | ६ | ६ | ३.५.७ | P1 |
| ६.७.८.३ | भिन्न क्षमता भएका नागरिकहरूका लागि मापदण्ड पुग्ने संरचना निर्माण ( अपाङ्गमैत्री, विद्यालय पूर्वाधार, जेष्ठ नागरिक ग्राम, स्तनपान कक्ष, स्यानिटरी प्याड कक्ष आदि) संरचनाको विकास परियोजन | २५ | ६ | ६ | ३.५.५ | P2 |

### ६.७.९ अपेक्षित उपलब्धि

गाउँपालिकाका सार्वजनिका भवनको संरक्षण हुनेछ। उद्यान निर्माणमार्फत स्वच्छ वातावरणको सिर्जना हुनेछ ।

## ६.८ योजना अवधिको भौतिक विकासको खाका

प्रस्तावित नक्शाले कपुरकोट गाउँपालिकाको भौतिक विकास प्रगती यो योजना अवधिमा कुन स्तरको हुने भन्ने विषयको चित्रण गर्छ । योजना दस्तावेजमा शव्दमा प्रकट गर्दा यथार्थ झल्काउन नसकिने विषयहरूलाई चित्रमा प्रतिनिधित्व गराउने प्रयास गरिएको छ । नक्शामा प्रयोग भएका सूचकहरूको भाषामा त्रुटी हुन सक्छ र यसको शुद्धतामा सहयोगको अपेक्षा गरेका छौं ।





82°17'30"E
82°20'0"E
82°22'30"E
82°25'0"E
कपुरकोट गाँउपालिका
पुर्वाधार योजना नक्सा
(दीर्घकालिन लक्ष्यहरु)
छत्रेश्वरी गाँउपालिका
त्रिवेणी गाँउपालिका
रोल्पा जिल्ला
Meters
0 375 750 1,500 2,250 3,000 3,750
संकेत सुचक
कपुरकोट गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
कपुरकोट, सल्यान,कर्णाली प्रदेश

# परिच्छेद सातः वन, वातावरण तथा विपद व्यवस्थापन

## ७.१ वन विकास तथा व्यवस्थापन

### ७.१.१ वर्तमान अवस्था

सल्यान जिल्लामा रहेको कपुरकोट गाउँपालिकाको ६४ प्रतिशत क्षेत्रफल वनले ढाकेको छ । वनसम्पदाको संरक्षणका लागि समुदायलाई सक्रिय बनाइएको छ। दिगो वन व्यवस्थापन र उपयोगमा आधा जसो घरधुरीको पहुँच पुगेको छ । काठमा आधारित उद्योगहरू सञ्चालनमा रहेका छन् । वर्तमानमा वन सम्पदाको कुशल व्यवस्थापन गरी ग्रामीण अर्थतन्त्रमा योगदान बढाउनका लागि ठोस योजना बनाइ अगि बढ्नुपर्ने आवश्यकता देखिन्छ ।

कपुरकोट गाउँपालिका ग्रामीण क्षेत्र भएकाले यहाँ पाइने विविध किसिमका जडीबुटी र गैरकाष्ठ पैदावारको उत्पादन २५.८७ प्रतिशत छ। यस गाउँपालिकामा जडीबुटी प्रशोधन केन्द्र तथा भण्डारण केन्द्रहरू आजसम्म निर्माण हुन सकेका छैनन् । यस भेगका ८ स्थानहरूमा वृक्षरोपण कार्यक्रमहरू गरिएका छन् भने वन उपभोक्ता समितिमार्फत आयआर्जन कार्यक्रमहरू २ वटा सञ्चालनमा रहेका छन् ।

### ७.१.२ प्रमुख समस्याहरू

परम्परागत रूपमा पाइने वनस्पति तथा वन्य जन्तुहरू लोप हुँदै गएका । बाढी, पहिरो र भूक्षयका कारण जैविक विविधतामा असर परेको छ। अव्यवस्थित र अवैज्ञानिक तरिकाले भएको सडक विस्तारले जैविक विविधताको प्राकृतिक अन्तर सम्बन्ध टुटेको छ । यति हुँदाहुँदै पनि वन स्रोत पहिचान, स्तरीकरण, सङ्कलनजस्ता कार्यका लागि ठोस कार्य गर्न सकिएको छैन ।

वन क्षेत्रको व्यावसायिकरूपमा विकास गर्न नसक्नु, वन पैदावारको चोरी निकासी पूर्णरूपमा नियन्त्रण नहुनु, वन पैदावार आधारित स्थानीय उद्योगको व्यवस्थित विकास नहुनु, वन पैदावारको वातावरणमैत्री प्रयोगको लागि ठोस योजना नबन्नु, वैज्ञानिक वन व्यवस्थापनको व्यवस्था नहुनु यस क्षेत्रका प्रमुख समस्याहरू हुन् ।

### ७.१.३ अवसर तथा चुनौतीहरू

वन क्षेत्रको केही प्रतिशत भाग समुदायमा हस्तान्तरण भएकाले आफ्नै कार्य योजना बनाएर सम्पदा संरक्षण, आय आर्जन, अध्ययन , अनुसन्धानजस्ता कार्य गर्न सकिने । सामुदायिक वनलाई विशेष प्रकारका बालीहरूको परीक्षण उत्पादन, गुणस्तर मापन, लाभ, लागत, विश्लेषण गर्ने कार्यको प्रयोगशालाको रूपमा विकास गरी कृषिका सफल मुनाहरू विकास गर्न सकिने अवस्था छ ।

वैज्ञानिक वार्षिक कार्ययोजना बनाउन सक्ने सा.व.उ.स.को विकास हुनु, वनजन्य उत्पादनको बजार प्रवर्द्धन हुने क्रम बढ्नु, सा.व.उ.स. (कार्यसमिति) मा दलित र महिलाको सहभागिता बढ्दै जानु, वन व्यवस्थापन तालिमको व्यवस्था हुनु यस क्षेत्रका अवसरहरू हुन् । वनपैदावारको चोरी निकासी नियन्त्रण गर्नु, वर्तमान वन क्षेत्रफल विस्तार गर्नु, वन सम्पदाको पूर्ण सदुपयोग गर्नु, वन आधारित रोजगारीको अवसर सिर्जना गर्नु यस क्षेत्रका चुनौतीहरू हुन् ।

## ७.१.४ क्षेत्रगत सोच

उद्यमशीलता र जीविको पार्जनका लागि वन ।

## ७.१.५ लक्ष्य

वन सम्पदाको वैज्ञानिक व्यवस्थापनमार्फत उद्यमशीलताको विकास गर्ने ।

## ७.१.६ उद्देश्यहरू

१. वन, जैविक विविधता तथा जलाधार क्षेत्रको दिगो संरक्षण, व्यवस्थापन र परिचालन गर्नु ।
२. वन आधारित उद्योगको प्रवर्द्धन गर्नु ।
३. वनसम्पदाको कुशल व्यवस्थापन गरी ग्रामीण जीविकोपार्जनको आधार बनाउनु ।

## ७.१.७ रणनीति तथा कार्यनीतिहरू

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| १.वन आधारित उद्योगको कुशल व्यवस्थापन गर्ने । | १. वनक्षेत्रको जैविक क्षमता , आर्थिक क्षमता र वातावरणीय सन्तुलनको वस्तुस्थितिबारे विश्लेषण गरी वनका सम्भावित अवसरहरूको खोजी गरिने छ ।<br>२.वन आधारित उद्योगको गुणस्तर वृद्धि गरिने छ ।,<br>३.वनसम्पदामा आधारित हस्तकलाका सामग्री उत्पादन एवम् बजारीकरण गरिने छ ।<br>४. वन क्षेत्रहरू पहिचान गरी वनलाई आयमूलक र मनोरञ्जनात्मक क्रियाकलाप गर्ने माध्यम बनाउने । |
| २. वनसम्पदामा आधारित दैनिक प्रयोगजन्य सामग्री उत्पादनमा प्रोत्साहन गर्ने । | १.वन सम्पदामा आधारित आर्थिक क्रियाकलापमा वृद्धि गरी आय आर्जनको सुनिश्चित गरिने छ ।<br>२.काठ तथा गैर काष्ठ उपज सङ्कलन, प्रयोग र निकासी, बजार गुणस्तर र राजश्व परिचालनमा सुधार गर्ने । |

## ७.१.८ मूख्य कार्यक्रमहरु तथा कार्यान्वयन योजना

| योजना कोड | उपशीर्षक | योजना सामन्जस्यता | | | | योजना प्राथमिकता |
|---|---|---|---|---|---|---|
| | वन व्यवस्थापन | मौलिकहक स. नं. | प.यो.रा. ल. सङ्केत नं. | प्रादेशिक योजना लक्ष्य सङ्केत नं. | गा.पा. को रणनीतिक संकेत नं. | |
| ७.१.८.१ | वन उद्यमका लागि सामुदायिक वन उपभोक्ता समितिसँग स्थानीय पालिका कार्यक्रम | २५ | ३ | ३ | ३.५.१६ | P1 |
| ७.१.८.२ | गाउँपालिकाको वनमा आधारित रोजगार कार्यक्रम | २५ | ३ | ३ | ३.५.१६ | P2 |
| ७.१.८.३ | वनमा आधारित स्थानीय उद्यम प्रवर्द्धनका लागि | २५ | ३ | ३ | ३.५.१६ | P3 |

| योजना कोड | उपशीर्षक | योजना सामन्जस्यता | | | | योजना प्राथमिकता |
|---|---|---|---|---|---|---|
| | वन व्यवस्थापन | मौलिकहक स. नं. | प.यो.रा. ल. सङ्केत नं. | प्रादेशिक योजना लक्ष्य सङ्केत नं. | गा.पा. को रणनीतिक संकेत नं. | |
| | सामुदायिक वन, वन उपभोक्ता सदस्य र गाउँपालिकाको एकीकृत वन उद्यम विकास कार्यक्रम | | | | | |
| ७.१.८.४ | गाउँपालिकाको समन्वयमा वन उपभोक्ता समितिको हाम्रो नर्सरी हाम्रो जैविक विविधता प्रवर्द्धन कार्यक्रम | २५ | ३ | ३ | ३.५.१६ | P2 |
| ७.१.८.५ | निजी, सार्वजनिक साझेदारीमा उच्च मूल्य, बहुवर्षे औद्योगिक बाली प्रवर्द्धन कार्यक्रम | २५ | ३ | ३ | ३.५.१३ | P1 |
| ७.१.८.६ | वित्तीय व्यवस्थापन तथा आगलागी नियन्त्रण सचेतना कार्यक्रम | २५ | ३ | ३ | ३.५.१५ | P2 |

### ७.१.९ अपेक्षित उपलब्धि

आवधिक योजनाको अन्त्यमा वनले ढाकेको क्षेत्रफल ६४ प्रतिशतमै सीमित रहनेछ । जम्मा ५००५ घरधुरीको दिगो वन व्यवस्थापन र उपयोगमा पहुँच पुग्नेछ । थप जडीबुटी प्रशोधन र भण्डारण उद्योगको स्थापना हुनेछ। वन व्यवस्थापनमा प्रभावकारी रूपमा निजी समुदाय र स्थानीयको परिचालन गरी आवश्यक ऐन कानुनको तर्जुमा तथा कार्यान्वयन गर्न सकेको खण्डमा वनको दिगो व्यवस्थापन तथा जैविक विविधताको संरक्षण गर्ने दिगो विकासको लक्ष्य प्राप्त गर्न सकिनेछ ।

## ७.२ जलाधार तथा जैविक विविधता संरक्षण

### ७.२.१ वर्तमान अवस्था

जलाधार क्षेत्र खानेपानी र सिँचाइको दिगो विकासका आधार हुन् । यसर्थ जलाधार तथा संरक्षणका लागि विशेष योजना बनाउनुपर्ने आवश्यकता देखिन्छ । आवधिक योजनामा नदी तथा अन्य जलाधार क्षेत्रको विकासका लागि कार्ययोजना बनाइएको छ ।

### ७.२.२ प्रमुख समस्याहरू

जलस्रोत तथा जलाधार क्षेत्रमा प्रदुषण बढ्दै जानु, कपुरकोट गाउँपालिकाका खोल्सा खोल्सीको दोहन बढ्दै जानु, सिमसार क्षेत्रको उचित व्यवस्थापन नहुनु, प्राविधिक जनशक्ति तथा प्रविधिको अभाव हुनु, जैविक विविधताबारे स्थानीयमा यथार्थ ज्ञान नहुनु यस क्षेत्रका समस्याहरू हुन् ।

## ७.२.३ अवसर तथा चुनौतीहरू

उपलब्ध जलस्रोतको उचित व्यवस्थापनमार्फत सिँचाइ सुविधाको विस्तार गर्नु, सबै स्थानमा स्वच्छ खानेपानीको पहुँच पुऱ्याउनु, जलस्रोत क्षेत्रलाई पर्यटनको आधार बनाउनु, यस क्षेत्रका अवसरहरू हुन् । नदी तथा खोलाको अव्यवस्थित दोहनको रोकथाम गर्नु, नदी तथा खोलालाई जीविकोपार्जनको आधार बनाएका समुदायको संरक्षण गर्नु, सिमसार क्षेत्रको कुशल व्यवस्थापन गर्नु, जैविक विविधताको संरक्षण गर्नु यस क्षेत्रका चुनौतीहरू हुन् ।

## ७.२.४ क्षेत्रगत सोच

जलाधार तथा जैविका विविधता गाउँपालिकाको विकासका सहयोगी आधार ।

## ७.२.५ लक्ष्य

जलाधार तथा जैविक विविधताको दीगो विकास गर्ने ।

## ७.२.६ उद्देश्यहरू

१. जलाधार क्षेत्रको उचित व्यवस्थापन गर्नु ।
२. उपलब्ध जैविक विविधता संरक्षणमार्फत पर्यावरणको संरक्षण गर्नु ।

## ७.२.७ रणनीति तथा कार्यनीतिहरू

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| १.नदी, खोला, पानीका मुहान तथा भूमिगत जलस्रोतको सन्तुलित उपयोग गरी सिँचाइ सुविधा विस्तार गर्ने । | १.जलाधार तथा जलस्रोतको विकासका लागि कार्ययोजना तयार गरी लागु गरिनेछ ।<br>२.उपलब्ध जलाधार क्षेत्रको वातावरण अनुकुल उपयोगलाई प्राथमिकता दिइनेछ ।<br>३. नदीजन्य प्रदुषणको रोकथाम गर्ने तथा खोला तथा नदीको अव्यवस्थित दोहन रोकथाम गरिनेछ । |
| २.जैविक विविधता संरक्षण अभियानमा जनसहभागिता बढाउने । | १.जैविक विविधताबारे जनचेतना फैलाइ जैविक विविधताको संरक्षण गरिने छ ।<br>२. प्रदेश तथा संघको सहयोगमा जैविक विविधताको तथ्याङ्क सङ्कलन गरिनेछ |

## ७.२.८ मुख्य कार्यक्रमहरू तथा कार्यान्वयन योजना

| योजना कोड | उपशीर्षक | योजना सामन्जस्यता | | | | योजना प्राथमिकता |
|---|---|---|---|---|---|---|
| | जलाधार तथा जैविक विविधता संरक्षण | मौलिकहक स. नं. | प.यो.रा. ल. सङ्केत नं. | प्रादेशिक योजना लक्ष्य सङ्केत नं. | गा.पा. को रणनीतिक संकेत नं. | |
| ७.२.८.१ | मौसमी, जलाधार क्षेत्र, जोखिम न्यूनीकरण कार्यक्रम ( आकस्मिक वर्षा र जोखिमयुक्त | २५ | ३ | ३ | ३.५.१६ | P2 |

| योजना कोड | उपशीर्षक | योजना सामन्जस्यता | | | | योजना प्राथमिकता |
|---|---|---|---|---|---|---|
| | जलाधार तथा जैविक विविधता संरक्षण | मौलिकहक स. नं. | प.यो.रा. ल. सङ्केत नं. | प्रादेशिक योजना लक्ष्य सङ्केत नं. | गा.पा. को रणनीतिक संकेत नं. | |
| | सडक सञ्जाल बिस्तारका कारण हुने भलबाढी नियन्त्रण) | | | | | |
| ७.२.८.२ | स्थानीय पर्यावरण र जैविक विविधता संरक्षणका लागि गाउँपालिका, वन उपभोक्ता समिति, जिल्ला वन कार्यालयका संयुक्त वन विकास कार्यक्रम | | | | ३.५.१६ | P1 |
| ७.२.८.३ | सार्वजनिक उद्यान, सामुदायिक वन, सार्वजानिक वनमा आगलागी, अतिक्रमण तथा चोरी पैठारी नियन्त्रण कार्यक्रम | २५ | ३ | ३ | ३.५.१५ | P1 |
| ७.२.८.४ | स्थानीय पर्यावरणमा आधारित विशेष जैविक विविधता पकेट क्षेत्र बिस्तार कार्यक्रम | २५ | ३ | ३ | ३.५.१० | P3 |
| ७.२.८.५ | एकीकृत वन विकास तथा जैविक विविधता संरक्षणका लागि बहु सरोकारवाला (वडा कार्यलय, स्थानीय विद्यालय, टोल विकास संस्था, सुरक्षा निकाय, सामुदायिक वन, सडक विभाग, खानी तथा क्रसर उद्योग, यातायात आदि) को समन्वयमा गाउँपालिकाको वन विकास कार्यक्रम | २५ | ३ | ३ | ३.५.१० | P2 |

### ७.२.९ अपेक्षित उपलब्धि

योजनाको अन्त्यमा जैविक विविधताको उपलब्धतामा वृद्धि हुनेछ। आवश्यक मात्रामा जडीबुटी प्रशोधन र भण्डारण उद्योगको स्थापनासमेत हुनेछ। एउटा स्थानमा एकीकृत जलाधार व्यवस्थापन गरिने छ। जैविक विविधता संरक्षण तथा जलाधार क्षेत्रको कुशल व्यवस्थापन गर्न सकेका खण्डमा जलवायु संरक्षण र खानेपानी सुविधामा विस्तार गर्ने दिगो विकासको लक्ष्य प्राप्तिमा सहयोग मिल्नेछ।

## ७.३ वातावरण संरक्षण तथा प्रदुषण नियन्त्रण

### ७.३.१ वर्तमान अवस्था

धुवाँरहित सुधारिएको चुल्हो तथा विद्युतीय चुल्होको प्रयोगलाई प्रोत्साहन, सार्वजनिक स्थलमा वरपीपल रोप्न प्रोत्साहन, वन सम्पदा संरक्षणका कार्य, एक घर ५ वृक्ष तथा मेरो घर मेरो बँगैचा मेरो फूलवारी कार्यक्रम, फोहोरबाट मोहोर कार्यक्रम, मेरो घर सफा घरजस्ता कार्यक्रमको योजना बनाई लागु गर्ने प्रयास हुनु वातावरण संरक्षण एवं जलवायु अनुकुल परिस्थिति निर्माणका क्षेत्रमा गाउँपालिकाका

प्रशंसनीय कार्य हुन् । यद्यपि सहरोन्मुख क्षेत्रको वातावरणमैत्री व्यवस्थापन गरी फोहरमैलाको उचित व्यवस्थापन गर्दै वातावरण अनुकुल वैकल्पिक ऊर्जा प्रवर्द्धनका लागि ठोस योजना बनाई लागु गर्नुपर्ने आवश्यकता देखिन्छ ।

### ७.३.२ प्रमुख समस्याहरू

ऊर्जामा पहुँचको समयानुकूल विस्तार नहुनु, गाउँपालिकाका वातावरणमैत्री सबै योजनाको पूर्णरूपमा लागु नहुनु, सन्तुलित पूर्वाधार विकास नहुनु, ग्रामीण गरिबी, स्थानीय फोहरमैला तथा ढलको उचित व्यवस्थापन नहुनु यस क्षेत्रका प्रमुख समस्याहरू हुन् ।

### ७.३.३ अवसर तथा चुनौतीहरू

गाउँपालिकाका नीतिगत प्रयासहरू, वातावरणमैत्री समाजको सोचको विस्तार हुनु, वन तथा स्थानीय स्रोत साधनको संरक्षणमा समुदायको सहभागिता बढ्नु यस क्षेत्रका अवसरहरू हुन् । प्लाष्टिकको बढ्दो प्रयोग, वन क्षेत्रको कुशल व्यवस्थापन गर्नु, ग्रामीण गरिबी न्यूनीकरण गरी वातावरणमैत्री घरेलु क्रियाकलापमा वृद्धि गर्नु यस क्षेत्रका चुनौतीहरू हुन् ।

### ७.३.४ क्षेत्रगत सोच

प्रदुषणरहित स्वस्थ वातावरण स्वस्थ गाउँपालिका ।

### ७.३.५ लक्ष्य

स्थानीय प्राकृतिक सम्पदा तथा पूर्वाधारको व्यवस्थापन गर्ने ।

### ७.३.६ उद्देश्यहरू

१. गाउँपालिकामा स्वच्छ वातावरण सुनिश्चित गर्नु ।
२. वनपैदावार तथा जलस्रोतको संरक्षण गर्नु ।

### ७.३.७ रणनीति तथा कार्यनीतिहरू

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| १. स्वच्छ वातावरण सुनिश्चित गर्न ग्रामीण सामुदायिक हरियाली अभिवृद्धि गर्ने । | १. सार्वजनिक स्थल तथा घर वरपर हरियाली वृद्धिका लागि पहल गरिनेछ ।<br>२. प्रत्येक वडामा बाल उद्यान तथा पार्कको निर्माण गरिनेछ ।<br>३. वातावरणमैत्री ऊर्जा प्रयोगलाई प्रोत्साहन गरिनेछ । |
| २. नदी, फोहरमैला तथा ढलको दीगो व्यवस्थापन गर्ने । | १. नदी, खोला, जलाधारक्षेत्रको अव्यवस्थित प्रयोगलाई दुरुत्साहित गरी स्वच्छ जलस्रोतको व्यवस्था गरिने छ । |

| | |
|---|---|
| | २. ढल एवम् फोहरमैलाको निकास तथा प्रशोधन गर्ने व्यवस्था मिलाई स्वच्छ र सफा गाउँपालिकाको निर्माण गरिनेछ । |

### ७.३.८ मुख्य कार्यक्रमहरू तथा कार्यान्वयन योजना

| योजना कोड | उपशीर्षक | योजना सामन्जस्यता | | | | योजना प्राथमिकता |
|---|---|---|---|---|---|---|
| | वातावरण संरक्षण तथा प्रदुषण नियन्त्रण | मौलिकहक स. नं. | प.यो.रा. ल. सङ्केत नं. | प्रादेशिक योजना लक्ष्य सङ्केत नं. | गा.पा. को रणनीतिक संकेत नं. | |
| ७.३.८.१ | गाउँपालिकाको वातावरण शिक्षा रेडियो कार्यक्रम | २५ | ३ | ३ | ३.५.५ | P3 |
| ७.३.८.२ | वातावरणीय दृष्टिले जोखिम युक्त र सङ्कटासन्न क्षेत्रहरूको पहिचान र संरक्षणका लागि मापदण्ड निर्धारण | २५ | ३ | ३ | ३.५.८ | P1 |
| ७.३.८.३ | फोहोर व्यवस्थापन निर्धारण कार्यक्रम | २५ | ३ | ३ | ३.५.१५ | P2 |
| ७.३.८.४ | जोखिमयुक्त किटनाशक औषधी, विषादी र रासायनिक मलको सन्तुलित प्रयोग बारेको सचेतना कार्यक्रम | २५ | ३ | ३ | ३.५.१५ | P1 |
| ७.३.८.५ | संवेदनशील र खुला क्षत्रमा वृक्षारोपण कार्यक्रम | २५ | ३ | ३ | ३.५.१५ | P2 |

### ७.३.७ अपेक्षित उपलब्धि

गाउँपाालिकावासीले स्वच्छ वातावरणको अनुभूति गर्नेछन्, सुन्दर र सफा गाउँपालिकाको निर्माण हुनेछ, सङ्क्रामक रोग फैलिने सम्भावन न्यून हुनेछ ।

## ७.४ जलवायु परिवर्तन, अनुकुलन तथा न्यूनीकरण

### ७.४.१ वर्तमान अवस्था

विश्वभर भइरहेको तापक्रमको वृद्धिसँगै नेपालमा पनि बढ्दो तापक्रमको अनुभूति गरिएको वर्तमान अवस्थामा स्थानीय स्तरमा जलवायु अनुकुलन गतिविधिलाई प्राथमिकता दिनु अपरिहार्य देखिन्छ । उष्ण र उपउष्ण किसिमको हावापानी पाइने गाउँपालिकामा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरणका लागि ठोस कदम चालिएको पाइँदैन । यद्यपि हरियाली तथा सरसफाइ प्रवर्द्धनात्मक क्रियाकलापहरू भने गरिएको पाइन्छ । विद्यमान परिस्थितिमा वनले ढाकेको क्षेत्रफल बढाई जलवायु अनुकुल वातावरणमैत्री क्रियाकलापलाई प्रोत्साहन गर्नुपर्ने आवश्यकता देखिन्छ ।

### ७.४.२ प्रमुख समस्याहरू

वातावरण विनास तथा जलवायु परिवर्तन विश्वभरि चिन्ताको विषय बनेको छ । नेपालमा पनि जलवायु परिवर्तनका नकारात्मक असर देखा पर्न थालेका छन् । यसै तथ्यलाई आत्मसात् गरी वातावरण मैत्री ऊर्जाको प्रयोग एवम् वनक्षेत्रको संरक्षण तथा संवर्द्धनलाई गाउँपालिकाले प्राथमिकता दिएको छ । जलवायु परिवर्तनलाई प्रत्यक्षरूपमा प्राथमिकता नदिनु, जनचेतनाको अभाव, जलवायु परिवर्तनको प्रभाव न्यूनीकरणका उपायहरूबारे अनभिज्ञता, गरिबी र ज्ञानको अभावमा वैकल्पिक ऊर्जाको न्यून उपयोग यस क्षेत्रका प्रमुख समस्याहरू हुन् ।

### ७.४.३ अवसर तथा चुनौतीहरू

गाउँपालिकाको मेरो घर मेरो बगैंचा मेरो फूलबारी कार्यक्रमले निरन्तरता पाउनु, वाल उद्यानको निर्माण, धुवाँरहित सुधारिएको चुल्हो तथा विद्युतीय चुल्होको प्रयोगलाई प्रोत्साहन दिइनु, सरसफाइ अभियान, परम्परागत पानी, ढुङ्गेधाराको संरक्षण अभियान चलाइनु, वैकल्पिक ऊर्जा प्रयोगलाई प्रोत्साहन गरिनु यस क्षेत्रका अवसरहरू हुन् । यद्यपि जलवायु परिवर्तनबारे गाउँपालिकावासीमा चेतना नभएको अवस्थामा स्थानीय क्रियाकलापलाई जलवायु अनुकुल बनाउँदै जलवायु परिवर्तनले पार्ने प्रभाव न्यूनीकरणका लागि सक्षम गाउँपालिकाको निर्माण गर्नु चुनौतीपूर्ण छ ।

### ७.४.४ क्षेत्रगत सोच

जलवायु परिवर्तन अनुकुल स्थानीयको व्यवहार ।

### ७.४.५ लक्ष्य

जलवायु परिवर्तनको प्रभाव न्यूनीकरणका लागि व्यवस्थापकीय कार्यलाई चुस्त बनाउने ।

### ७.४.६ उद्देश्यहरू

१. गाउँपालिकामा जलवायु प्रतिकूल कार्यलाई निरुत्साहित गर्नु ।
२. जलवायु परिवर्तनको प्रभाव न्यूनीकरणका लागि आवश्यक रणनीति तय गर्नु ।
३. जलवायु परिवर्तन अनुकुल नीति निर्माण गर्नु ।

### ७.४.७ रणनीति तथा कार्यनीतिहरू

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| १.जलवायु प्रतिकूल सामाजिक क्रियाकलापलाई नियन्त्रण गर्ने । | १. हरितगृह ग्याँस उत्सर्जन गर्ने औद्योगिक वातावरण निर्माण गरिनेछ ।<br>२. ढल तथा फोहरमैलाको उचित व्यवस्थापन गरिनेछ । |
| २.जलवायु परिवर्तन प्रभाव न्यूनीकरणका लागि क्षेत्रगत स्थानीय नीतिमा जलवायु परिवर्तन अनुकुलन क्रियाकलाप गर्ने प्रावधान तयार गर्ने । | १.जलवायु परिवर्तन न्यूनीकरणका लागि स्थानीयलाई तालिम प्रदान गरिनेछ ।<br>२. जलवायु प्रतिकुल कार्यमा स्थानीय शुल्क तथा जरिवानाको दर निर्धारण गरिनेछ । |

### ७.४.८ मुख्य कार्यक्रमहरू तथा कार्यान्वयन योजना

| योजना कोड | उपशीर्षक | योजना सामन्जस्यता | | | | योजना प्राथमिकता |
|---|---|---|---|---|---|---|
| | जलवायु परिवर्तन, अनुकुलन तथा न्यूनिकरण | मौलिकहक स. नं. | प.यो.रा. ल. सङ्केत नं. | प्रादेशिक योजना लक्ष्य सङ्केत नं. | गा.पा. को रणनीतिक संकेत नं. | |
| ७.४.८.१ | लोपोन्मुख संकटासन्न र जोखिममा परेका वनस्पति, वन्यजन्तु र शरिरश्रृप प्राणीहरूको प्राकृतिक बासस्थान प्रवर्द्धन कार्यक्रम | २५ | ३ | ३ | ३.५.८ | P3 |
| ७.४.८.२ | स्थानीय पर्यावरण मा आधारित वातावाण अनुकूलन कार्यक्रम | ४२ | ९ | ९ | ३.५.८ | P1 |
| ७.४.८.३ | परम्परागत बाली, वनस्पतिहरुको बिच संरक्षण कार्यक्रम | २५ | ३ | ३ | ३.५.८ | P2 |

### ७.४.९ अपेक्षित उपलब्धि

जलवायु परिवर्तनका प्रतिकूल प्रभाव नियन्त्रण गर्न स्थानीय सक्षम हुनेछन् ।

## ७.५ बाढी पहिरो तथा भूक्षय नियन्त्रण

### ७.५.१ वर्तमान अवस्था

भूक्षयको सम्भावित क्षेत्रको पहिचान गरी समयमै व्यवस्थापनका उपायहरूको अवलम्बन गर्न सकेको खण्डमा जनधनको क्षति न्यूनीकरण गर्न सकिन्छ । प्राकृतिक प्रकोपबाट जनधनको रक्षा गर्नु हरेक स्थानीय सरकारको कर्तव्य हो । कपुरकोट गाउँपालिकामा बाढी र नदी व्यवस्थापन गर्ने क्रममा नदीमा .तटबन्ध निर्माण गरिएको छ भने विविध स्थानमा बाढीको रोकथामका लागि प्रयास गरिएको छ । यस्तैगरी बाढीबाट जोखिममा भएका बस्तीको संरक्षण गरिएको छ । प्रकृतिप्रदत्त नदी तथा खोलाको व्यवस्थापन एवं सम्भावित बाढी पहिरोग्रस्त क्षेत्रको व्यवस्थापनका लागि पूर्व सतर्कताको व्यववस्था गर्नुपर्ने आवश्यकता देखिन्छ ।

### ७.५.२ प्रमुख समस्याहरू

सबै खोल्साहरूको व्यवस्थापनमा कठिनाइ हुनु, बाढी ग्रस्त क्षेत्रको समयमै व्यवस्थापन नहुनु, दक्ष जनशक्तिको अभाव हुनु, प्रविधि तथा बजेटको अभाव हुनु, प्राकृतिक स्रोतमा आधारित अव्यवस्थित आर्थिक क्रियाकलाप सञ्चालन गरिनु यस क्षेत्रका प्रमुख समस्याहरू हुन् ।

### ७.५.३ अवसर तथा चुनौतीहरू

वडास्तरीय विपद् व्यवस्थापन समितिको स्थापना हुनु, प्राकृतिक विपद् सहायता कोषको स्थापना हुनु, गाउँपालिकामा आपत्कालीन सुरक्षा केन्द्रको अवधारणा ल्याइनु यस क्षेत्रका अवसरहरू हुन् । दक्ष जनशक्तिको प्राप्ति, विपद् व्यवस्थापन समितिलाई स्रोत साधनले युक्त बनाउनु, बाढी पहिरोको

पूर्वानुमान गर्नु, बाढी पहिरो व्यवस्थापन तथा नदी व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्था गर्नु यस क्षेत्रका चुनौतीहरू हुन् ।

## ७.५.४ क्षेत्रगत सोच

बाढीको क्षति न्यूनीकरण

## ७.५.५ लक्ष्य

बाढीग्रस्त क्षेत्रमा चौबीसै घण्टा पूर्वसूचना दिने प्रणालीको विकास गर्ने ।

## ७.५.६ उद्देश्यहरू

१. बाढीग्रस्त सम्भावित क्षेत्रको प्रभावकारी व्यवस्थापन गर्नु ।
२. बाढीको क्षति न्यूनीकरणका लागि स्रोत साधनले युक्त जनशक्तिको उत्पादन गर्नु ।

## ७.५.७ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| १.बाढी पहिरोग्रस्त सम्भावित क्षेत्रको पहिचान गरी बाढी पहिरो रोकथामको व्यवस्था गर्ने । | १.बाढीग्रस्त सम्भावित क्षेत्रमा वृक्षारोपण गरिने छ ।<br>२.बाढीग्रस्त सम्भावित क्षेत्रको वस्ती सुरक्षित स्थानमा स्थानान्तरण गरिने छ । |
| २.गाउँपालिकाका विपद् व्यवस्थापन समितिलाई स्रोत साधन युक्त बनाउने । | १.बाढीबाट पीडितको उद्दारका लागि आधुनिक स्रोत साधनको व्यवस्था गरिनेछ ।<br>२.नदी व्यवस्थापन तथा बाढी नियन्त्रणमा स्थानीय समुदायलाई सक्रिय बनाइ सचेतना फैलाइनेछ ।<br>३.स्थानीय संघसंस्थाको सहयोगमा बाढी पहिरो उद्धार को अभ्यास गरिनेछ ।<br>४. नदीकटान, नदीउकास र भूक्षयका कारण हुने जोखिम न्यूनीकरण गर्न समुदायमा आधारित जैविक इन्जिनियरिङ्ग गर्ने कायलाई प्राथमिकता दिइनेछ । |

## ७.५.८ मुख्य कार्यक्रमहरू तथा कार्यान्वयन योजना

| योजना कोड | उपशीर्षक | योजना सामन्जस्यता | | | | योजना प्राथमिकता |
|---|---|---|---|---|---|---|
| | बाढी पहिरो तथा भूक्षय नियन्त्रण | मौलिकहक स. नं. | प.यो.रा. ल. सङ्केत नं. | प्रादेशिक योजना लक्ष्य सङ्केत नं. | गा.पा. को रणनीतिक संकेत नं. | |
| ७.५.८.१ | बाढी पहिरोबाट सम्भावित क्षेत्रमा रोकथाम कार्यक्रम ( ग्याबिंग, वृक्षारोपण, रितर्निंग वाल) तटबन्धको व्यवस्था गर्ने, जथाभावी भएको सडक सञ्जालका | २५ | ६ | ६ | ३.५.१३ | P2 |

| योजना कोड | उपशीर्षक | योजना सामन्जस्यता | | | | योजना प्राथमिकता |
|---|---|---|---|---|---|---|
| | बाढी पहिरो तथा भूक्षय नियन्त्रण | मौलिकहक स. नं. | प.यो.रा. ल. सङ्केत नं. | प्रादेशिक योजना लक्ष्य सङ्केत नं. | गा.पा. को रणनीतिक संकेत नं. | |
| | लागि तटबनध निर्माण कार्यक्रम | | | | | |
| ७.५.८.२ | स्थानीय नागरिकको भूक्षय तथा बाढी पहिरो नियन्त्रण सचेतना कार्यक्रम | २५ | ६ | ६ | ३.५.१३ | P3 |
| ७.५.८.३ | बाढी पहिरोकादृष्टिले जोखिम युक्त बस्तीहरूका लागि पालिका अध्यक्ष सुरक्षित आवास कार्यक्रम | २५ | ६ | ६ | ३.५.७ | P1 |

### ७.५.९ अपेक्षित उपलब्धि

आवधिक योजनाको अन्त्यमा थप २० कि.मि.टतबन्धको निर्माण गरिनेछ । थप ६ स्थानमा पहिरो रोकथामको प्रयास गरिनेछ । भूक्षय रोकथाम गर्ने दिगो विकासको लक्ष्य प्राप्त गर्न गाउँपालिकाले व्यवस्थित वस्ती विकास तथा वनसम्पदाको संरक्षणलाई प्राथमिकता दिनु आवश्यकता देखिन्छ ।

## ७.६ विपद् सचेतना, उद्धार तथा पुनस्थापना

### ७.६.१ वर्तमान अवस्था

मानव सिर्जित एवं प्राकृतिकरूपमा सिर्जित विपदको समयमै व्यवस्थापन गरी जनधनको रक्षा गर्नु हरेक स्थानीय सरकारको कर्तव्य हो । यसै तथ्यलाई आत्मसात् गरी कपुरकोट गाउँपालिकामा विपद सचेतना, उद्धार र व्यवस्थापनका लागि गठित विपदव्यवस्थापन समितिको गठन गरिएको छ। प्राकृतिक विपद् सहायताकोषमार्फत प्राकृतिक विपद्मा परेकाको संरक्षण गर्ने गरिएको छ । साथै आपत्कालीन सुरक्षा केन्द्र स्थापनाको योजना बनाइएको छ ।

### ७.६.२ प्रमुख समस्याहरू

प्राकृतिक एवं मानव सिर्जित विपद्को पूर्वानुमान हुन नसक्नु, सुरक्षित वस्ती विकासबारे चेतना नहुनु, आर्थिकरूपमा कमजोर समुदाय बढी मात्रमा विपद्को जोखिममा पर्नु, दक्ष विपद् व्यवस्थापन समूहको अभाव यस क्षेत्रका प्रमुख समस्याहरू हुन् । बाढी पहिरो लगायतका प्राकृतिक विपत्तिबाट समयमै जनधनको सुरक्षाका लागि विपद् सचेतना, उद्दार र व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउनुपर्ने हुन्छ । अव्यवस्थित वस्तीका कारण गाउँपालिका प्राकृतिक प्रकोपको जोखिममा रहेको छ ।

### ७.६.३ अवसर तथा चुनौतीहरू

विपद् व्यवस्थापनका लागि कोषको स्थापना हुनु, विपद व्यवस्थापन समितिको गठन हुनु, विपद् सचेतना, उद्धार र व्यवस्थापनमा गैर सरकारी संस्थाको संलग्नता बढ्नु यस क्षेत्रका प्रमुख अवसरहरू

हुन् । आधुनिक प्रविधियुक्त विपद् व्यवस्थापन जनशक्तिको निर्माण गर्नु, गरिबी हटाई गरिब समुदायलाई सुरक्षित स्थानमा बसोबासको व्यवस्था गर्नु, चेतनाको स्तर बढाउनु यस क्षेत्रका चुनौतीहरू हुन् ।

### ७.६.४ क्षेत्रगत सोच

विपद्मा परेकाको शीघ्र उद्धारमार्फत जनधनको रक्षा ।

### ७.६.५ लक्ष्य

विपद् सचेतना विस्तार एवम् प्रभावकारी उद्धार गर्ने व्यवस्था मिलाउने ।

### ७.६.६ उद्देश्यहरू

१. विपद् व्यवस्थापनका लागि दक्ष जनशक्ति निर्माण गर्नु ।
२. विभिन्न प्रकारका विपद्का बारेमा सचेतना फैलाउनु ।

### ७.६.७ रणनीति तथा कार्यनीतिहरू

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| १.विपद् व्यवस्थापनका विविध आयामहरूको पहिचान गरी दक्ष जनशक्तिको उत्पादन गर्ने । | १. विपद् व्यवस्थापनका लागि सम्भावित विपद्को पूर्वानुमान गरी आवश्यक रणनीति तयार गरिनेछ ।<br>२. विपद् व्यवस्थापन समति एवम् यसमा आवद्ध संघसंस्थाको क्षमता विकास गरिनेछ ।<br>३. विपद् सहायता कोषको सबलीकरण गरिनेछ । |
| २.स्थानीय स्तरमा विपदका कारणबारे चेतना फैलाउन स्थानीय संघसंस्थासँग सहकार्य गर्ने । | १. आपतकालीन सुरक्षा केन्द्रको परिचालनका लागि स्थानीय संघसंस्था सँग सहकार्य गरिनेछ ।<br>२. समुदायमा जनचेतनाका कार्यक्रम सञ्चालन गरिनेछ । |

### ७.६.८ मुख्य कार्यक्रमहरू तथा कार्यान्वयन योजना

| योजना कोड | उपशीर्षक | योजना सामन्जस्यता | | | | योजना प्राथमिकता |
|---|---|---|---|---|---|---|
| | विपद सचेतना, उद्धार तथा पूनस्थापना | मौलिकहक स. नं. | प.यो.रा. ल. सङ्केत नं. | प्रादेशिक योजना लक्ष्य सङ्केत नं. | गा.पा. को रणनीतिक संकेत नं. | |
| ७.६.८.१ | सुरक्षा निकाय, गाउँपालिका संयन्त्र, दातृसंस्था, स्थानीय युवाहरूको संलग्नतामा स्थानीय विपद् व्यवस्थापन सहयोगी सञ्जाल निर्माण कार्यक्रम | २५ | ६ | ६ | ३.५.१५ | P3 |
| ७.६.८.२ | विपद् सचेतना बारे बिद्यालय शिक्षा कार्यक्रम | २५ | ६ | ६ | ३.५.९ | P1 |
| ७.६.८.३ | गाउँपालिका प्रदेश सरकार, संघीय सरकार र दातृनिकायको साझेदारीमा | ३७ | १ | १ | ३.५.९ | P2 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | स्थानीय विपद् व्यवस्थापन कोष सञ्चालन | | | | | |

### ७.६.९ अपेक्षित उपलब्धि

विपद् सचेतनामा विस्तार हुनेछ, सक्षम उद्धार समितिको निर्माण हुनेछ ।

# अध्याय आठः लोकतन्त्र, सुशासन तथा शान्ति सुरक्षा

## ८.१ योजना तर्जुमा तथा कार्यान्वयनमा जनसहभागिता

### ८.१.१ वर्तमान अवस्था

गाउँपाालिकाको योजना तर्जुमा र कार्यान्वयनमा जनसहभागिता बढाई लोकतन्त्र र सुशासनको प्रत्याभूति दिलाउने कार्यको थालनी गरिएको छ । सोही बमोजिम वन, सिँचाइ, कृषि, सांस्कृतिक सम्पदा लगायतका क्षेत्रमा विभिन्न किसिमका समिति र समूहको निर्माण गरिएको छ। कृषक समूह, पशुपालक समूह, सिँचाइ समूह आदि यसका उदाहरण हुन् । सबै जाति वर्ग र क्षेत्रका नागरिकको विकास निर्माण एवम् गाउँपालिकाका गतिविधिमा संलग्न गराउन पहल गर्नुपर्ने आवश्यकता देखिन्छ ।

लोकतन्त्र र सुशासन प्रवर्द्धनका लागि पनि जनसहभागिताको खाँचो पर्दछ। स्थानीय योजना निर्माणमा स्थानीयको अनिवार्य सहभागिता हुनुपर्ने प्रावधानसँगै गाउँपालिकाको योजना निर्माण तथा कार्यान्वयनमा जनसहभागिता बढ्दै गएको छ । यस कार्यमा गाउँपालिकाका क्षेत्रगत समूह र संघसंस्थाले उल्लेख्य भूमिका निर्वाह गरेको छन्। स्थानीय गतिविधिमा स्थानीयस्तरमै निर्माण गरिएका टोल विकास समिति, युवा क्लब आदिको चासो बढ्दै गएको छ।

### ८.१.२ प्रमुख समस्याहरू

सबै नागरिक सूचना प्रविधिको पहुँचमा नहुनु, सामूहिक कार्यको महत्त्वबारे अनभिज्ञता, दक्ष जनशक्तिको अभाव, प्राथमिकता क्षेत्र निर्धारणमा कठिनाई यस क्षेत्रका प्रमुख समस्याहरू हुन्।

### ८.१.३ अवसर तथा चुनौतीहरू

जनसहभागितामार्फत लोकतन्त्र तथा सुशासनलाई संस्थागत गर्न सक्नु, क्षेत्रगत समितिमा महिला, दलित लगायत अन्यको सहभागिता बढ्नु, सडक सञ्जालको विस्तार गरी गाउँपालिकाको सेवा सुविधामा जनताको पहुँच वृद्धिको स्थानीय नीति यस क्षेत्रका अवसरहरू हुन्। सबै वर्ग र समुदायमा जन सहभागिताको महत्त्वबारे चेतना फैलाउनु, सबै याममा चल्ने यातायातको व्यवस्था नहुनु, सञ्चार सामग्रीमा न्यून पहुँच हुनु यस क्षेत्रका चुनौतीहरू हुन्।

### ८.१.४ क्षेत्रगत सोच

जनसहभागिता मार्फत सुशासन कायम

### ८.१.५ लक्ष्य

योजना निर्माणमा जनसहभागितामार्फत आर्थिक गतिविधिलाई पारदर्शी बनाउने ।

### ८.१.६ उद्देश्यहरू

१. जनसहभागितालाई स्थानीय विकासको आधार बनाउनु ।

२.  सामाजिक रूपान्तरणका लागि सहभागितामूलक योजना कार्यान्वयन गर्नु ।

## ८.१.७ रणनीति तथा कार्यनीतिहरू

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| १.दिगो आर्थिक विकासका लागि योजना तर्जुमामा जनसहभागिता बढाउने । | १.आर्थिक विकासका योजनावद्ध कार्यक्रमलाई प्रभावकारी बनाउनका लागि स्थानीयको सहभागिता बढाइनेछ । |
| २.योजना कार्यान्वयनमा जनसहभागितामार्फत सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने । | १.विभिन्न जन समूह र समितिको परिचालन गरी सामाजिक रुपान्तरण गरिनेछ ।<br>२.सुशासन कायमका लागि योजनासम्बद्ध क्रियाकलापमा स्थानीय समुदायको सक्रियताबारे बोध गराइनेछ ।<br>३. योजना कार्यान्वयनमा जनसहभागिता बढाई स्थानीय प्रतिनिधिलाई जवाफदेही बनाइनेछ । |

## ८.१.८ मुख्य कार्यक्रमहरू तथा कार्यान्वयन योजना

| योजना कोड | उपशीर्षक | योजना सामन्जस्यता | | | | योजना प्राथमिकता |
|---|---|---|---|---|---|---|
| | योजना तर्जुमा र कार्यान्वयनमा जनसहभागिता | मौलिकहक स. नं. | प.यो.रा. ल. सङ्केत नं. | प्रादेशिक योजना लक्ष्य सङ्केत नं. | गा.पा. को रणनीतिक संकेत नं. | |
| ८.१.८.१ | योजना छनौट, बित्तिय स्रोत, योजना अनुगमन र योजना व्यवस्थापन मापदण्ड बारेको प्रसार प्रसार निर्माण | १८ | ९ | ९ | ३.५.१७ | P1 |
| ८.१.८.२ | पदाधिकारीहरूका लागि स्रोत नक्सांकन, स्रोत अनुमान, स्रोत व्यवस्थापन र स्रोत परिचालन तालिम | १८ | ९ | ९ | ३.५.१७ | P2 |
| ८.१.८.३ | आन्तरिक पारदर्शिता, तटस्थता र सामूहिक प्रतिवद्धताका लागि सामाजिक तथा सार्वजनिक परिक्षण कार्यक्रम | २५ | ६ | ६ | ३.५.१७ | P1 |
| ८.१.८.४ | स्थानीय विकास,ढाँचा, स्रोत अनुमान, प्राथमिकीकरण र प्रतिफल उपभोग बारेको नागरिक सचेतना कार्यक्रम | ३७ | १ | १ | ३.५.१७ | P3 |

## ८.१.९ अपेक्षित उपलब्धि

गाउँपालिकामा सुशासन कायम हुनेछ, जनप्रतिनिधि गाउँपालिकाप्रति उत्तरदायी हुनेछन्, दीगो आर्थिक विकासको आधार तयार हुनेछ ।

## ८.२ नीति तथा कानुन तर्जुमा

### ८.२.१ वर्तमान अवस्था

स्थानीय सरकारको पुर्नवहालीसँगै गाउँपालिकाले आवश्यक ऐन तथा नियमावली तर्जुमा गरी लागु गर्ने कार्यको सुरुवात गरिसकेको छ  तर सीमित मात्रामा स्थानीय सरकारका क्रियाकलापलाई मात्र सुचारु गर्न बनाइएका ऐन तथा कानुन विद्यमान परिस्थितिमा पर्याप्त छैनन् । गाउँपालिकाका गतिविधिलाई थप पारदर्शी बनाउन तथा आर्थिक सामाजिक विकासमा बाधा अड्चनका रूपमा देखिएका नीतिगत समस्या समाधानका लागि जनसहभागितामा नीति तथा कानुन तर्जुमाका लागि गाउँपालिकाले थप पहल गर्नुपर्ने देखिन्छ। जनचाहना बमोजिम आवश्यक नीति तथा कानुनको तर्जुमा आवश्यक छ ।

### ८.२.२ प्रमुख समस्याहरू

जनताले चुनेका जनप्रतिनिधिहरूबाट स्थानीय सरकारको नेतृत्व हुँदै आए पनि संविधान तथा कानुनले प्रत्याभूत गरेका नागरिकका सेवाहरू व्यवस्थित तरिकाले वितरण गर्न परम्परागत चाल चलन ( छुवाछुत, बालश्रम, अन्तरजातीय विवाह, जेष्ठनागरिक माथि हुने अपहेलना, बोक्सी प्रथा) बाधक छन् । नीतिनिर्माणका लागि स्थानीय स्तरमा दक्ष जनशक्तिको अभाव रहेको छ। संघ र प्रदेशसँग नबाझिने गरी आवश्यक नीति तथा कानुन निर्माण गर्न सकिने क्षेत्रहरूका बाारेमा स्थानीयस्तरमा पर्याप्त बहस भएको छैन ।

### ८.२.३ अवसर तथा चुनौतीहरू

संविधानको धारा २१७ ले स्थानीय विवाद मिलाउन र पीडितको अधिकार रक्षाका लागि स्थानीय तहमा एक न्यायिक समिति रहने व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४६ ले गाउँपालिकाका अध्यक्षको संयोजकत्वमा न्यायिक समिति गठन हुने र उक्त समितिले यही ऐनको दफा ४७ को उपदफा (१) ले तोकेका विवाद निरूपण गर्न सक्ने र अन्य विवादमा मेलमिलापको माध्यमबाट न्याय सम्पादन हुने व्यवस्था गरेको छ। अधिकारबारेका नागरिक शिक्षा र चेतना प्रसारका कार्य पनि निरन्तर चलेका छन् तर पनि कार्यान्वयनको तहमा प्रशस्त चुनौतीहरू छन् ।

### ८.२.४ क्षेत्रगत सोच

समयानुकूल विकासका लागि नीति तथा कानुन तर्जुमा ।

### ८.२.५ लक्ष्य

सामाजिक आर्थिक विकास अनुकुल आवश्यक नीति तथा योजना तर्जुमा गर्ने ।

### ८.२.६ उद्देश्यहरू

१. क्षेत्रगत नीति तथा कानुन निर्माण गरी सामाजिक न्यायको प्रत्याभूति दिलाउनु ।
२. नीति निर्माणमा जनसहभागिता गराउनु ।

### ८.२.७ रणनीति तथा कार्यनीतिहरू

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| १.समयानुकूल गाउँपालिकामा आवश्यक देखिएका नीति तथा कानुनको तर्जुमा गर्ने । | १.शिक्षा, स्वास्थ्य, कृषि, सुरक्षा लगायतका क्षेत्रमा विशेषज्ञ समितिको गठन गरी आवश्यक नीति तथा कानुन तर्जुमा गरिनेछ । |
| २.सर्वस्पर्शी नीति तथा कानुन निर्माणका लागि जनसहभागिता गराउने । | १.नीति तथा कानुन तर्जुमा गर्दा संघ र प्रदेशसँग समन्वय गरिनेछ ।<br>२.जनप्रतिनिधि तथा गाउँपालिकाबासीबीच व्यापक छलफलका आधारमा नीति तथा कानुन तर्जुमा गरिनेछ । |

### ८.२.८ मुख्य कार्यक्रमहरू तथा कार्यान्वयन योजना (५ वर्षको नियोजन)

| योजना कोड | उपशीर्षक | योजना सामन्जस्यता | | | | योजना प्राथमिकता |
|---|---|---|---|---|---|---|
| | नीति तथा कानुन तर्जुमा | मौलिकहक स. नं. | प.यो.रा.ल. सङ्केत नं. | प्रादेशिक योजना लक्ष्य सङ्केत नं. | गा.पा. को रणनीतिक संकेत नं. | |
| ८.२.८.१ | चालु वा हाल कार्यान्वयनमा रहेका नीति, ऐन तथा कार्यविधिहरूको आवधिक समीक्षा, संशोधन र खारेजी | ४२ | ९ | ९ | ३.५.९ | P1 |
| ८.२.८.२ | जेष्ठ नागरिक, द्वन्द्वबाट प्रभावित, अपाङ्ग, भौगोलिक, सामाजिक , आर्थिक , सांस्कृतिक पछौटेपन भएका नागरिकहरूका लागि विशेष प्राथमिकता र प्रोत्साहन कार्यक्रम | ४२ | ९ | ९ | ३.५.९ | P2 |

### ८.२.९ अपेक्षित उपलब्धि

प्रतिनिधिमूलक सर्वमान्य स्थानीय नीति तथा कानुनको तर्जुमा भई गाउँपालिकामा कानुनी अड्चनको अन्त्य हुनेछ ।

## ८.३ क्षमता विकास (स्थानीय नेतृत्व, पदाधिकारी र कर्मचारी )

### ८.३.१ वर्तमान अवस्था

सीमित स्रोत र साधनका बावजुत गाउँपालिकामा स्थानीय प्रतिनिधि, गाउँपालिका अर्न्तगतका कर्मचारी एवं संस्थागत जनशक्तिको विकास लागि विभिन्न प्रयासहरू गरिएको छ । कृषि, सिँचाइ, वचत, पशुपालन समूह तथा धार्मिक, सांस्कृतिक एवं पर्यटनसँग आवद्ध संघसंस्थाको प्रवर्द्धनात्मक कार्यक्रमहरू जनशक्ति विकासका दृष्टिकोणले प्रशंसनीय छन् । गाउँपालिकामा आधार वर्षमा ७२ वटा कृषक समूह, १ वटा महिला सहकारी समूह छन् । यद्यपि संस्थागत जनशक्तिलाई गाउँपालिकाको विकासका लागि पूर्ण सदुपयोग गर्न सकिएको छैन ।

### ८.३.२ प्रमुख समस्याहरू

गाउँपालिकामा सा.व.उ.स. लाई वन व्यवस्थापन तालिम प्रदान, कृषक समूह, सिँचाइ समूह, बचत समूह, दलित कृषक समूह, सांस्कृतिक समूहको प्रवर्द्धनमार्फत गाउँपालिकामा संस्थागत जनशक्तिको क्षमता विकासको प्रयास गरिएको छ तर पनि स्थानीय स्तरमा क्षमता विकासका कार्यहरूलाई अझै पनि पूर्ण परिणाममुखी बनाउन सकिएको छैन । स्थानीय प्रतिनिधि, कर्मचारी तथा गाउँपालिकाका साझेदार संघसंस्थाका कर्मचारीहरूको क्षमताका बारेमा तथ्याङ्कको अभावमा स्पष्ट कार्ययोजना बनाउन सकिएको छैन । प्राविधिक क्षमता अभिवृद्धिका लागि स्थानीय जनशक्तिको अभाव रहेको छ ।

### ८.३.३ अवसर तथा चुनौतीहरू

कृषक समूह, सिँचाइ समूह, वन उपभोक्ता समूहमार्फत क्षेत्रगत विकासमा टेवा पुग्नु, संस्थागत जनशक्ति विकासमार्फत स्थानीय कला, संस्कृति र पर्यटनको विकास हुनु, तालिम लगायतका माध्यमबाट स्थानीय कर्मचारीको क्षमता विकास हुनु यस क्षेत्रका अवसरहरू हुन् भने प्रतिस्पर्धी एवं समयानुकूल जनशक्तिको विकास गर्नु तथा जनशक्ति विकासमार्फत संस्थागत सुशासन प्रवर्द्धन गर्नु यस क्षेत्रका चुनौतीहरू हुन् ।

### ८.३.४ क्षेत्रगत सोच

विकासका अवरोध समाधानका लागि संस्थागत जनशक्तिको क्षमता विकास ।

### ८.३.५ लक्ष्य

जनशक्ति विकासमार्फत संस्थागत क्षमता वृद्धि गर्ने ।

### ८.३.६ उद्देश्यहरू

१. संस्थागत सुशासनका लागि गाउँपालिकाका जनशक्तिको विकास गर्नु ।
२. समयानुकूल जनशक्ति विकास गरी संस्थागत क्षमता बढाउनु ।

### ८.३.७ रणनीति तथा कार्यनीतिहरू

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| १. स्थानीय प्रशासन तथा संघसंस्थाका जनशक्तिलाई आवश्यकता बमोजिम तालिम प्रदान गर्ने । | १. कृषक समूह, वचत समूह, वन उपभोक्ता समूहलाई आवश्यक तालिम प्रदान गरिनेछ ।<br>२.स्थानीय स्रोत साधनको संरक्षणका लागि संस्थागत जनशक्तिको उपयोग गरिनेछ ।<br>३. गाउँपालिकाका प्रतिनिधि तथा कर्मचारीको क्षमता विकासका लागि वार्षिक कार्यक्रम तय गरिनेछ । |
| २. क्षेत्रगत संस्थाका जनशक्तिको कार्यक्षमता वृद्धि गरी विकासलाई गति प्रदान गर्ने । | १. संस्थागत जनशक्तिको क्षमता विकासलाई गाउँपालिकाको विकास कार्यमा उपयोग गरिनेछ ।<br>२. कृषि, बचत तथा सहकारी समूहका कर्मचारीलाई स्थानीय विकास योजना निर्माण गर्न सक्षम बनाइनेछ । |

### ८.३.८ मुख्य कार्यक्रमहरू तथा कार्यान्वयन योजना

| योजना कोड | उपशीर्षक | योजना सामन्जस्यता | | | | योजना प्राथमिकता |
|---|---|---|---|---|---|---|
| | क्षमता विकास (स्थानीय नेतृत्व, पदाधिकारी र कर्मचारी) | मौलिकहक स. नं. | प.यो.रा. ल. सङ्केत नं. | प्रादेशिक योजना लक्ष्य सङ्केत नं. | गा.पा. को रणनीतिक संकेत नं. | |
| ८.३.८.१ | पदाधिकारीहरूका लागि नेतृत्व विकास र कर्मचारीहरूका लागि क्षमता विकासकार्यक्रम कार्यक्रम | ४२ | ९ | ९ | ३.५.३ | P2 |
| ८.३.८.२ | कार्यपालिका सदस्यहरूका लागि स्थानीय नीति, कानुन र कार्यबिधि बारेको अभिमुखीकरण | | | | ३.५.९ | P1 |
| ८.३.८.३ | अन्तर स्थानीय तह सञ्चालन बारेको अनुभव आदान प्रदान कार्यक्रम ( कार्यशाला, अवलोकन भ्रमण, प्रकाशन, रेडियो कार्यक्रम आदि) | ४२ | ९ | ९ | ३.५.९ | P1 |
| ८.३.८.४ | कार्य सम्पादनको स्तरका आधारमा कर्मचारी प्रोत्साहन कार्यक्रम | ४२ | ९ | ९ | ३.५.९ | P3 |

### ८.३.९ अपेक्षित उपलब्धि

गाउँपालिकाका संघसंस्थाको कार्यक्षमता बढ्नेछ, दक्ष जनशक्तिको निर्माण हुनेछ ।

## ८.४ नियमनकारी संरचनाहरूको प्रवर्द्धन (सामुदायिक र सार्वजानिक इकाइहरू)

### ८.४.१ वर्तमान अवस्था

गाउँपालिका प्रहरी, न्यायिक समिति, तथा अख्तियारी निकायको समयानुकुल प्रवर्द्धन गरी अनुशासित गाउँपालिकावासीको निर्माण गर्न सकेमा गाउँपालिकामा दिगो शान्ति सुरक्षा कायम गर्न सहज हुन्छ । लामो समय स्थानीय सरकार विहीन गाउँपालिकामा नयाँ राजनीतिक व्यवस्था अनुसार स्थानीय नियमनकारी संरचनाहरूको आशातीत रूपमा प्रवर्द्धन गर्न सकिएको छैन । यद्यपि स्थानीय तहका न्यायिक समितिका पदाधिकारीहरूलाई न्यायिक सचेतना तालिम, प्रहरी भवनको निर्माण लगायतका कार्यहरूलाई निरन्तरता दिइएको छ ।

### ८.४.२ प्रमुख समस्याहरू

भौतिक पूर्वाधारको अभावमा गाउँपालिकाका प्रहरीको सबै वडामा शीघ्र उपस्थिति गराउन सकिएको छैन । अन्य नियमनकारी संरचनाहरूको स्थानीयकरण गर्ने प्रयासले मूर्तरूप लिन सकेको छैन । आवश्यक भवन, सडक लगायतका पूर्वाधार निर्माण हुन सकेको छैन ।

### ८.४.३ अवसर तथा चुनौतीहरू

संवैधानिक तथा कानुनीरूपमा नियमनकारी निकायको परिचालन गर्ने व्यवस्था हुनु, गाउँपालिकाको नीति तथा कार्यक्रममार्फत नियमनकारी संरचनाहरूको प्रवर्द्धनको प्रयास गरिनु, न्यायिक अधिकारका बारेमा जनचेतना बढ्नु यस क्षेत्रका अवसरहरू हुन्। नियमनकारी संरचनाहरूका लागि पर्याप्त भौतिक पूर्वाधारको व्यवस्था गर्नु, न्यायिक समितिका पदाधिकारीको क्षमता अभिवृद्धि गर्नु, गाउँपालिकामा आवश्यक कानुनको तर्जुमा गर्नु तथा जनगुनासोको समयमै सम्बोधन गर्ने व्यवस्था मिलाउनु चुनौतीपूर्ण देखिन्छ ।

### ८.४.४ क्षेत्रगत सोच

दिगो शान्ति सुरक्षाका लागि नियमनकारी संरचनाहरूको प्रवर्द्धन ।

### ८.४.५ लक्ष्य

नियमनकारी संरचनाहरूको प्रवर्द्धन गरी गाउँपालिकामा शान्ति सुरक्षा कायम गर्ने ।

### ८.४.६ उद्देश्यहरू

१. गाउँपालिका प्रहरीलाई सक्षम बनाई शान्ति सुरक्षा सुनिश्चित गर्नु ।
२. नियमनकारी संरचनाको प्रवर्द्धन कार्यनीति तर्जुमा गर्नु ।

### ८.४.७ रणनीति तथा कार्यनीतिहरू

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| १. गाउँपालिका प्रहरीको कुशल व्यवस्थापन गर्ने । | १. गाउँपालिका प्रहरीलाई स्रोत साधन सम्पन्न बनाइनेछ ।<br>२. प्रहरीचौकीको विस्तार गरिनेछ ।<br>३.गाउँपालिका गतिविधि तथा सामाजिक घटनाबारे नियमनकारी संरचनाहरू बिच विचारआदान प्रदान गरी आवश्यक रणनीति तय गरिनेछ ।<br>४.गाउँपालिकाको निर्देशिका तथा मापदण्ड कार्यान्वयनको अवस्थाबारे विश्लेषण गरिनेछ । |
| २. गाउँपालिकाका कानुनी तथा अख्तियारी संयन्त्रको प्रवर्द्धनका लागि कार्यनीति तर्जुमा गर्ने । | १. नियमनकारी संरचनाहरूका जनशक्तिको दक्षता अभिवृद्धि गरिनेछ ।<br>२. गाउँपालिकाका नियमनकारी संरचनाहरूको प्रवर्द्धन कायनीति तर्जुमा गर्न समिति गठन गरिनेछ । |

### ८.४.८ मुख्य कार्यक्रमहरू तथा कार्यान्वयन योजना (५ वर्षको नियोजन)

| योजना कोड | उपशीर्षक | योजना सामन्जस्यता | | | | योजना प्राथमिकता |
|---|---|---|---|---|---|---|
| | नियमनकारी संरचनाहरूको प्रवर्द्धन (सामुदायिक र सार्वजनिक इकाइहरू) | मौलिकहक स. नं. | प.यो.रा.ल. सङ्केत नं. | प्रादेशिक योजना लक्ष्य सङ्केत नं. | गा.पा. को रणनीतिक संकेत नं. | |
| ८.४.८.१ | पालिकाक्षेत्रभित्र कार्यक्षेत्र तोकिएका गैरसरकारी संस्था, वित्तीय कारोबार गर्ने समूह, यातायात व्यवसायी, उद्योग व्यवसाय सञ्चालकहरूका लागि सेवा सञ्चालन कार्यविधि निर्माण र कार्यान्वयन) | ४२ | ९ | ९ | ३.५.८ | P1 |
| ८.४.८.२ | सामुदायिक वन, टोल विकास संस्था, युवा क्लब, सामुदायिक विद्यालय, उपभोक्ता समितिहरूको पारदर्शिता, निश्पक्षता, जवाफदेहिता, अभिवृद्धि कार्यक्रम (सार्वजानिक सेवाका इकाइहरूलाई गाउँपालिकाले तोकेको मापदण्ड सुनिश्चित हुनेगरी सञ्चालन गर्ने वातावरण निर्माण ) | ३७ | १ | १ | ३.५.८ | P2 |

### ८.४.९ अपेक्षित उपलब्धिहरू

गाउँपालिकामा शान्तिसुरक्षा कायम हुनेछ, नियमनकारी संरचनाहरूको सङ्गठित विकास हुनेछ ।

## ८.५ शान्ति सुरक्षा

### ८.५.१ वर्तमान अवस्था

गाउँपालिकामा शान्ति सुरक्षा कायमका लागि एउटा प्रहरी भवन तथा चौकी निर्माण गरी सुरक्षा संयन्त्रलाई परिचालन गरिएको छ । गाउँपालिकामा घट्ने लैङ्गिक हिंसा एवम् अन्य अपराधका घटना नियन्त्रणमा लिनका लागि प्रहरी र स्थानीयवासी बिच सुमधुर सम्बन्ध बनाउने प्रयास गरिएको छ । वर्तमानमा आवश्यक भौतिक पूर्वाधारको विकास गरी सुरक्षाकर्मीको गतिविधिलाई गति दिनु आवश्यक देखिन्छ । साथै अशिक्षित, दलित, पिछडिएका वर्ग तथा महिलालाई न्याय दिलाउन विशेष योजना बनाउनुपर्ने आवश्यकता देखिन्छ ।

### ८.५.२ प्रमुख समस्याहरू

पूर्वाधारको अभाव, सीमित व्यक्तिको राजनीतिक तथा सामाजिक पहुँच हुनु, आवश्यक साधन र स्रोतको अभावमा सुरक्षाकर्मीको प्रभावकारी व्यवस्थापन गर्न नसक्नु, यस क्षेत्रका प्रमुख समस्याहरू हुन् ।

### ८.५.३ अवसर तथा चुनौतीहरू

जनसहभागिता, गाउँपालिकाको तथ्याङ्क सङ्कलन कार्य, लक्षित समुदाय केन्द्रित विकासका कार्यक्रम, शिक्षाको विकास, जनचेतनामा वृद्धि यस क्षेत्रका अवसर हुन् । युवा तथा किशोरकिशोरी अपराधिक क्रियाकलाप नियन्त्रण गर्नु, हत्या हिंसाका घटना न्यूनीकरण गर्नु, सामाजिक कुरीतिको अन्त्य गर्नु, सुरक्षाकर्मीलाई साधन स्रोतले सम्पन्न गराउनु यस क्षेत्रका चुनौतीहरू हुन् ।

### ८.५.४ क्षेत्रगत सोच

कानुनको पालनाका लागि शान्ति सुरक्षा ।

### ८.५.५ लक्ष्य

सुरक्षाकर्मीको पहुँच विस्तार गरी कानुनी शासनको प्रत्याभूति दिलाउने ।

### ८.५.६ उद्देश्यहरू

१. शान्ति सुरक्षाको सुनिश्चित गरी भयमुक्त वातावरणमा कार्य गर्ने वातावरणको सिर्जना गर्नु ।
२. भौतिक पूर्वाधारको विकास गरी सुरक्षाकर्मीको पहुँच विस्तार गर्नु ।
३. गाउँपालिकाका सबै वडामा कानुनी शासनको प्रत्याभूति दिलाउनु ।

### ८.५.७ रणनीति तथा कार्यनीतिहरू

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| १. गाउँपालिकाका सबै वडामा शान्तिसुरक्षाको सुनिश्चित गर्ने । | १. गाउँपालिकाका सबै वडामा सुरक्षाकर्मीको दैनिक परिचालनको व्यवस्था मिलाइनेछ ।<br>२. सुरक्षाकर्मीको क्षमता अभिवृद्धि गरिने छ । |
| २. सडक, सूचना प्रविधि, लगायतका पूर्वाधारको विकास गरी सुरक्षाकर्मीको पहुँच बढाउने । | १. गुणस्तरीय पूर्वाधारको विकासमार्फत सबै घरपरिवारमा शान्ति सुरक्षाको पहुँच बढाइने छ ।<br>२. युवा तथा किशोरकिशोरीलाई अपराधिक क्रियाकलापमा संलग्न हुन नदिने वातावरणको सिर्जना गरिने छ । |
| ३. सबैलाई समान न्यायको प्रत्याभूति दिलाउने । | १. मानव अधिकार एवम् अन्य अधिकारबारे समुदायमा चेतना फैलाइनेछ ।<br>२. महिला, दलित, पिछडिएका वर्ग एवम् सबैलाई भेदभावरहित समान न्याय दिलाउन आवश्यक व्यवस्था गरिनेछ । |

### ८.५.८ मुख्य कार्यक्रमहरू तथा कार्यान्वयन योजना

| योजना कोड | उपशीर्षक | योजना सामन्जस्यता | | | | योजना प्राथमिकता |
|---|---|---|---|---|---|---|
| | शान्ति सुरक्षा | मौलिकहक स. नं. | प.यो.रा.ल. सङ्केत नं. | प्रादेशिक योजना लक्ष्य सङ्केत नं. | गा.पा. को रणनीतिक संकेत नं. | |
| ८.५.८.१ | सामाजिक, साँस्कृतिक, लैङ्गिक जोखम न्यूनीकरण कार्यक्रम | ४२ | ८ | ८ | ३.५.७ | P2 |
| ८.५.८.२ | आगलागी, प्राकृतिक प्रकोप, वन्यजन्तुबाट हुने विनाश बारेको सचेतना कार्यक्रम | ४२ | ८ | ८ | ३.५.७ | P1 |
| ८.५.८.३ | घरेलु तथा लैङ्गिक हिंसा, बृद्ध तथा अपाङ्गहरूका लागि कानुनी परामर्शसहितको सामाजिक सुरक्षा कार्यक्रम | ४२ | ८ | ८ | ३.५.७ | P2 |
| ८.५.८.४ | सुरक्षाका दृष्टिले सम्वेदनशील ठाउँहरूमा सुरक्षाचौकी निर्माण | ४२ | ८ | ८ | ३.५.७ | P1 |

### ८.५.९ अपेक्षित उपलब्धि

गाउँपालिकामा शान्तिसुरक्षा कायम हुनेछ, अपराधिक क्रियाकलापमा कमी आउनेछ ।

## ८.६ पारदर्शिता र आन्तरिक नियन्त्रण प्रणाली

### ८.६.१ वर्तमान अवस्था

विद्युतीय सुशासन सेवाको सुरुवात, योजना निर्माण तथा कार्यान्वयनमा जनसहभागिता गराउने पद्धतीको विकास लगायतका कार्यमार्फत गाउँपालिकाका गतिविधिमा पारदर्शिता कायम गर्ने प्रयास गरिएको छ । यद्यपि आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्त बनाई भ्रष्टाचारमुक्त गाउँपालिका बनाउन ठोस योजना बनाउनुपर्ने आवश्यकता देखिन्छ ।

### ८.६.२ प्रमुख समस्याहरू

आन्तरिक लेखापरीक्षणका लागि दक्ष जनशक्तिको अभाव, गाउँपालिकाका सबै गतिविधि सबै वडाका सर्वसाधारणमा नपुग्नु, गाउँपालिकाका संघसंस्थाको अनुगमन गर्ने, प्रभावकारी संयन्त्रको निर्माण नहुनु, स्थानीय नीति नियमको अभाव यस क्षेत्रका प्रमुख समस्याहरू हुन् । विभिन्न विषयगत शाखाको व्यवस्था भएको छ । न्यायिक समितिको गठन भई कार्यसंपादन भइरहेको छ । सुचनाको आदनप्रदान तथा पहुँचमा प्रविधि विकासले सहजता थपेको छ । क्षतिपूर्तिसहितको नागरिक वडापत्रको व्यवस्था भएको र यसबाट नागरिकहरूले सेवालिने वातावरण पनि बनेको छ ।

### ८.६.३ अवसर तथा चुनौतीहरू

कपुरकोट गाउँपालिकाको आर्थिक ऐन २०७६ तथा विनियोजन ऐन २०७६, कपुरकोट गाउँपालिकाका पदाधिकारीहरूको आचारसंहिता २०७४ र संघ एवम् प्रदेशका ऐन तथा कानुनले विद्यमान अवस्थामा गाउँपालिकामा पारदर्शिता तथा आन्तरिक नियिन्त्रणका लागि वातावरण सिर्जना गरिरहेका छन् तर पनि सबल लेखापरीक्षण पद्धतीको विकास गर्दै सम्पूर्ण गाउँपालिकाका गतिविधिलाई पारदर्शी बनाउनु चुनौतीपूर्ण देखिन्छ ।

### ८.६.४ क्षेत्रगत सोच

व्यवस्थित प्रशासनका लागि आन्तरिक नियन्त्रण प्रणाली ।

### ८.६.५ लक्ष्य

आन्तरिक नियन्त्रण प्रणालीमा सुधार ल्याई प्रशासनिक क्रियाकलापमा पारदर्शीता ल्याउने ।

### ८.६.६ उद्देश्यहरू

१. आन्तरिक नियन्त्रण प्रणालीको विकास गरी आर्थिक चुहावट नियन्त्रण गर्नु ।
२. समयमै लेखापरीक्षण सम्पन्न गर्नु ।

### ८.६.७ रणनीति तथा कार्यनीतिहरू

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| १. गाउँपालिकामा आन्तरिक नियन्त्रण समितिको गठन गरी वित्तीय पारदर्शिता सुनिश्चित गर्ने । | १. आन्तरिक नियन्त्रण समितिको क्षमता अभिवृद्धि गरिनेछ ।<br>२.बेरुजु रहित गाउँपालिकाको पहिचान स्थापित गरिन छ । |
| २. गाउँपालिकामा समयमै लेखा परीक्षण गरी बेरुजुको अवस्था आउन नदिने । | १. आन्तरिक लेखापरीक्षकहरूको सिप विकास गरिनेछ ।<br>२. प्रत्येक वडामा सक्षम लेखापरीक्षकको व्यवस्था गरिनेछ । |

### ८.६.८ मुख्य कार्यक्रमहरू तथा कार्यान्वयन योजना

| योजना कोड | उपशीर्षक | योजना सामन्जस्यता | | | | योजना प्राथमिकता |
|---|---|---|---|---|---|---|
| | पारदर्शिता र आन्तरिक नियन्त्रण प्रणाली | मौलिकहक स. नं. | प.यो.रा. ल. सङ्केत नं. | प्रादेशिक योजना लक्ष्य सङ्केत नं. | गा.पा. को रणनीतिक संकेत नं. | |
| ८.६.८.१ | नियमित सेवाहरूबारे विद्युतीय सूचना पाटीमार्फत नियमित प्रशारण | ४२ | ९ | ९ | ३.५.१० | P2 |
| ८.६.८.२ | आन्तरिक नियन्त्रण, पारदर्शिता, जवाफदेहिता र जनमुखी प्रशासनका लागि | ४२ | ९ | ९ | ३.५.१० | P1 |

| योजना कोड | उपशीर्षक | योजना सामन्जस्यता | | | | योजना प्राथमिकता |
|---|---|---|---|---|---|---|
| | पारदर्शिता र आन्तरिक नियन्त्रण प्रणाली | मौलिकहक स. नं. | प.यो.रा. ल. सङ्केत नं. | प्रादेशिक योजना लक्ष्य सङ्केत नं. | गा.पा. को रणनीतिक संकेत नं. | |
| | नागरिक सेवामासुचना प्रविधि प्रयोग कार्यक्रम | | | | | |
| ८.६.८.३ | सार्वजनिक लेखा परीक्षण | ४२ | ९ | ९ | ३.५.१० | P3 |
| ८.६.८.४ | सूचनाको लागि सामाजिक सञ्जालको प्रयोग | ४२ | ९ | ९ | ३.५.१० | P1 |

## ८.६.९ अपेक्षित उपलब्धि

गाउँपालिकामा वित्तीय जवाफदेहिता कायम हुनेछ, गाउँपालिकाका गतिविधिमा पारदर्शीता आउनेछ ।

# परिच्छेद नौः योजना अनुगमन तथा मूल्याङ्कन

## ९.१ पृष्ठभूमि

योजनामा उल्लेख गरिएका रणनीति तथा कार्ययोजना कसरी कार्यान्वयन भइरहेका छन्, कार्यक्रमहरूमा लक्षित वर्गको पहुँच पुगेको छ वा छैन, कार्यक्रमहरूको प्रभावकारिता कस्तो रह्यो ? लगायतका विषयवस्तुको जानकारी लिने माध्यम योजना अनुगमन हो । योजनामा निर्दिष्ट गरिएका लक्ष्य, उपलब्धि तथा सूचकहरूको मूल्याङ्कनका लागि योजना अनुगमन अनिवार्य मानिन्छ । विभिन्न चरण पार गर्दै तर्जुमा गरिएको योजना आफैंमा एक उत्कृष्ट भावी कार्ययोजनाको दस्तावेज हो तर यसको वास्तविक परीक्षण भने कार्यान्वयनको चरणमा हुने गर्दछ । यसर्थ योजना कार्यान्वयन एक महत्त्वपूर्ण प्रक्रिया हो ।

